# अपाङ्गता समावेशीकरण श्रोत पुस्तिका २०८०

**अपाङ्गता समावेशीकरण, यस सम्बन्धी यू.एम.एन.को नीति तथा अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा, सुविधाबारे सचेतना पुस्तिका**



यूनाईटेड मिसन टु नेपाल
UMN

**प्रकाशन वर्ष :** २०८० (दोश्रो संस्करण)

**प्रकाशक**
यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.), काठमाडौं, थापाथली
फोन नम्बर ०१– ५३२८११८, ५३६८९००
पो. ब. १२६

**प्रमुख लेखन तथा सम्पादन**
बीर बहादुर बस्याल,
अपाङ्गता समावेशीकरण सल्लाहकार, यू.एम.एन. थापाथली काठमाडौं

**सम्पादनमा सहयोग**
प्रेम देवकोटा, अपाङ्गता पुनर्स्थापना व्यवस्थापक, यू.एम.एन. थापाथली काठमाडौं
रन्जु कुमारी राई, अपाङ्गता तथा शिक्षा परियोजना अधिकृत, यू.एम.एन. मुगु क्लस्टर
तेजिन्द्र सिंजाली, क्लस्टर टीम लिडर, यू.एम.एन. मुगु क्लस्टर
अन्जना श्रेष्ठ, कार्यक्रम प्रबन्धक, अपाङ्गता समाबेशी विकास परियोजना, यू.एम.एन. नवलपरासी क्लस्टर

**सल्लाहकारहरू**
धन लामा, कार्यकारी निर्देशक, यू.एम.एन. थापाथली काठमाडौं
बालकुमारी गुरुङ, पी.यस.टी. टीम लिडर, यू.एम.एन. थापाथली काठमाडौं
अभिनय शाह, MEAL CC, टीम लिडर, यू.एम.एन. थापाथली काठमाडौं

**यू.एम.एन.को अपाङ्गता समाबेशीकरण नीति निर्माणमा सहयोग तथा सल्लाह**
Clare Grimble, पुनर्स्थापना विज्ञ, यू.एम.एन. ओखलढुँगा अस्पताल, CBR कार्यक्रम

**नेपाली अनुवादमा सहयोग (यू.एम.एन. अपाङ्गता समावेशीकरण नीति मात्र)**
सुदर्शन सुबेदी, अपाङ्गता अभियन्ता

**भाषा शुद्धिकरणमा सहयोग**
भगीरथ भण्डारी, अनुदान व्यवस्थापन सल्लाहकार, यू.एम.एन. थापाथली काठमाडौं

**डिजाइनमा सहयोग**
रमेश मान महर्जन, यू.एम.एन. थापाथली काठमाडौं
केशव के.सी., ग्रिष्मा ग्राफिक प्रा.लि., बागबजार, काठमाडौं

**सर्बाधिकार**
यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.), काठमाडौं, थापाथली

**आर्थिक सहयोग**
Brot für die Welt

# प्रक्कथन

सर्वप्रथम यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.)का अपाङ्गता समावेशीकरण सल्लाहकार श्री बीर बहादुर बस्याल ज्यूलाई अपाङ्गता सम्बन्धि यो स्रोत पुस्तिका तयार पार्न सफल हुनुभएकोमा हार्दिक बधाई अनि आभार व्यक्त गर्दछु ।

यू.एम.एन.को परिकल्पना रुपान्तरीत नेपाली समाजमा सबैका लागि प्रशस्तताको जीवन र यस संस्थाले अवलम्वन गर्दै आएको सिद्धान्त समता एवं सामाजिक न्याय, नेपालको संविधान तथा भिन्न क्षमता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्ने संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय महासन्धि सम्मत रहेको छ तथा यू.एम.एन.को मूख्य उद्वेश्य पनि नेपाल सरकारको पन्ध्रौं योजनामा योगदान पुऱ्याउने नै हो । यसै क्रममा यू.एम.एन.ले अपाङ्गताको क्षेत्रमा भिन्न क्षमता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न राज्यले प्रदान रेको सेवा–सुबिधाहरुमा उनीहरुको पहुँच बढाउन सामाजिक, आर्थिक तथा जीविकोपार्जन एवं बालबालिकाहरुको शारीरिक अपाङ्गताको उपचार तथा पुन पुर्नस्थापनाका क्षेत्रमा सहयोग जस्ता विभिन्न प्रकारका कार्यक्रम तथा क्रियाकलाप प्राथमिकताका साथ विभिन्न सरोकारवाला निकायहरु तथा संघ–संस्थाहरुसँगको समन्वय र सहकार्यमा गर्दै आएको छ ।

तसर्थ, निश्चय पनि बीर बहादुर बस्याल ज्यूको पहलमा यू.एम.एन.द्वारा प्रकाशित यो स्रोत पुस्तिका भिन्न क्षमता भएका व्यक्तिहरुलाई उनीहरुको अधिकारको सुनिश्चितता, समावेशीकरण, पुर्नस्थापना तथा उनीहरुलाई विकासको मूलधारमा ल्याउनका लागि महत्वपूर्ण स्रोत हुनेछ र अपाङ्गताका क्षेत्रमा कार्यरत व्यक्तिहरु एवं संघ–संस्थाहरुका लागि सहायक सिद्ध हुनेछ भन्ने आशा गर्दछु ।

यहाँहरु सम्पूर्णको सहयोगको लागि हार्दिक धन्यवाद !

धन्यवाद ।



**धन लामा**
कार्यकारी निर्देशक

# धन्यवाद ज्ञापन

यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.) ले विगत लामो समयदेखि अपाङ्गताको क्षेत्रमा काम गर्दै आएको छ । शुरुमा अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाको क्षेत्रबाट कार्य आरम्भ गरी क्रमिकरुपमा समुदायमा आधारित पुर्नस्थापनाको अवधारणाका साथ विभिन्न परियोजनाहरू सञ्चालन गरियो । यसै क्रममा जुलाई २०१९ मा यू.एम.एन.ले अपाङ्गता समावेशीकरणलाई एउटा अन्तर–सम्बन्धित (Cross-cutting) सवालको रूपमा स्विकार्ने निर्णय गरेको थियो । तदनुरूप अपाङ्गता समावेशीकरण नीति तथा अन्य निर्देशिकाहरू तयार भई कार्यान्वयनमा रहेका छन् ।

यसै क्रममा अहिले यस "**अपाङ्गता समावेशीकरण श्रोत पुस्तिका २०८०**" प्रकाशन गरिएको छ । यस पुस्तिकाको एउटा प्रमुख उद्देश्य भनेको यू.एम.एन.को अपाङ्गता समावेशीकरण र पहुँचयुक्तता नीति र त्यसको कार्यान्वयनको लागि अपाङ्गता समावेशीकरण कार्यनीतिको बारेमा बताउनु हो । यसका साथै यू.एम.एन.ले आफ्नो संस्था र सबै कार्यक्रमहरूमा सम्बन्धित कर्मचारी तथा प्रमुख सरोकारवालाहरूलाई अपाङ्गता सम्बन्धी सवालहरूलाई कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिन र अपाङ्गता समावेशीकरण र पुर्नस्थापना सम्बन्धी केही उपायहरू प्रदान गरी सहयोग गर्ने पनि उद्देश्य राखिएको छ ।

यस श्रोत पुस्तिका मार्फत यू.एम.एन.को अपाङ्गता समावेशीकरण नीति लगायत अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा, सुविधाबारे जानकारी समेट्ने प्रयास गरिएको छ । यसका साथै अपाङ्गताको परिभाषा, पहिचान र प्रकार, अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुन र नीति, अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संस्थाको लागि राज्यका कानुनी व्यवस्था र कार्यक्रमहरू तथा अपाङ्गता समावेशीकरण र पुनर्स्थापनाको क्षेत्रमा यू.एम.एन.ले गरिरहेका कामहरू आदिको बारेमा समेट्ने प्रयत्न गरिएको छ ।

यो पुस्तिका यू.एम.एन.का सम्पूर्ण कर्मचारीहरू, स्थानीय साझेदार संस्थाहरू लगायत यू.एम.एन.को कामसँग जोडिने सबै कर्मचारी, संस्था, स्वयंसेवक एवं शुभचिन्तकहरूको लागि उपयोगी हुने अपेक्षा राखिएको छ । यसका साथै अपाङ्गताका सवालहरूसँग सरोकार राख्ने सबै सरोकारवालाहरू, विशेषगरी अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूको परिवार र समूह, अपाङ्गता भएका व्यक्तिहरूको संस्था लगायत स्थानीय सरकार र नागरिक समाज सबैको लागि उपयोगी हुने विश्वास राखिएको छ ।

अन्त्यमा, यो श्रोत पुस्तिका तयार गर्ने कार्यमा अग्रणी भूमिका निर्वाह गर्नुहुने यू.एम.एन.का अपाङ्गता समावेशीकरण सल्लाहकार श्री बीर बहादुर बस्याललाई हार्दिक धन्यवाद तथा उच्च सराहना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

**अभिनय शाह**
MEAL CC LEAD

# आभार

संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सीआरपीडी), २००६ र नेपालको अपाङ्गता अधिकार ऐन २०७४ अनुसार, व्यक्तिमा रहेको शारीरिक र मानसिक क्षीणता सँगै व्यक्ति अवस्थित रहेको भौतिक, सामाजिक, र राजनैतिक वातावरणको अवरोधहरूले व्यक्तिमा अपाङ्गता निर्धारण गर्दछ । जस अनुसार क्षीणता भन्दा पनि अपाङ्गता निर्धारणमा वातावरणको मुख्य भूमिका रहन्छ भन्ने बुझाइको कमीले अपाङ्गता भएका व्यक्तिहरू विकासको मूलधारमा समानुपातिक रूपमा आउन सकेका छैनन् । यो बुझाइलाई सार्थक पार्न अपाङ्गता भएको व्यक्तिहरूलाई आफ्नो अधिकार लिन सक्ने गरि सशक्त बनाउनु र सापेक्षित रूपमा उनीहरू रहेको वातावरणलाई उनीहरू प्रति समावेशी जिम्मेवार बनाउनु नै अपाङ्गता समावेशीकरणको मुख्य रणनीति हो । यो सन्दर्भ यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.) को कार्यमा पनि लागू हुने भएकोले यस संस्थाले अपाङ्गता समावेशीकरणलाई संस्थाको मूलप्रबाहिकरण सवाल माने सँगै, संस्था र संस्थासँग जोडिएका सबै सरोकारवालाहरूको बुझाइलाई सबलीकरण गर्न यो पुस्तक तयार पारिएको हो ।

तसर्थ, प्रस्तुत स्रोत पुस्तिका, यू.एम.एन.ले आफ्नो संस्था एवं यस संस्था अन्तर्गतका सबै कार्यक्रमहरूमा सम्बन्धित सबै कर्मचारी एवं प्रमुख सरोकारवालाहरूलाई अपाङ्गतालाई कसरी बुझ्ने र अपाङ्गताको सवाललाई विकासमा कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिनुका साथै केही अपाङ्गता समावेशीकरण र पुनर्स्थापनासँग सम्बन्धी उपायहरू दिई सहयोग गर्ने उद्देश्यले तयार पारिएको हो । यसका साथै यसमा अपाङ्गता समावेशीकरण सम्बन्धी यू.एम.एन.को नीति, कार्यनीति लगायत अपाङ्गता सम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय कानुनी व्यवस्था, कार्यक्रमहरू, नेपाल सरकारबाट अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा सुविधाहरू र नेपालमा कार्यरत संघ संस्थाहरूको बारेमा

उल्लेख गरिएको छ । यो पुस्तकको केही मुख्य भाग दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि पहुँचयुक्त होस् भनी ब्रेलमा समेत प्रकाशन गरिएको छ । यो यू.एम.एन.को एउटा जीवित दस्तावेज हो, जुन समय, सिकाई र परिवेश अनुसार परिमार्जन गर्दै लगिनेछ ।

यो पुस्तक तयार पार्नमा सहायोग गर्नुहुने यू. एन. एन. का सम्पूर्ण व्यक्तित्वहरू, विशेषगरी अपाङ्गता पुनर्स्थापना व्यवस्थापक प्रेम देवकोटा, पुनर्स्थापना विज्ञ Clare Grimble, अपाङ्गता तथा शिक्षा परियोजना अधिकृत रन्जु कुमारी राई, मुगु क्लस्टर टीम लिडर तेजिन्द्र सिंजाली र अपाङ्गता समाववेशी विकास परियोजनाका प्रबन्धक अन्जनाश्रेष्ठ लाई धन्यवाद दिन चाहन्छु । त्येसैगरी भाषा शुद्धीकरणमा सहयोग गर्नुहुने यू.एन.एन.का भगीरथ भण्डारी, यू.एन.एन.को अपाङ्गता समावेशीकरण नीतिलाई नेपाली अनुवादमा सहयोग गर्ने अपाङ्गता अभियन्ता सुदर्शन सुबेदी, डिजाइनमा सहयोग गर्ने यू.एन.एन.का रमेशमान महर्जन र ग्रिष्मा ग्राफिक प्रा.लि.का केशव के.सी. लाई समेत धेरै धन्यवाद दिन चाहन्छु ।
अन्तमा, म र मेरो समूहलाई यो पुस्तक तयार पार्न विशेष उत्साह र सल्लाह दिनुहुने यू. एम. एन. का कार्यकारी निर्देशक धन लामा, पी.एस.टी. टीम लिडर, बालकुमारी गुरुङ, र MEAL CC टीम लिडर अभिनय शाहलाई विशेष धन्यवाद दिन चाहन्छु ।



**बीर बहादुर बस्याल**

अपाङ्गता समावेशीकरण सल्लाहकार, यू.एम.एन. थापाथली काठमाडौं

# बिषयसूची

**पृष्ठभुमि** **१**

**खण्ड एक (१)**

**अपाङ्गताको बुझाई, परिभाषा, प्रकार र परिचय–पत्र**

अपाङ्गता लाई कसरी बुझ्ने? ६
अपाङ्गताको परिभाषा १०
अपाङ्गताको वर्गीकरण १०
अपाङ्गता पहिचान १५
अपाङ्गता परिचय–पत्र १५
अपाङ्गता परिचय–पत्रको प्रकार १५
अपाङ्गता परिचय–पत्रको उपयोग १८

**खण्ड दुई (२)**

**अपाङ्गता समावेशीकरण र यस सम्बन्धी बुझाई**

अपाङ्गता समावेशीकरणको बुझाई र यू.एम.एन.मा यसको अभ्यास २१
उपयुक्त अनुकूलता (Reasonable Accommodation) भनेको के हो ? २७
उपयुक्त अनुकूलताका केही उदाहरणहरू २९
नीतिगत र संस्थागत अभ्यासहरू ३०
धारणागत र व्यवहारगत अभ्यासहरू ३१
भौतिक तथा संचारगत वातावरण को अभ्यासहरू ३२

**खण्ड तीन (३)**

**अपाङ्गता समावेशीकरण सम्बन्धी यू.एम.एन.को नीति एवं कार्यनिर्देशिका**

१. यू.एम.एन. अपाङ्गता समावेशीकरण तथा पहुँच नीति ३६
दस्तावेजको उद्देश्य ३६
परिचय ३७
व्याख्या ३८

नीतिको क्षेत्र ४०
नीतिको मुख्य उद्देश्यहरू ४१
नीतिका प्रमुख शब्दहरूको परिभाषाहरू ४१
नीतिको कथन तथा प्रतिबद्धता ४३
अपाङ्गता समावेशी अवाधराणा तथा रणनीतिहरू ४५
समावेशीकरण तथा पहुँचयुक्तताका मापदण्डहरूको परिवेशानुकूलन ४५
नीति कार्यान्वयन ४८
नीति अंगीकरण तथा प्रारम्भ ५४
प्राविधिक सहयोग ५४
अनुगमन तथा मूल्याङ्कन ५५
सम्बन्धित सन्दर्भ सामाग्रीहरू ५५
अनुसूचीहरू ५६
अनुसूची १:अपाङ्गता समावेशीकरण र पहुँचका पद्धति र रणनीतिहरू ५७
अनुसूची २: पहुँचयुक्तताका मापदण्डहरू ५९
अनुसूची ३: परिवर्तनको सिद्धान्त (Theory of change) ६१
अनुसूची ४: विश्वव्यापी ढाँचा सिद्धान्त ६४
अनुसूची ५: अपाङ्गता समावेशीता र अनुगमन ढाँचा ६८
अनुसूची ६: ACAP समावेशिता चेकलिष्ट (बैठक, तालिम र गोष्ठीको लागि) ७३
अनुसूची ७. समावेशी डाटा संकलनको ढाँचा ८६
अनुसूची ८: अपाङ्गता शिष्टाचार र उपयुक्त शब्दहरू ८८
अनुसूची ९: यू.एम.एन. अपाङ्गता भएका कर्मचारी र तिनीहरूका परिवारका सदस्यहरूको सूचनाको अभिलेख फाराम ९२
अनुसूची १०: यू.एम.एन.को अपाङ्गता समावेशीता निर्देशिकाका मुख्य सात वटा सिफारिसहरू ९२
२. सामुदायिक विकासमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशिता निश्चित गर्न तयार पारिएको कार्यनीति, ९४
कार्यनीतिको उद्देश्य ९४
परिवेश ९४
समग्र सिफारिसहरू: सबै विषयगत क्लष्टर र क्षेत्रहरूका लागि ९६
विषयगत क्षेत्र वा क्लष्टरहरूको लागि केही विशिष्ट सिफारिसहरू: १०३
स्वास्थ्य १०३

खाद्य सुरक्षा जीविकोपार्जन १०४
शिक्षा १०५
वास (WASH) १०६
सुरक्षा र संरक्षण १०७
सर्वाङ्गिण विकास १०८
सुशासन १०९
सन्दर्भ सामग्रीहरू: ११०
अनुसूचि १: अपाङ्गता समावेशीकरण लेखाजोखा फाराम १११
अनुसूची २. सरोकारवालाहरूको विश्लेषण १२३
३. अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिका १२६
अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिकाको मुख्य उदेश्य १२६
पुनर्स्थापना सम्बाहक बालबालिकाहरूको अर्थ १२६
अपाङ्गता पुनर्स्थापना सम्बाहक बालबालिका छनोटका लागि आवश्यक मापदण्ड १२६
अपाङ्गता पुनर्स्थापना सम्बाहक बालबालिका कार्यक्म अन्तर्गत उपचार र शारीरिक पुर्नस्थापना गर्न सकिने अवस्थाहरू १२७
बालबालिकाहरू छनोट र उपचार हुने अस्पताल वा पुनर्स्थापना केन्द्रमा प्रेसण गर्ने प्रक्रिया १२७
पुनर्स्थापना सम्बाहक बालबालिका हुनको लागि आवश्यक मापदण्डहरू १२८
अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिकाका चरणहरू १२८

## खण्ड चार (४)
## अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कानुनहरू

१. अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय कानुन १३०
अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि २००६ (UNCRPD) १३०
इन्च्यौन रणनीतिको संक्षिप्त रूप १३०
दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goals- SDG) १३१
बिश्व स्वास्थ्य संगठनको पुनर्स्थापना ०२०-३० का पहलहरू १३२
२. अपाङ्गता सम्बन्धि प्रमुख राष्ट्रिय कानुन तथा नीतिहरू १३४
नेपालको संविधान २०७२ १३४

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ १३५
अपाङ्गता भएका व्यक्तिकोअधिकार सम्बन्धी नियमावली, २०७७ १३६
स्थानीयसरकार सञ्चालन ऐन २०७४ १३६
अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका – २०६९ १३७
अपाङ्गता भएको व्यक्तिका परिचय–पत्र वितरण कार्यविधि, २०७५ १३८
राष्ट्रिय शिक्षा नीति २०७६ १३८
अपाङ्गता व्यवस्थापन नीति, रणनीति तथा १० वर्षे कार्ययोजना (२०७३–८२) १४१

## खण्ड पाँच (५)
## अपाङ्गता भएका व्यक्तिहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधा र लिने प्रकृयाहरू

शिक्षा १४५
स्वास्थ्य १५१
रोजगारी तथा आयआर्जन १५२
व्यवसायिक तालिम १५७
आवागमन १५८
भौतिक पहुँच १६१
पुनर्स्थाना, सशक्तीकरण तथा सामाजिक सुरक्षा १६२
खेलकुद तथा मनोरञ्जन १६७
अन्य: प्रहरी, सेना, सञ्चार तथा कानुनी क्षेत्रमा भएका सेवाहरू १६८

## खण्ड छ (६)
## अपाङ्गता क्षेत्रमा काम गर्ने सस्थाको लागि राज्यका केहि कानुनी व्यवस्था तथा कार्यक्रम

अपाङ्गता क्षेत्रमा काम गर्ने संघसंस्थाका लागि बनाईएका कानुनी व्यवस्था १७२
समुदायमा आधारित पुर्नस्थापना (सीबीआर) कार्यक्रम १७३

## खण्ड सात (७)
## पहुँचयुक्तता र पहुँचयुक्तता परीक्षण बारे केही जानकारीहरू


पहुँचयुक्ताता र पहुँचयुक्ताता परीक्षण बारे केही जानकारीहरू १७६
पहुँचयुक्तता लाई कसरी बुझ्ने ? १७६
पहुँचयुक्ताता परीक्षण (Accessibility Audit) के हो ? १७७
पहुँचयुक्तता सम्बन्धी नेपालका केही मापदण्डहरू १८०
राष्ट्रिय अपाङ्ग महासंघ नेपालले प्रयोग गरिएका पहुँच युक्तताका केही रूजूसूचीहरु १९४
पालिका भवनहरूको पहुँचयुक्तता परीक्षण रुजुसूचीहरु १९४
विद्यालय भवन तथा परिसरको पहुँचयुक्तता परीक्षण रुजुसूचीहरु २२७
पहुँचयुक्त संरचना, वस्तु तथा सेवाका केही उदाहरणहरू २६१


## खण्ड आठ (८)
## अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्था एवं सम्बन्धित जानकारीहरू


नेपालमा विशेष कक्षा सञ्चालन भइरहेका जिल्ला तथा बिद्यालयको नामावली २७१
अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन भइरहेका जिल्ला तथा बिधालयको नामावली २७२
नेपालमा अपाङ्गता सम्बन्धि परामर्श, स्वास्थ्य उपचार, सहायक सामग्री, प्रेषण (Referral) सेवा प्रदान गर्ने निकायहरू २८५
अपाङ्गता क्षेत्रमा राष्ट्रिय स्तरमा कार्यरत केही मुख्य स्वाबलम्बी सघं सस्थाहरू २९६
अपाङ्गता क्षेत्रमा कार्यरत अन्य गैरसरकारी/सरकारी सस्थाहरू ३०१
नेपालमा अपाङ्गताको क्षेत्रमा कार्यरत अन्तरास्ट्रिय गैरसरकारी सस्थाहरू ३०५
सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि नि:शुल्क रूपमा पाइने औषधीहरूको सूची ३१३
निशुल्क पाइने मेडिकल डीवाईसहरु (Medical Devices) ३१९
अपाङ्गता पहिचान तथा मापन औजार ३२०
अपाङ्गता सम्बन्धी थप केहि जानकारीहरू ३४१
नेपालको राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग अनुसार यू.एम.एन.को कार्यक्षेत्रको अपाङ्गता सम्बन्धी तथ्यांक ३४३

## खण्ड नौं (९)
## अपाङ्गता सम्बन्धि मुख्य कानुनी दस्तावेजहरू


अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ३७५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ ४०५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ ४०८
अपाङ्गता भएका व्यक्तिको परिचय–पत्र वितरण कार्यविधि, २०७५ (नमूना) ४३५
अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ ४५१
अपाङ्गतामैत्री सञ्चार निर्देशिका – २०७३ ४७८

सांकेतिक भाषाका केही अक्षरहरू ४८४
ब्रेलका केही अक्षरहरू ४८७

**सन्दर्भ सामाग्रीहरू** **४८९**

## पृष्ठभुमि

विश्व स्वास्थ्य संगठन र विश्व बैंकद्वारा प्रकाशित सन् २०११ को अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदन[१] अनुसार, विश्वमा झन्डै एक अरब (विश्वको कुल जनसंख्याको लगभग १५ प्रतिशत मानिसहरू) मा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको तथ्य छ । यो समस्या गरिबीमा जीवन बिताउनेहरूमा झन् बढी पाइन्छ र अधिकांश अपाङ्गता भएका व्यक्तिहरू विकासोन्मुख राष्ट्रहरूमा रहेका छन् भन्ने तथ्य छ ।

केन्द्रीय तथ्याङ्क विभाग २०६८ अन्तर्गत वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको संख्या नेपालको कुल जनसंख्यामा १.९४ प्रतिशत रहेको पाइन्छ । जस अन्तर्गत नेपालमा कुल अपाङ्गता भएका व्यक्तिको संख्या ५,१३,३२१ रहेको छ र यो मध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ३६.३ प्रतिशत, दृष्टि विहीनहरू १८.४६ प्रतिशत, सुनाई सम्बन्धी १३.६९ प्रतिशत, स्वर बोलाई सम्बन्धी ११.४६ प्रतिशत, बहु अपाङ्गता ७.५२ प्रतिशत, मानसिक अपाङ्गता ६.०४ प्रतिशत, बौद्धिक अपाङ्गता २.९१ प्रतिशत र सबैभन्दा कम १.८४ प्रतिशत श्रवण दृष्टि विहीनता सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । नेपालको विस्तृत जिल्ला अनुसारको अपाङ्गता सम्बन्धी थप जानकारी लीन केन्द्रीय तथ्याङ्क विभाग र राष्ट्रिय अपाङ्ग महासंघको वेबसाइट[२] हेर्न सकिन्छ ।

भर्खर मात्र प्राप्त केन्द्रीय तथ्यांक बिभागको २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको संख्या कुल जनासंक्यको २.२५ प्रतिशत भएको प्रकाशन गरेको छ । जस अनुसार नेपालमा कुल अपाङ्गता भएका व्यक्ति हरुको संख्या ६,५४,७८२ रहेको छ र यो मध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिहरु ३६.७५ प्रतिशत, न्युन दृष्टियुक्त १६.८८ प्रतिशत, दृष्टिबिहीन ५.३७ प्रतिशत, बाहिरा ७.८५ प्रतिशत, सुस्त श्रवण ७.८७ प्रतिशत, श्रवण दृस्टी बिहिन १.५६ प्रतिशत, स्वोर्बोलाई सम्बन्धि अपाङ्गता ६.३६ प्रतिशत, मनोसामाजिक अपाङ्गता ४.२ प्रतिशत, बौद्धिक अपाङ्गता १.७३ प्रतिशत, हेमोफिलिया अपाङ्गता ०.७५ प्रतिशत, अटिजम सम्बन्धि अपाङ्गता ०.७५ प्रतिशत, बहु अपाङ्गता ८.७८ प्रतिशत र नखुलेको अपाङ्गता १.०७ प्रतिशत रहेको छ । यसको बिस्तृत जानकारी लिन नेपालको राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभागको वेब साइड वा राष्ट्रिय अपाङ्ग महासंग को वेब साइड हेर्न सकिन्छ ।

नेपालको संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाज

---

१ World disability report: http://documents.worldbank.org/curated/en/665131468331271288/pdf/627830WP0World00PUBLIC00BOX361491B0.pdf (29 Page, 6 par)

२ https://nfdn.org.np/ne/disability-statistics/district-wise-disability-data/

निर्माण गर्ने संकल्प गर्दै राज्यले अपाङ्गता भएको व्यक्तिका लागि नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकार सहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानुनले संरक्षण र प्रवर्द्धन गर्नुपर्ने पक्षलाई उल्लेख गरेको छ । त्यसैगरी यो अन्तरराष्ट्रिय स्तरमा पनि अपाङ्गता भएको व्यक्तिको समग्र र विशिष्ट अधिकारलाई समेट्ने गरि अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्र संघ द्वारा सन् २००६ (UNCRPD) लागू गरेको छ र नेपालले सन् २०१० मा ८६ औं राष्ट्रको रूपमा उक्त महासन्धि राज्यबाट अनुमोदन गर्यो जसमा अपाङ्गता भएको व्यक्तिको समग्र मानव अधिकार, स्वतन्त्रता, मर्यादीता र आनन्दमय जीवनयापनको पक्षलाई नेपालको परिप्रेक्षमा लागू गर्ने भनि प्रतिबद्धता जनाएको छ । सोही अनुरूप नेपालले सो महासन्धिको मर्मलाई समेट्दै नेपालमा अपाङ्गता अधिकार ऐन २०७४ लागू गर्यो र यो ऐनको नियमावली २०७७ समेत निर्माण गरि राज्यमा लागू गरिरहेको छ । यो ऐन तथा नियमावलीले नेपालको अपाङ्ग संरक्षण तथा कल्यान ऐन २०३९ र यसको नियमावली २०५१ समेतलाई विस्थापित गरेको छ । अपाङ्गता अधिकार ऐन २०७४ ले मुख्य गरि अपाङ्गता भएका व्यक्तिहरूको सम्मान एवं अधिकार प्रवर्द्धनका लागि राज्यले समावेशी, र सहभागितालाई जोड दिएको छ र अपाङ्गता भएको व्यक्तिको मुख्य अधिकारहरूमा प्रचलित कानुन अन्तर्गत अधिकारहरूको उपयोग गर्न पाउने अधिकार, विभेद विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, सुरक्षाको अधिकार, नीति–निर्माणमा सहभागी हुन पाउने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सूचनाको अधिकार जस्ता प्रमुख अधिकारहरूलाई सुनिश्चित गर्ने पक्षमा जोड दिएको छ । राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजनाले पनि सेवा सुविधा, साधन र स्रोतमा अपाङ्गता भएका व्यक्तिको पहुँच स्थापित गरी सामाजिक, आर्थिक सशक्तीकरण गर्दै सम्मतापूर्वक जीवनयापनको वातावरण सृजना गर्ने लक्ष्य रहेको छ ।

भरखरै बन्दै गरेको अपाङ्गता भएको व्यक्तिको राष्ट्रिय नीति २०७८ मस्यौदा पत्र अनुसार नेपालमा लोकतन्त्र पछि राज्यका विभिन्न संरचना तथा निकायमा अपाङ्गता भएका व्यक्ति को सहभागिता र प्रतिनिधित्वमा सुधार हुँदै आएको छ । राजनीतिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिताको अवस्था प्रतिनिधिसभामा एक जना र राष्ट्रिय सभामा चार जना रहेको छ । त्यसैगरी निजामती सेवा लगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिका लागि ५%,आरक्षणको व्यवस्था गरिएको छ र निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको सहभागिता २०६४/०६५ देखि २०७६/०७७ सम्म ९९६ जना रहेको देखिन्छ[३] ।

३ https://mowcsc.gov.np/acts-rules/1/2556674

यसैगरी अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि भएका नीति गत, कानुनी व्यवस्था र सञ्चालित कार्यक्रमले अपाङ्गता भएका व्यक्ति को प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच आदिमा वृधि हुँदै गएको छ । साथै जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सहभागिता भएको अवस्था देखिन्छ । यति हुँदाहुँदै पनि विधिन्न परिस्थिति र अवस्थाको कारण अपाङ्गता भएका व्यक्तिहरूले विविध समस्याहरू भोगिरहेका छन् र पाउनुपर्ने न्यूनतम अधिकारबाट पनि वञ्चित भएका छन् ।

अपाङ्गता भएको व्यक्तिको राष्ट्रिय नीति २०७८ ले उल्लेख गरे अनुसार अपाङ्गता भएका व्यक्तिको एकीकृत तथ्याङ्कको अभिलेख तयार नहुनु, अपाङ्गता भएका व्यक्तिको हक अधिकार पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नू, सबै तहमा भौतिक संरचनाहरू अपाङ्गता मैत्री नहुनु, अपाङ्गता को क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य कमी हुनु, अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरमा समान पहुँच नहुनु, विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, सूचना सञ्चार तथा प्रविधि अपाङ्गता भएका व्यक्ति को लागि पहुँच युक्त हुन नसक्नू, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि नियमित स्वास्थ्य ।

सेवा, परामर्श सेवा, प्रयोग गरिने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु, सबै क्षेत्रका निर्णयका तहमा अपाङ्गता भएका व्यक्ति को न्यून सहभागिता हुनु जस्ता विषयहरू प्रमुख समस्याको रूपमा रहेका छन् । अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहायक सामग्री पर्याप्त मात्रामा उपलब्ध गराउन नसक्नू र प्रारम्भिक अवस्थामै अपाङ्गता को पहिचान गरी आवश्यकता अनुरूप पुनर्स्थापना सेवा समुदायस्तरमा पुर्‍याउनु नसक्नू, दैनिक रूपमा सेवा र सहयोग आवश्यक पर्ने अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित र सम्मानित जीवनयापनका लागि पर्याप्त कार्यक्रम नहुनु, परिचयपत्र वितरणलाई सबैको पहुँचमा पुर्‍याउन नसक्नू र शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच ज्यादै न्यून हुनु जस्ता थप समस्या यस क्षेत्रमा विद्यमान छन् ।

यसैगरी राज्यमा देखिएको यस क्षेत्रका प्रमुख चुनौतीहरूमा सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गता मैत्री विषयलाई संस्थागत एवं आन्तरिक करण गर्नु, सामाजिक संरचना र सोचमा परिवर्तन गर्नु, नेतृत्व तहमा अपाङ्गता भएका व्यक्तिको निर्णायक भूमिकामा वृद्धि ल्याउनु,, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधार, आवश्यकतानुसार सेवा सुविधा तथा सहायक सामाग्रीहरूको व्यवस्थापन गर्नु, अपाङ्गता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका अन्धविश्वास, विभेद र हिंसा अन्त्य गरी न्यायमा पहुँच बढाउनु, अपाङ्गता भएका व्यक्तिको आर्थिक एवम् सामाजिक सशक्तीकरण गर्नु र अपाङ्गता भएका

व्यक्ति को खण्डी कृत तथ्याङ्क संकलन गरी राज्यबाट विशेष सुविधा प्रदान गर्नु जस्ता रहेका छन् ।

यस प्रकाशित स्रोत पुस्तिकामा यूनाइटेड मिसन टु नेपालले आफ्नो संस्था एवं यस संस्था अन्तर्गतका सबै कार्यक्रमहरूमा सम्बन्धित सबै कर्मचारी एवं प्रमुख सरोकारवालाहरूलाई अपाङ्गता को सवाललाई कसरी समावेश गर्न सकिन्छ भन्ने विषयमा जानकारी दिन र केही अपाङ्गता समावेशीकरण र पुनर्स्थापनासँग सम्बन्धी उपायहरू दिई सहयोग गर्न भनि तयार पारिएको हो । यो नितान्त यस संस्था भित्रका सम्पूर्ण कर्मचारी र यो संस्थाको कार्यक्रमहरू सँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय साझेदारी संस्था लगायत संस्थाको कार्यसँग जोडिने सबै कर्मचारी, संस्था, स्वयंसेवक एवं शुभचिन्तकहरूलाई सहयोग पुग्ने उद्देश्यले तयार पारिएको हो । यद्यपि यो पुस्तक अपाङ्गता सवाल सँग सम्बन्धित समग्र पक्षलाई समेटेको हुनाले यो सवालसँग सरोकार राख्ने सबै सरोकारवालाहरू विशेष गरी अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूको परिवार र समूह, संस्थाहरू लगायत स्थानीय सरकार र नागरिक समाज सबैको लागि उपयोगी हुन सक्छ । यो पुस्तकको मुख्य पक्ष भनेको यू.एम.एन.को आफ्नो अपाङ्गता समावेशीकरण र पहुँच युक्तता नीति र त्यसको कार्यान्वयनको लागि बनेको अपाङ्गता समावेशीकरण कार्यनीतिको बारेमा बताउनु हो । यी नीति र कार्यनीतिको कार्यान्वयन गर्नको लागि यी नीति र कार्यनीतिले समेटेका सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुन र नीतिको संक्षिप्त जानकारी र ती सेवा सुविधाहरू कसरी र कहाँबाट प्राप्त गर्न सकिन्छ भन्ने वारे उल्लेख गरेको छ । साथै केही अपात्रतासँग विशिष्ट रूपमा जोडिने कानुन नीति तथा निर्देशिकाहरू समेत राज्यले प्रकाशित गरे बमोजिम दुरुस्त राखिएको छ ।

पहिलो खण्डमा, अपाङ्गता बुझ्न सजिलो हुने तरिकाले अपाङ्गता को परिभाषा, पहिचान र प्रकारको वारेमा उल्लेख गरेको छ । दोस्रो खण्डमा यू.एम.एन.का अपाङ्गता समावेशीकरण नीति र कार्यनीतिको बारेमा उल्लेख गरेको छ र अपाङ्गता समोवेशीकरण र पुनर्स्थापना क्षेत्रमा नेपाल र यू.एम.एन. भित्र कसरी कार्य भइरहेको छ भन्ने बारेमा उल्लेख गरेको छ । तेस्रो खण्डमा राष्ट्रिय एवं अन्तरराष्ट्रिय कानुन, नीति र सम्बन्धित दस्तावेजहरू वारे जानकारी दिएको छ भने चौथो खण्डमा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न राज्यले दिने सेवा सुविधा र ती सेवा सुविधाहरू प्राप्त गर्ने तौरतरिकाबारे उल्लेख गरेको छ । त्यसैगरी पाँचौं खण्डमा अपाङ्गता को क्षेत्रमा कार्य गर्ने संस्थाको लागि राज्यका केही कानुनी व्यवस्था, कार्यक्रमहरू र संघ संस्थाहरूको बारेमा उल्लेख गरेको छ भने अन्तिम खण्डमा नेपाल सरकारका अपाङ्गता सँग सम्बन्धित विशिष्ट कानुन, नीति र निर्देशिकाहरूको बारेमा उल्लेख गरेको छ ।

यो एउटा जीवित दस्तावेज हो, समय, सिकाई र परिवेश अनुसार यो परिमार्जन गदै लगिनेछ ।

# खण्ड एक (१)

# अपाङ्गताको बुझाई, परिभाषा, प्रकार र परिचय–पत्र

**अपाङ्गतालाई कसरी बुझ्ने ?**

अपाङ्गता एउटा वातावरणले सृजना गर्ने अवस्था हो न कि यो श्राप वा पूर्व जन्मको पापको कारणले आएको परिणाम हो । संयुक्त राष्ट्र संघको अपाङ्गता भएको व्यक्तिहरूको अधिकार सम्बन्धी महासंन्धी २००६ ले अपाङ्गता लाई एउटा मानव विविधताको रुपमा हेर्छ जुन यसको आठ ओटा रणनीति मध्य एउटा रणनीति हो । जसरी मानिस लिङ्ग, आकार, र रंङ्ग को आधारमा विविध छ त्यसरी नै शारीरिक बनावट र कार्य क्षमताको आधारमा पनि मानिस भित्र विविधता छ भन्ने तथ्यलाई स्विकार्नु आवश्यक छ र पहुँचयुक्त वातावरण पाएमा उनीहरूले पनि अरू जस्तो कार्य गर्न सक्छन् भन्ने वास्तविकता बुझ्नु जरुरी छ । तर हाम्रो सामाजिक, भौतिक, नीति गत र संचारगत विविध वाधाहरूले अँझ भनौं भने विभेदकारी सोच र संरचनाहरूले उनीहरूलाई केही गर्न सक्दैनन् भन्ने मानसिकता विकास गरेको छ र उनीहरू कठै बिचरा भन्ने लाल्छानायुक्त र दयनीय वातावरणमा बाँच्न बाध्य पारेको छ । हाम्रो समाजले उनीहरूमा उनीहरूले गर्न सक्ने क्षमता भन्दा पनि गर्न नसक्ने सक्षमतालाई देख्ने गरेको तीतो यथार्थ छ जुन उनीहरू प्रतिको असहज र पहुँययुक्त नभएको वातावरणको उपज हो र यो वातावरण उनीहरू प्रति विलकुलै अनुत्तरदायी भएको अवस्थाले सिर्जित भएको अवस्था हो । तसर्थ व्यक्ति मा हुने अपाङ्गता मा उ भित्रको शारीरिक वा मानसिक क्षिणता भन्दा पनि उ रहेको स्थानको असहज वातावरण को परिणाम हो भनि बझ्नु उचित हुन्छ ।

विश्व स्वास्थ्य संगठन अन्तर्गत को आई सी एफ[४] ले भन्दछ की अपाङ्गता विभिन्न कारणले व्यक्तिको शरीर भित्र आएको भौतिक वा मानसिक क्षति र यसले व्यक्तिमा ल्याएको कार्य गर्ने सीमितता र त्यो व्यक्ति बस्ने वातावरणको अन्तरक्रियाबाट निर्धारण हुन्छ । यसलाई यसरी उल्लेख गर्न सकिन्छ ।




[४] International Classification of Function (ICF)

**अपाङ्गता = कार्यगत सिमितता x वातावरण**

**अपाङ्गता** (Disability)

=

**कार्यगत सीमितता**

(Functional limitation)

x

**वातावरण** (Environment)

By ICF model*



यहाँ अपाङ्गता स्वास्थ्य र क्षीणता बाट शूरु हुन्छ र त्यो व्यक्ति बसेको परिवेश वा वातावरणले उसलाई असमर्थ बनाउँछ, यसको मतलब यदी वातावरण सहज वा पहुँचयुक्त छ भने, अपाङ्गता हुँदैन । तसर्थ कुनै व्यक्ति अपाङ्गता को परिभाषा भित्र पर्नलाई त्यो व्यक्तिमा क्षीणता बाट हुने कार्यगत सीमितता र वातावरणमा अवरोध दुवै हुनु पर्ने हुन्छ जसमा अपाङ्गता निर्धारणमा, अपाङ्गता व्यक्तिको आन्तरिक पक्ष भन्दा पनि बहिय पक्षको प्रमुख भूमिका हुन्छ । किनभने व्यक्तिको दीर्घकालीन क्षीणता पहिलेको जस्तो बनाउन सकिँदैन तर यदि त्यो हुन्छ भने त्यो अपाङ्गता नै हुँदैन । तर उ बसेको वातावरण लाई सहज बनाउने पक्ष त्यहाँ बसेका समुदाय वा मानिसहरूको नियन्त्रण मा हुन्छ । उदाहरण को लागि अमेरिकाको कुनै स्त्री रोग विशेषज्ञ डाक्टर नेपालको सुदूर पश्चिम क्षेत्रमा महिलामा हुने पाठेघर समस्याको उपचार गराउन जानुभयो तर उहाँ लाई त्यो समुदायको नेपाली भाषा आउँदैन र त्यो समुदायलाई अंग्रेजी भाषा आउँदैन फलस्वरूप त्यो डाक्टर साव काम गर्न सक्नुभएन र त्यो उपचारको क्रियाकलापमा सहभागी नै हुन सक्नुभएन । यो अवस्थामा त्यो डाक्टर साव लाई अपाङ्गता भएको व्यक्ति भन्न मिल्छ होला ? तपाई के भन्नुहुन्छ ?

यसको उत्तर हो मिल्दैन किनभने अपाङ्गता हुनलाई

क) दीर्घकालीन क्षीणता र त्यसले ल्याउने कार्यगत सीमितता र ख) वातावरणमा अवरोध दुवै हुनु पर्दछ ।

यो कथामा वातावरणमा अवरोध छ तर व्यक्तिमा दीर्घकालीन क्षीणता छैन । तर त्यो

डाक्टर सावमा कानमा समस्याको कारणले सुनाईमा कठिनाइ भएर वा स्वर बोलाई सम्बन्धी समस्याको कारणले कार्य गर्न समस्या भएको हो भने त्यो अपाङ्गता को परिभाषामा पर्दछ ।

यहाँ बुझ्नु पर्ने कुरा के छ भने क्षीणता शरीरको दुवै देखिने र नदेखिने पक्ष पर्दछ । देखिने मा हात खट्टा, ढाड, कम्मर लगायत ३ फिट भन्दा कम उचाइ भएको व्यक्ति पर्दछन र नदेखिने मा मनोसामाजिक वा मानसिक समस्या, बौद्धिक अपाङ्गता, अटिजम र मस्तिष्क पक्षघातका कारण सिकाईमा समस्या भएका व्यक्तिहरू पर्दछन ।

सोहि अनुसार यू एन सी पी डी ले यसलाई यसरी परिभाषित गर्छ **"अपाङ्गता एउटा 'क्रमिक विकास हुँदै गरेको अवधारणा' हो"** किनकी 'अपाङ्गता भनेको असमर्थता भएका व्यक्तिहरू बीचको अन्तरक्रिया तथा सामाजिक जीवनमा अरू व्यक्तिहरू समान उनीहरूको पूर्ण तथा प्रभावकारी सहभागिता हुनमा अवरोध पुर्याउने मनोभावगत तथा वातावरणीय अवरोधहरूको परिणाम हो'' । यो आफ्नो परिवेश अनुसार देशले परिभाषा निर्धारण गर्न सक्ने अवधारणा भएको हुँदा नेपालले अपाङ्गता अधिकार ऐन २०७४ मार्फत यू एन सी आर पी डी कै आधारमा अपाङ्गता भएका व्यक्ति लाई यसरी परिभाषित गरेको छ:

''अपाङ्गता भएका व्यक्ति'' भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउँछ जसमा **दीर्घकालीन** शारीरिक, मानसिक, बौद्धिक, वा सम्वेदात्मक अपाङ्गता वा **क्रियात्मक असमर्थता** वा विद्यमान बाधाहरू रहेका हुन्छन् जसले सामाजिक जीवनमा अरू व्यक्तिहरू समान पूर्ण तथा प्रभावकारी **सहभागिता** हुनमा उनीहरूलाई **अवरोध** पुर्याइरहेका हुन्छन् ।

यू.एम.एन.ले यही नेपालको अपाङ्गता अधिकार ऐन २०७४ को परिभाषा अनुसार अपाङ्गता लाई परिभाषित गर्दछ ।

यी सबै परिभाषा अनुसार समग्रमा हेर्दा मुख्य बुझ्नु पर्ने कुरा के हो भने अपाङ्गता एउटा व्यक्तिमा आएको क्रियाकलापमा सीमितता मात्र हो जुन व्यक्तिको शारीरिक वा मानसिक **क्षीणता** र उ बसेको असहज **वातावरण वा बिधमान अवरोधहरू** को अन्तरक्रिया को परिणाम हो जसमा असहज वातावरण को भूमिका मुख्य हुन्छ । यसमा क्षीणतालाई परिवर्तन गर्न गाह्रो हुन्छ जसलाई **मानवीय विविधता** को रूपमा स्विकार्नु पर्ने हुन्छ तर असहज वातावरणलाई अपाङ्गता मैत्री वा पहुँचयुक्त बनाई व्यक्तिलाई उ रहेको वातावरण मा सहज रूपले सहभागी गराउन सकिन्छ जसले उ भित्रको अपाङ्गता लाई कम गर्दछ ।

### WHO ICF र अन्तरराष्ट्रिय संस्थाहरू UNICEF & IIDA को अनुसार[५]

[५] https://slideplayer.com/slide/706011/, https://slideplayer.com/slide/5944031/

अपाङ्गता र कार्यगत सिमितता मा वातावरण को प्रभाव

कार्यगत सिमितता १ x वतावरण ० => ० अपाङ्गता

कार्यगत सिमितता ५ x वतावरण ० => ० अपाङ्गता

कार्यगत सिमितता १ x वतावरण १ = १ अपाङ्गता

कार्यगत सिमितता ५ x वतावरण ५ = २५ अपाङ्गता




**यहाँ**

**कार्यगत सीमितता १** को अर्थ व्यक्तिमा भएको सामान्य क्षीणताको कारण उसले गर्न सक्ने कार्यमा सामान्य असमर्थता भन्ने बुझिन्छ भने

**कार्यगत सीमितता ५** को अर्थ व्यक्तिमा भएको अधिक क्षीणताको कारण उसले गर्न सक्ने कार्यमा अधिकतम असमर्थता भन्ने बुझिन्छ ।

**वातावरण ०** को अर्थ अपाङ्गता भएको व्यक्ति रहेको समाजका सबै वातावरण जस्तै भौतिक, संचारगत, धारणा एवं सामाजिक, सांस्कृतिक र नीति गत पक्षहरू अपाङ्गता भएको व्यक्ति प्रति उत्तरदायी भएको र अपाङ्गता मैत्री भएको वा वातावरण मा कुनै अवरोध नभएको बुझिन्छ भने

**वातावरण ५** को अर्थ अपाङ्गता भएको व्यक्ति रहेको समाजका सबै वातावरण जस्तै भौतिक, संचारगत, धारणा एवं सामाजिक, सांस्कृतिक र नीति गत पक्षहरू अपाङ्गता भएको व्यक्ति प्रति उत्तरदायी नभएको र अपाङ्गता मैत्री नभएको जहाँ वातावरणीय अवरोधहरू धेरै भएको बुझिन्छ ।

अत्यन्तै गम्भीर कुरा के भने, यदि कार्यगत सीमितता र वातावरण दुवैमा समस्या देखिएमा यो अवस्थामा त्यो समस्या गुणात्मक रूपमा वृधि भई अपाङ्गता भएका व्यक्तिहरू अत्याधिक रुपमा वहिष्करणमा पर्ने सम्भावना रहन्छ ।

अर्को महत्वपुर्ण कुरा के भने यू एन सी आर पी डी ले अपाङ्गता लाई मानव भित्रको एक विविधता हो भन्दछ र अर्थ पुर्ण समावेशीकरण गर्नलाई सबैले सबैभन्दा पहिला यसलाई स्वीकार्नु पर्दछ । यसको मतलब जसरी मानिसमा महिला पुरुष, अग्लो होचो, कालो गोरो, दुव्लो पातलोको विविधता हुन्छ अपाङ्गता पनि मानव भित्रको त्यस्तै विविधता मात्र हो यसलाई स्वीकार्नू पर्दछ । किनभने अपाङ्गता मानिसमा मानिसले चाहेर आउने कुरा होइन र यो आफै नचाहदापनि आउने अवस्था हो । यो अवस्था समाजको वातावरण भर पर्दछ चाहे त्यो व्यक्तिको धारणा वा सामाजिक संस्कृतिक होस, वा भौतिक तथा संचारगत

वातावरण होस वा नीति गत वा संस्थागत किन नहोस । सोहि अनुरुप, क्षीणता एक मानव भित्रको विविधता हो र समस्या वातावरणमा हुने भएकोले यू एन सी आर पी डी ले अपाङ्गता चाँही व्यक्तिमा नभई वातावरणमा हुन्छ भनि बताउँछ जुन वातावरणले अपाङ्गता भएको व्यक्तिको कुनै जिम्मेवारी लिएको हुँदैन ।

नेपाल सरकारले अपाङ्गता लाई प्रकृति वा क्षीणता को आधार मा १० प्रकारले विभाजन गरेको छ भने कार्य क्षमताको आधारमा ४ प्रकारले विभाजन गरेको छ जुन अपाङ्गता अधिकार ऐन २०७४ मा उल्लेख छ ।

## अपाङ्गताको परिभाषा

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अनुसार "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्य गत सीमितता (functional impairment) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महा सन्धि अनुसार "अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरू सरह समान आधारमा पूर्ण र प्रभावकारीढंगमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ" । अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरू र दृष्टिकोण सम्बन्धी एवं वातावरणीय अवरोधहरू बीचको अन्तरक्रियाको परिणाम स्वरूप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरू सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन वाधा पुर्याउँछ, भन्ने कुरालाई भन्छ, जुन देश को आफ्नो परिवेश अनुसार निर्धारिण हुने गर्छ ।

## अपाङ्गताको वर्गीकरण

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अनुसार शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिलाई तपसिल अनुसार वर्गीकरण गरिएका छन् ।



### १ शारीरिक अपाङ्गताः

स्नायु, मांसपेशी र जोर्नी तथा हड्डीको बनावट

एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या जस्तै बाल पक्षाघात (पोलियो), शारीरिक अङ्ग विहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैँताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

**२ दृष्टि सम्बन्धी अपाङ्गताः**

दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,



**(क) दृष्टि विहीनताः** औषधि, शल्य चिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औँला दश फिटको दूरीबाट छुट्टाउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।



(ख) न्यून दृष्टियुक्तः औषधि, शल्य बीस फिटको दूरीबाट हातको औँला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीनः पूर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

**३ सुनाइ सम्बन्धी अपाङ्गताः**

सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतार चढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने व्यक्ति



(क) बहिराः असी डेसिबल भन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैँसठी देखि असी डेसिबल सम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

**४ श्रवण दृष्टिविहीन अपाङ्गताः**

सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गता को संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।



**५ स्वर र बोलाइ सम्बन्धी अपाङ्गताः**

स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्य गत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढाउमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।



**६ मानसिक वा मनो सामाजिक अपाङ्गताः**



मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरण शक्ति, भाषा, गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

**७ बौद्धिक अपाङ्गताः**



उमेरको बुद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तोः डाउन्स सिन्ड्रोम समेत)



**८ अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः**

अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**नोट**: यहाँ देखाइएका अपाङ्गता प्रकारका चित्रहरु राष्ट्रिय अपाङ्ग महासंघ बाट साभार गरिएको हो ।

**९ अटिज्म सम्बन्धी अपाङ्गताः**



जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तोः सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनू, अस्वाभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोर्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

**१० बहु अपाङ्गताः**



एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गता को समस्या भएको व्यक्ति । (जस्तैः मस्तिष्क पक्षाघात आदि)

**अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरणः**

१ पूर्ण अशक्त अपाङ्गताः आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रूपमा अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

२ अति अशक्त अपाङ्गताः वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रूपमा अरूको सहयोग दिनुपर्ने अवस्थाको व्यक्ति ।

३ मध्यम अपाङ्गताः भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

४ सामान्य अपाङ्गताः सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

**अपाङ्गता पहिचान**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ र अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ मा अपाङ्गता परिचय–पत्रको व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिलाई पहिचान गर्न, सरकारी तथा गैरसरकारी निकायहरूबाट अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवाह गरिने सेवा सुविधा, अवसर र अधिकारको न्याय पुर्ण र प्रभावकारी वितरण होस भन्ने हेतुले तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको रूपमा स्वीकार गरी ऐनले अपाङ्गता परिचय–पत्रको व्यवस्था गरेको हो । कुनै पनि उमेरका अपाङ्गता भएका व्यक्तिले आ आफ्नो स्थानीय तहबाट परिचय–पत्र प्राप्त गर्न सक्नेछन् । परिचय पत्र प्राप्त गर्न आवश्यक कागज पत्र र पुरा गर्नु पर्ने प्रक्रियाका बारेमा यस परिचय–पत्रमा स्पष्ट उल्लेख गरिएको छ ।

परिचय–पत्र प्रदान गर्ने निकाय: सम्बन्धित पालिका को महिला तथा सामाजिक विकास शाखा

**अपाङ्गता परिचय–पत्र**

सरकारी तथा गैरसरकारी निकायहरूबाट अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवाह गरिने सेवा सुविधा, अवसर र अधिकारको न्याय पूर्ण र प्रभावकारी वितरण होस् भन्ने हेतुले तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको रूपमा स्वीकार गरी नेपाल सरकारले अपाङ्गता परिचय–पत्रको व्यवस्था गरेको हो । कुनै पनि उमेरका सबै प्रकारका अपाङ्गता भएका सबै व्यक्तिले आफ्नो जिल्लाको सम्बन्धित पालिका बाट परिचय–पत्र प्राप्त गर्न सक्नेछन् ।

**अपाङ्गता परिचय–पत्रको प्रकार**

अपाङ्गताको परिभाषा र वर्गीकरण, अपाङ्गता अधिकार ऐन २०७४ अनुसार अपाङ्गता परिचय–पत्रलाई गम्भीरताका आधारमा चार भागमा वर्गीकृत गरिएको छ । हरेक परिचय–पत्रलाई छुट्टा छुट्टै रंग दिइएको छ र परिचय–पत्र लिन आउने अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको गम्भीरता अनुसार निजलाई उपयुक्त ठहर गरिएको परिचय–पत्र प्रदान गरिन्छ । यस्तो परिचय–पत्र ''क'' वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिका लागि रातो रंगमा, ''ख'' वर्गमा पर्नेका लागि निलो रंगमा, ''ग'' वर्गमा पर्नेको लागि पहेँलो रंगमा र ''घ'' वर्गमा पर्नेको लागि सेतो रंगमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**गम्भीरताका आधारमा वितरण गरिने परिचय पत्र**

**क) पूर्ण अशक्त अपाङ्गता**

व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्य गत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, पूर्ण रूपमा श्रवण दृष्टि विहीन व्यक्तिहरू तथा आफैँ हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई "क" वर्गको अपाङ्गताको परिचय–पत्र वितरण गरिनेछ । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।




**ख) अति अशक्त अपाङ्गता**

निरन्तर अरूको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा मांसपेशी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मर भन्दा मुनिको भाग क्रियाशिल हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरा मुनिको अङ्ग नभएका वा नचल्ने, कम्मर भन्दा मुनिका अङ्ग नभएका वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशिल नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टि विहीन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन सम्पादन आफैँ गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनु पर्ने बहु अपाङ्गता भएका व्यक्तिहरूलाई, "ख" वर्गको परिचय–पत्र उपलब्ध गराइनेछ । यो नीलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।




**ग) मध्यम अपाङ्गता**

कृत्रिम अङ्गको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफैँ गर्न सक्ने, पोलियो भई घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको, स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केला भन्दा मुनिका कम्तीमा बूढी

अँौला र चोर अँौला नभएका तथा कुर्कुच्चो भन्दा मुनिको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिलाइ भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, श्रवण यन्त्रको प्रयोगबाट मात्र सुन्न सक्ने सुस्त श्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वर यन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्न सक्ने व्यक्तिहरू, तीव्र भकभके व्यक्तिहरू, तीन फिटमुनिका पुड्का व्यक्तिहरू, चस्मा र श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण–दृष्टि विहीन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टि युक्त व्यक्तिहरू, समूह "ग" को अपाङ्गता वर्गमा पर्छन् । यस वर्गको परिचय–पत्र पहेँलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।




### घ) सामान्य अपाङ्गता

शारीरिक अङ्गहरूमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्न सक्ने, न्यून दृष्टि युक्त व्यक्तिहरू, हत्केला मुनिका कम्तीमा बूढी अँौला र चोरअँौला भएका, खुट्टाको अँौलाका भागहरू नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाइ हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू "घ" वर्गमा पर्छन् । यस वर्गको परिचय–पत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।




*कृपया कार्यक्षमताको आधारमा कुन परिचय पत्र प्राप्त गर्ने हो भन्नेवारेमा थप जानकारी पाउन यसै पुस्तकको पेज नं. ३२० मा सेभ द चिल्ड्रेनद्वारा हालै प्रकाशित एक अपाङ्गता पहिचान र अपाङ्गता परिचय पत्र प्रमाणितको लागि एक नविनतम मोडेल प्रतिवेदन २०२२ मा उल्लेख गरेको अपाङ्गता पहिचान तथा मापन औजारमा हेर्नुहोला ।*

### अपाङ्गता परिचय–पत्र कसरी प्राप्त गर्ने

अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचय–पत्र प्राप्त गर्न निज आफैले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले सम्बन्धित वडा स्थानीय तहको सिफारिस सहित

स्थानीय तहमा तल दिएको अनुसूची १ अनुसारको निवेदन दिनु पर्नेछ । अपाङ्गता भएका कुनै व्यक्ति आफैले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचय–पत्रको लागि निजको तर्फबाट निवेदन दिन सक्नेछ । निवेदन प्राप्त भएपछि स्थानीय तहले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रस्ट रूपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गताको वर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचय–पत्र दिनु पर्नेछ । निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो सो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको हकमा स्थानीय तहले समन्वय समिति समक्ष पेश गरी सो समितिको सिफारिसको आधारमा अपाङ्गताको परिचय–पत्र दिनु पर्नेछ । समन्वय समितिले सिफारिस गर्नु अघि अपाङ्गताको परिचय–पत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न आवश्यक देखेमा स्थानीय तहको खर्चमा नजिकको सरकारी अस्पतालमा निजको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । जाँचबुझ वा शारीरिक परीक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचय–पत्र दिन मिल्ने नदेखिएका स्थानीय तहले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ । अपाङ्गताको परिचय–पत्र दिन नमिल्ने गरी स्थानीय तहबाट भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैँतीस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

### अपाङ्गता परिचय–पत्रको उपयोग

अपाङ्गता भएका व्यक्तिहरूलाई भनेर राज्य लगायत अन्य गैरसरकारी निकाय द्वारा प्रदान गरिएका विशेष सेवा तथा सुविधा, विशेष प्राथमिकता, सहुलियत, आरक्षण लगायत अन्य अवसरहरू उपभोग गर्न यो परिचय–पत्रको उपयोग हुन्छ ।

### सुविधा (अपाङ्गता परिचय–पत्र) प्राप्त गर्ने प्रक्रिया

अपाङ्गता भएका व्यक्तिको परिचय (पत्र वितरण कार्यविधि, २०७५ ले तय गरेको प्रक्रियाका आधारमा यो परिचय–पत्र वितरण गरिन्छ । आफू बसेको पालिका को वडा कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहबाट अपाङ्गता परिचय पत्र उपलब्ध गराइने व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूले परिचय–पत्र प्रदान गर्ने संरचना र प्राप्त गर्न अपनाउनु पर्ने मुख्य प्रावधानहरू निम्न छन् ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ मा अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँ पालिका र नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :–

१. गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप प्रमुख – संयोजक
२. गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको ले तोकेको महिला सदस्य – सदस्य
३. गाउँ पालिका वा नगरपालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको व्यक्ति– सदस्य
४. गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक – सदस्य
५. स्थानीय प्रहरी कार्यालयको प्रमुख – सदस्य
६. अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू मध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनीत गरेको संस्थाको प्रतिनिधि – सदस्य
७. गाउँ पालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सहित तीन जना– सदस्य
८. नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख – सदस्य
९. गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप प्रमुखले तोकेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्मचारी– सदस्य

स्थानीय समन्वय समितिले अपाङ्गता परिचय पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय(पत्र सम्बन्धी कानुनी, संरचना गत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाउनु पर्दछ ।

# खण्ड दुई (२)

# अपाङ्गता समावेशीकरण र यस सम्बन्धी बुझाई

### अपाङ्गता समावेशीकरणको बुझाई र यू.एम.एन.मा यसको अभ्यास

यू.एम.एन.ले संयुक्त राष्ट्र संघ को अपाङ्गता समावेशीकरण रणनीतिलाई नै आधार मानेको छ जुन अनुसार

**“अपाङ्गता समावेशीकरण’ भन्नाले यू एन सी आर पी डी को मर्म अनुरूप आफू वरपरका सम्पूर्ण विविध वातावरणमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण सहभागिता बृधि गर्ने, संस्थाका सम्पूर्ण कार्यहरूमा उनीहरूको अधिकारलाई प्रवर्धन एवं मूलप्रवाहीकरण गर्ने, अपाङ्गता केन्द्रित कार्यक्रमहरूको विकास तथा अपाङ्गता सम्बन्धी दृष्टिकोणहरूलाई महत्व दिने कुरा बुझाउँछ” ।**

त्यसका लागि कुनैपनि कार्यक्रम निर्माणका सबै क्षेत्रहरूमा अपाङ्गता सहभागिताको एउटा दिगो तथा व्यवस्थित पद्धतिको विकास तथा कार्यान्वयनको आवश्यकता पर्दछ जसमा दुई पक्ष बाट कम गर्न सकिन्छ, पहिलो अपाङ्गता भएको व्यक्तिहरूलाई एकीकृत गरि सशक्त गर्नु (दाहिने पट्टिको पहिलो चित्र जस्तै) र दोस्रो, भइरहेको संरचना वा वातावरणलाई पहुँचयुक्त बनाएर (दोस्रो चित्र जस्तै) ।





माथि अपाङ्गता को बुझाईको भागमा उल्लेख भए अनुसार समाबेशीकरणको मुख्य पाटो भनेको हाम्रो कार्यक्रम वा सबै वातावरणहरू अपाङ्गता भएका व्यक्तिको सहज सहभागी गराउनु हो जुन यहाँ उल्लिखित उदाहरण अनुसार प्रस्ट पारिएको छ ।

क्षिणता (Impairment) + वाधाहरू वा बिधमान **अवरोधहरू (Barriers)** = अपाङ्गता (Disability) र वहिष्करण भएको अवस्था,

उदाहरण को रूपमा हेर्दा:

आँखा नदेख्ने व्यक्ति (क्षिणता) + हतेपुस्तक वा power point प्रस्तुति द्वारा बैठक (वाधाहरू वा **विधमान अवरोधहरू**) = आँखा नदेख्ने व्यक्ति छलफल मा सहभागी हुन नसक्नू (अपाङ्गता वा वहिष्करणको अवस्था)

अब यो अवस्था मा भएको अपाङ्गता कसरी कम गर्न सकिन्छ वा कसरी समावेशिता ल्याउन सकिन्छ त ?

आँखा नदेख्ने व्यक्ति (क्षिणता) + **छलफल मा आधारित बैठक** (सहज वातावरण) = आँखा नदेख्ने व्यक्ति छलफल मा सहभागी हुन सक्ने (समाबेशीकरण)

यहा क्षीणता परिवर्तन गर्न सकिँदैन तर वातावरणलाई सहज बनाएको छ,

यस्तै अर्को उदाहरण:

क्षिणता (खुट्टा नभएको व्यक्ति) + **पहुँचयुक्त वातावरण** (ह्विल्चियर उपलव्ध गराउने + घर, कार्यालय, बैठक ह्विल्चियर मैत्री वनाउने) = अपाङ्गता घटेको र समावेशिता बढेको अवस्था ।

अर्को उदाहरण

सुनाइ सम्बन्धी गम्भीर समस्या भएको व्यक्ति + बृहत सम्मेलन हुदैछ, कसरी समाबेशी बनाउनु हुन्छ ?

यसको लागि सांकेतिक भाषा अनुवादक को व्यवस्था गर्ने वा अनुवाद को लागि अभिभावकको व्यवस्था गर्ने र प्रशिक्षण सामग्रीमा sub title राख्ने

गम्भीर अपाङ्गता भएको व्यक्ति को सन्दर्भमा, सकेसम्म उसलाई नै वातावरण अनुकूलन बनाउन **उपयुक्त अनुकूलता**[६] को व्यवस्था गर्ने, सो गर्न गाह्रो भए उसको अभिभावक वा संरक्षक लाई सहभागी गराउने जस्तै समूह वा संस्थामा सहभागी गराउने, आय आर्जन का क्रियाकलाप गर्ने आदि । उपयुक्त अनुकुलता अपनाउन यू एन सी आर पी डी ले बताए अनुसारको **विश्वोब्यपी वा सर्वमान्य ढाँचा**[७] को सिद्धान्त लाई अपनाउने । विश्वोब्यपी वा सर्वमान्य ढाँचाको बारेमा विस्तृत जानकारी यू.एम.एनको अपाङ्गता समावेशीकरण तथा पहुचयुक्तता नीतिको अनुसूची ४ मा उल्लेख गरियको छ ।

यसरी अपाङ्गता भएको व्यक्तिलाई उसको क्षीणता लाई मानवीय विविधताको रूपमा स्वीकार गरि उ बसेको वातावरण लाई सहज बनाई उसको समावेशिता बृधि गर्न सकिन्छ ।

- यू.एम.एन.ले आफ्नो परिवेशमा निम्न अवस्थालाई अपाङ्गता समाबेशीकरण भएको मान्दछ ।

---

६ "उपयुक्त अनुकूलता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिएको आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ । – यू एन सी आर पी डी पेज् ९

७ "सर्वमान्य संरचना" भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा ग्रहणशीलता विना सबै मानिसहरुले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरुको संरचना सम्झनु पर्छ । "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरुको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई वाहेक गर्ने छैन । – यू एन सी आर पी डी पेज् १०

- संस्थाका संरचनाहरू, सामुदायिक समूहहरू, बैठकहरू, वा अन्य अन्तर क्रियात्मक कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको औपचारिक वा अनौपचारिक सहभागिता ।

- कुनै संकोच वा अवरोध बिना अपाङ्गता भएका व्यक्तिहरूको आफ्ना विचारहरू व्यक्त गर्न सक्ने तथा आफ्ना अधिकारहरू दाबी गर्न सक्ने क्षमता ।

- अपाङ्गता भएका व्यक्तिहरूको उपलब्ध स्रोत–साधनहरूलाई प्रभावकारी रूपमा नेतृत्व, मार्गदर्शन, तथा परिचालन गर्न सक्ने क्षमता ।

- संस्थाभित्र तथा उनीहरू सहभागी हुने कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूमा स्वामित्वको भावना तथा सम्मान पूर्ण वातावरण भएको ।

यू.एम.एन.ले मुख्य पद्धतिका रूपमा द्वि मार्गी अवधारणा[८] (Twin Track) लागू गर्नेछ, जुन संयुक्त राष्ट्र संघीय संस्थाहरूद्धारा सबभन्दा धेरै प्रयोग गरिएको पद्धति हुनुका साथै प्राय अपाङ्गता मूलप्रवाहीकरण तथा समावेशी विकास विषयगत क्षेत्रमा लागेका विकास संस्थाहरूका अपाङ्गता मूलप्रवाहीकरण कार्यमा धेरै सान्दर्भिक पद्धति हो ।




यो द्विमार्गी अवधारणा (Twin Track Approach) विश्वभरि लगभग प्रायजसो अपाङ्गता समावेशीकरण र अपाङ्गता पुनस्र्थापनाको क्षेत्रमा लागू गरिएको अहिले सम्मको प्रभावकारी अवधारणा मानिन्छ । यो लागू गर्दा वास्तवमा दुवै पक्षहरू अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी उनीहरूलाई शवलिकरण गर्ने पक्ष र उनीहरू रहेको वातावरणलाई शवलिकरणगरी अपाङ्गता मैत्री बनाउने कार्य सँगसँगै वरावरी रूपमा लैजानुपर्छ । तर यस्तो चाँहि कतिपय संस्थाहरूमा अपाङ्गता भएका व्यत्तिहरुलाई लक्षित

८ https://hhot.cbm.org/en/card/twin-track-approach

गरी निर्माण गरिएका अपाङ्गता सवालहरूमा लक्षित परियोजनाहरू वा कार्यक्रमहरूमा मात्रै लागू भएको देखिन्छ र मुलप्रभाहिकरण वा अन्तरसम्वन्धित सवालको रूपमा अपाङ्गता लाई लिएको अन्य सवालका परियोजना वा कार्यक्रमहरूमा दुवै पक्षलाई समानरुपमा सँगसँगै लगिएको देखिँदैन । त्यस्ता परियोजना वा कार्यक्रहरुमा चाँहि समाजका समावेशीकरण गर्न देखिएका सामाजिक, भौतिक, संस्कृतिक र नीतिगत तथा संस्थागत अवरोधहरूलाई हटाउने खालका वातावरणलाई चाही शवलिकरण गर्ने भनी केही पहुँचयुक्तताका कामहरू र प्रायगरी भौतिक वातावरणहरूलाई अपाङ्गता मैत्री बनाउने कार्य गरेको पाइन्छ तर अपाङ्गता भएको व्यक्तिहरूको विशिष्ट आवश्यकताहरूलाई बेवास्ता गरिएको पाइन्छ । यसका विभिन्न कारणहरू छन् जस्तै त्यस्ता विशिष्ट आवश्यकता सम्बोधन गर्ने सहायक सामग्रीहरू र त्यसको तालिम, उपचार र शल्यक्रिया, विशिष्ट प्राविधिक सामग्री र सफ्टवेयर आदि जस्ता कार्यहरू कतिपय उचित ज्ञान र तालिमको कमीले, कतिपय आर्थिक सहयोग गर्ने सहयोगी संस्थाको प्राथमिकतामा नपरेर र कतिपय संस्थागत प्रणालीहरू स्पष्ट र लक्षित नभएर हुने गरेको पाइन्छ ।

यो स्वाभाविक हो अहिलेको अवस्थामा दुवै पक्षलाई सँगसँगै वरावरी लीन विविध व्यवहारिक र नीति गत चुनौती छन् तर यसलाई चाहै अपाङ्गता सवालको विशिष्ट परियोजना होस वा मुलप्रभाहिकरण अथवा अन्तरसम्वन्धित सवालकारुपमा कार्य गर्ने संस्था वा प्रणाली होस, वास्तवमा संगसंगै जानु पर्छ । अपाङ्गता सवालमा संचालित विशिष्ठ परियोजनाले प्रणाली शवलिकरणलाई छुटाउने, र प्रणालीलाई शवलिकरण गर्नेले विशिष्ट आवश्यकताहरूलाई छुटाउने गर्नु चाही हुँदैन । तर विश्वभरिको अभ्यासमा अपाङ्गता एक विषयगत वा क्षेत्र गत सवाल पनि हो र सबै सवालहरूमा अन्तरसम्वन्धित हुने अन्तरसम्वन्धित सवाल पनि हो जुन एकै साथ अवस्था अनुसार संगसंगै लिनुनै प्रभावकारी अवधारण वा रणनिति हुँदछ ।

एउटा अक्सर हुने जोखिम के हुन सक्छ भने, अपाङ्गता लाई मुलप्रवाहिकरण वा अन्तरसम्वन्धित सवालको रूपमा लिएर कार्य गर्ने संस्थाहरुले संस्थाका सवै विषयगत वा क्षेत्रगत क्षेत्रहरुले अपाङ्गताको सवै सवालहरुलाई समेटिहाल्छ भनी अपाङ्गता सवालका विशिष्ट परियोजना वा कार्यक्रमहरू वन्द गरी अन्तरसम्वन्धित सवालको रूपमा लिन पनि सक्छ तर यसमा के निश्चित हुनु पर्छ भने ती सबै विभिन्न विषयगत वा क्षेत्र गत सवालहरूमा अपाङ्गता को विशिष्ट सवालहरू वा आवश्यकताहरूलाई कम्तीमा ५० प्रतिशत भन्दा बढी सम्बोधन गर्ने खालको प्रणाली हुनु पर्छ र त्यो प्रणालीले निश्चित गर्नु पर्छ ।

यदि लगभग ५० प्रतिशत जति पनि अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट सवालहरूलाई

सम्बोधन गर्ने कार्य वा प्रणाली विना नै संस्थाले मुलप्रवाहिकरण वा अन्तिरसम्वन्धित सवालको रूपमा मात्रै कार्यक्रम अगाडि बढाई अपाङ्गता सवालका विशिष्ट परियोजनाहरू वन्द गरियो भने अपाङ्गता भएका व्यक्तहरू उनीहरूले पाउने अधिकार वा सेवाहरूबाट वञ्चित हुने धरै सम्भावना रहन्छ र यसको अर्थ के हुन्छ भने संस्थाको प्रणाली वा नीतिले अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा सुविधाको अवरोध हुन आउँछ जसलाई नीति गत वा संस्थागत अवरोध भनिन्छ । त्यसैले अपाङ्गता को सवालमा कार्य गर्ने संस्था आफैले नीति गत अवरोधहरू ल्याउन सक्ने सम्भावनालाई विचार गर्नु पर्छ ।

तलको टेबुलबाट शिक्षा को विषय वा क्षेत्र मा दुवै पक्षलाई सँगसँगै कसरी लीन सकिन्छ भन्ने उदाहरण हेर्न सक्छौ ।

| प्रणाली शवलिकरण Track | अपाङ्गता भएको व्यक्ति शवलिकरण गर्ने Track |
|---|---|
| अपाङ्गता भएको व्यक्ति विद्यालयमा भर्ना गर्नु, शिक्षण सिकाई क्रियाकलाप समावेशी वनाउनु | उक्त व्यक्तिको आवश्यकता जाँचवुझ गर्नु, उसलाई आवश्यक सामग्री उपलव्ध गराउनु घरवाट विद्यालय आउन सक्ने वनाउनु |
| विद्यालयको चर्पी, खानेपानी, कक्षाकोठा, खेलमैदान, होस्टेल, प्रवेशद्धार र कार्यलय अपाङ्गता मैत्री वनाएको | अपाङ्गता भएको व्यक्तिको विषेश आवश्यकताको लेखजोखा गर्ने, आवश्यक सामग्रीको उपलव्धता, परामर्श, उपचार, शल्यक्रिया र तालिमको व्यवस्था |
| एकिकृत कक्षामा अपाङ्गता भएको विद्यार्थीलाई सामावेश गरेको र सवै कक्षाहरु उक्त विद्यार्थी समावेश हुने व्यवस्था गरको | गम्भिर अपाङ्गता भएका वालवालिकाहरुलाई छुट्टै कक्षा संचालन गरी विशिष्ट आवश्यकताहरु जाँचवुझ गरि शिक्षा दिएको वा एउटै कक्षामा उसको आवश्यता सम्वोधन गर्ने सवै सामगीको व्यवस्था गरेको |
| अपाङ्गता भएको व्यक्ति वा वालवालिकाको लागि विद्यालयको सवै क्रियाकलापहरुमा सहभागि गराउने, स्वागत योग्य नीति, नियम निर्माण गर्ने र लागू गर्ने | अपाङ्गता भएका व्यक्ति वा वालवालिकाहरु पहिचान गर्ने, विषेश आवश्यकताको जाँचवुझ गर्ने, सोहि अनुसारको सामग्री उपलव्ध गराउनलाई सहजिकरण गर्ने |

अक्सर हुने गल्ती चाही परियोजनाले मुलप्रवाहिकरणको नाममा माथि टेबुलको वांया तिरको (नीलो क्षेत्रको) कार्यलाई मात्रै परियोजनामा समेटी कार्यक्रमहरू पुरा गर्दछन । त्यसो गर्दा विद्यालयको वातावरण मात्रै पहुँच युक्त हुन्छन् तर विद्यार्थी चाही घरबाट

विद्यालय सम्म आउन सक्दैन फलस्वरूप विद्यार्थी घरमै हुन्छन् । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूलाई केन्द्रित गरि उनीहरूको विशिष्ट आवश्यकता समेत प्रयाप्तरुपमा सम्बोधन गर्ने गरी परियोजना वा कार्यक्रम निर्माण गरिनु पर्छ चाहे त्यो अपाङ्गता सवालमा लक्षित परियोजना होस वा मुलप्रवाहिकारण वा अन्तरसम्वन्धित सवालमा कार्यक्रम होस तर प्रभावकारी चाँही के हुन्छ भने मुलप्रभाहिकरण वा अन्तरसम्विन्धित सवाल र प्रणालीमा पर्याप्त मात्रामा अपाङ्गता भएको व्यक्तिको विशिष्ट आवश्यकतालाई सम्बोधन गर्ने प्रणाली नभए सम्म अपाङ्गता को सवालमा लक्षित विशिष्ट परियोजना वा कार्यक्रम संचालन गर्नु प्रभावकारी देखिन्छ । जस्तै हाल यू.एम.एन.मा अहिले नवलपरासी क्लस्टरमा संचालनमा रहेको अपाङ्गता समावेशी विकास परियोजना, यू.एम.एन. ओखलढुङ्गा हस्पिटलमा संचालित सी वि आर कार्यक्रम, चिकित्सककीय पुनर्स्थापनाकालागि संचालित भएका यू.एम.एन. मुगु, रुकुम, कपिलवस्तु, डोटी, वझाङ आदि यसका उदाहरणहरू हुन् । तसर्थ, दुवै पक्षलाई सँगसँगै लिनको लागि र अपाङ्गता समावेशीकरणलाई यु एन एनमा प्रभावकारी वनाउनको लागि यु एम एनका सम्पूर्ण कार्यक्रमहरूमा र यू.एम.एन. लगायत यसका साझेदारी संस्थाहरूमा यो सवाललाई मुलप्रवाहिकरण वा अन्तरसम्विन्धित सवाल र हरेक क्लस्टरहरुमा नवलपरासीको वा ओखलढुङ्गाको सी वि आर कार्यक्रम जस्तै अपाङ्गता सवालमा विशिष्ट परियोजना वा कार्यक्रम निर्माण गरी संचालन गर्नु आवश्यक देखिन्छ ।

यो द्विमार्गी अवधारणा (Twin Track Approach) बारेमा विस्तृत जानकारी यू. एम.एनको अपाङ्गता समावेशीकरण तथा पहुचयुक्तता नीतिको अनुसूची १ मा उल्लेख गरियको छ ।

यो अवधारणाको पूरकको रूपमा यस नीतिमा मुख्यतया चार वटा रणनीतिहरू अपनाएको छ । ती हुन् क) क्षमता विकास तथा सचेतना वृद्धि ख) सहभागिता तथा नेतृत्व बृधि ग) पहुँचयुक्तता र पुनर्स्थापना घ) बालिका, महिला,तथा विपन्न अल्पसंख्यक समूहका मानिसहरूलाई केन्द्रमा राख्ने, आदि ।

यू.एम.एन. तथा यसका साझेदारहरूले आफ्ना कार्यक्रम तथा सभाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सुनिश्चित गर्नका लागि विश्वव्यापी ढाँचा (Universal Design) सिद्धान्त लाई अपनाउँदै उपयुक्त अनुकूलन (Reasonable Accommodation) पद्धतिलाई प्रयोग गरेको छ ।

यू.एम.एन.ले मानिसहरूको क्षमता, उमेर, लिङ्ग, आस्था, सामाजिक पृष्ठभूमि, तथा यस्तै अन्य कुनै पनि विशेषताको आधारमा भेदभाव नगरी सबै व्यक्तिहरूलाई समान सदस्यको रूपमा महत्व दिन्छ, र सबैभन्दा गरिबी मा रहेका मानिसहरू सँग उनीहरूको जीवनमा

प्रशस्तता ल्याउन सहकार्य गर्न प्रतिबद्ध छ । यू.एम.एन. आफ्नो संस्थाभित्र तथा यसका सबै कार्यक्रमहरूमा गरिने सम्पूर्ण कार्यहरूका सबै तहहरूमा निम्नलिखित छ वटा मुख्य प्रतिबद्धताहरूको पालना गरि अपाङ्गता समाबेशीकरण अवलम्बन गरेको छ ।

**प्रतिबद्धता १** : यू.एम.एन.का सम्पूर्ण कर्मचारीहरू, साझेदार कर्मचारीहरू लगायत सल्लाहकार एवम् स्वयंसेवक, बोर्ड सदस्य तथा अन्य स्वयंसेवकहरूलाई यू.एम.एन.को अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी नीति प्रति तालिम वा अभिमुखीकरण द्वारा जानकार गराउने।

**प्रतिबद्धता २** : यू.एम.एन.का सम्पूर्ण कार्यक्रमहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको उमेर, लिङ्ग, आस्था, जातीयता, वा अन्य कुनै पनि विशेषताहरूलाई आधार नमानी उनीहरूलाई समुदायमा भेदभावरहित, समावेशी, तथा पहुँचयुक्त वातावरण बनाउने कार्यतिर लक्षित हुने ।

**प्रतिबद्धता ३** : यू.एम.एन. वा यसका साझेदारहरूद्वारा आयोजित कुनै पनि तालीम, बैठक तथा कार्यशाला जस्ता सम्पूर्ण कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी तथा पहुँचयुक्त बनाउने ।

**प्रतिबद्धता ४** : यू.एम.एन.का केन्द्रीय तथा क्लस्टर कार्यालयहरू तथा तिनिहरूको कार्यालय परिसर, साथै साझेदारहरूको पनि कार्यालय परिसर सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहज स्वागत योग्य तथा पहुँचयुक्त बनाउने ।

**प्रतिबद्धता ५** : यू.एम.एन.का सेवा प्रणाली तथा प्रविधिहरू लगायत सम्पूर्ण सूचना तथा संचारका प्रणालीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त तथा सम्मान जनक बनाउने ।

**प्रतिबद्धता ६** : यू.एम.एन. तथा यसका साझेदारहरूलाई आफ्ना कार्यस्थलहरूमा समावेशी तथा पहुँचयुक्त वातावरण बनाउन प्रोत्साहन गर्ने र अपाङ्गता भएका व्यक्तिहरूले कार्य गर्न सक्ने उपयुक्त अनुकूलताको वातावरण बनाउने ।

### **उपयुक्त अनुकूलता** (Reasonable Accommodation) **भनेको के हो** ?

यू एन सी आर पी डी को अनुसार "अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिएको आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ" भनि उल्लेख गरेको छ ।

नेपाल सरकारको अपाङ्गता भएका व्यक्तिका लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ अनुसार,

उपलब्ध गराउनु पर्ने उपयुक्त अनुकुलता: सम्बन्धित निकायले माथि उल्लेखित अपाङ्गता भएका व्यक्तिको लागि अवरोध मुक्त वातावरण निर्माण गर्न आवश्यक पर्ने पूर्वाधार र मापदण्ड बाहेक व्यक्ति विशेषको कृयात्मक सिमितता, शारीरिक अवस्था र आवश्यकताको आधारमा विद्यालय, घर वा कार्यस्थलका भौतिक संरचना वा सुविधामा पहुँच पुर्याउन थप आर्थिक भार नपर्ने गरी विशेष प्रकारको सहायक सामग्री, कक्षा कोठा, शौचालय वा वाथरुम, खाना खानको लागि टेबुल र भाँडाकुँडाको व्यवस्था, विशेष प्रकारको बस्ने मेच वा डेस्कको व्यवस्था, कम्प्युटर सफ्टवेयर, खट्टाले कम्प्युटर चलाउने व्यक्तिका लागि खट्टाले कीबोर्ड र माउस चलाउन मिल्ने व्यवस्था, कार्यस्थलको उपयुक्त स्थानमा र उपयुक्त तरिकाले दराज, फाइलिङ क्याबिनेट, टेलिफोन, प्रिन्टर, फोटोकपी मेशिन, स्क्यानर जस्ता उपयुक्त अनुकूलता उपलब्ध गराउनु पर्नेछ ।

सामान्य अर्थ मा वुझ्दा यसको हो त्यँहा रहेको वातावरणलाई अपाङ्गता भएको व्यक्ति अनुकुलको वनाउनका लागि गरिएको अवस्था अनुसारको व्यवस्था हो । यो आँशिक समाधान मात्र हो किन भने सवै अवस्था वा वातावरण सवै प्रकारका अपाङ्गता भएको व्यक्तिको अनुकुलन हुदैनन् र सो अवस्थालाई जस्तो प्रकारको अपाङ्गता भएको व्यक्ति छ उ अनुसारको वातावरण तत्कालकोलागि व्यवस्था गर्नु नै उपयुक्त अनुकुलन हो ।

उदाहरणको लागि नेपालको मुगु जिल्लामा कुनै एउटा तालिमको आयोजना गरियो, जहाँ केही ह्वीलचेयर प्रयोग गर्ने व्यक्तिहरू र सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू सहभागी हुदैछन् । विडम्बना के भने सो स्थानमा ह्वीलचेयर मैत्री वा अपाङ्गता मैत्री भवन र वातावरण छैन । अव के गर्ने ? त्यो तालिम लाई अपाङ्गता मैत्री वनाउने की ती अपाङ्गता भएका व्यक्तिहरूलाई तालिममा सहभागी नगराउने ? उपयुक्त अनुकूलताले के भन्छ भने जुन अवस्था वा वातावरण छ त्यो मध्यको पहुचयुक्त बनाउन मिल्ने सम्भावना भएको वस्तु, स्थान, तरिका वा विधि तथा साधनहरू छनौट गर्ने र सोहीलाई उपयुक्त र पहुचयुक्त वनाउनलाई तत्काल प्रयास गर्ने, तल चित्र[९] मा देखाए झैँ चाहे त्यो अतिरिक्त श्रोतको प्रयोग गरेर किन नहोस् जसले कुनै नकारात्मक भार अरूलाई नपारोस् । व्यक्तिलाई परामर्श वा जाँचबुझ गरेर, धारण परिवर्तन गरेर, तालिमको विधि वा सामग्रीहरूको परिवर्तन गरेर, सहायक सामग्रीहरू उपलब्ध गराएर, तालिम कक्ष तल्लो तल्लामा गरेर, अवरोध भएको ठाउँमा फल्याकको व्यवस्था गरेर, तालिमको समय वा

९ चित्र को स्रोत: https://www.dinf.ne.jp/doc/english/global/david/dwe001/dwe00102.html

विषय वस्तु संशोधन गरेर वा अतिरिक्त सहयोगीको व्यवस्था गरेर आदि ।




यसले के भन्छ भने जसरी भएपनि समावेशिता र पहुचयुक्तताको लागि दीर्घकालीन संरचना नभएको अवस्थामा कुनैपनि कार्य शुरु गर्नुपर्ने बताउँछ । यद्यपि यसको अर्थ के होइन भने दीर्घकालीन समाधानको तोकिएको मापदण्ड पुरा नगरी अवस्था अनुसारको व्यवस्था, उपयुक्त अनुकुलता गरे मात्रै हुदोरहेछ भन्ने चाँही होइन ।

अर्को कुरा उपयुक्त अनुकूलताले अपाङ्गता भएको व्यक्तिको भौतिक पक्षमात्रै नभई समग्र वातावरणलाई पहुँचयूक्त र समावेशी बनाउने कुरा गर्दछ । कतिपय बुझाई यो भौतिक वातावरणलाई समावेशी बनाउने कुरा मात्रै हो भन्ने साँघुरो विचार भएको पाइएको छ तर वास्तविकता चाहिँ यो मात्रै नभई समाज र समुदाय वा संस्थामा भएका सबै खाले वातावरणको अवरोधहरू लाई हटाउने प्रयासहरू हुन जसको मुख्य उद्देश्य अपाङ्गता भएको व्यक्तिहरूलाई अर्थ पुर्ण र सम्मान जनक सहभागिता निश्चित गर्नु नै हो ।

## उपयुक्त अनुकुलताका केही उदाहरणहरु



यू.एम.एन.को माथि उल्लेखसित छ वटा प्रतिबद्धताहरू, यसको कार्य गर्ने तौर तरिका र अभ्यास अनुसार नेपालका संघ संस्थाहरू र समुदायहरूमा अपाङ्गता समावेशीकरणलाई कसरी लागू गर्न सकिन्छ भन्ने बारेमा यहाँ केही छलफल गरिन्छ .

यू.एम.एन.ले नेपाली समूदायको प्रसस्तताको लागि रूपान्तरित विकास मार्फत विभिन्न विषयगत क्षेत्र अन्तर्गत नेपालमा इसाई मूल्य मान्यतामा रहि सामुदायिक विकासमा कार्य गर्ने संघ संस्था, लगायत अन्य सामुदायिक समूह र संस्थाहरूलाई सामुदायिक विकास एवं अपाङ्गता समावेशी विकासमा सबलीकरण गर्ने कार्य गरिरहेको छ । जस अन्तर्गत मुख्य कार्यहरूमा अपाङ्गता र अपाङ्गता समावेशीकरणमा ठीक बुझाई ल्याउन विभिन्न तालिम, अभिमुखीकरण र सचेतताका कार्यक्रमहरू चलाउँछ भने अपाङ्गता भएका व्यक्तिहरूलाई ठीक तरिकाले पहिचान गर्ने र उनीहरूको विशेष आवश्यकता पहिचान गरी उनीहरू अनुरूपको वातावरण निर्माण गर्न सहजि करण गर्दछ । यू.एम.एन.ले गरेको अनुभव र अभ्यासबाट विशेष गरी नेपालका संघ संस्था र समग्र समुदायहरूलाई सबै व्यक्तिहरू र समुदायको पहुँचयुक्त र अपाङ्गता समावेशी बनाउन मुख्यतया निम्न ३ पक्षबाट विश्लेषण र अभ्यास गर्न सकिन्छ ।

१. नीतिगत र संस्थागत अभ्यासहरू

२. धारणागत र व्यवहारगत अभ्यासहरू

३. भौतिक तथा संचारगत वातावरण को अभ्यासहरू

**नीतिगत र संस्थागत अभ्यासहरू**

संस्था र समुदायका अभ्यास र व्यवस्थापककीय प्रणालीहरू र ती संचालन हुने तौर तरिकाहरू यस अन्तर्गत पर्दछन । सामान्यतया ती प्रणाली र तौर तरिकाहरू त्यस संस्था र समूदायहरूको नीति नियम र मुख्य शिक्षा वा ज्ञानको श्रोतमा भर पर्छन् । संस्थाको अपाङ्गता समाबेशीकरणको सन्दर्भमा कुरा गर्दा, संस्थाको विधान लगायत अन्य सम्पूर्ण नीति, नियम, निर्देशिकाहरू अपाङ्गता समावेशीकरण प्रति संवेदनशील छन् की छैनन् त्यसमा भर पर्दछ । समूदाय वा समूहको सन्दर्भमा कुरा गर्दा सामाजिक वा धार्मिक ज्ञान वा शिक्षाले अपाङ्गता भएका व्यक्ति प्रति कस्तो बुझाई राख्छ त्यसमा भर पर्दछ । समग्र पक्षमा हेर्दा नेपालको अपाङ्गता अधिकार ऐन २०७४ ले तोकिए अनुसारको अपाङ्गता भएका व्यक्तिहरूले पाउने अधिकारहरू हाम्रा संस्था र समूहहरूले निर्माण गरेका नीति नियमहरूले समेट्छ कि समेट्दैन विश्लेषण गर्नु पर्ने हुन्छ ।

अपाङ्गता आफूले चाहेर हुने कुरा होइन र यो अवस्था भोलि जो कोहीलाई पनि हुन सक्छ, त्यसैले आफूले नचाहेर आउने कुराले उसलाई लाञ्छना लाउनु र उसको जीवन

भरि कठिन अवस्था ल्याउनु र पापी ठहर्याउनु अझ भनौं भने उसले पाउने सेवा सुविधा र अधिकार बाट बन्चित गर्नु बिलकुलकै रूढिवादी हुन सक्छ र मानवअधिकारको विरुद्ध हुन्छ । विभिन्न आस्था, बिस्वास र धार्मिक ग्रन्थहरूले यो विषयमा बोलेका कुरा सत्य तथ्य केलाउनु जरुरी छ र त्यसमा केही वैज्ञानिक सत्य होला तर अपाङ्गता भएको व्यक्तिको सवालमा बोल्दा उनीहरू केही गर्न सक्दैनन् भनेर वा बिचरो सम्झेर सहयोग गर्नु भन्दा उसले के गर्न सक्छ भन्ने उ भित्रको क्षमता बुझेर त्यो क्षमतालाई प्रस्फोटन गरि सशक्त बनाउने वा त्यसको लागि उत्प्रेरणा दिने कुराले उसको दिगो विकास हुने र उसले आत्म सम्मानको महसुस गर्छ जुन मण्डली का सबै नियम, व्यवस्था, प्रणाली वा संरचना र त्यसको अभ्यासमा आउनु पर्छ ।

यसै सन्दर्भमा महत्वपुर्ण कुरा के हो भने संस्था वा समूह समूदायहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको मनावाधिकरलाई धयान दिई निशर्त र अगापे प्रेम गर्नु र त्यहाँ हुने कुनै पनि नीति नियम, समूह वा समुदायहरूको संरचना, निर्णय तह वा छलफलहरूमा अपाङ्गता भएको व्यक्तिहरूको संलग्नता र अर्थपुण एवं सम्मान जनक सहभागिता गराउनु महत्वोपुर्ण कुरा हो । त्यसरी नै ती नीति नियम सबै अपाङ्गता भएको व्यक्तिको पहुँचमा हुनेगरी बनाउनु, त्यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, कार्यान्वयन हुँदा अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद नगर्नू जस्ता कार्यहरू जोडिएर आउने थप महत्वपुर्ण पक्ष हुन् र यसको निश्चित गर्नु संस्था वा समुदायको जिम्मेवारी हुन आउँछ । उदाहरणको लागि संस्था वा समुदायको नियम वा शिक्षाले आफैलाई प्रश्न गर्नु पर्ने हुन्छ कि, के संस्था वा समुदायले अपाङ्गता भएको दलित महिला व्यक्तिलाई संस्थाको अध्यक्ष वा समूदायको अगुवा हुने अनुमति दिन्छ ? वा मन्दिर वा मण्डलीका पुलपिटवाट बोल्ने वा प्रवचन गर्ने अनुमति छ ? यी नीति र धार्मिक अभ्यासहरू अझ कसरी माथि अपाङ्गता समावेशीकरण प्रकृया अनुरूप अपाङ्गता समावेशी बनाउन सकिन्छ भन्ने सवालमा आम समुदाय भित्र थप छलफल र अध्ययन गर्नू आवश्यक देखिन्छ ।

**धारणागत र व्यवहारगत अभ्यासहरू**

माथि अपाङ्गताको परिभाषामा उल्लेख गरे बमोजिम, व्यक्तिको क्षीणता भन्दा पनि धारणा र व्यवहार गत वाधाहरूले अपाङ्गता भएका व्यक्तहरूलाई सुरुमै वहिष्करण गर्दछ । अपाङ्गता भएको व्यक्ति प्रति संस्था र समुदायका व्यक्तिहरूको धारणा र प्रवृति कस्तो छ र सामाजिक, संस्कृतिका आधारमा यसलाई कसरी बुझ्नुपर्छ र अभ्यास गर्नु पर्छ भन्ने विषयमा उच्चतम तहमा छलफल हुनु जरुरी छ । यो बदलिँदो परिस्थितिमा अपाङ्गता पापको कारणबाट आउँछ भन्ने र अपाङ्गता भएको व्यक्तिहरू अरूमा भर पर्ने व्यक्ति वा उनीहरूलाई बिचरो वा दयाको पात्रको रूपमा हेर्ने मानसिकतामा परिवर्तन ल्याउनु जरुरी देखिन्छ जसमा अपाङ्गता भएका व्यक्तिहरूको अन्य अपाङ्गता नभएका व्यक्ति सरह सेवा

सुविधा पाउनु उनीहरूको अधिकारको रूपमा स्विकार्नु पर्दछ । कुनैपनि धर्म वा धार्मिक आस्था ले भन्छ कि इश्वोर वा परमेश्वरले मानिसलाई एउटा उदेश्यको लागि बनाउनुभयो ।, यसको मतलब संसारका सबै फुलहरू सुन्दर छन् दोष सृष्टिको होइन दृष्टिको हो । तसर्थ मुख्य कुरा यहाँ के बुझन सकिन्छ भने अपाङ्गता भएका व्यक्तिहरू प्रति हाम्रो दृष्टि सकारात्मक रूपमा परिवर्तन गर्नु जरुरी हुन्छ र सोही अनुसार हाम्रो व्यवहार र प्रवृति उनीहरू प्रति सकारात्मक बनाउनु आवश्यक हुन्छ । यो कसरी गर्ने त ? हाम्रा हरेक बोलीचाली, भाषा शैली, काम सबै अपाङ्गता भएका व्यक्तिहरूलाई स्वागत योग्य बनाउने, उनीहरूलाई बोलीचाली र लेखाइमा सम्बोधन गर्दा नम्र र शभ्य भाषा प्रयोग गर्ने र अपाङ्गता शिष्टाचारको प्रयोग गर्ने । नेपाल सरकारले जारी गरेको अपाङ्गता मैत्री संचार निर्देशिका २०७३ ले तोकिए अनुसारका शब्दावलीहरू जस्तै अपाङ्गता भएको व्यक्ति, शारीरिक अपाङ्गता भएको व्यक्ति, मनोसामाजिक, बौद्धिक, बहिरा, स्वर–बोलाई सम्बन्धी अपाङ्गता भएको व्यक्ति, न्यून दृष्टि भएको, अटिज्म भएको, मस्तिष्क पक्षाघात भएको, होचापुडका भएको, पोलियोमाईलाईटिस भएको, कुष्ठ प्रभावित भएको, एम्प्युटि भएको, डाउन सिन्ड्रोम भएको, भकभके अपाङ्गता भएको व्यक्ति भनेर बोलीभाषा र लेखन दुवैमा संवोधन गर्नु पर्ने हुन्छ । त्यसैले संस्थाका कागजात तथा बाइबल र यससँग सम्बन्धित सबै प्रकाशनहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई ठेस पुग्ने शब्दहरू र कुनैपनि उखानतुक्काहरू उल्लेख गर्नु हुँदैन र भएका प्रकाशनहरू परिमार्जित हुनु जरुरी देखिन्छ । त्यसैगरी उनीहरूसँग व्यवहार गर्दा संवेदनशील हुनुपर्ने अझ महत्वोपूर्ण पक्ष देखिन्छ ।

**भौतिक तथा संचारगत वातावरण को अभ्यासहरू**

यस अन्तर्गत संस्था र समुदायका भौतिक र सञ्चार पूर्वाधारहरू जस्तै: व्यक्तिगत वा सार्वजनिक भवनहरू, , सडकहरू, यातायातका साधनहरू, सञ्चारका साधनहरू, चिकित्सा सुविधा र कार्यस्थलहरू, मनोरञ्जन स्थलहरू, विद्युतीय सेवा र आपतकालीन सेवा लगायतका सूचना, सञ्चार र अन्य सेवाहरू पर्दछन ।

यू.एम.एन.मा काम गर्ने क्रममा कतिपय दृष्यविहिन र व्हीलचेयर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूको अनुभव सुन्दा निकै दुख लाग्छ । संस्था र समुदायहरूको प्रवेशद्धारा, रिसेप्सन वा स्वागत क्षेत्र र बैठक कक्ष अपाङ्गता मैत्री नभएको कारण बाहिरबाटै फर्कनु परेको र कतिपय ठाउँमा कार्यालय परिसर छिरे पनि चर्पी नभएको कारण वस्न नसकेर तुरुन्तै फर्केको र निकै दुख खेप्नु परेको तीतो अनुभव त्यो अवस्था भोगेका अपाङ्गता भएका व्यक्तिहरूबाट सुनेको छु । त्यसैले संस्था वा समुदायका समूहहरूमा मुख्यगरी छ ठाउँहरू जस्तै प्रवेश द्वार, चर्पी, खानेपानी, बैठक कोठा, रिसेप्सन वा स्वागत क्षेत्र र मनोरञ्जन क्षेत्रहरू न्यूनतम मापदण्ड पुरागरी अपाङ्गता मैत्री बनाउनुपर्छ । मापदण्डको

लागि नेपालको सन्दर्भमा नेपाल सरकारले जारी गरेको अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लाई अनुसरण गर्नु पर्छ यदि र्याम्प आवश्यक हो भने र्याम्प कम्तीमा १ फिट अग्लो बनाउने हो भने १२ देखि १५ फिट टाढाबाट र्याम्प को उचाइ उठाउनु पर्छ भने त्यसको चौडाइ कम्तीमा ३ फिट हुनुपर्छ । त्यसैगरी संस्थाको सूचनाका माध्यमहरू जस्तै संस्थाको वडा पत्र, वार्षिक वा आवधिक प्रतिवेदनहरू, अन्य प्रकाशनहरू र वेबसाइट सबै प्रकारका अपाङ्गता भएको व्यक्तिको पहुँययुक्त हुनु पर्दछ भने सामूहिक छलफल, बैठक, गोष्ठी, तालिमहरूमा आवश्यकता अनुसार दोभाषे, सहयोगी र ब्रेल सामग्रीहरूको व्यवस्था गर्नु पर्छ । साथै अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक सहायक सामग्रीहरू जस्तै ह्वीलचेयर, बैसाखी, सेतो छडी, चश्मा, लेन्सहरू, वाकर, कृतिम अंगहरु, दोभाषे र ब्रेल सामग्रीहरू आदिको व्यवस्था गर्नु र उचित तालिम सहित सो सामग्रीहरू आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराउनु पनि यस अन्तर्गतको मुख्य कार्यहरू पर्छन् ।

समग्रमा संस्था र समूदाय वा समूदायका समूहहरूले यी तीन पक्षहरू (नीति नियम, धारणा र भौतिक तथा संचार) मा केन्द्रित भई अपाङ्गता भएको व्यक्तिहरूको **पहिचान गर्नु,** उनीहरूको **आवश्यकता लेखाजोखा गर्नु,** जोखिममा परेका दलित, महिला र विपन्न वर्गका गम्भीर प्रकृति का अपाङ्गता भएका व्यक्तिहरूको **समस्या र आवश्यकतालाई प्राथमिकतामा राख्नु** र उनीहरूको **सामाजिक, आर्थिक, मनोसामाजिक र भौतिक विकासलाई दिगो समाधानको** लागि प्रयास गर्नु जस्ता कार्यहरू प्रमुखहरूमा ध्यान दिनु अति नै महत्वो पूर्ण हुन्छ ।




यहाँ दाँया पट्टी चित्र[१०] मा देखाए झैँ अपाङ्गता भएको व्यक्ति स्वंम भित्रको अवरोधहरू हटेको, उसको आत्मबल वृधि भएको, सेवा र आवश्यक सहायक सामग्रीमा सहज पहुँच भएको, सहज भौतिक बाटोघाटो र सुचना संचारको पहुँच भएको, सेवा प्रदायक निकायको अपाङ्गता भएका व्यक्तहरू प्रति को धारणा र व्यवहार सकारात्मक भएको तथा सबै सेवा र सुविधा युक्त नीति नियम, कानुन

१० चित्र को स्रोत: https://www.dinf.ne.jp/doc/english/global/david/dwe001/dwe00102.html

र त्यसको प्रभावकारी अभ्यास भएको अवस्था नै वास्तवमा **अपाङ्गता मैत्री, समावेशी वा सबैको लागि समाज भएको** अवस्था हो । तपाई हामी सबैको आजदेखि को सानो प्रयासको सुरुवातबाट नै यो अवस्थालाई हामी व्यवहारमा उतार्न सक्छौ ।

अपाङ्गता समावेशीकरणलाई ठीकसँग अभ्यास गर्न र अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अधिकार अनुसार विकासका सम्पूर्ण कार्य र प्रणालीहरूमा अर्थ पूर्ण र सम्मान जनक समाबेशी गर्न यू.एम.एन.ले संस्थामा अपाङ्गता समावेशीकरण र पहुचयुक्तता नीति लागू गरेको छ र जसलाई लागू गर्न सहजताको लागि थप दुई वटा कार्य निर्देशिका पनि तयार गरेको छ जस्तो विस्तृत विवरण तल हुबहु उल्लेख गरियको छ ।

# खण्ड तीन (३)

# अपाङ्गता समावेशीकरण सम्बन्धी यू.एम.एन. को नीति एवं कार्यनिर्देशिका

## १. यू.एम.एन. अपाङ्गता समावेशीकरण तथा पहुँच नीति

संस्करण : फरवरी २०२२

**दस्तावेजको उद्देश्य**

यस नीतिको समग्र उद्देश्य यू.एम.एन., यसका साझेदारहरू तथा उनीहरूका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी तथा पहुँच योग्य वातावरण निर्माण तथा सुनिश्चित गर्न सहयोग पुर्‍याउनु हो ।

यो कार्य यू.एम.एन. तथा यसका साझेदारहरूलाई सुदृढीकरण गरी तथा एउटा वृहत् ढाँचा एवं औजारहरू प्रदान गरी गरिनेछ । यसमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी (UNCRPD), दिगो विकास लक्ष्य (SDG), तथा अपाङ्गता अधिकार ऐन २०१७ सँग सामञ्जस्य हुने गरी यू.एम.एन. तथा यसका साझेदारहरूमा सुशासन तथा जबाफदेहता संयन्त्र समावेश हुनेछन् ।

**दस्तावेजको स्वामित्व**

यो नीति यू.एम.एन.को कार्यक्रम सहयोग समूहको स्वामित्वमा रहनेछ ।

**दस्तावेज परिवर्तनको इतिहास**

| मिति | अवस्था/ परिवर्तन | द्वारा स्वीकृत |
|---|---|---|
| सन् २०२२-०२-१६ | अपाङ्गता समावेशीकरण तथा पहुँच नीतिको प्रारम्भिक संस्करण | नेतृत्व समूह |

**छोटकरी**

| | |
|---|---|
| CBR | समुदायमा आधारित पुनर्स्थापना |
| CwD | अपाङ्गता भएका बालबालिका |
| LT | नेतृत्व समूह |
| PMC | कार्यक्रम व्यवस्थापन समिति |
| PwD | अपाङ्गता भएका व्यक्तिहरू |
| SDG | दिगो विकासका लक्षहरू |
| TF | प्राविधिक मञ्च |
| UMN | यूनाइटेड मिसन टु नेपाल |
| UNCRPD | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी |
| WHO | विश्व स्वास्थ्य संगठन |

## परिचय

अपाङ्गता समावेशीकरण यू.एम.एन.का चार अन्तर–सम्बन्धित सवालहरू मध्ये एक हो । जुलाई २०१९ मा यसलाई अन्तर–सम्बन्धित सवालको रूपमा अनुमोदित गरिएको थियो । यस नीतिको निर्माण र अंगीकरणको उद्देश्य यू.एम.एन. भित्र, उसका साझेदारहरू तथा कार्यक्रमहरूमा अपाङ्गता सम्बन्धी सवालहरूलाई प्रभावकारी तथा दक्ष रूपमा मूलधारमा ल्याउन सहरीकरण गर्ने, र यसरी अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण तथा सम्मान जनक समावेश करणको सुनिश्चितता गर्नु रहेको छ । यो नीति संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी (UNCRPD) २००६, दिगो विकासका लक्ष्यहरू (SDGs) २०१६–२०३०, नेपालको संविधान, अपाङ्गता अधिकार ऐन २०७४ र त्यसको नियमावली २०७७ साथै नेपाल सरकारको पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ (Accessibility Guideline 2013) अनुरूप छ ।

यू.एम.एन.ले २००५ देखि अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाको क्षेत्रमा कार्य गर्न आरम्भ गरेको हो । २०१३ मा यसको कार्यक्षेत्रलाई फराकिलो पार्दै समुदायमा आधारित पुनर्स्थापना (CBR) अवधारणाका साथ अपाङ्गता सम्बन्धी क्षेत्रमा ६ वटा परियोजनाहरू २०१३ देखि २०२० सम्म लागू गर्यो । संसारभरि अपाङ्गता सम्बन्धी आवश्यकताहरू बढ्दै जाँदा र साथसाथै दिगो विकासका लक्ष्यहरू (SDGs) हरूले "कोही नछुट्नु" भन्ने मुख्य सिद्धान्तसहित आफ्नो प्राथमिकता विश्वको विकासमा केन्द्रित गरेको हुँदा, यू.एम.एन.ले अपाङ्गता समावेशीकरणलाई एउटा अन्तर–सम्बन्धित सवालको रूपमा स्विकार्ने निर्णय गरेको थियो ।

यू.एम.एन. सबै अपाङ्गता भएका व्यक्तिहरूको लागि प्रशस्तता को जीवन पाउन सक्ने कुराको सुनिश्चितता गर्नका लागि सबै विकास कार्यक्रम र तिनका प्रक्रिया/प्रणालीहरूमा समान अवसर प्रदान गरी सबै अपाङ्गता भएका व्यक्तिहरूको लागि सहज पहुँचको वातावरण बनाउन प्रतिबद्ध छ । यो नीतिको क्षेत्र यू.एम.एन.को मूल्य तथा यसको २०२०–२०२५ को रणनैतिक योजनामा आधारित छ । न्याय र समता तथा गरिब तथा सीमान्त कृतहरू प्रति विशेष सरोकार यू.एम.एन.को अपाङ्गता सम्बन्धी मामिलाहरूसँग प्रत्यक्ष सम्बद्ध मुख्य संस्थागत मूल्यहरू हुन् ।

यो नीति यू.एम.एन.कार्यरत रहेका सबै स्थानहरूमा यसका सम्पूर्ण सम्बद्ध कर्मचारी, बोर्ड तथा साधारण सदस्य, आप्रवासी, स्वयंसेवक, आगन्तुक, मूल्यांकनकर्ता, सल्लाहकार, र रोजगारीका लागि दरखास्त दिने व्यक्तिहरूका साथसाथै यू.एम.एन.का सम्पूर्ण स्थानीय साझेदारहरूमा लागू हुन्छ ।

व्याख्या

## विश्वव्यापी परिप्रेक्षमा अपाङ्गता

विश्व स्वास्थ्य संगठनको २०११ मा प्रकाशित 'विश्व अपाङ्गता सम्बन्धी प्रतिवेदन'[११] अनुसार एक अरब भन्दा धेरै (विश्व जनसंख्याको लगभग १५%) मा कुनै न कुनै अपाङ्गता रहेको छ र विकासशील देशहरूका गरिब मानिसहरूमा ५ मा १ जना वा २०% जनसंख्यामा अपाङ्गता देखिएको छ । यसै प्रतिवेदन अनुसार :

- अपाङ्गता नभएका बालबालिकाहरू भन्दा अपाङ्गता भएका बालबालिका (CwD) हरूको विद्यालय जाने सम्भावना अति न्यून रहेको हुन्छ । यी दुई किसिमका बालबालिकाको प्राथमिक विद्यालयमा उपस्थितिको भिन्नताको दर भारतमा १०% र इन्डोनेसियामा ६०% सम्म रहेको छ ।
- धेरै जसो न्यून देखि मध्यम आम्दानी हुने देशहरूमा सहयोगी उपकरण/प्रविधि आवश्यक पर्ने मानिसहरूमा ५ देखि १५% मानिसहरूले मात्र ती सुविधाहरू पाउँछन् ।
- न्यून आय भएका देशहरूमा ५८% अपाङ्गता भएका पुरुषहरूको तुलनामा २०% अपाङ्गता भएका महिलाहरूले मात्र रोजगारी पाउँछन् ।
- अपाङ्गता भएका व्यक्तिहरू (PwD) मा हिंसा हुने खतरा धेरै बढी हुन्छ – अपाङ्गता नभएका व्यक्तिहरूमाथि हुने हिंसा भन्दा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा ४ देखि १० गुना बढी हुन्छ ।

Rohwerder, B. (2020) अनुसार नेपाल स्थिति जन्य विश्लेषण: अपाङ्गता समावेशी विकास प्रतिवेदन[१२] भन्छ:

- वाशिंगटन् समूह प्रश्नावली प्रयोग गरी गरिएको एउटा घरेलु सर्वेक्षणले देखाए अनुसार अपाङ्गताको दर १४.५% रहेको देखाउँछ ।
- अपाङ्गता भएका व्यक्तिको परिवारहरू अपाङ्गता नभएका व्यक्तिको परिवारहरू भन्दा बढी गरिब हुने सम्भावना धेरै हुन्छ, र अपाङ्गता भएका व्यक्तिहरू जनसंख्याको सबैभन्दा धेरै अभावमा बाँच्ने समूहमा पर्छन् ।

## नेपाली परिप्रेक्षमा अपाङ्गता

नेपाल सरकारको राष्ट्रिय जनसंख्या तथा घरेलु जनगणना प्रतिवेदन २०११[१३] अनुसार

---

११ http://documents.worldbank.org/curated/en/665131468331271288/pdf/627830WP0World00PUBLIC00BOX361491B0.pdf (p.29, 59)

१२ https://opendocs.ids.ac.uk/opendocs/bitstream/handle/20.500.12413/15510/DID%20Nepal%20SITAN_June%202020.pdf?sequence=1 (p.4)

१३ https://unstats.un.org/unsd/demographic-social/census/documents/Nepal/

कुल जनसंख्यामा ५,१३,३२१ (१.९४%) अपाङ्गता रहेको छ जसमध्ये ४५.५% महिला रहेका छन् । तर यदि २०११ को विश्व अपाङ्गता प्रतिवेदनको विश्व जनसंख्याको १५% मा अपाङ्गता रहेको अनुमान सहि हो भने, नेपालमा झन्डै ४० लाख मानिसहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ । वर्ल्ड भिजन (२०१५) को नेपाल भूकम्प प्रतिवेदन[१४] अनुसार, २०१५को नेपाल भूकम्पमा २२,००० भन्दा बढी घाइते भएका थिए । यसले पक्कै पनि नेपालमा अपाङ्गता भएका मानिसहरूको संख्यामा वृद्धि ल्याएको हुनुपर्छ । अपाङ्गताको संकुचित परिभाषा, यसप्रतिको सीमित ज्ञान, सामाजिक कलङ्क वा भेदभावको डरले गर्दा मानिसहरूद्वारा अपाङ्गता लुकाउनु, कमजोर सर्वेक्षण तथा अनुसन्धान विधि लगायतका कारणहरूले गर्दा नेपालमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक संख्या प्रस्तुत गर्न असम्भव भएको छ । यू.एम.एन.द्वारा बझाङ, डोटी, र कपिलवस्तु (२०१७), तथा ओखलढुंगा (२०२०) मा गरिएको अपाङ्गता सर्वेक्षण प्रतिवेदन अनुसार अपाङ्गताको जनसंख्या जम्मा जनसंख्याको ३% रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरू समाजमा ठूला चुनौतीहरूको सामना गर्न बाध्य छन् । उनीहरू गरिब मध्ये झन् गरीब हुन्छन् र स्वास्थ्य, शिक्षा, जीविकोपार्जनका अवसर तथा सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच साह्रै न्यून हुन्छ ।

अपाङ्गता भएका बालबालिका, महिला तथा दलितहरूले विभिन्न प्रकारका भेदभाव तथा बहिष्कारको सामना गर्नुपर्ने हुन्छ । यू.एम.एन.को बझाङ, डोटी, रुकुम, मुगु, सुनसरी,रूपन्देही, तथा धादिङ जिल्लाहरूमा गरिएको अपाङ्गता सर्वेक्षण प्रतिवेदन (२०१४)[१५] अनुसार १५% भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरू उनीहरूको शारीरिक, सामाजिक वा लैंगिक समस्याहरूले गर्दा सामाजिक रूपमा बहिष्कृत भएका छन् । जम्मा ११२८ जना सहभागीहरूलाई अपाङ्गता सम्बन्धित प्रश्नहरू सोधिएका थिए । यस सर्वेक्षणले अपाङ्गता सम्बन्धी केही गलत धारणाहरू पनि पहिचान गरेको थियो जसमा १७% सहभागीहरूको विचारमा अपाङ्गता 'पूर्वजन्ममा' गरिएका पापहरूको परिणाम स्वरूप पाइएको एउटा श्राप हो भन्ने थियो । यो सर्वेक्षणले अन्तमा के भन्दछ भने सामाजिक, आर्थिक, र भौगोलिक पृथकीकरण तथा स्थानीय सूचना र मूलाधारका विकास रणनीतिहरूमा कमजोर पहुँचका कारण अपाङ्गता भएका व्यक्तिहरूले आफू शक्ति

Nepal-Census-2011-Vol1.pdf (p.4)

१४ https://www.worldvision.org/disaster-relief-news-stories/2015-nepal-earthquake-facts

१५ यो अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गता नभएका व्यक्तिहरूलाई नमुना–आकारको जनसंख्यालाई अपाङ्गता सम्बन्धित प्रश्नहरू सोधेर गरिएको द्रुत सर्वेक्षण थियो ।

विहीन, असक्षम, तथा आत्म सम्मानको कमी महसुस गर्छन् जसले उनीहरूमा उत्पीडित बनाएको छ ।

## यू.एम.एन.को परिप्रेक्षमा अपाङ्गता

यू.एम.एन.ले १६ वर्ष देखि अपाङ्गता पुनर्स्थापनाको क्षेत्रमा कार्य गरिरहेको छ । २०१०–११ मा अपाङ्गता सम्बन्धी कार्यहरूलाई यू.एम.एन.को शान्ति निर्माण विषयक क्षेत्र भित्र ल्याइएको थियो । त्यसै बेलादेखि, यू.एम.एन.ले समुदायमा आधारित पुनर्स्थापना (सी बी आर) पद्धतिका साथ पुनर्स्थापना राजदूत[१६] मोडल प्रयोग गरेर काम गरिराखेको छ । यसरी काम गर्दा सहश्राब्दी विकास लक्ष्य (MDG) तथा युएनसीआरपीडी (UNCRPD) द्वारा निर्देशित गरिए अनुसार अपाङ्गता भएका बालबालिका (CwD) तथा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्थोपचार सहित पुनर्स्थापना तथा उनीहरूका अधिकार र अन्य सामाजिक आवश्यकताहरूलाई सम्बोधन गर्ने कुरालाई केन्द्रमा राखिएको छ । नयाँ दिगो विकास लक्ष्यहरू तथा नेपाल सरकारको अपाङ्गता अधिकार ऐन (२०७४) को प्रारम्भ र यू.एम.एन.का आफ्नै अनुभव तथा असल अभ्यासहरूलाई मध्यनजर गर्दै यू.एम.एन.ले २०१७ मा सी बी आर पद्धतिसँगै 'समावेशी विकास' लागू गर्न प्रारम्भ गर्यो । जब २०१९ मा यू.एम.एन. एउटा संस्थागत परिवर्तन को प्रक्रियाबाट गुज्रियो, त्यसपछि यसले अपाङ्गता समावेशीकरणलाई एउटा अन्तरसम्बन्धित मुद्दा को रूपमा लियो । त्यसबेला यू.एम.एन. अन्तर्गत चलिरहेका सम्पूर्ण अपाङ्गता सम्बन्धी परियोजनाहरू अपाङ्गता समावेशीकरण अन्तरसम्बन्धित अन्तर्गतका परियोजनाहरू बन्न पुगे । ती परियोजनाहरूले यू.एम.एन.का अन्य कार्यक्रम तथा समूहहरूका लागि कसरी समुदायमा आधारित पुनर्स्थापना सहयोग प्रदान गर्ने र अपाङ्गताका मुद्दाहरू आफ्ना कार्यक्रमहरूमा समावेश गर्ने बारेमा सिक्ने अवसरहरू सिर्जना गरि दिएका थिए ।

## यू.एम.एन. अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी नीति

### नीतिको क्षेत्र

यो नीति यू.एम.एन.को सम्पूर्ण संरचना तथा यसका सबै साझेदारहरूमा लागू हुनेछ । यसको क्षेत्र निमनानुसार छ :

- यू.एम.एन.का सम्पूर्ण भूमिका तथा कार्यहरू, सम्पूर्ण कार्यक्रमहरूका साझेदार

---

१६ यो शारीरिक अपाङ्गता भएका बालबालिकाका लागि यू.एम.एन.मा संचालित अपाङ्गता पुनर्स्थापना कार्यक्रम हो । यसले मुख्यता अपाङ्गता भएका बालबालिकालाई परिवर्तनको सम्बाहक बनाउन केही सामाजिक पुनर्स्थापना सहयोगको साथै चिकित्सकीय पुनर्स्थापनाको सहयोग गर्दछ जसले उनीहरूको आफ्नो सफलता कथाहरू अन्य समुदायहरूसँग बताएर समुदायको मानसिकता र व्यवहार परिवर्तन गर्न सहयोग गर्दछ ।

कर्मचारीहरू र बोर्ड सदस्य, साथसाथै यसका केन्द्रीय कार्यालय, क्लष्टर, तथा साझेदारहरूका कार्यक्रम, वित्तीय, संस्थागत तथा कोषसम्बन्धी समूहहरू ।

- सबै सल्लाहकार, परामर्शदाता, स्वयंसेवक तथा सेवा प्रदायकहरू जसको सेवा केन्द्रीय कार्यालय, क्लष्टरहरू, तथा साझेदारहरू द्वारा प्रयोग गरिएको हुन्छ ।

## नीतिको मुख्य उद्देश्यहरू

- यू.एम.एन.का साझेदार कर्मचारीहरू, बोर्ड सदस्यहरू तथा स्वयंसेवकहरूलाई अपाङ्गता समावेशीकरण र पहुँचका सवालहरूमा संवेदनशील तथा क्षमावान् बनाउने ।
- यस संस्था र यसका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी र पहुँच युक्त नीति तथा प्रणालीहरू स्थापना गर्ने प्रक्रियामा यू.एम.एन. तथा यसका साझेदारहरूलाई सहजीकरण गर्ने । यसमा नयाँ नीति तथा निर्देशिकाहरू तयार पार्ने वा विद्यमान नीति तथा निर्देशिकाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी बनाउने कार्य हुनसक्छ ।
- यू.एम.एन. तथा यसका साझेदार संस्थाहरूका लागि आवश्यक प्राविधिक सहयोग सहितको प्रक्रियामा सहजीकरण गर्ने जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी तथा पहुँच योग्य वातावरण सिर्जना गरी उनीहरूलाई अनुकरणीय बन्न सहज होस् ।

## नीतिका प्रमुख शब्दहरुको परिभाषाहरु

अपाङ्गता भएका व्यक्ति (Persons with Disabilities-PwD)

"अपाङ्गता भएका व्यक्ति" भन्नाले त्यस्तो व्यक्तिलाई बुझाउँछ जसमा दीर्घकालीन शारीरिक, मानसिक, बौद्धिक, वा सम्वेदात्मक अपाङ्गता वा क्रियात्मक असमर्थता वा विद्यमान बाधाहरू रहेका हुन्छन् जसले सामाजिक जीवनमा अरू व्यक्तिहरू समान पूर्ण तथा प्रभावकारी सहभागिता हुनमा उनीहरूलाई अवरोध पुर्‍याइरहेका हुन्छन् ।

**नेपालको अपाङ्गता अधिकार ऐन २०७४**

### अपाङ्गता (Disability)

अपाङ्गता एउटा 'क्रमिक विकास हुँदै गरेको अवधारणा' हो किनकी 'अपाङ्गता भनेको असमर्थता भएका व्यक्तिहरू बीचको अन्तरक्रिया तथा सामाजिक जीवनमा अरू व्यक्तिहरू समान उनीहरूको पूर्ण तथा प्रभावकारी सहभागिता हुनमा अवरोध पुर्‍याउने मनोभाव गत तथा वातावरणीय अवरोधहरूको परिणाम हो ।

**यू एन सी पी डी २००६**

**अपाङ्गता समावेशीकरण** (Disability Inclusion)

'अपाङ्गता समावेशीकरण' भन्नाले आफू वरपरका सम्पूर्ण विविधतामा अपाङ्गता भएका व्यक्तिहरूको सार्थक सहभागिता, संस्थाका सम्पूर्ण कार्यहरूमा उनीहरूको अधिकारलाई प्रवर्धन एवं मूलप्रवाहीकरण गर्ने, अपाङ्गता-विशेष कार्यक्रमहरूको विकास तथा अपाङ्गता सम्बन्धी दृष्टिकोणहरूलाई महत्त्व दिने कुरा बुझाउँछ जुन अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी अनुसार रहेको छ । त्यसका लागि आन्तरिक तथा बाह्य रूपमा कार्य सञ्चालन तथा कार्यक्रम निर्माणका सबै क्षेत्रहरूमा अपाङ्गता सहभागिताको एउटा दिगो तथा व्यवस्थित पद्धति को विकास तथा कार्यान्वयनको आवश्यकता पर्दछ ।

**संयुक्त राष्ट्र संघ को अपाङ्गता समावेशीकरण रणनीति २०१७, पृष्ठ २**

**अपाङ्गता मूलप्रवाहीकरण** (Disability Mainstreaming)

अपाङ्गता मूलप्रवाहीकरण एउटा रणनीति हो जसमा कुनैपनि विकासको नीति तथा कार्यक्रमहरूको योजना, कार्यान्वयन, अनुगमन, तथा मूल्याङ्कन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अनुभव तथा सरोकारहरूलाई अभिन्न घटकका रूपमा समावेश गरिएको हुन्छ जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूले समान रूपमा त्यसको फाइदा लिन्छन र असमानताहरू घट्छ । अपाङ्गता मूलप्रवाहीकरणको मुख्य लक्ष्य भनेको अपाङ्गता भएका व्यक्तिहरूको लागि समानता प्राप्त गर्नु हो जसका लागि निम्नलिखित रणनीतिहरू अपनाइन्छन् :

- समाजका हरेक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई स्थान दिइने कुरा सुनिश्चित गर्नु
- स्वास्थ्य सेवा, शिक्षा, रोजगारी, मनोरञ्जन, सामाजिक सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिता तथा पहुँच सुनिश्चित गर्नु
- अपाङ्गता भएका व्यक्तिहरूको लागि कुनै पनि विधान, नीति, तथा कार्यक्रम लगायतका योजनाबद्ध कार्यहरूको कार्यान्वयन पक्षको मूल्याङ्कन गर्नु
- समाजका सम्पूर्ण क्षेत्रहरूका सम्पूर्ण कार्यहरूको योजना, कार्यान्वयन, अनुगमन, तथा मूल्याङ्कन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अनिवार्य सहभागिता तथा उनीहरूको दृष्टिकोणको प्रतिनिधित्व सुनिश्चित गर्नु

आई सी सी ओ द्वारा तयार पारिएको समावेशीकरणतर्फ उपकरण

**पहुँचयुक्तता** (Accessibility)

पहुँचयुक्तता भन्नाले "उपयुक्त तरिका अपनाएर भौतिक वातावरण, यातायात, सूचना, तथा सञ्चारका साथसाथै सूचना तथा सञ्चार प्रविधि तथा प्रणालीहरू र ग्रामीण तथा सहरी

दुबै क्षेत्रमा जनतालाई खुला गरिएका वा प्रदान गरिएका अन्य सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अरू व्यक्तिहरू समान अनुकूलता वा सहजता सुनिश्चित गर्नु हो । यी तरिकाहरू जसमा पहुँच हुनबाट रोक्ने बाधा तथा व्यवधानहरू पहिचान तथा उन्मूलन गर्ने तरिका पर्छन् जुन निम्नलिखित स्थानहरूमा लागू गर्न सकिन्छ :

- विद्यालय, आवासगृह, स्वास्थ्य सेवा पाइने ठाउँ, तथा काम गर्ने ठाउँ लगायत भवन, सडक, यातायात, तथा अन्य भित्रि तथा बाह्य सुविधाहरू ।
- विद्युतीय सूचनाहरू तथा आपत्कालिन सुविधाहरू लगायत सूचना, सञ्चार तथा अन्य सुविधाहरू ।

**यू एन सी आर पी डी २००६ , धारा २ र ९**

**सञ्चार** (Communication)

"सञ्चारमा" भाषा, पाठ्य सामग्री प्रदर्शन, ब्रेल, स्पर्शद्वारा सञ्चार, ठूला छापा अक्षर, सहज उपलब्ध श्रव्य दृश्य सामग्री तथा लिखित, श्रव्य, सरल भाषा, मानव-पठित, सहायक उपकरण प्रयुक्त तथा वैकल्पिक सञ्चार समेत पर्छन् ।

**अपाङ्गता अधिकार ऐन २०७४**

**उपयुक्त अनुकूलता** (Reasonable Accommodation)

"उपयुक्त अनुकूलता" भन्नाले कुनै विशेष स्थितिमा अतिरिक्त भार नहुने गरी अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरू सरह सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वन्त्रताको आनन्द वा अभ्यास गर्न पाउने कुरा सुनिश्चित गर्न गरिने आवश्यक तथा यथोचित रूपान्तरण तथा समायोजन हो ।

**विश्वव्यापी ढाँचा** (Universal Design)

"विश्वव्यापी ढाँचा" भन्नाले कुनै अनुकूलन वा विशिष्ट कृत ढाँचाको आवश्यकता बिना सबै मानिसहरूले उच्चतम तहसम्म प्रयोग गर्न मिल्ने गरी उत्पादन, वातावरण, कार्यक्रम, तथा सेवाहरूको ढाँचा वा रूप भन्ने बुझिन्छ । "विश्वव्यापी ढाँचा" ले अपाङ्गता भएका व्यक्तिहरूले आवश्यक पर्दा प्रयोग गर्नुपर्ने सहायक उपकरणहरूलाई बहिष्करण गर्ने छैन ।

यू एन सी आर पी डी २००६ , धारा २

**नीतिको कथन तथा प्रतिबद्धता**

यू.एम.एन.ले मानिसहरूको क्षमता, उमेर, लिङ्ग, आस्था, सामाजिक पृष्ठभूमि, तथा यस्तै अन्य कुनै पनि विशेषताको आधारमा भेदभाव नगरी सबै व्यक्तिहरूलाई समान सदस्यको रूपमा महत्त्व दिन्छ, र सबैभन्दा गरिबी मा रहेका मानिसहरू (Poorest People Living in Poverty -PPLP) संग उनीहरूको जीवनमा प्रशस्तता ल्याउन सहकार्य गर्न प्रतिबद्ध छ । यू.एम.एन. आफ्नो संस्थाभित्र तथा यसका सबै कार्यक्रमहरूमा गरिने

सम्पूर्ण कार्यहरूका सबै तहहरूमा यू एन सी आर पी डी का सिद्धान्तहरू तथा दिगो विकासका लक्ष्यहरू (SDG) को नारा "कोही नछुटून" (Leave No One Behind) लाई पूर्ण रूपमा पालन गर्न प्रतिबद्ध छ ।
यी उद्देश्यहरूलाई पूरा गर्न, यू.एम.एन.ले निम्नलिखित छ वटा मुख्य प्रतिबद्धताहरूको पालना गर्नेछ ।

**प्रतिबद्धता १** :

यू.एम.एन.का सम्पूर्ण कर्मचारीहरू, साझेदार कर्मचारीहरू लगायत सल्लाहकार एवम् स्वयंसेवक, बोर्ड सदस्य तथा अन्य स्वयंसेवकहरू यू.एम.एन.को अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी नीति प्रति पूर्ण जानकार हुनेछन् र यस नीति सम्बन्धी तालीम र सहयोग प्राप्त गर्नेछन् ।

**प्रतिबद्धता २** :

यू.एम.एन.का सम्पूर्ण कार्यक्रमहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको उमेर, लिङ्ग, आस्था, जातीयता, वा अन्य कुनै पनि विशेषताहरूलाई आधार नमानी उनीहरूलाई समुदायमा भेदभावरहित, समावेशी, तथा पहुँच युक्त वातावरण बनाउने कार्यतिर लक्षित हुनेछन् ।

**प्रतिबद्धता ३** :

यू.एम.एन. वा यसका साझेदारहरूद्वारा आयोजित कुनै पनि तालीम, बैठक तथा कार्यशाला जस्ता सम्पूर्ण कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशी तथा पहुँचयुक्त हुनेछन ।

**प्रतिबद्धता ४** :

यू.एम.एन.का केन्द्रीय तथा क्लष्टर कार्यालयहरू तथा तिनिहरूको कार्यालय परिसर, साथै साझेदारहरूको पनि कार्यालय परिसर सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहज स्वागत योग्य तथा पहुँचयुक्त हुनेछन् ।

**प्रतिबद्धता ५** :

यू.एम.एन.का सेवा प्रणाली तथा प्रविधिहरू लगायत सम्पूर्ण सूचना तथा सञ्चारका प्रणालीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त तथा सम्मानजनक हुनेछन् ।

**प्रतिबद्धता ६** :

यू.एम.एन. तथा यसका साझेदारहरूले आफ्ना कार्यस्थलहरूमा समावेशी तथा पहुँचयुक्त

वातावरणलाई प्रोत्साहन गर्नेछन् जहाँ अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिन उपयुक्त अनुकूलताको अवधारणालाई उचित रुपमा अपनाउनेछन् ।

**अपाङ्गता समावेशी अवधारणा तथा रणनीतिहरू**

यू.एम.एन.ले मुख्य पद्धतिका रूपमा द्वि मार्गी अवधारणा[१७] (Twin Track) लागू गर्नेछ, जुन संयुक्त राष्ट्र संघीय संस्थाहरूद्वारा सबभन्दा धेरै प्रयोग गरिएको पद्धति हुनुका साथै प्राय अपाङ्गता मूलप्रवाहीकरण तथा समावेशी विकास विषयगत क्षेत्रमा लागेका विकास संस्थाहरूका अपाङ्गता मूलप्रवाहीकरण कार्यमा धेरै संदर्भित पद्धति हो । यो अवधारणाको पूरकको रूपमा यस नीतिमा मुख्यतया चार वटा रणनीतिहरू प्रयोग गरिनेछन् । ती हुन् क) क्षमता विकास तथा सचेतना वृद्धि ख) सहभागिता तथा नेतृत्व ग) पहुँचयुक्तता घ) बालिका, महिला,तथा विपन्न अल्पसंख्यक समूहका मानिसहरूलाई केन्द्रमा राख्ने, आदि । यी प्रक्रिया तथा रणनीतिहरूको विस्तृत विवरण यससँग संलग्न अनुसूची १ मा तल प्रस्तुत गरिएको छ ।

**समावेशीकरण तथा पहुँचयुक्तताका मापदण्डहरूको परिवेशानुकूलन** (Contextualizing the Standards of Inclusion and Accessibility)

**समावेशीकरणका मापदण्ड तथा यसका विशेषताहरू** (Inclusion standards and its features)

यू.एम.एन. तथा यसका साझेदारहरूले अपाङ्गता भएका व्यक्तिहरूको लागि संस्थाका सम्पूर्ण संरचनाहरू, परियोजनाहरू, तथा कार्यक्रमहरूमा अर्थपूर्ण तथा सम्मानपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्नेछ । यो कार्य उनीहरूको संस्था तथा कार्यक्रमहरू भित्र अपाङ्गता–मैत्री वातावरणको निर्माण गर्न सुहाउँदो कदमहरू चालेर गरिनेछ । यसरी लागू गरिएका रणनीतिहरू यू एन सी आर पी डी को भेदभावरहित, समाजमा पूर्ण तथा प्रभावकारी सहभागिता तथा समावेशीकरण साथै नेपाल सरकारको अपाङ्गता अधिकार ऐन २०७४, जसले यू एन सी आर पी डी लाई नै आफ्नो मूल सिद्धान्त को रूपमा प्रयोग

---

१७ यो अवधारणाले सबै सम्बन्धित विकासका परियोजनाहरूमा (१) अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता सम्बन्धित विशेष परियोजनाहरू मार्फत उनीहरूलाई सशक्तिकरण गर्ने र (२) अर्को तर्फ सबै परियोजनाहरू वा कार्यक्रमहरूका प्रणाली र वातावरणहरुमा समाबेसिता कायम गरि अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण र सम्मानजनक समाबेशितालाई निश्चित गर्छ

(Source: http://www.inclusive-development.org/cbmtools/part1/twin.htm)

https://www.un.org/en/content/disabilitystrategy/

गरेको छ, यसैको मुख्य सिद्धान्तहरूमा आधारित हुनेछन् । नेपाल सरकारको अपाङ्गता अधिकार ऐन २०७४ मा सूचीकृत मुख्य अधिकारहरूमा प्रचलित कानुन अन्तर्गत अधिकारहरूको उपयोग गर्न पाउने हक, विभेद विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, सुरक्षाको अधिकार, नीति-निर्माणमा सहभागी हुन पाउने अधिकार, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार, सूचनाको अधिकार तथा यू एन सी आर पी डी को धारा ७-१८ मा लेखिए अनुसार स्थानान्तरणको अधिकार नै अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशीता वा सहभागिताको मापदण्ड हुन्छ ।

माथि उल्लिखित सन्दर्भमा समावेशीकरणका मुख्य विशेषताहरू तल परिभाषित गरिएका छन् :

- संस्थाका संरचनाहरू, सामुदायिक समूहहरू, बैठकहरू, वा अन्य अन्तर क्रियात्मक कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको औपचारिक वा अनौपचारिक सहभागिता ।
- कुनै संकोच वा अवरोध बिना अपाङ्गता भएका व्यक्तिहरूको आफ्ना विचारहरू व्यक्त गर्न सक्ने तथा आफ्ना अधिकारहरू दाबी गर्न सक्ने क्षमता ।
- अपाङ्गता भएका व्यक्तिहरूको उपलब्ध स्रोत-साधनहरूलाई प्रभावकारी रूपमा नेतृत्व, मार्गदर्शन, तथा परिचालन गर्न सक्ने क्षमता ।
- संस्थाभित्र तथा उनीहरू सहभागी हुने कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूमा स्वामित्वको भावना तथा सम्मान पूर्ण वातावरण भएको ।

यू.एम.एन. तथा यसका साझेदारहरूले आफ्ना कार्यक्रम तथा सभाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सुनिश्चित गर्नका लागि उपयुक्त अनुकूलन अवधारणाको प्रयोग गर्नेछन् । अनुसूची १ मा उल्लिखित द्वि मार्गी पद्धति (Twin Track Approach) हरेक अवस्थामा प्रयोग गर्नुपर्ने छ ।

उदाहरणका लागि,

कुनै क्लष्टरको एउटा जीविकोपार्जन सम्बन्धी परियोजना लागू गर्दै गर्दा,

पहिलो त्यस परियोजनाले आफ्ना साझेदारहरू लगायत आफ्नो टोलीको सचेतीकरण तथा क्षमता अभिवृद्धिको योजना समावेश गरेको हुनुपर्छ, अनि मात्र परियोजना-कर्मचारीहरू ले अपाङ्गता-समावेशी समुदाय निर्माणको लागि समुदायको सचेतीकरण तथा क्षमता अभिवृद्धि गर्नेछन् । यसले उनीहरूको अपाङ्गता भएका व्यक्तिहरू प्रतिको दृष्टिकोणमा परिवर्तन गर्नेछ र उनीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक क्रियाकलापहरू तथा परियोजनाको कार्य प्रणालीमा समावेश गर्न सहयोग पुग्नेछ । यसलाई मूलप्रवाहीकरण मार्ग भनिन्छ, र यसलाई 'प्रणाली सबलीकरण' पनि भनिन्छ जुन

द्वि मार्गी अवधारणाको एउटा मार्ग हो ।

दोस्रो, परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूका विशिष्ट आवश्यकताहरूलाई पहिचान गर्ने र त्यसको लागि कार्य गर्नुपर्छ, जस्तै परामर्श सहयोग, गमनशिलताका उपकरणहरू, भौतिक चिकित्सा, व्यवसायीक चिकित्सा, तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, न्याय तथा सामाजिक सहभागिताका अधिकारसम्बन्धी तालीम आदि । यो चाही द्वि मार्गी अवधारणाको अर्को लक्षित मार्ग हो ।

**पहुँचयुक्तता मापदण्ड**

नेपालमा दर्ता भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था मध्येको एउटा संस्था, यू.एम.एन. स्वयम् आफै र यसका स्थानीय साझेदार संस्थाहरूसँग विभिन्न परिवेशमा विभिन्न राष्ट्रिय नियम तथा मापदण्डहरूको पालना गर्दै कार्य गर्ने कुरामा प्रतिबद्ध छ । यसै प्रतिबद्धताको अंशका रूपमा, यू.एम.एन. तथा यसका साझेदारहरूले नेपालको राष्ट्रिय पहुँचताका न्यूनतम आवश्यकताहरूको पालना गर्ने छन्, र आफ्ना नीतिहरूको मध्यमबाट यू.एम.एन.का छ वटा प्रतिबद्धताहरू पूरा गर्ने क्रममा सम्भव हुँदा तिनिहरूभन्दा अझ माथिल्लो तहमा पुग्न पनि तयार छन् । नेपाल सरकारको भौतिक पहुँच तथा सञ्चार निर्देशिका[१८] ले सिफारिस गरेका पहुँचका मापदण्डहरूलाई सदैव पूर्ण पालना गरिनेछ, जुन् सी आर पी डी को धारा ९ तथा साधारण प्रतिबद्धता नं. २ मा उल्लिखित पहुँचका सिद्धान्तहरूमा आधारित छ । यी मापदण्डहरू तल दिइएको अनुसूचि २ मा संक्षेपमा प्रस्तुत गरिएका छन् । तर, मानवीय संकटको अवस्थामा, न्यूनतम पहुँचयुक्तताका मापदण्डहरू मानवीय कार्यवाहीमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सम्बन्धी निर्देशिका[१९] अनुसार नै पालना गर्नुपर्ने छ ।

समावेशीकरण तथा पहुँचयुक्तता दुबै सवालमा, अपाङ्गता भएका व्यक्तिहरूद्वारा भोग्नु परेका बाधा–व्यवधानहरूलाई बुझ्नु र स्थानीय परिवेशमा लेखाजोखा गर्नु एउटा तरिका हुन सक्छ । यी सवालहरूलाई तीन क्षेत्रमा वर्गीकृत गर्न सकिन्छ : क) संस्थागत वा नीति गत ख) धारणागत ग) भौतिक तथा सञ्चारगत

अपाङ्गता भएका व्यक्तिहरूद्वारा भोग्नु परेका बाधा–व्यवधानहरूलाई माथि उल्लिखित प्रत्येक सम्भावित अवरोधहरूको पहिचान गरी निर्क्योल गर्न सकिन्छ । उपयुक्त अनुकूलता, विश्वव्यापी सर्वमान्य ढाँचा तथा परिवर्तन प्रक्रियाको सिद्धान्त (Theory of

---

१८ https://mowcsc.gov.np/rules/YDtuLrhQdQoyA6nyzZ0Qvo0lJnHwmwQzrHs3gYyO-1625473845.pdf

१९ https://reliefweb.int/sites/reliefweb.int/files/resources/iasc_guidelines_on_the_inclusion_of_persons_with_disabilities_in_humanitarian_action_2019.pdf

Change) (अनुसूची ३) को संयोजनको प्रयोग गरि, परियोजनाहरूले अपाङ्गता भएका व्यक्तिहरूद्वारा भोग्नु परेका अवरोधहरूलाई पहिचान गर्न सक्छन्, र आफ्नो सन्दर्भ सुहाउँदो कार्यक्रम वा क्रियाकलापहरू निर्माण गरी लागू गर्न सक्छन् ।

### नीति कार्यान्वयन

यू.एम.एन.ले अवस्था हेरी अपाङ्गता समावेशीकरणको आवश्यकता मूल्याङ्कन तथा औपचारिक लेखापरीक्षणद्वारा संस्थाभित्र तथा यसका कार्यक्रमहरूमा अपाङ्गता समावेशीकरण तथा पहुँचका समस्याहरू पहिचान गर्ने छ । मुख्य बाधाहरू–संस्थागत वा नीतिगत, धारणागत वा व्यवहारिक, भौतिक तथा सञ्चार सम्बन्धी, आदि–पहिचान गरी बाधाहरू सम्बोधन गर्ने उपयुक्त कार्य योजनाहरू निर्माण गरिनुपर्छ । यस संस्थाले मूल्याङ्कन तथा लेखापरीक्षण गराउन व्यावसायिक दक्षताका लागि बाह्य सहयोग लिन सक्नेछ । यू.एम.एन.ले आफूबाटै आर्थिक सहयोग प्राप्त आफ्ना साझेदार संस्थाहरू तथा तिनिहरूका कार्यक्रमहरूमा रहेका अपाङ्गता समावेशीकरण तथा पहुँचका समस्याहरू पहिचान गर्ने उद्देश्यले सन् २०२० मे मा संस्थाले नै विकास गरेको अपाङ्गता समावेशीकरण निर्देशिका र यसले सिफारिस गरेका केही औजारहरू (Tools) प्रयोग गर्नेछ । यी औजारहरूमध्ये एउटा अपाङ्गता समावेशीकरण निर्देशिकाभित्र पाइने अपाङ्गता समावेशीकरण मूल्याङ्कन हो । परियोजना/कार्यक्रमहरूमा अपाङ्गता समावेशीकरण सुनिश्चित गर्न अपाङ्गता समावेशीकरण तथा अनुगमन ढाँचा[२०] (अनुसूची ५) को प्रयोग गरिनेछ । यू.एम.एन.ले यो ढांचा कार्यान्वयन गर्न एउटा विस्तृत कार्यान्वयन योजना (Detail Implementation Plan) निर्माण गर्न आफ्ना साझेदार संस्थाहरूलाई पर्याप्त मात्रामा सहयोग तथा सामग्रीहरू प्रदान गर्नेछ र उनीहरूको परियोजना तथा कार्यक्रमहरूमा अपाङ्गता समावेशीकरण सुनिश्चित गर्न सहयोग गर्नेछ ।

यू.एम.एन.ले सहजीकरण तथा क्षमता अभिवृद्धि पहलद्वारा आफ्ना साझेदारहरूलाई अपाङ्गता–मैत्री नीति तथा निर्देशिकाहरूको निर्माण गर्न अभिप्रेरित गर्नेछ । यो कार्य उनीहरूको आफ्नै संस्थाभित्र अपाङ्गता समावेशीकरण नीति निर्माण गरेर, वा विशेषगरी आफ्ना विद्यमान नीति तथा निर्देशिकाहरूमा अपाङ्गता समावेशीकरणका सिद्धान्त तथा प्रतिबद्धताहरू समावेश गरेर गर्न सकिनेछ । यू.एम.एन.ले अपाङ्गता समावेशीकरण कार्यको लागि आफ्नो केन्द्रीय कार्यालयमा एक वा बढी, आवश्यकता अनुसार मुख्य व्यक्ति (Focal Person) तोक्नेछ र क्लष्टरहरूमा अपाङ्गता समावेशीकरण तथा पहुँचयुक्तताका

२० एक ढाँचा (framework) हो जुन यू.एम.एन.को साझेदारी संस्थाहरूले आफ्नो संस्था र परियोजनाको चक्र . सबै क्रियाकलापहरूमा अपाङ्गता समावेशीकरण सुनिश्चित गर्नका लागि प्रयोग गरिरहेका छन् । यो साझेदारी संस्थाहरूसँग गरिएको सम्झौता पत्र मा राखिएको हुन्छ र तोकिएका प्रतिबद्धता र शर्तहरु एक आपसमा पालन गर्न दुवै पक्ष बाट हस्ताक्षर गरिएको हुन्छ ।

मापदण्डहरू सुनिश्चित गर्न हरेक क्लष्टरमा एक जना मुख्य व्यक्तिहरू (Focal Person) तोकेको हुनेछ । यस नीतिमा प्रतिज्ञा गरिएका छ वटा प्रतिबद्धताहरू पूरा गर्न यू.एम.एन.ले निम्नलिखित कार्यहरू गर्नेछ :

**प्रतिबद्धता १** :

यू.एम.एन.का सम्पूर्ण कर्मचारीहरू, सल्लाहकार एवम् स्वयंसेवकहरू लगायत साझेदार कर्मचारीहरू, बोर्ड सदस्यहरू तथा उनीहरूका स्वयंसेवक अन्य यू.एम.एन.को अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी नीति प्रति पूर्ण जानकार हुनेछन् र कार्यगत बुँदाहरूको अन्त्यमा उल्लेख गरे अनुसार दुबै संस्थागत तथा कार्यक्रमको तहमा यस नीतिको सु निश्चितताको लागि तालीम र सहयोग प्राप्त गर्नेछन् ।

**कार्यहरू** :

- यू.एम.एन.ले अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी आधारभूत अभिमुखीकरण तथा तालीम कार्यक्रमहरू आयोजना गर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- यू.एम.एन.को अद्यावधिक गरिएको अपाङ्गता समावेशीकरण तथा पहुँच सम्बन्धी नीति तथा निर्देशिका लगायत समावेशीकरण ढाँचा यू.एम.एन.तथा यसका साझेदार संस्थाहरू र सम्पूर्ण कर्मचारी तथा सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ । (संस्थागत तहमा)
- यू.एम.एन.को कार्यसम्बन्धी कुनै पनि तालीम, अभिमुखीकरण तथा कार्यशाला गोष्ठीहरूमा अवस्था अनुसार अपाङ्गता समावेशीकरण विषयमा न्यूनतम भए पनि अभिमुखीकरणको विषय समावेश भएको हुनु पर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- अपाङ्गताको विषयमा कर्मचारीहरूको क्षमताको आवश्यकता पहिचान गर्दा उक्त कर्मचारीको अपाङ्गता समावेशीकरणको बुझाइ कति छ भन्ने पहिचान गर्नु पर्नेछ त्यस्तो कार्य अपाङ्गता समावेशीकरणको लागि तोकिएको मुख्य व्यक्ति/सल्लाहकार (Focal Person/ Advisor) को संयोजकत्वमा गरिनुपर्छ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- यू.एम.एन.को समावेशीकरण नीति, अपाङ्गता समावेशीकरण निर्देशिका तथा प्रक्रियाहरूको बारेमा राम्रो बुझाई निर्माण गर्नका लागि संस्थाको केन्द्रीय तहको अपाङ्गता समावेशीकरण मुख्य व्यक्ति (Focal Person) ले यसका नीतिहरूको व्याख्या गर्ने र प्रस्ट पार्ने कार्यमा सहयोग प्रदान गर्नेछ । (संस्थागत तहमा)

**प्रतिबद्धता २** :

यू.एम.एन.का सम्पूर्ण कार्यक्रमहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि

उनीहरूको समुदायमा उमेर, लिङ्ग, आस्था, जातीयता वा अन्य कुनै पनि विशेषताको आधारमा भेदभाव–रहित, समावेशी, तथा पहुँच योग्य वातावरण निर्माण गर्ने दिशामा कार्य गर्नेछन् ।

**कार्यहरू** :

- यू.एम.एन.को आफ्ना कार्यक्रमहरूका सबै चरणमा (आवश्यकता पहिचानदेखि समीक्षा र मूल्याँङ्कनसम्म) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि भेदभाव–रहित, समावेशी, तथा पहुँच योग्य वातावरण निर्माण गर्ने कुरामा पूर्ण प्रतिबद्ध छ । यसका लागि सबै कार्यक्रमहरूले अपाङ्गता समावेशीकरण रणनीतिहरूलाई समावेश गरी यो कार्य गर्नु पर्नेछ । (कार्यक्रम तहमा)
- यू.एम.एन.को अपाङ्गता समावेशीकरण निर्देशिकाले तोकेका सातवटा सिफारिसहरू सबैले सदैव पालना गर्नु पर्नेछ र विशेषगरी त्यसले तोकेका न्यूनतम पूरा गर्नुपर्ने कार्यहरू पूरा गर्नु पर्नेछ । ती सिफारिसहरू यसैको अनुसूची १० मा सूचीकृत छन् । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- हरेक कार्यक्रम तथा परियोजनाले जम्मा लाभग्राहीहरूमा कम्तीमा ५% अपाङ्गता भएका व्यक्तिहरूलाई समेटेको सुनिश्चितमा गर्नुपर्ने छ । यदि अपाङ्गता भएका लाभग्राहीहरूको संख्या ५% भन्दा कम देखिएमा, लक्षित क्षेत्रको जम्मा अपाङ्गता भएका व्यक्तिहरूको ५०% भन्दा कम चाही हुनु हुँदैन । (कार्यक्रम तहमा)
- यू.एम.एन. तथा उसका साझेदार संस्थाहरूले आफ्ना टोली तथा समुदायहरूमा अपाङ्गता भएका व्यक्तिहरू प्रति अपाङ्गता मैत्री तथा सम्मान जनक भाषा तथा व्यवहारको प्रयोग र प्रदर्शन गरिने वातावरणको सिर्जना गर्नुपर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- अपाङ्गताको प्रकार समेत छुट्ट्याएर अद्यावधिक गरिएको लाभग्राहीहरूको तथ्याङ्कको अभिलेख हरेक कार्यक्रम तथा परियोजनामा बनाई राख्नु पर्नेछ । यसको लागि तल अनुसूची ६ मा सुझाव दिए अनुसार समावेशी तथ्याङ्क अभिलेखीकरण ढांचा[२१]प्रयोग गरी गर्न सकिनेछ । (कार्यक्रम तहमा)
- परियोजनामा समुदायको आवश्यकता पहिचान तथा अनुगमनको कार्य गर्दा अपाङ्गता समावेशीकरणको दृष्टिबाट हेर्नु पर्नेछ । यसको लागि उपयुक्त औजारहरू प्रयोग गरेर वा विद्यमान औजार/विधिहरूलाई समावेशी र अपाङ्गता–मैत्री बनाएर गरिनुपर्छ ।

२१ यो अपाङ्गता भएको व्यक्तिहरू लगाएत सीमान्तकृत समूहहरू को अलग–अलग तथ्यांक सङ्कलन गर्न को लागी तयारी पारिएको एक औजार हो जसले कार्यक्रम/परियोजनाका गतिविधिहरूमा ती व्यक्तिहरूको समबेसिताको सुनिश्चित गर्न सहयोग गर्दछ ।

It is sourced by the book "Towards Inclusion" published by Mission East, Light for the World and ICCO. (https://www.light-for-the-world.org/publications/towards-inclusion/) Revised for the UMN context.

(कार्यक्रम तहमा)

**प्रतिबद्धता ३ :**

यू.एम.एन. वा उसका साझेदारहरूद्वारा आयोजित कुनै पनि तालीम, बैठक, तथा कार्यशाला जस्ता कार्यक्रमहरू समावेशी तथा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयोग्य हुने हुन्छन् ।

**कार्यहरू :**

- यू.एम.एन. वा यसका साझेदारहरूद्वारा आयोजित कुनै पनि तालीम, बैठक, तथा कार्यशाला गोष्ठी जस्ता कार्यक्रमहरू समावेशी तथा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयोग्य हुने कुराको सुनिश्चितता यू.एम.एन.ले गर्नेछ । यसको लागि विशेष गरि तालीम स्थल, तालीमका विधिहरू, सञ्चारका साधनहरू, सहजकर्ता तथा सहभागीहरूको दृष्टिकोण, सोचाई तथा व्यवहार अपाङ्गता मैत्री छ वा छैन भनी मूल्याङ्कन गर्नु पर्नेछ । यसका लागि तल अनुसूची मा उल्लेखित ए सी ए पी समावेशीकरण परीक्षण सूची[२२] औजारको प्रयोग गर्न सकिनेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- तालीम आयोजकले न्यूनतम पहुँचका मापदण्ड पालना गर्न उपयुक्त अनुकूलताको मापदण्ड लागू गर्नु पर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- तालीम आयोजकले विशेषगरी प्रमुख लाभान्वित समूहमा सकेसम्म जम्मा सहभागीहरूमा न्यूनतम ५% अपाङ्गता भएका व्यक्तिहरू संलग्न गराउनु पर्नेछ ।(कार्यक्रम तहमा)
- तालीम तथा कार्यक्रमहरू सञ्चालन गर्दा बाहिरी व्यक्तिको उपस्थिति छ भने साङ्केतिक भाषाको लागि दोभाषेको व्यवस्था गर्नुपर्छ । त्यसको लागि बहिरा व्यक्तिको परिवारको एउटा सदस्यको सहयोग लिएर गर्न सकिन्छ । (संस्था तथा कार्यक्रम दुबै तहमा)

**प्रतिबद्धता ४ :**

यू.एम.एन.का केन्द्रीय तथा क्लष्टर कार्यालयहरू तथा तिनीहरूको कार्यालय परिसर, साथै यसका साझेदार संस्थाहरूको कार्यालय परिसर सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहज स्वागतयोग्य तथा पहुँच योग्य हुनेछन् ।

---

२२ यो एक कुनैपनि तालिम, बैठक वा कार्यशाला गोष्ठीलाई अपाङ्गताको लेन्सले लेखाजोखा गरि ती तालिम, बैठक, गोष्ठीहरूलाई अपाङ्गता मैत्री बनाउन गरिने औजार हो । यसले उक्त कार्यक्रम मा समाबेश भएका अपाङ्गता भएका व्यक्तिहरुको कसरि अर्थपूर्ण र सम्मानजनक सहभागिता गर्न सकिन्छ भनि उपयुक्त अनुकुलता को अभ्यास गर्दछ ।

It is sourced by the book "Towards Inclusion" published by Mission East, Light for the World and ICCO. It is revised for the UMN context.

**कार्यहरू** :

- यू.एम.एन.ले नयाँ भौतिक संरचनाहरूको निर्माण गर्दा वा पहिले नै बनाएका संरचनाहरूको पुनर्निर्माण गर्दा उक्त संरचनालाई अपाङ्गता मैत्री बनाउन साझेदार संस्थाहरू तथा समुदायहरूलाई सहजीकरण गर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- कार्यालय परिसर, जस्तै: कार्यालयको मूल ढोका, रिसेप्शन कोठा, शौचालय तथा स्नानगृह, पिउने पानीको ठाउँहरू, बैठक हल तथा मनोरंजन र खेलकुदका ठाउँहरू सबै पहुँचयुक्त हुनुपर्छ । भुई तल्लामा व्हिलचेयर को सहज पहुँच सुनिश्चित गर्न र्‍याम्प बनाउनु पर्छ । (संस्थागत तहमा)
- यू.एम.एन.ले आफ्नो कार्यालय परिसरमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्न कर्मचारी बीचको विचार आदानप्रदान तथा औपचारिक वा अनौपचारिक छलफलमा विशेष महत्त्व वा सहयोग को सिद्धान्त अपनाउनेछ । (संस्थागत तहमा)
- संस्थाका सम्पूर्ण कर्मचारी वा संस्थाका सदस्यहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यालय परिसरभित्र स्वागत गर्दा र विशेषगरी स्वागत कक्षमा अपाङ्गता मैत्री र मित्रवत् शब्दहरू प्रयोग गर्नेछन् । (संस्थागत तहमा)
- क्लष्टरमा रहेका अपाङ्गता समावेशीकरण सम्बन्धी मुख्य व्यक्तिहरू (Focal Person) ले केन्द्रीय कार्यालयका अपाङ्गता समावेशीकरण सम्बन्धी मुख्य व्यक्तिहरूको सहयोगमा पहुँचयुक्तताका मापदण्डहरू पूरा भएको सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने र सहयोग[२३] लिने कार्य गर्नेछन् । (संस्थागत तहमा)

**प्रतिबद्धता ५** :

यू.एम.एन.को सेवा प्रणाली तथा प्रविधिहरू एवं सूचना तथा सञ्चारका प्रणालीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य र सम्मानजनक हुनेछन् ।

**कार्यहरू** :

- यू.एम.एन.ले आफ्नो संस्थाको वेबसाइट लगायत सम्पूर्ण विद्युतीय सूचनाहरू दृष्टि विहीन व्यक्तिहरूले पढ्न सक्ने बनाउने र छापिएका दस्तावेजहरू पनि उपयुक्त मापदण्डमा राख्नु पर्नेछ । (जस्तै लिपि आकार १० भन्दा सानो नराख्ने, युनिकोड प्रयोग गर्ने, अग्रजीमा, एरिअल वा वरदाना वा पीटी सान्स वा बिटर जस्ता फन्ट प्रयोग गर्ने) (संस्था तथा कार्यक्रम दुबै तहमा)

---

२३ उदाहरणका लागि, अतिरिक्त कुर्सीहरूको व्यवस्थापन, अतिरिक्त व्यक्तिगत सहयोगी वा सहायक सामाग्रीहरूको व्यवस्थापन, कुनैपनि कार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिने, र छलफल/घटनाहरूमा भाग लिन उनीहरूलाई प्रोत्साहन गर्ने आदि ।

- यू.एम.एन.ले आफ्नो मुख्य आधिकारिक दस्तावेजहरू उपयुक्त अनु शीर्षक (subtitle) वा त्यो नुहुँदा साङ्केतिक भाषाका साथ श्रव्य तथा दृश्य दुबै रूपमा बनाउने छ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- यू.एम.एन.ले निश्चित दस्तावेजहरू, जस्तै वार्षिक भित्ते पात्रो तथा कर्मचारीहरूको बिजनेस कार्ड ब्रेल लिपिमा छाप्ने कुरालाई प्रवर्धन तथा अभ्यास गर्नेछ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्थागत तहमा)
- यू.एम.एन.ले संस्था तथा कार्यक्रमहरू सम्बन्धी आधिकारिक दस्तावेजहरूको निर्माण गर्दा नेपाल सरकारको अपाङ्गता–मैत्री सञ्चार निर्देशिका[२४] पालना गर्नेछ र अनुसूची ८ मा भनिए अनुसार अपाङ्गता मैत्री तथा उचित शब्दावली प्रयोगमा ल्याउने छ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्था तथा कार्यक्रम दुबै तहमा)
- यू.एम.एन.ले साङ्केतिक भाषा प्रयोग गरी संवाद गर्ने बहिरा व्यक्तिहरूको सहभागिता भएका कार्यक्रमहरूमा साङ्केतिक भाषाको दोभाषे/अनुवादक प्रयोग गर्नेछ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । बहिरा व्यक्तिले आधिकारिक साङ्केतिक भाषा नबुझ्ने भएमा अवस्था अनुसार सकेसम्म उनीहरूको परिवारको कुनै सदस्यलाई दोभाषेको रूपमा नियुक्त गर्न सकिन्छ । (संस्था तथा कार्यक्रम दुबै तहमा)

**प्रतिबद्धता ६** :

यू.एम.एन. तथा यसका साझेदार संस्थाहरूले उपयुक्त अनुकूलताको अवधारणा प्रयोग गरी उचित भएसम्म अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो संस्थाभित्र रोजगारी प्रदान गरी कार्य क्षेत्रमा समावेशी तथा पहुँच योग्य वातावरणलाई प्रोत्साहन गर्नेछ ।

**कार्यहरू** :

- यू.एम.एन.ले आफ्नो संस्था तथा यसका कार्यक्रमहरूमा उपयुक्त भएसम्म रोजगारका अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई दर्खास्त दिन प्रोत्साहन गर्नेछ । यो कार्य दर्खास्त आह्वान गर्ने सूचनामा अपाङ्गता भएका व्यक्तिहरूलाई दर्खास्त दिन प्रोत्साहन गर्न रोजगारी सम्बन्धी एउटा हरफ उल्लेख गरेर तथा रोजगारीको लिखित विवरण तथा दर्खास्त फारामलाई सान्दर्भिक भएसम्म अवस्था अनुसार रूपान्तरण गरेर गर्न सकिनेछ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्थागत तहमा)

२४ https://www.presscouncilnepal.gov.np/np/2017/11/22/1410/

- यू.एम.एन.ले आफ्ना कर्मचारी छनौट गर्ने प्रक्रियामा उपयुक्त अनुकूलताको अवधारणा प्रयोग गर्नेछ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्थागत तहमा)
- यू.एम.एन.ले अपाङ्गता भएका कर्मचारीहरू तथा परिवारमा अपाङ्गता भएका सदस्यहरू भएका कर्मचारीहरूको अभिलेख राख्नेछ र वार्षिक रूपमा त्यो अभिलेखलाई अद्यावधिक गर्नेछ । यसका लागि तल उल्लिखित अनुसूची ९ को फारामलाई प्रयोग गर्न सकिन्छ । यू.एम.एन.ले आफ्ना साझेदारहरूलाई पनि त्यसै गर्न प्रोत्साहन गर्नेछ । (संस्थागत तहमा)
- यू.एम.एन.ले आफ्ना कार्यालयहरूमा उपयुक्त अनुकूलताको अवधारणा प्रयोग गर्नेछ तथा नेपाल सरकारको पहुँच सम्बन्धी निर्देशिकाले तोके अनुसारको न्यूनतम मापदण्डहरूको पालना गर्नेछ । (संस्थागत तहमा)

**नीति अंगीकरण तथा प्रारम्भ**

यो नीति यू.एम.एन. नेतृत्व समूह (Leadership Team) द्वारा अनुमोदन गरेको मितिदेखि लागू हुनेछ तथा यसलाई विस्थापित गर्ने अद्यावधिक नीति अनुमोदन नभएसम्म यो नै वैध रहनेछ । यू.एम.एन. नेतृत्व समूहद्वारा मिति ८ जून २०१९ मा अनुमोदित अपाङ्गता मूलप्रवाहीकरण योजना यस नीतिको अनुमोदनको मितिदेखि समाप्त हुनेछ ।

यू.एम.एन. नेतृत्व समूहद्वारा यस नीतिको अनुमोदनपछि, यू.एम.एन.को केन्द्रीय तहमा रहेका अपाङ्गता समावेशीकरणको लागि तोकिएका मुख्य व्यक्तिहरू (Focal Persons) ले यू.एम.एन.का विभिन्न तहहरू, जस्तै प्राविधिक फोरम (Technical Forum), कार्यक्रम व्यवस्थापन समितिमा (Programme Management Committee), क्लष्टर कार्यालय तथा यू.एम.एन. साझेदार संस्थाहरू, यस नीति तथा योसँग सम्बन्धित अपाङ्गता समावेशीकरण निर्देशिका (गाइड) को अभिमुखीकरण तथा तालीम दिन सुरुवात गर्नेछन् ।

**प्राविधिक सहयोग**

अपाङ्गता समावेशीकरण अन्तर-सम्बन्धित (crosscutting) क्षेत्रमा कार्यरत सदस्यहरू, विशेषतः यू.एम.एन.को अनुगमन मूल्याङ्कन जवाफदेहिता सिकाई तथा अन्तर-सम्बन्धित (MEAL CC) एकाइ अन्तर्गत रहेका अपाङ्गता समावेशीकरण सल्लाहकार, समग्रमा यू.एम.एन. तथा यसका साझेदार संस्थाहरूलाई यस नीति कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्न जिम्मेवार हुनेछन् । यसैगरी, यसै एकाइ अन्तर्गत अपाङ्गता पुनर्स्थापना व्यवस्थापक, तथा क्लष्टर का अपाङ्गता समावेशीकरणका लागि तोकिएका व्यक्तिहरूले पनि आवश्यक पर्दा यस नीति कार्यान्वयनका लागि आवश्यक प्राविधिक

सहयोग प्रदान गर्नेछन् ।

**अनुगमन तथा मूल्याङ्कन**

यू.एम.एन. नेतृत्व समूह (Leadership Team) ले केन्द्रीय कार्यालय तथा क्लष्टर तहमा रहेका अपाङ्गता समावेशीकरणका लागि तोकिएका व्यक्तिहरू मार्फत समग्रमा यस नीतिको कार्यान्वयनको अनुगमन गर्नेछ । यू.एम.एन.ले उपयुक्त अनुसार आफ्ना भैरहेका अनुगमन तथा मूल्याङ्कन प्रक्रिया तथा विधिहरूमा अपाङ्गता समावेशीकरण तथा पहुँचयुक्ततालाई समावेश गर्नेछ । हाल यू.एम.एन.मा प्रयोगमा रहेका औजारहरू, जस्तैः सहभागीता मूलक संस्थागत तथा प्राविधिक लेखाजोखा (POTA), सहभागीतामूलक संस्थागत स्व-लेखाजोखा (POSA), समुह क्षमता विश्लेषण (GCA) आदिमा अपाङ्गता समावेशीकरणलाई पहिले नै समेटिएको छ र यीनै औजारको प्रयोग गरी परियोजना र कार्यक्रमहरूमा अपाङ्गता समावेशीकरण भए नभएको अनुगमन गरिने छ ।

साथसाथै, यू.एम.एन.का केही परियोजनाहरूमा लागू भइराखेका अपाङ्गता समावेशीकरण निर्देशिकाले सिफारिस गरेका अपाङ्गता समावेशीकरण विशेष मूल्याङ्कन औजारहरूले अझ विशिष्ट रूपमा अपाङ्गता समावेशीकरणमा भएको प्रगति अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग पुऱ्याउनेछ । यू.एम.एन. भित्र तथा यसका साझेदार संस्थाहरू भित्र अपाङ्गता समावेशीकरणको अवस्था बारे यू.एम.एन.को वार्षिक प्रतिवेदन मार्फत जानकारी गराउन सकिनेछ ।

**सम्बन्धित सन्दर्भ सामाग्रीहरू**


- नेपाल सरकार (२०१७) अपाङ्गता अधिकार ऐन (२०१७)
- नेपाल सरकार (२०१३) भौतिक र सञ्चार पहुँचयुक्त निर्देशिका
- नेपाल सरकार (२०१७) अपाङ्गता मैत्री सञ्चार निर्देशिका
- संयुक्त राष्ट्र संघ (२००६) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सीआरपीडी)
- संयुक्त राष्ट्र संघ (२०१६-२०३० दिगो विकास लक्ष्यहरू
- यू.एम.एन. (२०२०-२५) यू.एम.एन.का मूल्य र यसका रणनीतिक योजना
- विश्व स्वास्थ्य संगठन (२०११) विश्व अपाङ्गता प्रतिवेदन
- Rohwerder, B (२०२०) नेपालको अवस्था विश्लेषण. अपाङ्गता समावेशी विकास प्रतिवेदन
- नेपाल सरकार (२०११) राष्ट्रिय जनसंख्या तथा आवास गणना प्रतिवेदन
- वर्लडभिजन (२०१५) नेपालको भूकम्प प्रतिवेदन
- यू.एम.एन. (२०१७) आफ्नो कार्यक्षेत्र बझाङ, डोटी र कपिलवस्तु जिल्लामा गरेको

अपाङ्गता सम्वन्धी अध्यन प्रतिवेदन

- यू.एम.एन. ओखलढुंगा (२०२०) अपाङ्गता सम्बन्धी अध्ययन प्रतिवेदन
- यू.एम.एन. (२०१४) अपाङ्गता सम्वन्धी अध्ययन प्रतिवेदन
- संयुक्त राष्ट्र संघ (२०१७) अपाङ्गता समावेशी रणनीति । पृ.२
- आइसीसीओ (२०१७) समावेशीकरण पुस्तक र यसका उपकरणहरू
- संयुक्त राष्ट्रसंघको अफ्रिका, अपाङ्गता समावेशी विकासको लागि टुलकिट
- यू.एम.एन. (२०२१) अपाङ्गता समावेशीता र अनुगमन फ्रेमवर्क (परियोजना सम्झौता अनुसूची ६ मा संलग्न)
- यू.एम.एन. (२०१९) अपाङ्गता मूलप्रवाहिकरण योजना
- यू.एम.एन. (२०२०) अपाङ्गता समावेशीता निर्देशिका
- सी बी यम (२०१७) अपाङ्गता समावेशी विकास टूलकिट पुस्तक

**अनुसूचीहरू**

अनुसूची १: अपाङ्गता समावेशीकरण र पहुँचका पद्धति र रणनीतिहरू

अनुसूची २: पहुँचयुक्तताका मापदण्डहरू

अनुसूची ३: परिवर्तनको सिद्धान्त

अनुसूची ४: विश्वव्यापी ढाँचा सिद्धान्त

अनुसूची ५: अपाङ्गता समावेशी र अनुगमन ढाँचा
(वर्तमान साझेदार परियोजना सम्झौता अनुसूची ६ द्वारा प्रयोग गरिएको)

अनुसूची ६: समावेशी तथ्याङ्क रेकर्ड फाराम

अनुसूची ७: ACAP समावेशी जाँच सूची

अनुसूची ८: अपाङ्गता शिष्टाचार र उपयुक्त शब्दहरू

अनुसूची ९: यू.एम.एन. अपाङ्गता भएका कर्मचारी र तिनिहरूका परिवारका सदस्यहरूको सूचनाको अभिलेख

अनुसूची १०: यू.एम.एन. अपाङ्गता समावेशीता गाइडका सातवटा सिफारिसहरू

## अनुसूची १: अपाङ्गता समावेशीकरण र पहुँचका पद्धति र रणनीतिहरू

द्विमार्गी अवधारणा[२५] (Twin Track) ले निम्न आवश्यकताहरूलाई मान्यता दिन्छ:

क. आपाङ्गता भएका व्यक्तिको सशक्तीकरणलाई सहयोग गर्न अपाङ्गता-विशेष कार्यक्रमहरूको लागि पहल गर्ने ।

ख. सबै नीति र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता-संवेदनशीलताका उपायहरूलाई समाहित गर्ने ।




द्विमार्गी अवाधराणा अपाङ्गता भएका व्यक्तिहरूलाई मूल प्रवाहमा ल्याउनका लागि UMN ले आफ्ना कार्यक्रमहरूलाई मार्गनिर्देशन गर्न प्रयोग गरिएको मुख्य अवाधराणा हो । अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण र सम्मान जनक समावेशीकरणलाई सुनिश्चित गर्न UMN का सबै विकास पहलहरूले यस अवधारणालाई आफ्ना कार्यक्रमहरू र गतिविधिहरूमा लागू गर्नेछन् ।

### प्रमुख रणनीतिहरू

### क्षमता तथा सचेतना अभिवृद्धि

समुदायमा अपाङ्गता भएका व्यक्तिको समावेशीकरण सुनिश्चित गर्न UMN र साझेदार संस्थाका कर्मचारीहरू, बोर्ड सदस्यहरू स्वयंसेवकहरूलाई अपाङ्गता समावेशिता र पहुँच सम्बन्धी तालिम दिने । यू.एम.एन. र यसका साझेदारहरू बीच सचेतनता-अभिवृद्धिको सिर्जना गर्ने र विभिन्न माध्यम र प्रविधिहरू जस्तै श्रव्य र दृष्य सामग्रीहरूको विकास,

२५ https://hhot.cbm.org/en/card/twin-track-approach

ब्रेल लिपिमा प्रिन्ट गरिएका कागजातहरू, साङ्केतिक भाषासँग सम्बन्धित सामग्रीको व्यवस्था र गतिशीलता सम्बन्धी सामग्रीहरूको व्यवस्था आदि मार्फत अपाङ्गता समावेशीकरण र पहुँचको बारेमा समुदायहरूलाई संवेदनशील बनाउने ।

**सहभागिता र नेतृत्व विकास**

अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्नुपर्ने स्रोत र साधनहरू, जस्तै सरकारी र गैर-सरकारी बजेट, कर्मचारी र सामग्री आदिमा उनीहरूको पहुँच बढाउन र निष्पक्ष र सम न्यायिक रूपमा ती स्रोत र साधनहरू प्राप्त गर्न मद्दत गर्नका लागि स्थानीय विकास पहलहरूमा उनीहरूको सहभागिता र योगदानलाई प्रवर्द्धन गर्ने ।

**पहुँचयुक्तता**

सहरी तथा ग्रामीण क्षेत्रमा भौतिक वातावरण, यातायात, सूचना-सञ्चार तथा सूचना-सञ्चार प्रविधि एवं प्रणालीहरू, र सार्वजनिक रूपमा उपलब्ध गराइएका अन्य सुविधा र सेवाहरूमा समानताका आधारमा अपाङ्गता भएका व्यक्तिको समावेशीकरण र पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नु पर्नेछ । यस अन्तर्गत निम्न बुँदाहरू समावेश छन्:

- विद्यालय, आवास, चिकित्सा सुविधा र कार्यस्थलहरू लगायतका सार्वजनिक भवनहरू, सडक, यातायात र अन्य किसिमका भित्री र बाहिरी सुविधाहरू ।
- विद्युतीय सेवा र आपत्कालिन सेवा लगायतका सूचना, सञ्चार र अन्य सेवाहरू ।

यसको लागी गरिने उपायहरूमा बाधा अवरोधहरू पहिचान गर्ने र हटाउने साथै पहुँच सुधार गर्न उपयुक्त सहायक उपकरणहरूको व्यवस्था र त्यसको प्रयोगको लागि आवश्यक प्रशिक्षण जस्ता कुरा समावेश हुन्छन् । अनुसूची २ मा सूची बद्ध गरिएका उपयुक्त अनुकूलता[२६] र विश्वव्यापी ढाँचाका सिद्धान्तहरू यस कुराको सुनिश्चित गर्नका लागि मुख्य साधनहरू हुन् । नेपाल सरकारको भौतिक पहुँच तथा सञ्चार निर्देशिका[२७] पनि पहुँचलाई सुनिश्चित गर्ने अर्को एक उत्कृष्ट दस्तावेज हो । छोटो अवधिमा आवश्यक पर्ने परिमार्जन र समायोजन सहित मुख्य रूपमा यसलाई दीर्घकालीन पूर्वाधार योजनाहरू

---

२६ "उपयुक्त अनुकूलता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्तिहरु सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिएको आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ । - यू एन सी आर पी डी पेज् ९

२७ नेपाल सरकारको अपाङ्गता भएका व्यक्तिका लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९, https://mowcsc.gov.np/uploads/uploads/YDtuLrhQdQoyA6nyzZ0Qvo0lJnHwmwQzrHs3gYyO.pdf

मार्फत लागू गरिनेछ ।

### बालिका, महिला र पिछडिएका समुदायहरूमा ध्यान

अपाङ्गता भएका व्यक्तिलाई मूल प्रवाहमा ल्याउने कुराको सुनिश्चित गर्दा अपाङ्गता भएका बालिका र महिला, अपाङ्गता भएका दलित जस्ता पिछडिएका समुदायका मानिसहरू र अल्पसंख्यक समुदायका मानिसहरूलाई प्राथमिकता दिइनेछ । लिङ्ग, अपाङ्गता, जात, गरिबी, पहुँच र दुर्गमता आदिका आधारमा उनीहरूको आवश्यकताको मूल्याङ्कन गरिनेछ ।

### अनुसूची २: पहुँचयुक्तताका मापदण्डहरू

नेपाल सरकारको भौतिक पहुँच तथा सञ्चार निर्देशिकाले तोकेका पहुँचका आधारभूत मापदण्डहरू निमनानुसार छन्:

- र्‍याम्प: नयाँ निर्माणहरूको लागि, र्‍याम्प १:१५ ग्रेडियन्टको हुनुपर्नेछ (जस्तै १–मीटर उचाइको लागि: र्‍याम्प १५–मिटर परबाट आउनु पर्छ) । मौजूदा संरचनाहरूमा परिमार्जनका लागि, र्‍याम्प १:८–१:१२ ग्रेडियन्टको हुनुपर्नेछ । र हाते रेलिङ बाहेक र्‍याम्पको चौडाइ ३६'' भन्दा कम हुनु हुँदैन । प्रत्येक ३० फिटको लागि एक मीटरको लेभल ल्यान्डिङ हुनुपर्छ (सन्दर्भ: नेपाल सरकारको पहुँच निर्देशिका धारा १८, पृष्ठ ९–१२)
- ढोका: चौडाइ कम्तीमा ३२'' हुनुपर्ने र कम्तीमा ९० डिग्रीमा खोलिएको हुनु पर्नेछ । साथै ढोका खोल्न र बन्द गर्न ५–पाउन्डभन्दा बढी शक्तिको आवश्यकता नपर्ने हुनु पर्नेछ । लकर र ह्यान्डलको उचाइ ४२–४८'' बीचको हुनुपर्नेछ । (सन्दर्भ: पहुँच निर्देशिका धारा २०, पृष्ठ १४–१५)
- शौचालयको आकार: भित्री भाग व्हीलचेयर १८०–डिग्री घुम्न सक्ने गरी कम्तीमा ७१'' व्यासको हुनुपर्नेछ; समाउने रेल र मूत्र स्थानको उचाइ ३०'' को हुनु पर्नेछ ।
- स्नानघरको आकार: कम्तीमा ९२.५'' लम्बाइ, ७१'' चौडाइ, र ७१'' व्यास र नुहाउने धारा नियन्त्रण गर्ने भागको उचाइ ४०'', तौलिया झुन्ड्याउने ठाउँको र साबुन बाकसको उचाइ ३९–४७,'' बेसिनको उचाइ ३१–३३,'' पानीको धाराको उचाइ ३०–३६'' सम्मको । (सन्दर्भ: पहुँच निर्देशिका धारा २२, २३ पृष्ठहरू: १७–२०)
- टेबल, काउन्टर, डाइनिङ टेबल, एटीएम, टेलिफोन सेट: उचाइ: ३०–३१.५'', टेबलको आकार ३५.४–४७.२'', ह्वीलचेयर प्रयोगकर्ताको घुँडाका लागि टेबल भित्र ठाउँ: १८.८'' गहिराई, ३५.४'' चौडाइ, कपडा ह्याङ्गरको उचाइ: ४२''–४८'', आलमारी र फाइलिङ क्याबिनेट शेल्फको उचाइ: ४८'', (सन्दर्भ: पहुँच निर्देशिका धारा २४, २५ पृष्ठहरू: २०–२३)

- भर्याङको सिँढी र लिफ्टः चौडाइ: कम्तीमा १'', उचाइ: कम्तीमा ६.५'', ह्यान्डरेलको उचाइ: ३४–३८'', लिफ्टको ढोकाको चौडाइ: ३६'', लिफ्ट भित्रीको ठाउँ: ४८'' चौडाइ र ५५'' लम्बाइ, लिफ्ट बटनको उचाइ: ४२'' , लिफ्ट भित्रको तेर्सो बाको उचाइ: ३६'' । (सन्दर्भ: पहुँच निर्देशिका धारा २८, २९ पृष्ठ: २५–२७)
- पार्किङ: प्रत्येक १० सवारी पार्किङ स्थलहरूमध्ये एउटा पहुँचयोग्य चिन्ह भएको अपाङ्गता मैत्री पार्किङ उपलब्ध हुनुपर्छ । अपाङ्गता भएका व्यक्ति (PwD) द्वारा प्रयोग गरिने विशेष स्कुटरको लागि ठाउँ ४६" चौडाइ र ६०" लम्बाइको हुनुपर्नेछ । कारको लागि; ९६'' चौडाइ र १८८'' लम्बाइ । (सन्दर्भ: पहुँच निर्देशिका धारा २६ पृष्ठ: २४)
- फुटपाथ र गाईडिङ ब्लक: ह्वीलचेयर प्रयोगकर्ताका लागि फुटपाथ कम्तीमा ७१'' चौडाइको दायरामा हुनुपर्छ, र दृष्टि विहीनहरूका लागि गाईडिङ ब्लकहरू र लाइन दुबै प्रकारका र बालुवा र ढुङ्गाबाट बनाइएको हुनुपर्छ । एउटा स्क्वायर ब्लक कम्तीमा १२'' चौडाइ र लम्बाइ हुनुपर्छ । (सन्दर्भ: पहुँच निर्देशिका धारा ३२–३३ पृष्ठ: २९–३०)
- ठूला प्रिन्ट, ब्रेल प्रिन्ट, र साङ्केतिक भाषामा भएका श्रव्य–दृष्य दस्तावेज र सन्देशहरू दृष्टि विहीन र बहिरा व्यक्तिहरूका लागि उपयुक्त अनुकूलता हुन् ।

## अनुसूची ३: परिवर्तनको सिद्धान्त (Theory of change)

| अपाङ्गता सम्बन्धी अवरोध वा वाधाहरू (Barriers) | प्रमुख हस्तक्षेपहरू | सबल गराउने तत्वहरू | तत्कालिन परिणाम (आउटपुट) | दीर्घकालीन परिणाम | प्रभाव (लक्ष्य) |
|---|---|---|---|---|---|
| **संस्थागत वा नीति सम्बन्धी:**<br><br>अपाङ्गता अधिकार, नीतिहरूको अस्पष्ट बुझाई र कमजोर कार्यान्वयन, प्रतिकूल र भेदभाव पूर्ण सामाजिक–आर्थिक र सांस्कृतिक नीतिहरू, प्रणाली र त्यसको कमजोर अभ्यास र अस्पष्ट बुझाई | अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरू (सरकारी र गैर–सरकारी एजेन्सीहरू) लाई UNCPRPD र SDG लगायतका नवीनतम अन्तर्राष्ट्रिय दस्तावेज, अपाङ्गता सम्बन्धी ऐन र नीतिहरूको बारेमा जानकारी गराउने<br><br>विद्यमान नीति र नियमहरूलाई अपाङ्गता भएका व्यक्ति समावेशी बनाउन उनीहरूलाई सहजीकरण गर्ने<br><br>प्रशिक्षण र कार्यशाला गोष्ठीहरू मार्फत अपाङ्गता भएका व्यक्ति र तिनिहरूका समूहहरूलाई आफ्नो अधिकारमा दाबी गर्न क्षमतावान बनाउने<br><br>जबाफदेहता संयन्त्र निर्माण गर्न अपाङ्गता भएका व्यक्तिहरूका संस्था (OPD) र प्रमुख अभिकर्ताहरूलाई सहजीकरण गर्ने | अपाङ्गता समावेशीकरणमा साझा चासोको लागि प्रमुख अभिकर्ताहरू (सरकारी र गैरसरकारी) को उत्प्रेरणा<br><br>सरकारी र गैरसरकारी संरचनाहरूमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व<br><br>अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू प्रति स्थानीय सरकारको जबाफदेहता ।<br><br>अपाङ्गता भएका व्यक्ति र तिनीहरूका समूहहरू/ संगठनहरूको आफ्नो अधिकार दाबी गर्न सक्ने क्षमता | अपाङ्गता भएका व्यक्ति र सम्बन्धित सरोकारवालाहरू मा अपाङ्गता अधिकार सम्बन्धी ज्ञान र सीपहरूमा वृद्धि<br><br>अपाङ्गता भएका व्यक्ति र तिनिहरूका समूहहरू आफ्नो अधिकारको लागि बोल्न सक्षम भएको<br><br>स्थानीय सरोकारवालाहरू अपाङ्गता भएका व्यक्ति र उनीहरूका समूहहरू प्रति जबाफदेही भएको<br><br>अपाङ्गता सम्बन्धी सरोकार र मुद्दाहरूको पहिचान, दस्तावेजीकरण र थप जानकारीको लागि अध्ययन अनुसन्धान भएको | सरकारी र गैरसरकारी संस्थाहरूले अपाङ्गता भएका व्यक्ति र तिनिहरूका परिवारका सदस्यहरूलाई आवश्यक सेवाहरू र अधिकारहरू प्रदान गरेको । | अपाङ्गता भएका व्यक्ति र तिनका परिवारहरू अरूले सरह समान रूपमा आफ्ना अधिकारहरू उपभोग गर्न लागिपरेका, सशक्त भएका र सक्षम भएका हुनेछन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| **धारणागत सम्बन्धी:**<br><br>अपाङ्गता को बारेमा रहेका रूढिवादी र गलत अवधारणा जस्तै अपाङ्गता पापको कारणले हुन्छ, अपाङ्गता भएका व्यक्ति अशक्त हुन् र परिवारका बोझ हुन्, यो एक किसिमको अभिशाप हो, अपाङ्गता भएका व्यक्ति प्रति भेदभाव गर्ने र उनीहरूलाई बिचराको रूपमा हेर्ने मानसिकता | शैक्षिक भेला, तालीम, कार्यशाला र आमसभाहरू मार्फत अपाङ्गता र अपाङ्गता समावेशीकरणका बारेमा चेतना जगाउने ।<br><br>अपाङ्गता भएका व्यक्ति (PwD), तिनिहरूका परिवारका सदस्यहरू र समुदायका मानिसहरूका बीच मनोरञ्जनात्मक गतिविधिहरू र लाञ्छना न्युनीकरण गर्ने कार्यशाला/प्रशिक्षण कार्यक्रमहरूको आयोजना गर्ने<br><br>सञ्चार अभियान मार्फत विद्यमान नकारात्मक र भेदभाव पूर्ण सामाजिक सांस्कृतिक अभ्यासहरूलाई चुनौती दिने<br><br>अपाङ्गता भएका व्यक्ति लाई आफ्नो दैनिक कायाकल्पहरू स्वयम् आफै गर्न सक्षम बनाउने<br><br>स्थानीय सरकारी र गैरसरकारी कार्यालयहरू र तिनिहरूका सेवाहरूमा अपाङ्गता भएका व्यक्ति लाई सहर्ष स्वागत गर्ने वातावरणको प्रवर्द्धन गर्ने | अपाङ्गता भएका व्यक्तिलाई तिनीहरूका परिवार र सम्बन्धित सरोकारवालाहरूका माझ अपाङ्गता र अपाङ्गता समावेशिता सम्बन्धमा भएको ज्ञान<br><br>अपाङ्गता भएका व्यक्ति र तिनिहरूका समूह/परिवारहरूको प्रेरणा र नेतृत्व क्षमता<br><br>समुदायमा हुने भेदभाव पूर्ण अभ्यासहरूलाई चुनौती दिन स्थानीय सरोकारवालाहरूको उत्प्रेरणा र प्रतिबद्धता<br><br>सामुदायिक समूह र सामाजिक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्ति र तिनिहरूका समूह/परिवारहरूको सहभागिता | अपाङ्गता र अपाङ्गता समावेशीकरणको बारेमा अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरूको ज्ञानमा भएको वृद्धि<br><br>अपाङ्गता भएका व्यक्ति र तिनिहरूका परिवारहरूलाई लगाउने लाञ्छनामा कमी र उनीहरूको आत्म-सम्मान वृद्धि<br><br>सामाजिक गतिविधि र सामुदायिक समूह/संरचनाहरूमा अपाङ्गता भएका व्यक्तिको बढ्दो सहभागिता<br><br>प्रेषण तथा र चिकित्सा पुनर्स्थापना मार्फत अपाङ्गता भएका व्यक्तिको दैनिक क्रियाकलापमा सुधार | सामाजिक आर्थिक गतिविधिहरू लगायतका निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिको बढ्दो सक्रिय सहभागिता | |

| | | | | | |
|---|---|---|---|---|---|
| **पहुँचयुक्तता (भौतिक वातावरणीय र सञ्चार) सम्बन्धी**<br><br>पहुँच नभएका भौतिक र सञ्चार पूर्वाधारहरू जस्तै: घरहरू, सबै सार्वजनिक स्थानहरू: विद्यालयहरू, पालिका कार्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, सडकहरू, यातायातका साधनहरू, सञ्चारका साधनहरू, यातायातका साधनहरू, सडकहरू र मनोरञ्जन स्थलहरू । | अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरूलाई अपाङ्गता पहुँच, उपयुक्त अनुकूलता र विश्वव्यापी ढाँचाको बारेमा जानकारी दिने र प्रशिक्षण गर्ने<br><br>पहुँचयुक्त पूर्वाधारका ढाँचा निर्माण र परिमार्जन गर्न प्राविधिक ज्ञान र सामग्री दुबै उपलब्ध गराएर अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरूलाई सहजीकरण गर्ने ।<br><br>परियोजना/कार्यक्रमहरूमा रहेको पहुँचयुक्तताको मूल्याङ्कन गर्ने<br><br>अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरूलाई पुनर्स्थापना सहयोग र उपयुक्त सहायक प्रविधि प्राप्त गर्न सहजीकरण गर्ने । | अपाङ्गता भएका व्यक्ति र तिनिहरूका सम्बन्धित सरोकारवालाहरूमा रहेका पहुँचयुक्तताको समस्याहरू पहिचान गर्न सक्ने ज्ञान र सीपहरू<br><br>पहुँचयुक्त वातावरणको डिजाइन र परिमार्जन गर्न सम्बन्धित सरोकारवालाहरूको उत्प्रेरणा र प्रतिबद्धता<br><br>पहुँचयुक्त वातावरण सिर्जना गर्न<br>स्थानीय स्रोतहरू परिचालन गर्न<br>स्थानीय सरोकारवालाहरूको जबाफदेहता ।<br><br>अपाङ्गता भएका व्यक्ति को दैनिक क्रियाकलापमा आएको सुधार | तालीम र अभिमुखीकरण मार्फत सम्बन्धित सरोकारवालाहरूमा बढेको प्रेरणा र प्रतिबद्धता<br><br>स्थानीय सरोकारवालाहरूका भौतिक संरचनाहरू र सञ्चारका माध्यमहरू अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयोग्य भएको<br><br>प्रशिक्षण र नयाँ प्रविधिका उपकरण वा सामग्रीहरूको प्रयोगले अपाङ्गता भएका व्यक्तिको सुध्रिएको व्यक्तिगत गमनशीलता | स्थानीय सेवाहरूका भौतिक र सञ्चार वातावरण अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयोग्य भएको । | |

## अनुसूची ४: विश्वव्यापी ढाँचा सिद्धान्त

उत्पादन वा वातावरणको डिजाइन तयार गर्दा सबै मानिसहरूले पूर्ण रूपमा अनुकूलन वा विशिष्ट डिजाइन आवश्यकता नपर्ने गरी प्रयोग गर्न सक्ने हुनुपर्छ ।

बिश्वव्यापी ढाँचाका ७ सिद्धान्तहरू[२८] २० १९९७ मा नर्थ क्यारोलिना स्टेट युनिभर्सिटीमा स्वर्गीय रोनाल्ड मेसको नेतृत्वमा आर्किटेक्टहरू, उत्पादन डिजाइनहरू, इन्जिनियरहरू र वातावरणीय ढाँचा अनुसन्धानकर्ताहरूको एउटा कार्यदलद्वारा विकसित गरिएको थियो । ती सिद्धान्तहरूको उद्देश्य वातावरण, उत्पादन र सञ्चारको डिजाइनलाई मार्गदर्शन गर्नु थियो । North Carolina State University (NCSU) को विश्वव्यापी ढाँचा केन्द्र (Center for Universal Design) का अनुसार, ती सिद्धान्तहरू "मौजुदा ढाँचाहरूको मूल्याङ्कन गर्न, ढाँचा प्रक्रियालाई मार्गनिर्देशन गर्न र ढाँचा निर्माताहरू र उपभोक्ताहरूलाई थप प्रयोग योग्य उत्पादनहरू र वातावरणहरूको विशेषताहरू बारेमा शिक्षित गर्न लागू गर्न सकिने छन् ।"

- सिद्धान्त १: न्यायसंगत प्रयोग (Equitable Use)
- सिद्धान्त २: प्रयोगमा लचकता (Flexibility in Use)
- सिद्धान्त ३: सरल र सहज प्रयोग (Simple and Intuitive Use)
- सिद्धान्त ४: स्पष्ट सूचना (Perceptible Information)
- सिद्धान्त ५: त्रुटिको लागि सहिष्णुता (Tolerance for Error)
- सिद्धान्त ६: न्यून शारीरिक प्रयास (Low Physical Effort)
- सिद्धान्त ७: पहुँच र प्रयोगको लागि आकार र ठाउँ (Size and Space for Approach and Use)

### सिद्धान्त १: न्यायसंगत प्रयोग

यो डिजाइन विभिन्न क्षमता भएका व्यक्तिहरूको लागि उपयोगी र बजार योग्य छ ।

**दिशानिर्देश:**

क. सबै प्रयोगकर्ताहरूका लागि एउटै प्रयोगको माध्यम प्रदान गर्नु : सम्भव भएसम्म उस्तै; र नभए बराबर ।

ख. कुनै पनि प्रयोगकर्ताहरूलाई विभेद वा निन्दा नगर्नू ।

ग. सबै प्रयोगकर्ताहरूलाई समान रूपमा गोपनीयता, संरक्षण र सुरक्षाका प्रावधानहरू उपलब्ध हुनुपर्छ ।

घ. सबै प्रयोगकर्ताहरूलाई आकर्षक हुने गरी ढाँचा बनाउनु ।

---

२८ https://universaldesign.ie/what-is-universal-design/the-7-principles/

**सिद्धान्त २: प्रयोगमा लचकता**

ढाँचाले व्यक्तिगत प्राथमिकताहरू र क्षमताहरूको विस्तृत दायरालाई समायोजन गर्दछ ।

**दिशानिर्देश:**

क. प्रयोग विधिहरूमा विकल्प प्रदान गर्नु ।

ख. दायाँ हात र वा बायाँ हात दुबैको सहज पहुँच र प्रयोग हुने गरी समायोजन गर्नु ।

ग. प्रयोगकर्ताको सहि र ठीक प्रयोगको लागि सुविधा युक्त बनाउनु ।

घ. प्रयोगकर्ताको गति अनुसार अनुकूलन हुने क्षमता प्रदान गर्नु ।

**सिद्धान्त ३: सरल र सहज प्रयोग**

प्रयोगकर्ताको अनुभव, ज्ञान, भाषा सीप, वा हालको एकाग्रता-स्तर बिना पनि ढाँचाको प्रयोग बुझ्न सजिलो हुन्छ ।

**दिशानिर्देश:**

क. अनावश्यक जटिलता हटाउनु ।

ख. प्रयोगकर्ताको अपेक्षा र अन्तर्ज्ञानसँग मेल खाने हुनु ।

ग. साक्षरता र भाषिक सीपको फराकिलो शृंखलासङ्ग समायोजित अनुकूल गराउनु ।

घ. यसको महत्त्वसंग सुसंगत हुने जानकारीको व्यवस्था गर्नु ।

ङ. काम भईरहदा र काम पूरा भएपछि प्रभावकारी उत्साह र प्रतिक्रिया दिनु ।

**सिद्धान्त ४: स्पष्ट सूचना**

परिवेशको अवस्था वा प्रयोगकर्ताको ग्रहण शील क्षमताहरूको प्रवाह नगरी ढाँचाले प्रयोगकर्तालाई प्रभावकारी रूपमा आवश्यक जानकारीको सञ्चार गर्छ ।

**दिशानिर्देश:**

क. आवश्यक जानकारीको अनावश्यक प्रस्तुतिको लागि विभिन्न रूप (Mode) (चित्रात्मक, मौखिक, स्पर्श) प्रयोग गर्नु ।

ख. आवश्यक जानकारी र यसको परिवेशको बीचमा पर्याप्त भिन्नता दिनु ।

ग. आवश्यक जानकारीको "स्पष्टता " बढाउनु ।

घ. वर्णन गर्न सकिने तरिकाले विषयहरूलाई छुट्याउनु (अर्थात्, निर्देशन दिन वा दिशानिर्देशन गर्न सजिलो बनाउनु) ।

ङ. स्पर्श सीमितता भएका व्यक्तिहरूले प्रयोग गर्ने विभिन्न प्रविधि वा उपकरणहरूसँग अनुकूलता प्रदान गर्नु ।

**सिद्धान्त ५: त्रुटिको लागि सहिष्णुता**

ढाँचाले जोखिम र आकस्मिक वा अप्रत्याशित कार्यहरूको प्रतिकूल परिणामहरूलाई कम गर्छ ।

**दिशानिर्देश:**

क. खतरा र त्रुटिहरू कम गर्ने तत्त्वहरूको व्यवस्था गर्नुहोस्: धेरै प्रयोग गरिएका तत्त्वहरू, सबैभन्दा पहुँचयुक्त तत्त्वहरू; खतरनाक तत्त्वहरू हटाइएको, अलग गरिएको वा छेकेर राखिएको ।

ख. खतरा र त्रुटिहरूको लागि चेतावनी प्रदान गर्नुहोस् ।

ग. असफलताबाट सुरक्षित (Fail-Safe) विशेषताहरू प्रदान गर्नुहोस् ।

घ. सतर्कता आवश्यक पर्ने कार्यहरूमा लापर्बाही गर्ने कार्यलाई निरुत्साहित गर्नुहोस् ।

**सिद्धान्त ६: न्यून शारीरिक प्रयास**

न्यूनतम थकानमा ढाँचा कुशलतापूर्वक आरामसँग प्रयोग गर्न सकिन्छ

**दिशानिर्देश:**

क. प्रयोगकर्तालाई तटस्थ शारीरिक अवस्थामा राख्न दिनु ।

ख. उचित परिचालन-बल प्रयोग गर्नु ।

ग. दोहोरिने कामहरू घटाउनु ।

घ. निरन्तर शारीरिक प्रयास कम गर्नु ।

**सिद्धान्त ७: पहुँच र प्रयोगको लागि आकार र ठाउँ**

प्रयोगकर्ताको शरीरको आकार, मुद्रा, वा गमनशीलताले असर नगर्ने गरी पहुँच, गम्यता, हेरफेर, र प्रयोगको लागि उपयुक्त आकार र ठाउँ प्रदान गरिन्छ ।

**दिशानिर्देश:**

क. महत्त्वपूर्ण कुराहरूलाई बसेका वा उभिएका प्रयोगकर्ताहरूले स्पष्ट देख्न सक्ने गरी राख्ने व्यवस्था मिलाउनु ।

ख. कुनै पनि बसेका वा उभिएका प्रयोगकर्ताका लागि सबै घटकहरूमा पहुँच सहज बनाउनु ।

ग. हात र पकडका आकारमा भिन्नताहरू समायोजन गर्नु ।

घ. सहायक उपकरण वा व्यक्तिगत सहायताको प्रयोगको लागि पर्याप्त ठाउँ उपलब्ध गराउनु ।

कृपया ध्यान दिनु: विश्वव्यापी ढाँचाका सिद्धान्तहरूले विश्वव्यापी रूपमा प्रयोग योग्य ढाँचालाई मात्र ध्यान दिन्छ, जबकी ढाँचाको अभ्यासले प्रयोगको लागि सोचेको भन्दा बढी समावेश गर्दछ । ढाँचा कारहरूले आफ्नो ढाँचा प्रक्रियाहरूमा आर्थिक, ईन्जिनियरिङ्, सांस्कृतिक, लिङ्ग, र वातावरणीय सरोकारहरू जस्ता अन्य विचारहरू पनि समावेश गर्नुपर्छ । यी सिद्धान्तहरूले सम्भव भएसम्म धेरै प्रयोगकर्ताहरूको आवश्यकताहरू पूरा

गर्ने सुविधाहरूलाई अझ राम्रोसँग एकीकृत गर्न ढाँचाहरूलाई मार्गदर्शन प्रदान गर्दछ ।

**अनुसूची ५: अपाङ्गता समावेशीता र अनुगमन ढाँचा**
**(हाल साझेदारको परियोजना सम्झौताको अनुसूची ६ मा प्रयोग गरिएको)**

वांछित प्रभाव: अपाङ्गता भएका बालबालिका लगायत प्रौढ व्यक्तिहरू, गर्भवती महिला जेष्ठ नागरिक र दलितहरूले आफ्नो जीवनकालभरि विभिन्न परियोजना/ कार्यक्रम/ संस्थाहरूमा मूलप्रवाहीकरण भई अरू सरह समान रूपमा आफ्ना अधिकारहरू उपभोग गर्न लागिपरेका सशक्त भएका र सक्षम भएका हुनेछन् ।

*सम्पूर्ण परियोजना चक्रमा परियोजनाले सम्बोधन गर्नुपर्ने मुख्य अवरोधहरू*
*(बहिष्करणका क्षेत्रहरू)*

| अवरोधहरू | प्रमुख मार्गदर्शक रणनीतिहरू (सूचकहरू) | अपेक्षित परिणामहरू | सुझाव गरिएका उपकरणहरू/विधिहरू | सम्भावित हस्तक्षेपहरू |
|---|---|---|---|---|
| संस्थागत/नीति[29] | के परियोजनाका सरोकारवालाहरू[30] अपाङ्गता समावेशिता, नीति र अधिकारहरू बारे सचेत छन्?<br>के परियोजनाले विद्यमान नीति, प्रणाली, र प्रक्रिया (परियोजना र समुदायहरू) मा देखिएका समस्याहरू पहिचान गरेको छ र परियोजना चक्रमा अपाङ्गता भएका व्यक्तिहरू को अर्थ पूर्ण र सम्मान जनक समावेशिता सुनिश्चित गर्न पहल गरेको छ ? | अपाङ्गता भएका व्यक्तिहरू परियोजना गतिविधिहरूमा भाग लिन्छन् र समान रूपमा योगदान गर्दछन् ।<br>सरोकारवालाहरू (सरकारी र निजी) अपाङ्गताको सवालमा जबाफदेही छन् र सामूहिक जिम्मेवारीको भावनामा वृद्धि भएको छ ? | अपाङ्गता समावेशीता निर्देशिका (Disability Inclusion Guide-DIG) को अनुगमन र फलोअप चेकलिस्ट | तालिम, कार्यशाला, गोष्ठी अन्तरक्रिया, र शिक्षा मार्फत सचेतिकरण र क्षमताको निर्माण गर्ने<br>विद्यमान प्रणाली, नीति र नियमहरूलाई परिमार्जन वा विभेदकारी नीतिलाई खारेज गर्न सहजीकरण गर्ने<br>समावेशी र जवाफदेहिता संयन्त्र निर्माण गर्ने |
| अवधारणागत[31] | के सरोकारवालाहरू अपाङ्गताको बारेमा जानकार छन् ? (उदाहरणका लागि अपाङ्गता भनेको पापको कारणले होइन तर<br>कमजोरी र अवरोध युक्त वातावरणको कारणले हो)<br>र अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वागत योग्य व्यवहार र सम्मान जनक शब्दहरूको प्रयोग गरिन्छ ।<br>के अपाङ्गता भएका व्यक्तिहरू कुनै पनि हीनता बोध बिना आफ्नो आवाज व्यक्त गर्न सक्षम छन्? के उनीहरूको आत्म-सम्मान बढेको छ? | लाञ्छना घटेको; धारणा, व्यवहार र सामाजिक मान्यतामा सकारात्मक परिवर्तन आएको ।<br>अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक-सांस्कृतिक गतिविधि र निर्णय प्रक्रियामा सक्रिय सहभागिता भएको । | अपाङ्गता समावेशिता निर्देशिका (DIG) अनुगमन तथा फलोअप चेकलिष्ट । | चेतनामूलक कार्यक्रम र अभियान मार्फत विद्यमान नकारात्मक अवधारणालाई चुनौती दिने<br>अपाङ्गता भएका व्यक्तिहरू तिनिहरूका परिवार, समूह र संस्थाहरूलाई सक्षम बनाउने ।<br>अपाङ्गता भएका व्यक्तिहरूसँग परामर्श गर्ने र गठबन्धन निर्माण गर्ने । |

२९ अपाङ्गता अधिकार, नीतिहरूको अस्पष्ट बुझाई र कमजोर कार्यान्वयन, प्रतिकूल र भेदभावपूर्ण सामाजिक-आर्थिक र सांस्कृतिक नीतिहरू, प्रणाली र त्यसको कम्जोर अभ्यास र अस्पष्ट बुझाई, अपाङ्गता भएका व्यक्तिहरुलाई वहिष्करण गर्ने नीतिहरु

३० अधिकारवालाहरू (Right Holders) जस्तै अपाङ्गता भएका व्यक्तिहरू, तिनीहरूका परिवारहरू, र तिनीहरूका समूह र कर्तव्य वाहकहरू (Duty Bearers) जस्तै RMs प्रतिनिधिहरू, स्वास्थ्य चौकी, विद्यालय, सहकारी आदि

३१ अपाङ्गताको बारेमा रहेका रुढीवादी र गलत अवधारणा जस्तै अपाङ्गता पापको कारणले हुन्छ, अपाङ्ता भएका व्यक्ति अशक्त हुन् र परिवारका बोझ हुन्, यो एक किसिमको अभिशाप हो, अपाङ्ता भएका व्यक्ति प्रति भेदभाव गर्ने र उनीहरूलाई बिचरोको रूपमा हेर्ने मानसिकता

| अवरोधहरू | प्रमुख मार्गदर्शक रणनीतिहरू (सूचकहरू) | अपेक्षित परिणामहरू | सुझाव गरिएका उपकरणहरू/विधिहरू | सम्भावित हस्तक्षेपहरू |
|---|---|---|---|---|
| वातावरण[३२] : भौतिक र सञ्चार | के परियोजनाले पूर्वाधारहरू समावेशी/अपाङ्गता मैत्री छन् भन्ने कुरालाई सुनिश्चित गरेको छ? (जस्तै खानेपानी सहयोग, सडक निर्माण, शौचालय, विद्यालय, घर आदि)<br><br>के परियोजनाले सबै परियोजना गतिविधिहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य छन् भनेर सुनिश्चित गरेको छ? जस्तै : अपाङ्गता भएका व्यक्तिहरूले परियोजना चक्र स्तरका सबै प्रशिक्षण, बैठक, र कार्यशालाहरूमा भाग लीन सक्छन् । | सबै सेवा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य छन्<br><br>व्यक्तिगत गतीशीलतामा सुधार आएको छ ।<br><br>अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयोग्य सञ्चार उपलब्ध भएको छ । | DIG को समाबेशीकरण अनुगमन र फलोअप चेकलिस्ट,<br><br>पहुँच निर्देशिका[३३]/ ACAP | उपयुक्त अनुकूलता र विश्वव्यापी ढाँचा[३४]को बारेमा ज्ञान बढाउन समुदायहरूलाई सहजीकरण गर्ने ।<br><br>उपयुक्त सहयोगी सामग्री र पुनर्स्थापना सहयोगको लागी समुदायलाई सहजीकरण गर्ने |
| अनुगमन, मूल्याङ्कन र गुणस्तर जानकारी[३५] | के परियोजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा वर्गीकृत तथ्याङ्क छ? (जस्तै लिङ्ग, प्रकार, कारण, सामाजिक–आर्थिक अवस्था आदिको आधारमा), के परियोजना प्रतिवेदनहरूले यसलाई समावेश गर्छन्?<br><br>के परियोजनाको MEAL प्रणालीले अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताको सुनिश्चित गर्छ वा तिनिहरू अपाङ्गता मैत्री छन् ? | अपाङ्गता भएका व्यक्तिहरूलाई परियोजनामा अर्थ पूर्ण रूपमा लाभग्राहीको रूपमा समेटिएको छ ।<br><br>अपाङ्गता भएका व्यक्तिहरूका मुद्दाहरू समयमै पत्ता लगाइन्छन् र अर्थ पूर्ण रूपमा सम्बोधन गरिन्छ । | DIG को अनुगमन चेकलिस्ट; तथ्याङ्क प्रविष्ट र संकलन फाराम; संशोधित POSA र POTA | अद्यावधिक गरिएको तथ्याङ्क सङ्कलन फाराम (वाशिंगटन समूहको प्रश्नावली सहित) प्रयोग गरी आधारभूत तथ्याङ्क सङ्कलन गर्ने ।<br><br>MEAL को प्रणालीमा प्रयोग भएका औजार र विधिहरूलाई समावेशी बनाई लागू गर्ने । |

३२ पहुँच नभएका भौतिक र सञ्चार पूर्वाधारहरू जस्तै: घरहरू, सबै सार्वजनिक स्थानहरू: विद्यालयहरू, पालिका कार्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, सडकहरू, यातायातका साधनहरू, सञ्चारका साधनहरू, यातायातका साधनहरू, सडकहरू र मनोरञ्जन स्थलहरू ।

३३ https://mowcsc.gov.np/uploads/uploads/YDtuLrhQdQoyA6nyzZ0Qvo0lJnHwmwQzrHs3gYyO.pd

३४ "सर्वमान्य संरचना" भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा ग्रहणशीलता विना सबै मानिसहरुले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरुको संरचना सम्झनु पर्छ । "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरुको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई वाहेक गर्ने छैन । - यू एन सी आर पी डी पेज् १०

३५ परियोजनाको MEAL प्रणालीमा समाबेशिता हुन नसकेको, परियोजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा वर्गीकृत तथ्यांक नहुनु वा तथ्यांकमा विवाद हुनु र त्यसको अभिलेखीकरण मा समस्या हुनु

*Source: Disability mainstreaming plan of UMN (approved by LT in June 2019) & Disability Inclusion Guide for COVID response, May 2020*

*Project Report template: listed in Annex 4 in the project agreement: Disability Cross-cutting area*

**प्रतिबेदन लेख्ने फारम**

| अवरोधहरू | प्रमुख मार्गदर्शक रणनीतिहरू (सूचकहरू) | प्रगति | प्रमाण सहित व्याख्या |
|---|---|---|---|
| संस्थागत/ नीति[३६] | के परियोजनाका सरोकारवालाहरू[३७] अपाङ्गता समावेशिता, नीति र अधिकारहरू बारे सचेत छन् ?<br>के परियोजनाले विद्यमान नीति, प्रणाली, र प्रक्रियाहरू (परियोजना र समुदायहरू) मा रहेका कमजोरीहरूको पहिचान गरेको छ र परियोजना चक्रमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण र सम्मान जनक समावेशिता सुनिश्चित गर्न पहल गरेको छ ? | | |
| अवधारणागत[३८] | के सरोकारवालाहरू अपाङ्गता को बारेमा जानकार छन् ? (उदाहरणका लागि अपाङ्गता भनेको पापको कारणले होइन तर कमजोरी र अवरोध युक्त वातावरणको कारणले हो) र अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वागत योग्य व्यवहार र सम्मान जनक शब्दहरूको प्रयोग गरिन्छ ।<br>के अपाङ्गता भएका व्यक्तिहरू कुनै पनि हीनता बोध बिना आफ्नो आवाज व्यक्त गर्न सक्षम छन्? के उनीहरूको आत्म-सम्मान बढेको छ ? | | |

३६ अपाङ्गता अधिकार, नीतिहरूको अस्पष्ट बुझाई र कमजोर कार्यान्वयन, प्रतिकूल र भेदभावपूर्ण सामाजिक-आर्थिक र सांस्कृतिक नीतिहरू, प्रणाली र त्यसको कम्जोर अभ्यास र अस्पष्ट बुझाई, अपाङ्गता भएका व्यक्तिहरुलाई वहिष्करण गर्ने नीतिहरु

३७ अधिकारवालाहरू (Right Holders) जस्तै अपाङ्गता भएका व्यक्तिहरू, तिनीहरूका परिवारहरू, र तिनीहरूका समूह र कर्तव्य वाहकहरू **ढम्गतथ द्यभबचभचकण** जस्तै RMs प्रतिनिधिहरू, स्वास्थ्य चौकी, विद्यालय, सहकारी आदि

३८ अपाङ्गताको बारेमा रहेका रुढीवादी र गलत अवधारणा जस्तै अपाङ्गता पापको कारणले हुन्छ, अपाङ्ता भएका व्यक्ति अशक्त हुन् र परिवारका बोझ हुन्, यो एक किसिमको अभिशाप हो, अपाङ्ता भएका व्यक्ति प्रति भेदभाव गर्ने र उनीहरूलाई बिचरोको रूपमा हेर्ने मानसिकता

| | | | |
|---|---|---|---|
| वातावरण[३९] : भौतिक र सञ्चार | के परियोजनाले पूर्वाधारहरू समावेशी/अपाङ्गता मैत्री छन् भन्ने कुरालाई सुनिश्चित गरेको छ? (जस्तै खानेपानी सहयोग, सडक निर्माण, शौचालय, विद्यालय, घर आदि)<br><br>के परियोजनाले सबै परियोजना गतिविधिहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य छन् भनेर सुनिश्चित गरेको छ? जस्तै अपाङ्गता भएका व्यक्तिहरूले सबै परियोजना चक्र स्तरका प्रशिक्षण, बैठक, र कार्यशालाहरूमा भाग लीन सक्छन् । | | |
| अनुगमन, मूल्याङ्कन र गुणस्तर जानकारी[४०] | के परियोजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा वर्गीकृत तथ्याङ्क छ? (जस्तै लिङ्ग, प्रकार, कारण, सामाजिक–आर्थिक अवस्था आदिको आधारमा), के परियोजना प्रतिवेदनहरूले यसलाई समावेश गर्छन्?<br><br>के परियोजनाको MEAL प्रणालीले अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताको सुनिश्चित गर्छ वा तिनिहरू अपाङ्गता मैत्री छन् ? | | |

३९ पहुँच नभएका भौतिक र सञ्चार पूर्वाधारहरू जस्तै: घरहरू, सबै सार्वजनिक स्थानहरू: विद्यालयहरू, पालिका कार्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, सडकहरू, यातायातका साधनहरू, सञ्चारका साधनहरू, यातायातका साधनहरू, सडकहरू र मनोरञ्जन स्थलहरू ।

४० परियोजनाको MEAL प्रणालीमा समाबेशिता हुन नसकेको, परियोजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा वर्गीकृत तथ्यांक नहुनु वा तथ्यांकमा विवाद हुनु र त्यसको अभिलेखीकरण मा समस्या हुनु

## अनुसूची ६: ACAP [४१] समावेशिता चेकलिष्ट (बैठक, तालिम र गोष्ठीको लागि)

| |
|---|
| **के हो ?** |
| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्न ACAP चेकलिस्ट एक औजार हो जुन, कार्यक्रम र परियोजना बैठकहरू सञ्चालन गर्दा सबै किसिमका सीमान्तकृत समूहहरूका लागि प्रशिक्षणको क्रममा समावेशी वातावरणको सिर्जना गर्न सुनिश्चित गर्छ । जसले गर्दा सबै अर्थ पूर्ण तरिकाले उक्त कार्यक्रम र परियोजना बैठकमा भाग लिन सक्छन् । |
| **कहिले गर्ने ?** समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्न ACAP चेकलिस्ट परियोजनाको योजना बनाउन र डिजाइनको समयमा राम्रोसँग प्रयोग गर्न सकिन्छ र कार्यान्वयनको चरणमा पनि समीक्षा गर्न यसको प्रयोग गर्न सकिन्छ । |
| **कसले गर्ने ?** समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्न यो ACAP चेकलिस्टलाई कार्यक्रम र परियोजनाका कर्मचारीहरू ले परियोजना डिजाइन र योजनाको चरणमा साथै पुनः कार्यान्वयनको क्रममा पनि प्रयोग गर्न सकिन्छ । |
| **कसरी गर्ने ?** समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्नु पूर्व, यसको योजना बनाउँदा ACAP चेकलिस्टलाई राम्रोसँग प्रयोग गरिन्छ कार्यक्रम र परियोजनाका कर्मचारीहरू र समुदायमा रहेका सरोकारवालाहरू ले यसलाई cross check tools को रूपमा पनि प्रयोग गर्न सक्नेछन् । यो औजारले परियोजना र कार्यक्रमका सहभागी सबै व्यक्तिको पूर्ण र अर्थ पूर्ण सहभागिता छ कि छैन भनी सुनिश्चित गर्न मद्दत गर्छ । परियोजनाको वार्षिक विस्तृत योजना बनाउँदा यसको प्रयोग गर्न सकिन्छ जसले वर्षभरिको क्रियाकलापहरू समावेशी भएको निश्चित गर्छ । |
| **समय कति लाग्छ ?** समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्न ACAP चेकलिस्ट ३० मिनेट भित्र गरिन्छ |
| **समय कति लाग्छ ?** समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्न ACAP चेकलिस्ट ३० मिनेट भित्र गरिन्छ |

यस चेकलिस्टलाई समुदायमा काम गर्ने कर्मचारीहरू ले तालिम, गोष्ठी र बैठकहरूमा वहिष्करणमा परेका व्यक्तिहरूलाई अर्थ पूर्ण रूपमा सहभागी गराउन लाई स्वागतयोग्य वातावरणको सिर्जना गर्नको लागि प्रयोग गर्न सक्नेछन् । जब ती कर्मचारीले लक्षित समूह वा समुदायका व्यक्तिहरू जो वहिष्करणमा परेका छन् उनीहरू तालिममा सहभागी हुन सक्दैनन् भन्ने थाहा पाउँछन्, तव कुन–कुन क्षेत्रमा सहभागी हुन गाह्रो हुन्छ त्यसमा उनीहरूले तल दिएको तालिकाको बक्समा ठीक चिन्ह लगाउँछन् । यसले उनीहरूलाई

४१ ACAP **को पुरारूप** Accessibility **(पहुचयक्तता)**, Communication **(संचार)**, Attitude **(धारणा)**, Participation **(सहभागिता) हो.**, (Source: "Towards Inclusion" book by Vera van Ek and Sander Schot Published by Light for the World, Mission East and ICCO Cooperation. The Netherlands/Nepal July 2017)

थाहा दिन्छ की किन ती समुदायहरू यी कार्यक्रममा सहभागी हुन सक्दैनन् । यो अनुसार उनीहरूले सहभागी गराउने योजना र उपायहरू निर्माण गर्दछन् र तर पनि समस्याहरू जस्ताको त्यस्तै भयो भने ती कर्मचारीहरू ले टिप्पणीको खापामा गर्नुपर्ने कामहरू, चुनौतीहरू, उल्लेख गर्नेछन् र पुनः छलफल गरी ती समुदायलाई कसरी समावेश गर्ने भनी योजना बनाउँछन् । यदि सीमान्तकृत समुदाय वा व्यक्तिहरूको संख्या पूर्णरुपमा यकिन छैन भने, कार्यक्रम तथा परियोजनाका क्रियाकलाप सञ्चालनको क्रममा समेट्न सकिन्छ । उदाहरणको लागि यसले पुरानो रोग, वा शरणार्थी वा अन्य समूहबाट प्रभावित व्यक्तिहरूलाई कसरी समावेश गर्ने भन्ने ध्यान केन्द्रित गर्न सक्छ ।

## समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट

| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | दृष्टि सम्वन्धी | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| **पहुँचयुक्तता** | | | | | | | | | | |
| कार्यक्रम स्थलसम्मको दूरी | | | | | | | | | | |
| तालिम वा बैठकको समय | | | | | | | | | | |
| कार्यक्रमको स्थल<br>• पहुँचयुक्त प्रवेशद्वारा<br>• ढोकाको चौडाइ<br>• ढोकाको चौकोस र खुड्कला<br>• हातेरेलिङ्ग<br>• पिउने पानी<br>• तालिम हल | | | | | | | | | | |
| **पर्याप्त प्रकाश** | | | | | | | | | | |
| वसाईको व्यवस्थापन (वैठक हल, किचन, खेल मैदान आदि) | | | | | | | | | | |

| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | दृष्टि सम्वन्धी | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| चर्पी<br>• गोपनियता र सुरक्षा<br>• पहुँचयुक्तता ढोका, प्यान, हातेरेलिङ्ग आदि<br>स्नानघर<br>• गोपनियता, सुरक्षा<br>• पहुँचयुक्त ढोका, धारा टुटी, रेलिङ्ग आदि | | | | | | | | | | |
| **व्यक्तिगत सहयोगीको उपलव्धता** | | | | | | | | | | |
| पहुँचयुक्त वासस्थान आवासीय तालिम भएको खण्डमा | | | | | | | | | | |
| **संचार** | | | | | | | | | | |
| वैठक, तालिमको वारेमा अग्रीम जानकारी | | | | | | | | | | |
| छलफलमा भाषाको सरलता, स्थानीय भाषाको प्रयोग | | | | | | | | | | |
| लिखित जानकारी वा सूचना | | | | | | | | | | |

| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | दृष्टि सम्वन्धी | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| वैकल्पिक तरिकाहरू[४२] | | | | | | | | | | |
| परियोजना सम्वन्धी जानकारीहरू | | | | | | | | | | |
| धारणा र व्यवहार | | | | | | | | | | |
| विभेदरहित भाषाको प्रयोग | | | | | | | | | | |
| विभेदरहित व्यवहार | | | | | | | | | | |
| सुन्ने तत्परता | | | | | | | | | | |
| कुरा गर्ने तत्परता | | | | | | | | | | |
| बिशेष आवश्यकता[४३]को सम्वोधन | | | | | | | | | | |
| विशेष क्षमता[४४]को सम्वोधन | | | | | | | | | | |
| सहभागिता | | | | | | | | | | |

४२ तस्विर, चित्र, अडियो, व्रेल, सांकेतिक भाषा आदि ।

४३ थप समय, परामर्श, सहयोगी सामग्री, औषधि, साधन जस्तै क्याथटर, सुनाई मेसिनको व्याट्री आदि ।

४४ गीत, संगीत लगायत अन्य कुनै खास क्षमता छ भने त्यसलाई उत्साह दिन

| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक | दृष्टि सम्वन्धी | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| उपस्थिति कस्तो छ | | | | | | | | | | |
| वोल्न सक्छन् | | | | | | | | | | |
| आफ्नो सल्लाह दिन्छन् | | | | | | | | | | |
| ध्यान दिन्छन् | | | | | | | | | | |
| समूह कार्यमा सक्रियता | | | | | | | | | | |
| निर्णय लिन्छन् र दिन्छन् | | | | | | | | | | |

**उदाहरणको रुपमा प्रस्तुत गरिएको एक प्रयोग गरिएको फारम**

समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट

अपाङ्गता समावेशीकरण एवं पुर्नस्थापना तालिम वैसाख २ देखि १२, २०७९ भक्तपुर गेष्ट हाउस

जम्मा सहभागीहरु १८ जना, (२ जना न्युनदृष्टियुक्त, १ जना शारिरीक अपाङ्गता (पोलियोको कारण), १ नाम होचापुड्का अपाङ्गता)

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| पहुँचयुक्तता | | | | | | | | | | |
| कार्यक्रम स्थलसम्मको दूरी | x | x | | | | | | | | सहभागीहरूलाई तालिम स्थल सम्म ल्याउनका लागि क्रुष्टर र साझेदारी संस्थाका कर्मचारीलाई स्पष्ट निर्देशन र निरन्तर फलोअप तथा तालिम स्थलमा स्वागत गर्ने व्यवस्था समेत गरेको |
| तालिम वा वैठकको समय | | | | | | | | | | |

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| कार्यक्रमको स्थल<br>• पहुँचयुक्त प्रवेशद्वार<br>• ढोकाको चौडाई<br>• ढोकाको चौकोस र खुड्कला<br>• हातेरेलिङ्<br>• पिउने पानी<br>• तालिम हल | x<br>x | x | | | | | | | | तालिमकोलागि होटेल छनौट गर्दा पहुचयुक्तताको अवलोकन गरी निश्चित गरेको<br>बस्ने कोठाहरू उपयुक्त अनुकुलता अनुसार छनौट गरेको<br>आवश्यकता अनुसार निरन्तर सहभागीहरूबाट पुष्ट पोषण लिने व्यवस्था गरेको र अनुकूलता व्यवस्थापन गरेको |
| पर्याप्त प्रकाश | x | x | | | | | | | | ,, |

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| वसाईको व्यवस्थापन (वैठक हल, किचन, खेल मैदान आदि) | x | x | | | | | | | | अपाङ्गता भएको व्यक्तिहरूलाई अगाडिको कुर्सीमा वस्ने व्यवस्था गरेको, वैठक कक्ष पहुचयुक्त बनाएका |
| चर्पी<br>• गोपनियता र सुरक्षा<br>• पहुँचयुक्तता ढोका, प्यान, हातेरेलिङ्ग आदि<br>स्नानघर<br>• गोपनियता, सुरक्षा<br>• पहुँचयुक्त ढोका, धारा टुटी, रेलिङ्ग आदि | x | x | | | | | | | | चर्पीहरू पहुचयुक्त भएको, महिला पुरुष दुवैको लागि छुट्टाछुट्टै व्यवस्था भएको,<br>सुरक्षा वा गोपनीयताको विषयमा समस्या भएको खण्डमा सम्बन्धित व्यवस्थापनको व्यवस्था गरेको र केही घटना भए तुरुन्तै सञ्चार गर्ने व्यवस्था गरेको |
| व्यक्तिगत सहयोगीको उपलव्धता | | | | | | | x | | | २ जना महिला सहभागीको साना वाल वालिका साथमा भएको कारण छुट्ट्न सहयोगीको व्यवस्था गरेका |

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| पहुँचयुक्त वासस्थान आवासीय तालिम भएको खण्डमा | | | | | | | | | | |
| संचार | | | | | | | | | | |
| वैठक, तालिमको वारेमा अग्रीम जानकारी | | | | | | | | | | |
| छलफलमा भाषाको सरलता, स्थानीय भाषाको प्रयोग | | X | | | | | | | | अंग्रेजी भाषाका पावरपोईन्छ सलाइडहरुलाइ नेपालीमा अनुवाद गरेको र वुझ्ने नेपाली भाषामा वयान गर्ने व्यवस्था गरेको |
| लिखित जानकारी वा सुचना | | | | | | | | | | |
| वैकल्पिक तरिकाहरू[४५] | | | | | | | | | | |

[४५] तस्विर, चित्र, अडियो, व्रेल, सांकेतिक भाषा आदि ।

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| परियोजना सम्वन्धी जानकारीहरू | | | | | | | | | | |
| धारणा र व्यवहार | | | | | | | | | | |
| विभेदरहित भाषाको प्रयोग | x | x | | | | | | | | अपाङ्गता भएको व्यक्तिहरूसँग गरिन उपयुक्त भाषा र व्यवहारको बारेमा पहिलेनै सहजकर्ता विच अभिमुखीकरण गरिएका |
| विभेदरहित व्यवहार | x | | | | | | | | | ,, |
| सुन्ने तत्परता | | | | | | | | | | |
| कुरा गर्ने तत्परता | | | | | | | | | | |
| विशेष आवश्यकता[४६]को सम्बोधन | | x | | | | | | | | गीत गाउने र खेल खेल्ने सीप र क्षमतालाई प्रयोग गर्ने व्यवस्था गरेको |

४६ थप समय, परामर्श, सहयोगी सामग्री, औषधि, साधन जस्तै क्याथटर, सुनाई मेसिनको व्याट्री आदि ।

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| विशेष क्षमता[४७]को सम्बोधन | | | | | | | | | | |
| **सहभागिता** | | | | | | | | | | |
| उपस्थिति कस्तो छ | | | | | | | | | | |
| बोल्न सक्छन् | x | x | | | | | | | | समूह कार्य र पालौपालो वोल्ने तरिकाको प्रयोग गरेको |
| आफ्नो सल्लाह दिन्छन् | | | | | | | | | | |
| ध्यान दिन्छन् | | | | | | | | | | दुई जना विच छलफल गराई र परिवारको सदस्यको सहयोग वाट सहभागि गराएको |
| समूह कार्यमा सक्रियता | x | x | | | x | | | | | ,, |

४७ गीत, संगीत लगायत अन्य कुनै खास क्षमता छ भने त्यसलाई उत्साह दिन

| समावेशी बैठक, तालिम र गोष्ठी सञ्चालन गर्ने ACAP चेकलिस्ट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ACAP सूचकहरू | अपाङ्गता | | | | | | वहिष्करणमा परेका अन्य व्यक्तिहरू | | | कैफियत र कार्ययोजना |
| | शारीरिक – २ जना | दृष्टि सम्वन्धी २ जना | सुनाई सम्वन्धी | स्वरवोलाई सम्वन्धी | मनोसामाजिक | वौद्धिक | एकल र गर्भवति महिला | वालवालिका र जेष्ठ नागरिक | दलित, जनजाति र अल्पसंख्यक समुदाय | |
| निर्णय लिन्छन् र दिन्छन् | x | x | | | x | | | | | |

लेखाजोखा गर्नेः बीर बहादुर बस्याल र प्रेम देवकोटा, यू.एम.एन., थापाथली काठमाण्डौ

## अनुसूची ७. समावेशी डाटा संकलनको ढाँचा

## मिति परियोजनाकोड/ सीर्सक जिल्ला गाउपालिका /वडा

| क्र. स. | सेवाग्राहीको नाम | उमेर | लिङ्ग | | | परिवारिकअवस्था | अपाङ्गता | | | | | | | | | | जति, जनजाति र अल्पसंख्यक (अपाङ्गतावाहेक) | | | | मधेशी | सामाजिक (अपाङ्गतावाहेक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | अन्य | एकल महिला पुरुष | अपाङ्गता भएको कूल संख्या | अपाङ्गताप्रकार विकृती अनुसार[४८] | | | | | कार्य क्षमताको आधारमा अपाङ्गताको वर्गीकरण | | | | दलित | जनजाति पिछडावर्ग मुस्लिम | पिछडावर्ग । मुस्लिम | अन्यबाहुन, क्षेत्री ठकुरी | | सामाजिकरूपले वहिष्कृत[४९] |
| | | | | | | | | Ph | Vi | HS | PS | Mu | सा[५०] | मा[५१] | अ[५२] | पु[५३] | | | | | | |
| 1 | | | | | | | | | | | | | | | | | | | | | | |

४८ Ph=Physical;(शारीरिक)Vi=Visual;(दृस्टीसम्बन्धि)HS=Hearing Speech; (सुनाइरस्वोरबोलाईसम्बन्धि)PS=Psychosocial;(मनोसामाजिक)Mu=Multiple(बहुअपंगता )

४९ आन्तरिकरुपले विस्थापित, भुमिविहिन, हिनतावोध ल्याउने रोगवाट प्रभावित जस्तै एच.आई.भी., कुष्ठरोग, छारेरोग आदि, तथाअन्य शरणार्थी, यौनकर्मी आदिहरू ।

५० सामान्यःसामाजिकतथावातावरणीय अवरोध नभएमानियमितरूपमाआफ्नो दिनचर्या र सामाजिकक्रियाकलापमा सहभागीहुन सक्ने अवस्थाको व्यक्ति (सेतो कार्ड योग्य

५१ माध्यमःभौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षावातालिमभएमाअरुको सहयोग लिई वानलिई नियमितरूपमाआफ्नो दिनचर्या र सामाजिकक्रियाकलापमा सहभागीहुन सक्ने अवस्थाको व्यक्ति (पहेँलो कार्ड योग्य)

५२ अतिअशक्तःवैयक्तिकक्रियाकलाप सम्पादन गर्न तथा सामाजिकक्रियाकलापमा संलग्नहुननिरन्तर रूपमाअरुको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति (निलो कार्ड योग्य)

५३ पूण अशक्तःआफ्नो दैनिकक्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमाअरुको सहयोग लिँदापनि कठिनाइ हुने अवस्थाको व्यक्ति (रातो कार्ड योग्य)

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | | | | | | | | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची ८: अपाङ्गता शिष्टाचार र उपयुक्त शब्दहरू

<table>
<tr><th>अपाङ्गता भएका व्यक्तिहरूसँग शिष्ट व्यवहार गर्ने केही सुझावहरू</th><th>प्रयोग गर्न मिल्ने उपयुक्त शब्दहरू</th><th>प्रयोग गर्न नहुने शब्दहरू</th></tr>
<tr><td rowspan="7">उस्तै प्रकारको अपाङ्गता भएको व्यक्ति सँगको पहिलेको अनुभवको आधारमा कसैको कमजोरी, आवश्यकता वा प्राथमिकताका बारेमा अनुमान नगर्नुहोस् । हरेक व्यक्ति आफैमा विशिष्ट हुन्छ ।<br><br>अपाङ्गता भएका व्यक्तिहरू उनीहरूको सहायता आवश्यकताहरू र प्राथमिकताहरूको सन्दर्भमा धेरै फरक हुन्छन् । अपाङ्गता भएका धेरै व्यक्तिहरू धेरै स्वतन्त्र रूपमा बाँच्छन् र उनीहरूलाई मद्दतको आवश्यकता पर्दैन । तर केही अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग चाहिन्छ । सबै व्यक्तिहरूले सहयोग चाहन्छन् भनी अनुमान नगर्नुहोस् तर समान रूपमा सबैलाई सहयोगको प्रस्ताव गर्न तयार हुनुहोस् ।<br><br>व्यक्तिगत सहयोगी, साथी वा दोभाषेसँग भन्दा पनि अपाङ्गता भएका व्यक्तिहरूसँग सिधैँ कुरा गर्नुहोस् ।<br><br>ह्वीलचेयर प्रयोग गर्ने व्यक्ति वा होचो कदको व्यक्तिसँग कुरा गर्दा आफैलाई उनीहरूको आँखाको तहमा राख्नुहोस् जसले गर्दा उनीहरूलाई कुरा गर्न सजिलो हुन्छ र शारीरिक रूपमा पनि सजिलो हुन्छ ।<br><br>यदि तपाई दृष्टि विहीन व्यक्तिसँग कुरा गर्न चाहनुहुन्छ भने पहिले आफैलाई चिनाउनुहोस् र यदि तपाई विदा हुँदै हुनुहुन्छ भने उक्त व्यक्तिलाई जानकारी दिन नबिर्सिनुहोस् । कुनै पनि छापिएको जानकारी, वा गैर–श्रवण सञ्चार जस्तै भिडियो, भूमिका अभिनय वा चित्रहरू वर्णन गर्न ठाउँ र अडियोको अभिमुखीकरण प्रस्ताव गर्नुहोस् । भुइँमा चीजहरू नछोड्नुहोस् जसले हिँड्ने बेलामा लडेर चोटपटक लाग्ने खतरा बढाउँछ ।<br><br>दोहोर्याएर बोल्न कठिनाइ भएको व्यक्तिलाई सोध्न नहिचकिचाउनुहोस् । उनीहरू यसका लागि अभ्यस्त हुनेछन् र तपाईले उनीहरूको योगदान र विचारहरूको कदर गर्नुहुन्छ भनेर प्रशंसा गर्नेछन् ।</td><td>शारीरिक क्षति भएको व्यक्ति, अपाङ्गता भएको व्यक्ति, अपाङ्गता भएका व्यक्तिहरू</td><td>अशक्त, अपाङ्ग, विकलाङ्ग,</td></tr>
<tr><td>अपाङ्गता नभएको व्यक्ति, अपाङ्गता नभएको व्यक्ति, देख्न सक्ने व्यक्ति</td><td>सामान्य व्यक्ति</td></tr>
<tr><td>मनोसामाजिक अपाङ्गता भएको व्यक्ति, मनोवैज्ञानिक कमजोरी वा मानसिक रोग भएको व्यक्ति</td><td>मानसिक रोगी वा पागल,</td></tr>
<tr><td>बौद्धिक अपाङ्गता भएको व्यक्ति वा सिकाइमा अपाङ्गता भएको व्यक्ति</td><td>मानसिक रुपमा अशक्त र सुस्त:मनस्थिती</td></tr>
<tr><td>दृष्टि विहीन, कम दृष्टि भएको व्यक्ति; आंशिक रूपमा देख्न सक्ने व्यक्ति</td><td>अन्धो, आँखा नदेख्ने</td></tr>
<tr><td>बहिरा व्यक्ति, सुन्न गाह्रो हुने व्यक्ति, कम सुन्ने व्यक्ति, श्रवणदृष्टिविहीन व्यक्ति</td><td>बहिरो, लाटो, लठेब्रो</td></tr>
<tr><td>बहु स्क्लेरोसिस भएको व्यक्ति</td><td>MS द्वारा पीडित, MS पीडित</td></tr>
</table>

<table>
<tr><td rowspan="10">बहिरा र साइड वा अगाडिबाट सुन्न नसक्ने मानिसहरूलाई झस्काउने काम नगर्नुहोस् । उनीहरूको मनपर्ने सञ्चारको माध्यम के हो, उदाहरणका लागि, साङ्केतिक भाषा वा ओठ–पढाइ भनेर सोध्नुहोस् । बहिरा व्यक्तिसँग कुराकानी गर्दा आँखामा हेरेर कुरा गर्नुहोस् र स्पष्टसँग बोल्नुहोस् । आफ्नो ओठको अगाडि केही पनि नराख्नुहोस्, वा अतिरंजित हाउभाउको प्रयोग नगर्नुहोस् । यदि साङ्केतिक भाषाको दोभाषे प्रयोग गर्दै हुनुहुन्छ भने व्याख्याको लागि समय दिनुहोस् । केही संस्कृतिहरूमा ध्यान आकर्षित गर्नको लागि हात हल्लाउने वा हातले कोट्ट्याउने काम अशिष्ट मानिन्छ भन्ने कुरा नबिर्सिनुहोस् ।<br><br>सिकाइ सम्वन्धी अपाङ्गता भएका व्यक्तिसँग कुराकानी गर्दा स्पष्ट र छोटो वाक्यमा बोल्नुहोस् । भनाईलाई स्पष्ट पार्न आफ्नो भनाई दोहोर्याउन, भनाइलाई भिन्न शब्दमा व्यक्त गर्न, लेखेर वा देखाएर बुझाउन नहिचकिचाउनुहोस् । संरक्षण गर्ने व्यवहार, तोते बोली वा अभिव्यक्तिमा बढाइचढाइ नगर्नुहोस् ।<br><br>समग्रमा व्यक्तिगत वा हस्तक्षेपकारी टिप्पणीहरू नगर्नुहोस्, र अनुपयुक्त प्रश्नहरू नगर्नुहोस् । उदाहरणका लागि, यसो नभन्नुहोस्: 'तिमीलाई के भयो – तिमी किन राम्ररी हिँड्न सक्दैनौ?' बिर्सेर पनि ह्वीलचेयर, वा लामो छडी जस्ता कुनै पनि गमनशीलता सहायक उपकरणहरू अनुमति विना नछुनुहोस् वा नसार्नुहोस् ।<br><br>अन्तमा, यदि तपाइँ कसरी व्यवहार गर्ने वा कुन भाषा प्रयोग गर्ने भनेर चिन्तित हुनुहुन्छ भने, सोध्नुहोस् । अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो मर्यादा, प्राथमिकता र व्यक्तित्वको लागि इमानदारी र वास्तविक सम्मानलाई प्राथमिकता दिनेछन् ।</td><td>एपिलेप्सी भएको व्यक्ति</td><td>छारेरोग भएको</td></tr>
<tr><td>ह्वीलचेयर प्रयोग गर्ने व्यक्ति, ह्वीलचेयर–प्रयोगकर्ता</td><td>ह्वीलचेयरमा सीमित</td></tr>
<tr><td>शारीरिक अपाङ्गता भएको व्यक्ति</td><td>अक्षम; अशक्त व्यक्ति; घिस्रिने, लँगडो, डुँडो</td></tr>
<tr><td>बोल्न असमर्थ, सिंथेटिक बोली प्रयोग गर्ने</td><td>लाटो/लाटी, मौन</td></tr>
<tr><td>तन्दुरुस्त भएको</td><td>योग्य</td></tr>
<tr><td>अपाङ्गता/ अशक्तता सहित जिउने</td><td>पीडित</td></tr>
<tr><td>जन्मजात अपाङ्गता, अपाङ्गता सहितको जन्म</td><td>जन्म दोष</td></tr>
<tr><td>पोलियो भएको व्यक्ति, पोलियोपछि पक्षाघात भएको व्यक्ति</td><td>पोलियो रोगी, पोलियो बाट पीडित</td></tr>
<tr><td>अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य शौचालय/पार्किङ</td><td>अपाङ्ग शौचालय/अपाङ्ग पार्किङ</td></tr>
</table>

Source: DID toolkits developed by CBM (https://www.cbm.org/fileadmin/user_upload/Publications/CBM-DID-TOOLKIT-accessible.pdf) p.28 &29

## अनुसूची ९: यू.एम.एन.अपाङ्गता भएका कर्मचारी र तिनीहरूका परिवारका सदस्यहरूको सूचनाको अभिलेख फारम

| क्र. सं. | कर्मचारीको नाम | उमेर | लिङ्ग (कृपया कुनै एकमा✓ लगाउनुहोस्) | | | अपाङ्गताका प्रकारहरू | | | | | | | | | अपाङ्गताको संक्षिप्त विवरण / टिप्पणी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | अन्य | प्रकृतिको आधारमा अपाङ्गताका प्रकारहरू[५४] (कृपया कुनै एकमा✓ लगाउनुहोस्) | | | | | कार्य क्षमताको आधारमा अपाङ्गताको वर्गीकरण (कृपया कुनै एकमा✓ लगाउनुहोस्) | | | | |
| | | | | | | शा | दृ | सुबो | मसा | बहु | सामान्य ५५ | मध्यम ५६ | जटिल ५७ | गम्भीर ५८ | |
| अपाङ्गता भएको यू.एम.एन. कर्मचारीको जानकारी | | | | | | | | | | | | | | | |

---

५४ शा = शारीरिक, दृ = दृस्टी सम्बन्धि, सुबो = सुनाइ र स्वोरबोलाई सम्बन्धि, मसा = मनोसामाजिक, बहु = बहुअपंगता

५५ कुनै शारीरिक र वातावरणीय अवरोध नभएको अवस्थामा आफ्नो दैनिक क्रियाकलाप र सामाजिक गतिविधिहरूमा नियमित रूपमा सहभागी हुन सक्ने अवस्था भएको व्यक्ति (सेतो अपाङ्गता कार्डको लागि योग्य)

५६ भौतिक सुविधा उपलब्ध भएमा, वातावरणीय अवरोध समाप्त भएको वा शिक्षा वा तालिम उपलब्ध भएको अवस्थामा आफ्नो दैनिक क्रियाकलाप र सामाजिक क्रियाकलापमा नियमित रूपमा सहभागी हुन सक्ने अवस्था भएको व्यक्ति (पहेंलो अपाङ्गता कार्डका लागि योग्य)

५७ व्यक्तिगत गतिविधिहरू गर्न र सामाजिक गतिविधिहरूमा संलग्न हुन लगातार अरूको सहयोग चाहिने अवस्थाको व्यक्ति (निलो असक्षमता कार्डको लागि योग्य)

५८ अरूको निरन्तर सहयोगको साथ हुँदा पनि आफ्ना दैनिक गतिविधिहरू गर्न कठिनाइ हुने व्यक्ति (रातो अपाङ्गता कार्डको लागि योग्य)

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| कर्मचारीका परिवारका सदस्यहरूको जानकारी | | | | | | | | | | | | | | | |
| | अपाङ्गता भएका व्यक्तिहरूको नाम | | | | | | | | | | | | | | कर्मचारीको नाम, व्यक्तिसँगको सम्बन्ध र अपाङ्गताको छोँटो विवरण |
| १ | | | | | | | | | | | | | | | |

## अनुसूची १०: यू.एम.एन.को अपाङ्गता समावेशीता निर्देशिकाका सात वटा सिफारिसहरू

१. सबै प्रकारका अपाङ्गता भएका र विशेष गरी गम्भीर र पूर्ण रूपमा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता पहिचान गर्न ध्यान केन्द्रित गर्ने : सान्दर्भिक भएमा पहुँचयोग्य र समावेशी आवश्यकताहरूको पहिचान गर्ने ।

२. अपाङ्गता, लैङ्गिकता र गरिबीलाई जोखिम र लाभग्राही छनोटको मापदण्डको रूपमा प्राथमिकता दिने : दलित, गरिब र सीमान्तकृत समुदायका बढी जोखिममा रहेका अपाङ्ग वृद्ध महिलाहरू जस्ता व्यक्तिहरूलाई लक्षित गरेर लाभग्राही छनोटको मापदण्ड तयार गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने मुख्य अवरोधहरूको पहिचान गरी निराकरण गर्ने (प्रमुख बाधाहरू: सञ्चार, शारीरिक, अवधारणा गत र संस्थागत): मुख्य अवरोधहरूको पहिचान गर्न कम्तीमा बाधा मूल्याङ्कन समावेशी विधि/औजारहरू (जस्तै, KII वा नियन्त्रण र पहुँच सहितको सामाजिक मानचित्रण, जीवन परिवर्तन खेलहरू) को कार्यान्वयन गर्ने ।

४. सबै सार्वजनिक सामग्री/सन्देशहरूलाई "सजिलो गरी पढ्न सक्ने" ढाँचा र सम्मान जनक भाषामा रूपान्तरण गर्ने । यिनीहरूलाई स्पष्ट देख्न सकिने गरी ठूलो आकारमा छाप्नुहोस् र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले पनि बुझ्न सक्ने चित्रहरू, ब्रेल लिपी, साङ्केतिक भाषा आदिको प्रयोग गर्ने । थप विवरणहरूको लागि दृष्टिविहीन संघ[५९] र बहिरा महासंघ[६०]लाई सम्पर्क गर्नुहोस् किनभने बहिरा, दृष्टि विहीन, बौद्धिक वा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले यी रोकथाम र सहायता बारेका प्रमुख सूचना प्राप्त नगरेका हुन सक्छन् । दीर्घ रोग भएका अपाङ्गता भएका ज्येष्ठ नागरिकहरू अनादर पूर्ण शब्द वा व्यवहारको कारणले पिडीत वा लांक्षीत हुन सक्छन् । सन्दर्भको रूपमा, केही उपयोगी स्रोतहरू यहाँ सूची बद्ध छन् (कृपया क्लिक गर्नुहोस्):

५. अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताको पहिचान गर्न, समस्याको निवारण र समाधानका योजनाहरू निर्माण गर्न र ती योजनाहरू सम्पादन गर्न उनीहरूका संगठनहरू/समूहहरूसँग सहभागी हुनुहोस् साथै उनीहरूको क्षमता निर्माणको लागि पैरवी जारी राख्न उनीहरूसँग सहकार्य गर्ने ।

६. विशेष गरी गम्भीर र पूर्ण अपाङ्गता भएका व्यक्तिहरू लगायत ज्येष्ठ र बौद्धिक/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहायता र मनोसामाजिक

---

[५९] http://nawbnepal.org.np/about-us/

[६०] https://www.facebook.com/naslinepal/, https://nadhnepal.weebly.com/interpreters.html

सहयोग सुनिश्चित गर्नुहोस् किनभने अपाङ्गता भएका व्यक्तिहरू व्यवधान युक्त घर, समुदाय, र व्यक्तिगत सहायता लगायतका सामाजिक सेवा र सहयोगको असमानताको कारणले पिडीत हुन सक्छन् । यसले गर्दा सहयोगी सेवा बिना उनीहरूका दैनिक जीवनका क्रियाकलापहरू (ADLs[६१]) सञ्चालनमा गम्भीर कठिनाइहरू आउन सक्छन् । परियोजनाहरूमा, परियोजनाका सबै चक्रहरूमा, समूहहरूले तालिम प्राप्त स्वयंसेवक/ विशेषज्ञहरूको व्यवस्था गर्ने योजना बनाउनुपर्छ, र अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सहायताको लागि व्यक्तिगत सहयोगीहरू र सहायक उपकरणहरू, परामर्श सहायताहरू, र आपत्कालिन चिकित्सा सुविधाहरूको व्यवस्था सुनिश्चित गर्नु पर्छ ।

७. कुनैपनि प्रकोप रोकथाम र त्यसको सामना गर्ने योजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई योजनाबद्ध रूपमा समावेश गर्न विशेष ध्यान (योजना र बजेट सहित) दिइएको छ भनी सुनिश्चित गर्ने : कार्यक्रममा योजना गरिएका सामान्य योजना र बजेटहरूमा अपाङ्गता भएका व्यक्तिहरू बहिस्करणमा पर्ने उच्च जोखिम हुन्छ । सामान्यतया यस्तो हुन्छ किनभने अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्न परियोजना/कार्यक्रममा परिकल्पना गरिएको हुँदैन र अतिरिक्त सहयोगको व्यवस्था गरिएको हुँदैन । तसर्थ, लक्षित योजना र बजेटको साथ अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्नु परियोजनाको उद्देश्य हुनुपर्छ । एकतातिर उनीहरूलाई आवश्यक उपकरणहरू र पुनर्स्थापना सहयोगको व्यवस्था गरी सक्षम बनाउनुपर्छ भने अर्कोतिर राहत वितरण, बैठक/ कार्यशाला र सञ्चारका साधनहरूमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुनुपर्छ ।

---

६१ दैनिक जीवनका गतिविधि भन्नाले लुगा लगाउने, शौचालयको सरसफाइ, नुहाउने, खाना खाने र हिँड्ने आदि जस्ता आत्म–हेरचाहका काम भन्ने बुझिन्छ।

(https://en.wikipedia.org/wiki/Activities_of_daily_living)

## २. सामुदायिक विकासमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशिता निश्चित गर्न तयार पारिएको कार्यनीति,

**तयार पारिएको मितिः मे २०२०**

### कार्यनीतिको उद्देश्य

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको महासन्धिको धारा ११ अनुसार, सम्बन्धित सरोकारवाला विशेष गरी राज्य र जिम्मेवार संस्थाहरूले समानता र गैर भेदभावको सिद्धान्तबाट आम गरिबी र मानवीय संकटको वेला अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षा र संरक्षणको लागि आवश्यक कार्य गर्नुपर्ने उल्लेख भएको हुनाले यू.एम.एन.ले अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारको संरक्षण र सुरक्षाको लागि संस्थाका सामुदायिक विकासका सबै कार्य एबं विभिन्न प्रकोप प्रतिकार्य र रिकोभरी योजनामा उनीहरूको पूर्ण समावेशिता निश्चित गर्ने भनि उद्देश्य र जिम्मेवारी लिएको छ ।

त्यसको लागि यू.एम.एन.का सबै क्लुष्टरहरूलाई सो उद्देश्य पुरा गर्न केही अति आवश्यक निर्देशन र उपायहरू सहित सहयोग गर्ने मुख्य उद्देश्यले यो कार्यनीति तयार पारिएको हो र जसको मुख्य उद्देश्य, अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक विकासको स्वीकार्य एवं विभिन्न प्रकोपको अवस्थामा संस्थाले सञ्चालन गरेका पूर्व तयारी र प्रतिकार्य प्रयासहरूमा अर्थ पूर्ण र सम्मान पूर्वक समावेशी गराउनु हो ।

कार्य निर्देशिकाको विस्तृत विवरण यस प्रकार छ ।

### परिवेश:

विश्वमा झन्डै एक अरब जनसंख्या (कुल जनसंख्याको १५% मानिसहरू) मा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको भन्ने तथ्य सन् २०११ को विश्व अपाङ्गता प्रतिवेदनले बताउँछ[६२] । यो संख्या गरिबीमा जीवन विताउने मानिसहरूमा बढी छ । कोभिड १९ को महामारी एवं विभिन्न प्रकोपको अवस्थामा सामाजिक आर्थिक अवस्था कमजोर भएका मानिसहरूको जीवन झन् खराब भएको 'हुन्छ ।

अति विपन्न र सङ्कटमा रहेका समुदायमा झन् बढी गरिबी, हिंसा, बेवास्ता, दुर्व्यवहार बढ्ने सम्भावना रहेको छ र यो कोभिड १९ को महामारी एवं प्रकोपको अवस्थाले अपाङ्गता भएका व्यक्तिहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अत्याधिक प्रभाव पार्दछ । विश्वमा ६० वर्ष माथिका ४६% वृद्धहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ र जुन व्यक्तिहरू

६२ World disability report: http://documents.worldbank.org/curated/en/665131468331271288/pdf/627830WP0World00PUBLIC00BOX361491B0.pdf (29 Page, 6 par)

कोभिड १९ लगायत अन्य महामारी एवं विभिन्न प्रकोपको अति जोखिममा रहेका छन् । राष्ट्रिय अपाङ्ग महासंघ ले हालै नेपालको ७१ जिल्लाका ४२२ जना अपाङ्गता भएको व्यक्तिहरूसँग अन्तर्वार्ता गरेर तीव्र लेखाजोखा प्रतिवेदन सार्वजनिक गरेको छ जसले केही संवेदनशील अवस्था देखाएको छ ।

- बन्दाबन्दीको कारणले ४०.०८% अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो आय स्रोत गुमाएका छन्, र आउने दिनहरूमा ५४.५% अपाङ्गता भएका व्यक्तिहरूले खाना र अन्य अति आवश्यक सामग्रीहरूको अभाव भोग्ने देखिन्छ ।
- कुल अपाङ्गता भएका व्यक्तिहरू मध्ये ७.५% हरू मनोसामाजिक सहयोगको आवश्यकतामा छन् । जहाँ, ४५% चाहिँ व्यक्तिगत हेरचाह र सरसफाइका सामग्री जस्तै क्याथटर, ट्यूव, मास्क, स्यानिटाईजर, यूरिन व्याग, डाईपर आदिको तुरुन्त आवश्यकतामा रहेका छन् । ३.८% ले चाहिँ कुनै न कुनै प्रकारको हिंसा र दुर्व्यवहार भोगिरहेका छन् भने ७९% चाहिँ यसको डर र त्रासमा जीवन जिइरहेका छन् र ३१.५१% चाहिँ मानसिक स्वास्थ्यको पक्षबाट सहयोग चाहिने संकेत देखिएको छ ।
- यस्तै ह्याण्डीक्याप ईन्टरनेशनल नेपालले गरेको तीव्र लेखाजोखा प्रतिवेदनले पनि कोभिड १९ को अवस्थाले ल्याएका केही तथ्य र सवालहरू सार्वजनिक गरेको छ जुन लेखाजोखा नेपालको १४ जिल्लाका ६८६ जना अपाङ्गता भएका व्यक्तिहरूसँग अन्तर्वार्ता गरेर तयार पारिएको थियो ।
- सोधिएका ७८% अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीयस्तरमा विभिन्न संस्थाहरूद्वारा वितरण गरिएका राहत प्याकेजको वारेमा थाहा छैन र २२% अपाङ्गता भएका व्यक्तिहरूले भन्दछन् की कोभिडको बारेमा तयार पारिएका सूचना मूलक सामग्रीहरू उनीहरूले बुझ्न सक्दैनन् ।
- यो अवस्थामा ५०% अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको दैनिक क्रियाकलाप गर्न सहयोगीको अति आवश्यकता देखिन्छ ।

यू.एम.एन.ले हालै सञ्चालन गरेका तीव्र लेखाजोखाहरूको प्रतिवेदन अनुसार अपाङ्गता भएका व्यक्तिहरू स्थानीय तहमा अन्य व्यक्ति सरह राहत सामग्रीको पहुँचमा छैनन् । उनीहरूका अनुसार, सामुदायिक विकास र कोभिड प्रतिकार्य लगायत प्रकोप प्रतिकार्यको योजना र कार्यमा उनीहरूसँग सल्लाह र सहभागी गराइएको छैन । अपाङ्गता भएका व्यक्तिहरूको विस्तृत तथ्याङ्क पनि छैन र उनीहरूको विशेष आवश्यकताहरू पनि पहिचान गरिएका छैनन् । अपाङ्गता भएका व्यक्तिहरू सामुदायिक विकास र कोभिड प्रतिकार्यको तत्कालीन र दीर्घकालीन पुनर्स्थापना तथा रिकभरीको योजनामा अर्थ पूर्ण र सम्मान पूर्वक समावेशी हुनुपर्ने हो जुन भएको छैन र स्वास्थ्य सेवाहरू तथा क्वारेन्टाईन स्थानहरू पनि अपाङ्गता मैत्री छैनन् ।

यी उल्लिखित प्रतिवेदनहरूले स्पष्ट बताउँछन् की नेपालमा अपाङ्गता भएका व्यक्तिहरू विशेषगरी पूर्ण र अति अशक्त वर्गका र असहाय अपाङ्गता भएका व्यक्तिहरू (जस्तै सुषुम्नामा चोट लागेका, हेमोफिलिया भएका, बौद्धिक अपाङ्गता भएका, मनोसामाजिक तथा छारेरोग भएका) मा विभिन्न पक्षहरू जस्तै जीविकोपार्जनको चुनौती, खाद्यको कमी, बढ्दो स्वास्थ्य तथा मानसिक समस्याहरू आदिले उनीहरूको जोखिमलाई वृद्धि गरेको छ । यसले बताउँछ की उनीहरूलाई तत्कालीन सहयोग प्याकेजको खाँचो छ । उनीहरू अझ विभिन्न हिंसा, दुर्व्यवहार र विविध विभेदकहरू जस्तै अलग्याउने, त्याग्ने तथा शारीरिक एवम् मानसिक यातना जस्ता जोखिममा रहेको देखिन्छ । विभेदकारी समाज, गरिबी र विभिन्न प्रकोपको अवस्थामा त उनीहरू भmन मृत्युको जोखिममा छन् र बहिष्कृत गर्ने र अपहुँचयुक्त वातावरणले उनीहरूको वहिष्करणको जोखिमलाई अझ वृद्धि गरेको देखिन्छ ।

क्षीणता (Impairment) + वाधाहरू (Barriers) = अपाङ्गता (Disability) र वहिष्करण

के हुनुपर्छ भने,

क्षीणता (खुट्टा नभएको व्यक्ति) + पहुँचयुक्त वातावरण (ह्विलचियर उपलब्ध गराउने + घर, कार्यालय, बैठक ह्विलचियर मैत्री बनाउने) = क्षमता वृद्धि (समावेशिता )

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको महासन्धिको धारा ११ अनुसार, सम्बन्धित सरोकारवाला विशेष गरी राज्य र जिम्मेवार संस्थाहरूले समानता र गैर भेदभावको सिद्धान्तबाट मानवीय संकटको वेला अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षा र संरक्षणको लागि आवश्यक कार्य गर्नुपर्ने बताउँछ । तसर्थ, यू.एम.एन.ले यी व्यक्तिहरू र उनीहरूको परिवारको संरक्षण र सुरक्षाको लागि संस्थाका सामुदायिक विकासका सबै कार्य एवं विभिन्न प्रकोप प्रतिकार्य र रिकोभरी योजनामा उनीहरूको पूर्ण समावेशिता निश्चित गर्ने जिम्मेवारी वहन गर्दछ । त्यसको लागि यू.एम.एन.का सबै क्लष्टरहरूलाई यहाँ केही निर्देशन र उपायहरू सहित केही सिफारिसहरू उल्लेख गरिएका छन् जसको मुख्य उद्देश्य, अपाङ्गता भएका व्यक्तिहरूलाई सामुदायिक विकासको सबै कार्य एवं विभिन्न प्रकोपको अवस्थामा संस्थाले सञ्चालन गरेका पुर्वतयारी र प्रतिकार्य प्रयासहरूमा अर्थ पूर्ण र सम्मान पूर्वक समावेशी गराउनु हो ।

### समग्र सिफारिसहरू: सबै विषयगत क्लष्टर र क्षेत्रहरूका लागि

**१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू विशेषगरी पूर्ण र अति अशक्तहरूको आवश्यकता पहिचान गर्न केन्द्रित हुने:**

त्यसको लागि निम्न पक्षलाई समेट्ने खालको पहुँचयुक्त र समावेशी आवश्यकता जाँचबुझ गर्ने तरिका सञ्चालन गर्ने ।

- अपाङ्गता भएका व्यक्तिहरूको खाँचो पहिचानको लागि सोधिने कुनैपनि प्रश्नहरू सरल र बुझ्न सकिने भाषामा हुनुपर्छ जुन सबैले बुझ्न सकुन् न की अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारले मात्र ।
- निश्चित गर्नुहोस् की संकलन गरिएका तथ्याङ्कहरू विस्तृत रूपले छुट्याईएको छ जसमा अपाङ्गता, लिङ्ग, उमेर, जाति र जनजाति आदि र उनीहरूको खास खाँचो के हो सो जाँचबुझ गरेको छ ।
- निश्चित गर्नुहोस् की जाँचवुझको प्रश्नहरूमा अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकता तथा आवश्यक सहयोग पहिचान गर्ने पक्ष समेटिएको छ जस्तै आवश्यक सामग्रीहरू, परामर्श, विशिष्ट स्वास्थ्य सहयोगी, व्यवसायीक तथा फिजियोथेरापी आदि ।
- निश्चित गर्नुहोस् की जाँचबुझका प्रश्नहरू सबै अपाङ्गता भएका व्यक्तिहरू खासगरी दृष्टिबिहिन, बहिरा, बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षाघात भएका र ह्वीलचेयर प्रयोग गर्ने व्यक्तिका लागि पहुँचयुक्त छन् जसमा संकेतहरू, अडियो, भिडियो, चित्रहरू, अक्षरहरू आदि प्रयोग गरिएका छन् र कोभिड १९ को अवस्था पहिचान गर्ने प्रश्नावलीहरू पनि छन् र सोही अनुसार तयार पारिएका छन् ।
- यो संकटको वेलामा गरिने जाँचबुझमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सँग अन्तर्वार्ता र सल्लाह गर्नुहोस् ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने, समस्या र सबै प्रकारका प्रकोप प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको खासगरी पूर्ण र अति अशक्त वर्गका विविध पक्षको जस्तै उनीहरूको उमेर, लिङ्ग, दलित, जनजाति तथा पछाडि पारिएका आदि ।
- खासगरी पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूलाई आवश्यक पर्ने आधारभूत आवश्यकताको विवरण राख्ने (त्यसको लागि स्वयम् अपाङ्गता भएका व्यक्तिहरूलाई नै प्रत्यक्ष रूपमा प्रश्नहरू सोध्ने) ।

२. अपाङ्गता, लिङ्ग र गरिबी जस्ता पक्षलाई जोखिम पहिचान र लाभान्वित वर्ग छनौटमा मुख्य मापदण्डको रूपमा प्राथमिकतामा राख्ने: लाभान्वित समूह छनौट मापदण्डमा बहुपक्षीय जोखिमलाई आधार मान्ने जसमा बहु अपाङ्गता भएका महिला, वृद्ध, दलित, गरिब र सिमान्तकृत व्यक्तिहरू आदि ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- लाभान्वित समूह छनौटमा अपाङ्गतालाई एउटा मापदण्डको रूपमा लिने र निश्चित गर्ने की गरिब र महिला । वालिका अपाङ्गता भएका व्यक्तिहरू छनौटको मापदण्ड, कार्यक्रमको योजना र गरिने सहयोगमा नछुट्ने ।

**३. अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने प्रमुख वाधाहरू पहिचान गर्ने र ती वाधाहरूलाई हटाउने (प्रमुख वाधाहरू: सञ्चार, भौतिक, धारणागत् र नीतिगत):** अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न प्रकोपको बेलामा अझ धेरै वाधाहरू भोग्नु परेको हुन्छ । जसमा स्वास्थ्य, सरसफाइ, शिक्षा र जीविकोपार्जनका सेवाहरू प्राप्तिमा असजिलो नभएको अवस्था छ । यसको मुख्य कारणहरू हुन वातावरणीय र सामाजिक वाधाहरू, जसका उदाहरणहरू हुन, जस्तै: सार्वजनिक प्रणाली र स्थानहरू पहुँचयुक्त नहुनु, स्वास्थ्य कार्यकर्ता, स्वयंसेवकहरूमा अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूसँग गरिने सञ्चारको बारेमा पर्याप्त ज्ञान र क्षमता नहुनु, महङ्गो स्वास्थ्य उपचार र शिक्षा सेवाहरू, अपाङ्गता, जात, लिङ्ग र जनजातिको सामाजिक विभेदहरू आदि । यी वाधाहरूले अपाङ्गता भएका व्यक्तिहरूमा झन् धेरै जोखिमहरू थप्छन्, त्यसैले यी अवस्थाहरू पहिचान गर्नु र समयमै हटाउनु नै महत्वपूर्ण पक्ष हो जुन उपयुक्त अनुकूलता[६३] र सर्वमान्य संरचना[६४] को सिद्धान्तको आधारमा हटाउन सकिन्छ । विस्तृत जानकारीको लागि नेपाल सरकारको पहुँचयुक्त निर्देशिका[६५] हेर्नुहोला ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- कम्तीमा पनि वाधाहरू पहिचान गर्ने सवावेशी जाँचवुझ तरिका वा औजार सञ्चालन गर्ने उदाहरणको लागि पक्ष र सामाजिक नक्सांकनहरू जुन जीवन परिवर्तन र नियन्त्रण तथा पहुँच खेलहरूबाट गर्न सकिन्छ ।
- परियोजना, कार्यालय र क्लष्टरहरू पहुँचयुक्त बनाउन उपयुक्त अनुकूलता तरिकाको योजना र अभ्यास गर्ने र यसको अनुगमन गर्न केही नियम, निर्देशिका र नीतिको तयारी गर्ने । यसका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई सबल बनाउन आवश्यक

६३ अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा सम्पूर्ण मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग वा प्रयोगको सुनिश्चितता कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा, कुनै पनि असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिएको आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पछ (UNCRPD-page 9, last par)

६४ उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा ग्रहणशीलता विना सबै मानिसहरूले प्रयोग गर्न सक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरूको संरचना सम्झनु पर्छ । "सर्वमान्य संरचना" ले अपाङ्गता भएका व्यक्तिहरूको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई वाहेक गर्ने छैन (UNCRPD-page 10, 1st par)

६५ https://mowcsc.gov.np/uploads/uploads/YDtuLrhQdQoyA6nyzZ0Qvo0lJnHwmwQzrHs3gYyO.pdf

पर्ने सहायक सामग्रीहरू, अन्य आवश्यक साधन र विभिन्न थेरापीका सहयोगहरूको योजनाहरू पनि तयार गर्ने ।

- कार्यालय तथा विभिन्न बैठक, कार्यशाला गोष्ठीहरू, तालिम, राहत सामग्री वितरण स्थानहरू आदि कम्तीमा पनि अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वागत योग्य बनाउने (उदाहरणको लागि प्रबेषद्वार, चर्पी, खानेपानी धारा, बैठक कोठा आदि) र सो कार्यक्रम र स्थानहरूमा कम्तीमा २% अपाङ्गता भएका व्यक्तिहरू सहभागी भएको निश्चित गर्ने ।

### ३. सार्वजनिक सूचना र संदेशका सामग्रीहरू सम्माननजिक र सबै अपाङ्गता भएका व्यक्तिहरूले पढ्न र बुझ्न सकिने गरी तयार पार्ने ।

उक्त सामग्री स्पष्ट र ठूलो अक्षरमा छाप्ने, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले बुझ्ने चित्र सहितको र ब्रेल तथा संकेतमा निर्माण गर्ने, र सहायताको लागि दृष्टिविहिन संघ[६६] र बहिरा महासंघ[६७] मा सम्पर्क गर्न सकिन्छ । किनभने पहुँच नभएका सूचनाहरूबाट वहिरा, दृष्टि विहीन, बौद्धिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले रोकथाम र सहायताको मुख्य संदेशहरू थाहा नपाउन सक्छन् साथै वृद्ध तथा पहिलेदेखि नै स्वास्थ्य समस्या भएका अपाङ्गता भएका व्यक्तिहरू लाई अमर्यादित शब्दहरूको प्रयोगले अझ धेरै हीनताबोध ल्याउन सक्छ ।

सहायताको लागि यहाँ केही सामग्रीको लिंक दिएको छ ।

- कोभिड १९ सम्बन्धी सूचना भएका केही सजिला पोस्टरहरू[६८]
- पहुँचयुक्त ढाँचाहरू[६९] र कोभिड १९ सम्बन्धी केही अभियानका सूचनाहरू[७०]
- सजिलै पढ्न सकिने सूचना, पोस्टर र अक्षरहरू[७१]
- घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी केही अंग्रेजी सामग्रीहरू[७२]

---

६६ http://nawbnepal.org.np/about-us/

६७ https://www.facebook.com/naslinepal/, https://nadhnepal.weebly.com/interpreters.html

६८ https://www.chp.gov.hk/en/features/102786.html

६९ http://www.internationaldisabilityalliance.org/sites/default/files/covid19_accessibility_infographic.pdf

७० http://www.internationaldisabilityalliance.org/acessibility-campaign?fbclid=IwAR2GTsfPYwQsQjuzlfE1oCPRMmpygqQTsuZPuFc98V6BsRqPd0HcmLLypvE

७१ https://inclusionnorth.org/wp-content/uploads/2020/02/coronavirus-update-24.3.2020.pdf

७२ https://inclusionnorth.org/wp-content/uploads/2020/03/domestic-abuse-easy-Elisabeth-Winkler.pdf

- सजिला श्रव्य सामग्रीहरू[७३]

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- कम्तीमा पनि एक प्रकारको कोभिड १९ सम्बन्धी सूचना, शिक्षा र सञ्चारको सामग्री अपाङ्गता मैत्री हुनुपर्ने जुन श्रव्य वा ब्रेलमा होस् ।
- बहिरा व्यक्तिहरू सहभागिता भएको र उनीहरूको सहभागिताको लागि जन चेतनाका कृयाकलापमा साङ्केतिक भाषाको अनुवादकको व्यवस्था गर्नुपर्ने ।

५. आवश्यकता पहिचान, योजना निर्माण र सञ्चालनमा अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको समूह तथा संस्थाहरू सम्म पुग्ने, सहभागी गराउने र पैरवी एवं क्षमता अभिवृद्धि गरेर सहकार्य गर्ने । उनीहरूले गर्ने मुख्य भूमिकाहरू:

समुदाय कार्यक्रमको लागि सक्रिय योगदान

- अपाङ्गता समावेशिताको लागि सल्लाहकार
- अपाङ्गता समावेशीताको लागि स्थानीय सरोकारवालाहरू सँग पैरवी र सहकार्य, स्रोत परिचालन
- कार्यलाई दिगो पार्न, स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरूसँग साझेदारी
- अपाङ्गता भएका व्यक्तिहरूमा हुने पुर्वाग्राही, हीनताबोध, विभेद तथा गलत धारणाले उनीहरू स्वंम आफै निर्णय गर्ने र प्रतिवाद गर्नमा योगदान दिन सक्दैनन् र त्यसैले उनीहरू यसको असल उदाहरण हुन पनि गाह्रो हुन्छ । त्यसको लागि उनीहरूलाई सवलीकरण गर्नुपर्छ र अर्थपूर्ण समावेशिता र वकालतलाई दिगो गर्न सहकार्यलाई निरन्तरता दिनुपर्छ ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- अपाङ्गता भएका व्यक्तिहरूलाई सबल बनाउन र कार्यक्रमहरूमा सहभागी गर्न हीनताबोध हटाउने गोष्ठीहरू र आवश्यक सहायक सामग्रीहरूको योजना गर्ने ।
- स्थानीय रूपमा सञ्चालनमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको समिति, समूह, संजालहरूसँग (कम्तीमा पालिका मा १, वडामा १) कार्यक्रमहरू निर्माण गर्न र निर्णय गर्ने संरचनामा उनीहरूलाई सहभागी गर्न उनीहरूसँग समन्वय र सहकार्य गर्ने ।
- अपाङ्गता भएको व्यक्तिको विशिष्ठ मुख्य समस्या र विभिन्न प्रकोप को मध्यम र दीर्घकालीन प्रभावलाई सम्बोधन गर्न कम्तीमा एउटा अपाङ्गता भएका व्यक्तिहरूको संस्थासँग सहकार्य गर्नुहोस् र त्यस्ता संस्था र संजालहरूको क्षमता वृद्धि गर्ने ।

---

७३ https://inclusionnorth.org/our_work/coronavirus/

**६.** व्यक्तिगत सहायता र मनोसामाजिक सहयोगको निश्चितता गर्ने, खासगरी पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई जो वृद्ध र बौद्धिक तथा मनोसामाजिक समस्यामा रहेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सहायताको अवस्था अव्यवस्थित र पहुँचयुक्त नभएको घर, समुदाय, सामाजिक सहायता, सेवाहरूबाट अत्यधिकरूपमा प्रभावित हुन्छ जसले उनीहरूको दैनिक जीवनयापनका क्रियाकलापहरू (ADL[७४]) मा गम्भीरहरूले अप्ठ्याराहरू आउँछ । यसमा क्लष्टरले क्लष्टरका सबै कार्यक्रमका चरणहरूमा अतिरिक्त तालिम प्राप्त दक्ष व्यक्ति तथा स्वंमसेवकहरू संलग्नता गरेर योजना बनाउनु पर्छ र सहयोगी व्यक्तिहरू, सहयोगी सामग्रीहरू, परामर्श तथा आपत्कालिन औषधि उपचार सेवाहरूको व्यवस्था गर्नुपर्छ ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- मनोसामाजिक तथा मानसिक समस्या भएका र व्यक्तिगत सहायताको खाँचो परेका अपाङ्गता भएका व्यक्तिहरूको संख्या पहिचान गर्ने र उनीहरूको अवस्था के छ विश्लेषण गर्ने ।
- हीनतावोध हटाउन र परामर्शको सहायताको लागि गोष्ठीहरूको योजना गर्नुहोस् र कार्यक्रमहरूमा उनीहरूको प्रभावकारी सहभागिता गर्न सहयोगी व्यक्तिहरू, सहयोगी सामग्रीहरू तथा अपतकालिन औषधि उपचार सेवाहरूको व्यवस्था गर्ने ।
- केही त्यसता अपाङ्गता भएका व्यक्तिहरूलाई नमुनाको रूपमा दैनिक जीवनयापनका क्रियाकलापहरू आत्मनिर्भर भएर सामुदायिक क्रियाकलापहरूमा सहभागी भएको बनाउने ।

**७.** निश्चित गर्नुहोस् की सामुदायिक विकासका योजना र विभिन्न प्रकोप रोकथाम र प्रतिकार्य योजनाहरू अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताका लागि विशेष अधिकार सहित (योजना र बजेटमा) उद्देश्यमूलक भएको छ ।

सामान्यतया कार्यक्रम निर्माण गर्दा योजना र बजेटमा अपाङ्गता भएका व्यक्तिहरू छुट्ने गर्छन्, यो किन हुन्छ भने कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताको सुनिश्चित गर्न कार्यक्रममा विशेष विचार र उनीहरूलाई आवश्यक पर्ने अतिरिक्त सहयोगहरू व्यवस्था गरेको हुँदैनन् । त्यस कारण परियोजनाहरूले योजना र बजेटमा उनीहरूको विशेष आवश्यकताहरूको सम्बोधन गर्ने गरी उद्देश्यमूलक बनाउनुपर्छ । ती

७४ दैनिक जीवनका क्रियाकलापमा व्यक्ति आफैले आफ्नो दैनिक जीवनका स्वंम हेरचाहका क्रियाकलापहरू आफै गर्ने जस्तै लुगा लाउने, चर्पी जाने, व्यक्तिगत सरसफाई गर्ने, नुहाउने, खाना खाने र हिड्ने आदि । (https://en.wikipedia.org/wiki/Activities_of_daily_living)

परियोजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई एक पक्षमा आवश्यक पर्ने सहायक सामग्री र पुनर्स्थापना सहयोगहरूले सबल बनाउनु पर्छ भने अर्को पक्षमा राहत विवरण स्थानहरू, बैठक, गोष्ठी तथा सबै सञ्चारका माध्यमहरू सबै अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता मैत्री हुनुपर्छ ।

**कम्तीमा पुरा गर्नुपर्ने कार्यहरू:**

- निश्चित गर्नुहोस् की परियोजनाका योजना र बजेटहरूमा अपाङ्गता भएका व्यक्तिहरू लागि विशेष आवश्यकताका सहयोगहरू सम्बोधन गरिएका छन् त्यसको लागि योजना र बजेटमा कम्तीमा कुल बजेट र योजनाको ५% श्रोतहरू यी आवश्यकतालाई सम्बोधन गर्न छुट्टाउने । यो प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूको संख्याको आधारमा समानुपातिक रूपमा वृद्धि गर्ने ।
- सबै परियोजना र योजनाहरूका अनुगमन र मूल्याङ्कनका प्रकृया, तरिका र औजारहरूमा अपाङ्गता समावेशिताका सूचकहरू समावेश गर्ने । उदाहरणको लागि समूह क्षमता लेखाजोखा -Group Capacity Assessment), सहभागिमुलक संस्थागत प्राविधिक क्षमता लेखाजोखा -Participatory Organisational Technical Assessment (POTA), सहभागिमुलक संस्थागत स्वं मूल्याङ्कन -Participatory Organisational Self-Assessment (POSA) आदि ।

**विषयगत क्षेत्र वा क्लष्टरहरूको लागि केही विशिष्ट सिफारिसहरू:**

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| स्वास्थ्य | **विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:**<br>१. अपाङ्गता भएका प्रौढ व्यक्ति र बालबालिकाहरूको पुरानो रोग र अन्य श्वासप्रश्वास सम्बन्धी समस्याहरू पहिचान गर्ने जसमा पूर्ण र अति अशक्त वर्गका व्यक्ति र उनीहरूको परिवारहरूलाई मुख्यगरी समेट्ने। उनीहरूको आवश्यकताको र विविधताको आधारमा वर्गीकरण गर्ने जस्तैः महिला, पुरुष, वाल वालिका, वृद्ध, दलित र पछाडि पारिएका व्यक्तिहरू आदि। र उनीहरूको आवश्यकताको आधारमा उपयुक्त औषधि, सामग्री र साधनहरूको योजना गर्ने जस्तै मनोसामाजिक समस्या भएको व्यक्तिको लागि औषधि, ह्वीलचियर प्रयोगकर्ताको लागि क्याथ्टर र ह्वीलचियर आदि।<br>२. स्वास्थ्य सेवाहरूमा, ती स्वास्थ्य संस्थाहरूको स्थानहरूमा र सञ्चारको साधनहरूमा खासगरी अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्तता छ कि छैन सो को निश्चितता गर्ने, जस्तैः ओ. पी. डी., जेनरल वार्ड, उपचार केन्द्र र क्वारेनटाईन वा सेफ हाउस वा राहत सहयोग केन्द्रहरू साथ साथै प्रकोप र उदार सम्बन्धीका जन चेतनाका साधनहरू आदि।<br>३. विभेदीकरण, गरिबी र प्रकोप प्रभावित सबैप्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक पर्ने (सामाजिक, मनोसामाजिक, मानसिक, आध्यात्मिक र स्वास्थ्य सम्बन्धी) आपत्कालिन वा तत्कालीन तथा दीर्घकालीन आवश्यकता र पुनर्स्थापना रणनीति पहिचान गर्ने र कम्तीमा आपत्कालिन आवश्यकता जस्तै उपचार र आपत्कालिन प्रतिकार्यलाई तुरुन्त सम्बोधन गर्ने सहायताको निश्चित गर्ने।<br><br>**हुँदा राम्रो:**<br>१. निश्चित गर्नुहोस् की, पुनर्स्थापना केन्द्र, राहत वितरण केन्द्र र क्वारेन्टाईन जस्ता केन्द्रहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरू लाई आवश्यक पर्ने सरसफाइ, सुरक्षा र उपचारका सामग्रीहरू, साधनहरू राहत सहयोग स्वरूप उपलब्ध गराएको छ वा छैन, जस्तै आवश्यक सामग्रीहरूमा युरिन व्याग, क्याथट्र, डाईपर, सेनिटेरी प्याड, हातको पंजाहरू, मास्कहरू र हेमोफिलिया भएका व्यक्तिहरूको लागि औषधिहरू आदि।<br>२. निश्चित गर्नुहोस् की, छनौट गर्ने र जाँच गर्ने संरचना र केन्द्रहरू सबै अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त छन्। खासगरी उनीहरूको लागि जो ह्वीलचेयर, सेतो छडी, बैसाखी प्रयोगकर्ता र बहिरा छन्। पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई कोरोना जाँच गर्न र उपचार गर्न आउन आवश्यक पर्ने व्यक्तिगत सहायताको व्यवस्था गर्ने।<br>३. स्वास्थ्य कार्यकर्ताहरू जो अपाङ्गता भएका व्यक्तिहरूको उपचार र जाँच गर्न खटिएका छन् उनीहरूले अपाङ्गताको बारेमा पर्याप्त जानकारी पाएका छन् र अपाङ्गता भएका व्यक्तिहरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने तरिका जानेका छन् भन्ने सुनिश्चित गर्ने।<br>४. निश्चित गर्नुहोस् की, विभेदीकरण, गरिबी लगायत प्रकोप सम्बन्धी सबै जन चेतनाहरू अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारहरूको लागि पहुँचयुक्त छन्। त्यसता सामग्रीका केही उदाहरणहरू यहाँ लिंकमा हेर्नुहोस्।<br><br>क. संस्थाहरूको लागि सुझावहरू ख. स्वास्थ्य कार्यकर्ताहरूको लागि सुझावहरू ग. अपाङ्गता भएका व्यक्तिहरूको लागि सुझावहरू भाग १ र भाग २ खाद्य सुरक्षा। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **खाद्य सुरक्षा। जीविकोर्पाजन** | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. खाद्य र वासस्थानको लागि आपत्कालिन आवश्यकतामा रहेका खासगरी पूर्ण र अति अशक्त वर्गका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारहरूको संख्या पहिचान गर्ने र उनीहरूको तत्कालीन र दीर्घकालीन आवश्यकताको विवरण बनाउने।<br>२. प्राथमिक, माध्यामिक र केन्द्रीय तहका खाद्यान्नका स्रोतहरू पहिचान गर्ने र उनीहरूले बेच्न सक्ने सीप र खाद्यान्न कसरी व्यवस्था गरेका छन् सो पहिचान गर्ने।<br>३. निश्चित गर्नुहोस् की, सीपमुलक तालिम र जीविकोपार्जनका सहयोगहरू अपाता भएका व्यक्तिहरूका लागि समावेशीपूर्ण रूपले योजना गरिएका छन्। यो सहयोगमा पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू जो महिला, दलित, वृद्ध, गर्भवती महिलाहरू छन् उनीहरूलाई प्राथमिकता दिने।<br>४. जीविकोपार्जन सहयोग र खाद्य सहयोग गर्ने टोलीले कम्तीमा १ जना साङ्केतिक भाषा अनुवादक र तालिम प्राप्त सहयोगी खासगरी पूर्ण र अति अशक्त वर्गका लागि व्यवस्था गर्नुपर्ने छ। र aखाद्य तथा राहत विवरण स्थानहरू लगायत जिविकार्पान सम्बन्धी छलफल वा जाँचबुझमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि कम्तीमा ह्वीलचियर प्रयोगकर्ताको लागि पहुँचयुक्त हुने बनाउने।<br>५. सबै अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने खाद्यका प्याकेज नेपाल सरकारको निर्देशिका अनुसार पर्याप्त गर्न र सामाजिक तथा सञ्चारको वाधा विना नै सम्मानजनकरूपमा प्राप्त गराउन पैरवी गर्ने।<br><br>हुँदा राम्रोः<br>१. अति आवश्यक र प्रकोपको अवस्थामा बाँच्नका लागि नगद कारोबार गर्नलाई आवश्यक पर्ने व्यक्तिहरू पहिचान गर्न तीव्र जाँचबुझका औजारहरू प्रयोग गर्ने। बन्दाबन्दीको वेलामा यसलाई कसरी व्यवस्था गर्ने भन्ने वारे वुझन अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारसँग नै छलफल गर्ने। मोवाईलका एप प्रयोग गर्ने, र अन्य पहुँचयुक्त तरिका प्रयोग गर्न बैकहरूसँग सहमति गर्ने।<br>२. पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारको पुनर्स्थापना, रिकभरी र दीर्घकालीन आवश्यकताहरू र बहुपक्षीय जोखिमहरू कसरी समावेश गर्न सकिन्छ विश्लेषण गर्ने र निश्चित हुने। स्थानीय तहमा पाईने जीविकोपार्जनका वैकल्पिक माध्यमहरू र कहाँबाट पाइन्छन् त्यसको विवरण बनाउने।<br>३. अपाङ्गता भएका व्यक्तिहरूले वुझ्न सकिने खालको खाद्य र जीविकोपार्जन कार्यक्रम सँग सम्बन्धित क्याटलगहरू पहुँचयुक्त बनाउन सहजीकरण गर्ने। जस्तै संकेत, श्रव्य र भिडियो आदि।<br>४. अपाङ्गता भएका व्यक्तिहरूलाई दिने सुरक्षा भत्ता सकेसम्म तीन महिना अगाडि नै दिने व्यवस्थाको लागि वकालत गर्ने जसले उनीहरूको जीविकोपार्जन र आर्थिक संकट बढ्न दिँदैन। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **शिक्षा** | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. विभेदीकरण, गरिबी र विभिन्न प्रकोपको कारणले विद्यालय जान नसकेका अपाङ्गता भएका बालबालिकाहरूको संख्या पहिचान गर्ने। ती बालबालिकाहरू र विद्यालयहरूको तत्कालीन र दीर्घकालीन आवश्यकताहरूको विवरण राख्ने। घरमै सिक्ने शिक्षण सिकाइका वैकल्पिक उपायहरू र त्यसको लागि आवश्यक पर्ने सामग्री र सहयोग गर्ने सरोकारवालाहरू पहिचान गर्ने।<br>२. विभिन्न समस्या र प्रकोपबाट प्रभावित श्रोत विद्यालयहरू (दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको) तथा अन्य विद्यालयहरूको अवस्था पहिचान गर्ने र उनीहरूको तत्कालीन र दीर्घकालीन आवश्यकताहरू पहिचान गर्ने। उनीहरूलाई तत्काल आवश्यक पर्ने आधारभूत सामग्रीहरू जस्तै पहुँचयुक्त शैक्षिक तथा सहायक सामग्रीहरू जस्तैः सरसफाइका सामग्रीहरू, साबुन, प्याड, स्यानिटाईजर, खाद्य, स्टेशनरी, पोसाक, र सामग्रीमा आवर्तक शिसा, श्रवण यन्त्र, सेतो छडी, बैसाखी, ब्रेल कागज, स्टाईलस आदि। यी सामग्रीहरू कहाँ पाइन्छन् पहिचान गर्ने र वकालत गर्ने। यसको लागि माथि ४ नं. (पेज ४) मा उल्लिखित संस्थामा सम्पर्क गर्ने। महत् पुर्ण कुरा, यी सबै सहयोगहरूबाट अपाङ्गता भएका बालबालिकाहरू समान रूपमा लाभान्वित भएका छन् भनी निश्चित गर्ने।<br>३. अपाङ्गता भएका बालबालिकाहरू र शिक्षकहरूले समावेशीकरण, प्रकोप र विभेदिकरणको बारेमा पहुँचयुक्त ढाँचामा खासगरी श्रव्य र ब्रेल मा ठीक सूचना र संदेश पाएको निश्चित गर्न सहयोग गर्ने। के उनीहरूले श्रोत विद्यालयहरूमा समेत कोभिड १९ रोकथामका उपायहरू राम्रोसँग लागू गरेका छन् ?, के घरमा र विद्यालयमा, विद्यालय खुलेपछि पनि ती बालबालिकाहरू र उनीहरूका अभिभावकहरू ले परामर्शको सहयोग पाएका छन् भनी निश्चित गर्ने।<br><br>हुँदा राम्रोः<br>१. अपाङ्गता भएका बालबालिकाहरू पहुँचयुक्त वैकल्पिक शिक्षण सिकाइमा सहभागी भएको निश्चित गर्ने। के सञ्चालन गरिएका दूर शिक्षा सिकाई सेवा, रेडियोद्वारा शिक्षण तथा भर्चिओल कक्षाहरू उपयुक्त र पहुँचयुक्त छन्<br>२. अपाङ्गता भएका वालवालिकाहरूको लागि आवश्यक गर्ने समोवशी शैक्षिक सामग्रीहरू, पोसाक तथा अन्य शर्तविहिन आर्थिक सहयोगको पहुँचको लागि वकालत गर्ने र दूर शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक पर्ने सामग्रीहरू सहयोग गर्ने।<br>३. त्यसता अपाङ्गता भएका बालबालिकाहरू पहिचान गर्ने जो घरमा वा विद्यालयमा हिंसा, दुर्व्यवहार भोगेका छन् र मनोसामाजिक समस्यासँग मिल्ने अस्वाभाविक व्यवहार देखाउँछन्। यसको खास कारण र अवस्था पहिचान गर्न विद्यालय, अभिभावक र अन्य सरोकारवालाहरू सँग समन्वय गर्ने र यो समाधान गर्न योजना बनाउने। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **वास** (WASH) | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. वास सँग सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारहरूको आवश्यकता पहिचान गर्ने जस्तै के अपाङ्गता भएका व्यक्तिहरूले कम्तीमा पनि आधारभूत रूपमा आवश्यक पर्ने सरसफाइ र सुरक्षाको सामग्रीहरू पाएका छन् ? यसमा पनि खासगरी दलित, महिला, वाल वालिका र वृद्ध अवस्थाका पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको अवस्था कस्तो छ त्यो पहिचान गर्ने।<br>२. ती सबै विभेदीकरण, गरिबी र विभिन्न प्रकोपको जोखिममा परेका व्यक्तिहरूलाई आधरभूतरूपमा आवश्यक पर्ने स्वास्थ्यसँग सम्बन्धित सबै सरसफाइका सामग्रीहरू जस्तै सावुन, हात धुने स्यानिटाईजर, प्याड, डाईपर आदि पहुँचयुक्त र किफायती छन् भनी निश्चित गर्ने। के ती सामग्रीहरू स्थानीय स्वास्थ्य चौकी, आईसोलेशन कक्ष, क्वारेन्टाईन केन्द्र र स्थानीय स्तरका अस्पतालहरूमा सजिलै पाइन्छन् वा पाईदैनन् निश्चित गर्ने।<br>३. घर तथा सार्वजनिक स्थलहरूमा रहेका सबै आधारभूत सरसफाइका माध्यमहरूमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने गरेका वाधाहरू पहिचान गर्ने। त्यसमा हात सफा गर्ने वेसिन, सिंक, धारा, चर्पीहरू समस्यामा परेका वा प्रकोप जोखिममा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त छन् कि छैनन् सो निश्चित गर्ने।<br>४. अपाङ्गता भएका व्यक्तिहरू खासगरी पूर्ण र अति अशक्त वर्गका लागि राहत वितरण केन्द्र, आय आर्जनको बारेमा छलफल हुने केन्द्रहरू क्वारेन्टाईन, आईसोलेसन र ल्याव केन्द्रहरू, र त्यहाँ रहेका हात धुने स्थान, चर्पीहरू र दिने सेवाहरू सबै पहुँचयुक्त बनाउन पहल गर्ने र कम्तीमा पनि ह्वीलचियर प्रयोगकर्ताको लागि पहुँचयुक्त बनाउन वकालत गर्ने।<br><br>हुँदा राम्रोः<br>१. अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारहरूको मुख्य तत्कालीन र दीर्घकालीन आवश्यकताहरू पहिचान गर्ने र यो कोभिड १९ को अवस्थामा ती आवश्यकताहरू कम्तीमा पनि आधारभूत रूपमा संवोधन गर्न योजना बनाउने। यसका लागि आवश्यक श्रोत र सम्बन्धित सरोकारवालाहरू पहिचान गर्ने र बनाएका योजनालाई सवावेशी बनाउने।<br>२. सबै वास सँग सम्बन्धित सूचनाहरू अपाङ्गता समावेशी बनाउने, त्यसको मतलब सबै प्रकारका अपाङ्गता भएका व्यक्तहरू खासगरी बौद्धिक र मनोसामाजिक समस्या भएका व्यक्तिहरूले पनि सजिलै बुझ्ने र पढ्न सक्ने हुनुपर्छ र सजिलै साङ्केतिक भाषामा अनुवाद गर्न सकिने हुनुपर्छ। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **सुरक्षा र संरक्षण** | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. निश्चित गर्नुपर्ने हुन्छ कि, अति जोखिममा परेका खासगरी महिला, वाल वालिका, वृद्ध पूर्ण र अति अशक्त वर्गका अपाङ्गता भएका व्यक्तिहरू पहिचान गरिएका छन् वा छैनन्। तिनिहरू कहाँ छन् त्यसको आधिकारिक र विस्तृत विवरण राख्ने र निश्चित गर्ने कि, उनीहरूसम्म पुग्नलाई सुरक्षाका आवश्यक सूचनाहरू, नीतिहरू, प्रकृयाहरू र तरिकाहरू योजना र प्रयोग गरिएको छ।<br>२. के ती अपाङ्गता भएका व्यक्तिहरूले सुरक्षाको विषयमा आफ्ना सवालहरू जस्तैः भौतिक सुरक्षा, यौन शोषण र दुर्व्यवहार, व्यक्तिगत सहायता, आपत्कालिनका औषधिहरू र गोपनीयता आदिको बारेमा आवाज उठाउने अवसर छ, ? यसको लागि सहयोग गर्ने र यो निश्चित गर्ने।<br>३. निश्चित गर्ने की, योजना गरिएका कार्यक्रमहरूमा सुरक्षाका सवालहरू राम्ररी जाँचबुझ गरिएको छ र यसका लागि आवश्यक उपयुक्त उपायहरूको पनि योजना गरिएको छ जसमा अपाङ्गता भएका बालबालिकाहरू लाइ यो समावेशीकरण, गरिबी निवारण र प्रकोप व्यवस्थापन तथा रिकभरी को कार्यक्रमले कुनै हानी गरेको हुनेछैन।<br>४. के तयार गरिएका जाँचबुझ प्रकृयाहरू, यसको औजारहरू, सुचना र संदेशहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा छन् ? के सुरक्षा सम्बन्धित सुचनाहरूमा संकेतहरू प्रयोग गरेर बुझ्न सकिने ढाँचामा राखिएको छ र के आपत्कालिनका सूचनाहरू जस्तै सार्वजनिक फोन र हटलाईन नम्बरहरू पालिका र वडाहरूले उपलब्ध गराएको छ ?<br><br>हुँदा राम्रोः<br>१. निश्चित गर्ने की, अपाङ्गता भएका व्यक्तिहरूको जोखिमहरू विविध पक्षमा जाँचबुझ र विश्लेषण गरिएको छ जस्तै जाति, जनजाति, महिला, लिङ्ग, उमेर, वर्ग, धर्म तथा भौगोलिक आदि, र उनीहरूको लागि विभिन्न प्रकोप विरुद्धको योजनामा तत्कालीन र दीर्घकालीन योजनाहरू निर्माण गरिएको छ। उनीहरूका मुख्य सवालहरू जस्तैः वेचविखनको जोखिम, अपाङ्गता भएका महिलामा भएको हिंसा, वाल दुर्व्यवहार, बेवास्ता र बहिष्करण, मानसिक तथा मनोसामाजिक समस्याहरू आदि कार्यक्रमहरूमा सम्बोधन गरिएको छ।<br>२. कार्यक्रम निर्माण र कार्यान्वयनको वेलामा अपाङ्गता भएका व्यक्तिहरूमा आउन सक्ने सम्भावित द्धन्द र धम्कीहरू पहिचान गर्ने र त्यसको लागि सम्बन्धित औजारहरू र तरिकाहरू प्रयोग गरेर समाधान गर्ने।<br>३. निश्चित गर्ने कि, अपाङ्गता भएका व्यक्ति र उनीहरूको परिवारहरूको तत्कालीन र दीर्घकालीन प्रभावहरू सम्बोधन गर्ने खालका योजनाहरू निर्माण गरिएका छन्।<br>४. निश्चित गर्ने कि, अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो सुरक्षाको सवालहरू सहज रुपमा छलफल र पृष्ठपोषण संयन्त्रमा राख्न सक्छन् र सम्बन्धित निकायमा उजुरी दिन पनि सक्छन्। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **सर्वाङ्गीण विकास** | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. सामुदायिक विकास, समावेशीकरण र प्रकोप व्यवस्थापनमा कार्य गर्न इच्छुक धार्मिक आस्थाका समूहहरू र मण्डलीहरूको संख्या, तथा त्यहाँ आबद्ध भएका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवारको विस्तृत विवरण जस्तै पुरुष, महिला, वाल वालिका, अपाङ्गता को प्रकार र पूर्ण वा अति अशक्त हो त्यसको वर्ग साथसाथै उनीहरूको अवस्था समेत पहिचान गर्ने। ती समूह र मण्डलीहरूलाई अवस्था पहिचान गर्न समावेशी तरिकाहरू दिएर सहजीकरण गर्ने। त्यसको लागि पहुँच र नियन्त्रण, जीवन परिवर्तन जस्ता खेलहरू केही उदाहरण हुन्।<br>२. ती समूह र मण्डलीहरूले सामुदायिक विकास, प्रकोप व्यवस्थापन र अपाङ्गता समावेशीको बारेमा ठीक बुझाई गरेको निश्चित गर्न सहजीकरण गर्ने र समुदायमा समावेशी छलफल चलाउन सहजीकरण गर्ने।<br>३. जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूले सामुदायिक विकास, समावेशीकरण र प्रकोप व्यवस्थापन को बारेमा पहुँचयुक्त सूचनाका माध्यमबाट ठीक सूचना पाएको निश्चित गर्ने, जसमा जन चेतनाका सामग्रीहरू र त्यहाँ हुने गरेका बैठक, गोष्ठी आदि लाई अपाङ्गता मैत्री, पहुँचयुक्त र समावेशी बनाउने।<br><br>हुँदा राम्रोः<br>१. ती समूह र मण्डलीहरूलाई समावेशी र कार्यक्रम केन्द्रित तत्कालीन र दीर्घकालीन योजना। रणनीतिहरू निर्माण गर्न सहजीकरण गर्ने र अगाडि ती योजना तथा रणनीतिहरू कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशिताको निश्चितता गर्ने।<br>२. ती समूह र मण्डलीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक पर्ने सरसफाइका सामग्रीहरू, औषधि, उपकरण र सहायक सामग्रीहरू प्राप्त गर्न सहजीकरण गर्ने। ती कहाँ पाइन्छन् सूचनाहरू उपलब्ध गराउने र ती संस्थाहरूसँग समन्वय गर्न पनि सहजीकरण गर्ने।<br>३. ती समूह र मण्डलीहरूलाई अपाङ्गता भएका व्यक्तहरूको सुरक्षा सुनिश्चित गर्न सहजीकरण गर्ने। जसको लागि मुख्यगरी ती समूहहरूको भौतिक संरचनाहरू जस्तै धारा, चर्पी, प्रवेशद्वारा, खेल मैदान कोठाहरू आदि पहुँचयुक्त बनाउन सहजीकरण गर्ने।<br>४. ती समूह र मण्डलीहरूलाई उनीहरूको वातावरणहरू (जस्तैः धारणा, भौतिक संरचना, सञ्चार माध्यम र तौरतरिकाहरू) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त बनाउन र त्यसको लागि उपयुक्त कार्य गर्न क्षमता विकास गर्नलाई सहजीकरण गर्ने। |

| विषयगत क्षेत्रहरू | सबै क्षेत्रहरूका लागि गरिएका विशिष्ट सिफारिसहरू |
|---|---|
| **सुशासन** | विशेष प्राथमिकताका साथ गर्नुपर्ने कार्यहरू:<br>१. निश्चित गर्ने की, अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूको परिवारहरू, समूह, समिति, संजाल र संस्थाहरू सँग यो अपाङ्गता समावेशीकरण, सामुदायिक विकास तथा प्रकोप व्यवस्थापन र प्रतिकार्यको योजना निर्माण, कार्यान्वयन, अनुगमन। मूल्याङ्कन प्रकृयाहरूमा कम्तीमा पनि परामर्श र सरसल्लाह गरिएका छन्। यस क्रममा ती व्यक्तिहरू र समुहहरूलाई विविध बैठक, अन्तरक्रिया, अन्तर्वार्ताहरू र पृष्ठपोषणका संयन्त्रहरूमा समावेश हुनका लागि सहजीकरण गर्ने र त्यहाँको वातावरण सबै अपाङ्गता भएको व्यक्तिहरूको लागि पहुँचयुक्त बनाउन सहयोग गर्ने।<br>२. लाभान्वित समूह छनौट संयन्त्र समावेशी भएको र लाभान्वित समूहहरू समताको आधारमा छनौट गरिएको निश्चित गर्ने। सबै सिमान्तकृत अपाङ्गता भएका व्यक्तिहरू अन्य अपाङ्गता नभएका व्यक्ति सरह लाभान्वित गर्न र अनुगमन तथा मूल्याङ्कनका तारिका तथा औजारहरू समावेशी बनाउन सहजीकरण गर्ने।<br>३. सामुदायिक विकास, अपाङ्गता समावेशीकरण र प्रकोप व्यवस्थापन र प्रतिकार्य योजनाहरू, चाहे त्यो राहत होस वा रिकोभरी सबैले सबै प्रकृयाहरूमा सरकार र यू.एम.एन.का नीति तथा निर्देशिकाहरू पालना गरेको निश्चित गर्ने। साझेदारी संस्था र समुदायहरूलाई सम्बन्धित सबै नीति तथा निर्देशिकाहरू थाहा पाएको र समावेशी प्रकोप प्रतिकार्यका लागि यो लागू गर्न पर्याप्त क्षमता भएको निश्चित गर्ने।<br><br>हुँदा राम्रोः<br>१. कुनैपनि कार्यक्रमहरू (चाहे पूर्व तयारी होस वा प्रतिकार्य होस) जुन सिमान्तकृत समूहहरूको लागि व्यवस्था गरिएको हुन्छ सबै अपाङ्गता मैत्री हुनुपर्छ। उदाहरणको लागि नगद वितरण कार्य सबै अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त नहुनु सक्छ किनभने उनीहरू रहेको वातावरण आवश्यक सामग्री किन्नको लागि अपाङ्गता मैत्री नहुन पनि सक्छ, त्यस कारण अपाङ्गताको प्रकार र अवस्था हेरी भौतिक दूरी कायम गरी आवश्यक पर्ने सामग्री नै उपलब्ध गराउनु राम्रो हुन्छ।<br>२. सबै सञ्चारका माध्यमहरू (चाहे त्यो जुनसुकै मिडिया होस वा डिजिटल) र स्थानहरू अपाङ्गता मैत्री र पहुँचयुक्त हुनुपर्छ, जस्तैः छलफल र समाचार वाचनमा साङ्केतिक भाषाको प्रयोग गर्ने, ठूलो र धेरै स्पष्ट अक्षरको प्रयोग गर्ने, सूचना ब्रेलमा निर्माण गर्ने, अतिरिक्त फोन सेटको प्रयोग गर्ने, राहत सामग्री बाँड्ने स्थान, बैठक र तालिम गर्ने हल पहुँचयुक्त बनाउने आदि। सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू विभिन्न प्रकोपहरू र विकासको बारेमा ठीक सूचना प्राप्त गर्न समान रूपमा सहभागिता भएको निश्चित गर्ने।<br>३. कार्यक्रमहरूमा र संस्थामा गुनासो राख्ने रजिस्टरहरू तथा तत्काल सहायता उपलब्ध गराउने संयन्त्रहरू समावेशी तथा पहुँचयुक्त बनाउने।<br>४. स्थानीय तहको संरचनाहरूमा जस्तै उपभोक्ता समितिहरू, राहत वितरण समितिहरू, प्रकोप व्यवस्थापन समितिहरू आदिमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व भएको निश्चितता गर्ने।<br>५. स्थानीय तहले आगामी योजना र बजेटहरूमा स्थानीय तहका संरचनाहरू अपाङ्गता मैत्री निर्माण गर्ने कार्य प्राथमिकतामा ल्याउन सहजीकरण गर्ने, विशेषगरी अस्पताल, क्वारेन्टाईन केन्द्रहरू निर्माणको कार्यमा। |

**सन्दर्भ सामाग्रीहरू:**


१. संयुक्त राष्ट्र संघको अपाङ्गता भएको व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि र स्वैच्छिक प्रोटोकल

२. यू एन को अपाङ्गता भएको व्यक्तिको लागि कोभिड १९ प्रतिकार्य विचार डकुमेन्ट[७५]

३. विश्व अपाङ्गता प्रतिवेदन २०११[७६]

४. यू. एन. कोभिड १९ अपाङ्गता संक्षेपिकृत डकुमेन्र्टः कोभिड १९ को महामारीमा अपाङ्गता विचार[७७]

५. अन्तरराष्ट्रिय अपाङ्गता एलाईन्सको सिफारिस डकुमेण्ट[७८]

६. राष्ट्रिय अपाङ्ग महासंघको तीव्र जाँचवुझ प्रतिवेदन[७९]

७. अपाङ्ग अधिकार ऐन २०७४[८०]

८. सी. वी. एम. द्वारा तयार पारिएको अपाङ्गता समावेशिता औजार वाकस[८१]

९. यू.एम.एन.को अपाङ्गता समावेशीकरण एवं पहुँययूक्त नीति


---

७५ https://www.unicef.org/disabilities/files/COVID-19_response_considerations_for_people_with_disabilities_190320.pdf

७६ http://documents1.worldbank.org/curated/en/665131468331271288/pdf/627830WP0World00PUBLIC00BOX361491B0.pdf

७७ http://www.escif.org/files/covid-19-disability-briefing.pdf

७८ http://www.internationaldisabilityalliance.org/sites/default/files/ida_recommendations_for_disability-inclusive_covid19_response_final.pdf

७९ https://nfdn.org.np/wp-content/uploads/2020/05/COVID-19-Disability-NFDN-Rappid-Assessment-Final-Report-accessible-version.pdf -page 4, 3-5 points

८० https://mowcsc.gov.np/uploads/uploads/tHSGLy1KhH2GTyEYqM4Ugj2p6IUkeNU5t4ruOGPU.pdf

८१ https://www.cbm.org/fileadmin/user_upload/Publications/CBM-DID-TOOLKIT-accessible.pdf

# अनुसूचि १: अपाङ्गता समावेशीकरण लेखाजोखा फाराम

**उद्देश्य:** परियोजना, कार्यक्रम र संस्थाहरूमा अपाङ्गता समावेशिता भएको निश्चित गर्न यू.एम.एन.का क्लष्टरहरू, साझेदारी संस्थाहरू र समुदायहरूलाई सहजीकरण गर्ने ।

**कसले गर्ने**: सम्बन्धित संस्था स्वंम आफैले गर्ने, आवश्यकताको आधारमा यू.एम.एन. वा अन्य संस्थाको सहजिकरण सहयोग लिन सकिने वा निश्चितताको लागि अन्य विषयगत विज्ञको उपस्थिति र सहजिकरण सहयोग लिने ।

**कसरी गर्ने**: छलफल गर्दै, हो वा होइन, भएको छ वा छैन भन्ने उदाहरण र प्रमाण सहित र दुबिधा भए विज्ञको सहयोग लिएर र बहुमतको आधारमा स्कोर दिने र उपलब्ध प्रमाणहरू राख्ने । विशेष गरी यदि अवस्था हरियो कोलममा भए अनिवार्य प्रमाण उल्लेख गर्ने ।

**कहिले गर्ने**: वर्षमा १ पटक, वर्षको अन्तमा

**कहाँ गर्ने**: संस्थाको कार्यालय

**को को सहभागी हुने**: संस्थाको अध्यक्ष, अपाङ्गता समावेशीकरण फोकल व्यक्ति, परियोजना संयोजक वा प्रमुखहरू लगायत बहुमतमा कर्मचारीहरू, आवश्यकताको आधारमा समुदायको मुख्य सरोकारवालाहरू विशेषगरी अपाङ्गता भएका अगुवा व्यक्तिहरू आमन्त्रण गर्न सकिनेछ ।

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| क परियोजनाका चरणहरू परियोजना १ | | | | | | | | |
| आवश्यकता पहिचान | | | | | | | | |
| १ | परियोजनाका टोलीले यो यू.एम.एन.को अपाङ्गता समावेशीता निर्देशिकाको बारेमा अभिमुखीकरण वा तालिम पाएका छन् ? | | | | | | | |
| २ | परियोजनाले अपाङ्गता भएको व्यक्तिको आवश्यकता पहिचान गर्न अपाङ्गता भएका व्यक्तिहरू लाइ सहभागी गराएको छ ? (समावेशी आवश्यकता लेखाजोखा सञ्चालन गरेर) | | | | | | | |
| ३ | छनौट गरिएका औजारहरूको प्रश्नहरू सबै तहका लेखाजोखामा सबै प्रकारका अपाङ्गता भएका व्यक्तहरूको लागि पहुँचयुक्त र बुझ्न सकिने खालका छन ? | | | | | | | |
| | मुख्य सूचना प्रवाह गर्ने व्यक्ति सँगको कुराकानी KII | | | | | | | |
| | सामूहिक छलफलहरू | | | | | | | |
| | सामाजिक नक्साकन | | | | | | | |
| | आधारभूत सर्वेक्षण | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ४ | परियोजनाले अपाङ्गता भएको व्यक्तिको अवस्था पहिचान गर्न र विस्तृत तथ्याङ्क राख्न लेखाजोखाका प्रश्नहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूको परिवार, समूह वा समितिलाई नै प्रत्यक्षहरूमा सोधेको छ ? | | | | | | | |
| ५ | परियोजना निर्माण गर्नु भन्दा अगाडी अपाङ्गता भएका व्यक्तिहरूको छुट्टाछुट्टै तथ्याङ्क राखेको छ ?(जस्तै, अपाङ्गता को किसिम र प्रकार, पुरुष, महिला ,दलित, ज्येष्ठ नागरिक , जात जाति, र स्थानीय अल्पसंख्यक समूह आदि) | | | | | | | |
| ६ | परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूले सामना गरेका मुख्य अवरोधहरू पहिचान र विश्लेषण गरेको छ? जस्तैः | | | | | | | |
| | भौतिक अवरोधहरू | | | | | | | |
| | सञ्चारका अवरोधहरू | | | | | | | |
| | धारणागत अवरोधहरू | | | | | | | |
| | भौतिक नीतिगत वा संस्थागत अवरोधहरू | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ७ | परियोजनाले अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट, तत्काल र दीर्घकालीन आवश्यकताहरू पहिचान र दस्तावेज करण गरेको छ? | | | | | | | |
| परियोजना निर्माण | | | | | | | | |
| १ | परियोजना लाभ ग्राही छनौट मापदण्डमा अपाङ्गता भएका व्यक्ति र दलितलाई मुख्य मापदण्डको रूपमा समावेश गरेको छ? | | | | | | | |
| २ | परियोजनाका लाभ ग्राहीहरूको संख्यामा अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण संख्या समावेश गरेको छ? | | | | | | | |
| ३ | परियोजनाको मुख्य योजना र त्यसको सूचकहरूमा सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरूको सवालहरूलाई समाबेश गरिएका छन् ? (जसमा गम्भीर र अति असक्त अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिईएको छ ? | | | | | | | |
| ४ | परियोजनाले अपाङ्गता भएका व्यक्ति र तिनिहरूको समूह र संस्थाहरूलाई परियोजना निर्माण गर्ने वेला सहभागी गरेको छ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ५ | परियोजनाको योजनाले अपाङ्गता भएका व्यक्तिहरूको बिशेष आवश्यकताहरू सम्बोधन गरेको छ ? (जस्तैः चिकित्सकिए पुनर्स्थापना, सहायक सामग्री, गमनशिल तालिम, मनोसामाजिक र सिकाई सम्बन्धी समस्या भएका को लागि सहयोग, आदि) | | | | | | | |
| ६ | परियोजनाले अपाङ्गता भएका व्यक्तिका अधिकार र सुविधाहरूको बारेमाउनीहरूलाई सचेत गराउने कुरा सुनिश्चित गर्दछ? | | | | | | | |
| ७ | परियोजनाले समुदाय लेखाजोखाको समयमा पहिचान गरिएका प्रमुख अवरोधहरू योजनाहरूमा सम्बोधन गरेको छ? | | | | | | | |
| | भौतिक अवरोधहरू | | | | | | | |
| | सञ्चारका अवरोधहरू | | | | | | | |
| | धारणागत अवरोधहरू | | | | | | | |
| | भौतिक नीतिगत वा संस्थागतअवरोधहरू | | | | | | | |
| परियोजना कार्यान्वयन | | | | | | | | |
| १ | परियोजनाका क्रियाकलापहरू कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरूको समाबेशिता र सहभागिता निश्चित गर्ने औजारहरू प्रयोग गरिएको छ ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| २ | के सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता समाबेसी सम्बन्धीका सूचना,सामग्रीहरू र सञ्चार गर्ने माध्यमहरू पहुचयोग्य छन्? | | | | | | | |
| ३ | अपाङ्गता भएका व्यक्ति लाभग्राहीहरू परियोजनाले सञ्चालन गरेका सबै अन्तरक्रिया र छलफलमा सहभागी हुनसक्छ? (जस्तैः तालिम, कार्यशाला, सभावा भेला आदि) | | | | | | | |
| ४ | अपाङ्गता भएका व्यक्तिहरूले अरू साङ्ग व्यक्ति सरह कुनैपनि प्रकोपको बेलामा पनि आवश्यक पुनर्स्थापनाका सहयोग, सहयोगी सामाग्री र त्यसको प्रयोग बारेको तालिम पाइरहेका छन? | | | | | | | |
| ५ | अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारहरू परियोजना लागू भएको क्षेत्रका समूह वा संजालहरूमा सदस्य वा कुनै मुख्य मापदण्ड मा छन्? | | | | | | | |
| ६ | परियोजनाले क्रियाकलापहरू सञ्चालन गर्दा सम्मान जनक शब्दावली प्रयोग गर्न र व्यवहार गर्न अभ्यास तथा उत्प्रेरणा दिने गरेको छ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ७ | परियोजनामा अपाङ्गता भएका व्यक्तिहरूले साङ्ग व्यक्तिहरूले जस्तै समान रूपमा शारीरिक तथा भौतिक सहयोगहरू प्राप्त गरेका छन् ? | | | | | | | |
| | भौतिक सहयोग (जस्तैः पहुचयुक्त (अपाङ्गमैत्री) वातावरण बनाउनको लागि बिद्यालय, स्वस्थ चौकी, शौचालय, खानेपानी आदिलाई गरिने सहयोग) | | | | | | | |
| | जिबिकापर्जनका सहयोगहरू | | | | | | | |
| | उपचार र स्वास्थ्य सेवाहरू | | | | | | | |
| | शैक्षिक सामग्रीहरूको सहयोगहरू | | | | | | | |
| | राहत र सरसफाई सम्बन्धी सामग्रीहरू | | | | | | | |
| अनुगमन तथा मुल्यांकन | | | | | | | | |
| १ | परियोजनाका सूचकहरू अनुसारको अनुगमन र मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्तिहरूको समाबेशिता हुन्छ?(त्यसको लागि परियोजना मा आवश्यक औजारहरूको योजना गरिएको छ ?) | | | | | | | |
| २ | परियोजना अनुगमन तथा मुल्यांकन समितिवा सो अनुसारको संयन्त्रमा अपाङ्गता समावेशीकरणको बारेमा एजण्डाकै रूपमा कुरा हुन्छ ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ३ | अनुगमन तथा मूल्यकन विधिहरू र त्यसका औजारहरू समाबेसी छन्? | | | | | | | |
| | समुदायमा रहेका समूह वा समितिका प्रगति जाँचबुझ औजारहरू जस्तैः समूह क्षमता लेखाजोखा | | | | | | | |
| | संस्थागत प्राविधिक क्षमता लेखाजोखा जस्तैः POTA, POSA | | | | | | | |
| ४ | परियोजनाका कर्मचारीले अपाङ्गता भएका व्यक्ति लाभग्राहिहरूको विस्तृत तथ्याङ्कहरू अद्यावधिक गर्ने गरेका छन्? (जस्तैः अपाङ्गताको प्रकार, अपाङ्गता भएका दलित, महिला, वालिका, बृध, अल्पसंख्यक र जनजाति समुदायहरू । | | | | | | | |
| ५ | परियोजनाले निरन्तर रूपमा अपाङ्गता समाबेसी सम्बन्धी सिकाइहरू पहिचान गर्ने र तिनिहरूको दस्ताबेजिकरण गर्ने गरेको छ? | | | | | | | |
| ६ | परियोजनाले निरन्तररुपमा (त्रैमासिक) अपाङ्गता समाबेसी सिकाइहरूलाई समीक्षा तथा विश्लेषण गर्ने र परियोजनामा लागू गर्ने गरेको छ ? | | | | | | | |
| ७ | अपाङ्गता भएका व्यक्ति र तिनिहरूका परिवार र समूह, समिति र संघ संस्थाहरू परियोजनालाई सुझाव र गुनासो दिन सहभागी भएका छन् ? र के ती सुझाव तथा गुनासोहरू उपयुक्त रूपमा सम्बोधन गरिएका छन् त ? | | | | | | | |

## ख साझेदारी संस्था

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| **संरचना र नीति** | | | | | | | | |
| १ | संस्थाको उदेश्यमा अपाङ्गता भएका व्यक्तिहरूका सवाल पनि समावेश गरिएको छ? | | | | | | | |
| २ | संस्थाको संरचनामा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने व्यवस्था गरिएको छ ?(जस्तैः समिति, कार्यकारी समिति र व्यवस्थापन समिति आदिमा) | | | | | | | |
| ३ | संस्थामा अपाङ्गता समावेशी निर्देशिका वा नीति छ?यदि छ भने के त्यो लागू भएको छ ? | | | | | | | |
| ४ | संस्थामा भएका अन्य निर्देशिका वा नीतिहरू अपाङ्गता समावेशी छन् ? (जस्तैः लैङ्गिक नीति, सुरक्षा नीति, द्धन्द तथा वातावरण नीति, मानव संसाधन र वित्त नीति आदि) | | | | | | | |
| **मानव संशाधन र वित्त** | | | | | | | | |
| १ | संस्थाको कर्मचारी छनौट प्रकृयामा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिने प्रावधान छ ? | | | | | | | |
| २ | संस्थामा (वा संस्थाका परियोजनामा) अपाङ्गता र अपाङ्गता समावेशी सम्बन्धी तालिम प्राप्त दक्ष कर्मचारी छन् ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ३ | संस्थामा अपाङ्गता भएका कर्मचारीहरूको सूची र विस्तृत विवरण छ? के संस्थामा अपाङ्गता भएका कर्मचारीहरूलाई प्रोत्साहन गर्ने अभ्यास र चलन छ ? | | | | | | | |
| ४ | संस्थामा निश्चित प्रतिशत रकम अपाङ्गता सम्बन्धी कार्यमा छुट्ट्याउने अभ्यास वा नीति नियम छ? | | | | | | | |
| **निर्णय तह र सञ्चार** | | | | | | | | |
| १ | संस्थामा अपाङ्गता भएका व्यक्तिहरूको निर्णय प्रक्रियामा सहभागी हुने व्यवस्था छ ? | | | | | | | |
| २ | संस्थामा अपाङ्गता भएका सदस्यहरूलाई प्रजातान्त्रिक विधिबाट निर्णय प्रक्रियामा सहभागी गराउने व्यवस्था छ? | | | | | | | |
| ३ | संस्थाले संस्थागत तहमा अपाङ्गता मैत्री सञ्चार विधिहरू प्रयोगमा ल्याएको छ? (जस्तैः पहुच्युक्त प्रतिवेदनहरू प्रकाशन, श्रव्य संदेशहरू, साङ्केतिक भाषा र दोभासेको प्रयोग आदि) | | | | | | | |
| ४ | संस्थाले पहुचयुक्त सञ्चार विधिबाट अपाङ्गता भएका व्यक्तिहरूका गुनासो र पृष्ठपोषण हरूलाई संकलन गर्ने अभ्यास गर्ने गरेको छ ? यदि छ भने त्यसको उचितरुपले सम्बोधन गरिएको छ? | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| भौतिक तथा धारणागत पक्ष | | | | | | | | |
| १ | संस्थाको कुनै नीति र निर्देशिकामा संस्थाको भौतिक संरचनाहरू र वातावरण अपाङ्गता मैत्री बनाउने भन्ने कुरा उल्लेख गरिएको छ? | | | | | | | |
| २ | संस्था रहेको घर वा ठाउँ अपाङ्गता मैत्री छ? (जस्तैः कम्तीमा व्हिलचियर प्रयोगकर्ता, दृष्टीबिहिन र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुचयोग्य आदि) | | | | | | | |
| | कार्यालयको प्रवेशद्वारा | | | | | | | |
| | कार्यालयका कोठाहरू, (कार्यालय प्रमुखको समेत) | | | | | | | |
| | चर्पी र नुहाउने कोठाहरू | | | | | | | |
| | खाने पानीको धारा | | | | | | | |
| | बैठक तथा सम्मेलन हलहरू | | | | | | | |
| | खेल मैदानहरू | | | | | | | |

| क्र. स. | पुष्टि गर्ने सूचक वा प्रश्नहरू | प्रगति | | | | | टिप्पणी (समस्या वा योजनाहरू) | सम्बन्धित औजारहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्य नभएको | कार्य भएको | | | | | |
| | | | कमजोर* | औसत* | राम्रो* | उत्कृष्ट* | | |
| ३ | ती निर्माण गरिएका संस्थाका पहुचयुक्त स्थानहरू के नीति र निर्देशिका[७५] ले तोकिएका मापदण्ड अनुसार छन् ? | | | | | | | |
| ४ | संस्थाका सबै पदाधिकारी तथा कर्मचारीहरू ले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मान जनक शब्दहरू प्रयोग गर्छन् र सबै किसिमका छलफल, तालिम र गोष्ठीमा स्वागत गर्ने गर्छन् ? | | | | | | | |

कमजोर = ३० % भन्दा कम कार्य भएको, औसत = ३१ – ६०% कार्य भएको, राम्रो = ६१ – ८०% कार्य भएको, उत्कृष्ट = ८१% भन्दा माथि कार्य भएको

कार्य योजनाको सारांश

**अनुसूची २. सरोकारवालाहरूको विश्लेषण**

| |
|---|
| प्रकृयाको बारेमा केही विवरण |
| **के हो** ? सरोकारवालाहरूको विश्लेषण भनेको कार्यक्रम र परियोजनाले सम्बोधन गरेको विषयहरूमा र विशेष गरी समावेशीकरणको सवालमा विभिन्न स्तरको चासो र प्रभावमा रहेका सरोकारवालाहरूलाई नक्साकन गर्ने एउटा औजार वा विधि हो । |
| **कहिले गर्ने** ? खासगरी अवस्था विश्लेषणको समयमा गरिनु पर्छ र कार्यक्रम र परियोजनाको लागि सम्भावित सहयोगी वा कम इच्छुक संस्था वा निकायहरूको मूल्यकन गर्नलाई । |
| **कसले गर्ने** ? यो कार्यक्रम वा परियोजनाका कर्मचारी वा अन्य सरोकारवाला जो परियोजनाको तर्फवाट सम्बन्धित हुन्छन् । |
| **कसरी गर्ने** ? कार्यशाला गोष्ठी वा तालिम वा अन्तरक्रिया विधिबाट गर्न सकिन्छ । |
| **समय कति लाग्छ** ? लगभग २ घण्टा |
| **उपलब्धि के हुन्छ** ? महत् पूर्ण सरोकारवालाहरूको जानकारी हुन्छ, कुन सरोकारवालाहरू ले कार्यक्रमलाई समर्थन जनाउँछन् वा सहयोग गर्छन् र कतिले विमति जनाउँछन् भन्ने जानकारी हुन्छ । |

सरोकारवाला विश्लेषणको पहिलो चरण भनेको संस्था र कार्यक्रम वा परियोजनाले सम्बोधन गर्ने मुद्दाहरूको बारेमा सरोकारवालाहरूको विभिन्न स्तरहरूको चासो र प्रभावहरूलाई तल दिइएको तालिकामा नक्साकन गर्नु हो । सरोकारवाला विश्लेषणको यो पहिलो चरण परियोजनामा अभ्यासको रूपमा परिचित हुन सक्छ, तर त्यसपछिको चरणले यसमा समावेशीतालाई विश्लेषण गर्न थप मद्दत गर्दछ ।

महत्पूर्ण कुरा, सबै प्रमुख सरोकारवालाहरू पहिचान गर्ने र परियोजना व्यवस्थापन चक्रको सुरुदेखि नै उनीहरूको सहभागिता सुनिश्चित गर्न र स्वामित्वको भावना स्थापित गर्न मद्दत गर्नको लागि संलग्न हुनुपर्छ । यो विश्लेषणले ती सरोकारवालाहरूलाई पहिचान गर्न मद्दत गर्दछ (व्यक्तिहरू, समूहहरू वा संगठनहरू) जुन यो कार्यक्रमबाट लाभान्वित हुन्छन्, योगदान दिन वा प्रभाव पार्न सक्छन् । त्यहाँ धेरै विभिन्न औजारहरू वा विधिहरू छन् जुन पक्का सरोकारवालाहरूलाई पहिचान गर्न प्रयोग गर्न सकिन्छ, उनीहरूको प्रभावको विवरण राख्न सकिन्छ, र तिनिहरूको गतिविधिहरू तल दिएको तालिकामा नक्साकन गर्न सकिन्छ ।

| समाववेशितामा हुने चासो (Interest in Inclusion) | | | |
|---|---|---|---|
| | | न्यून (Low) | अधिक (High) |
| समाववेशितामा हुने प्रभाव (Influence o) | न्यून (Low) | **A (अंक १)**<br>न्यून चासो र न्यून प्रभाव: कम मात्रामा प्रयास र सहभागिताको आवश्यकता पर्छ | **B (अंक २)**<br>अधिक चासो र न्यून प्रभाव: सुसुचित गराई राख्नु आवश्यक हुन्छ, अधिक चासो भएको कारणले तल ऋ मा रहेका सरोकारवालाहरूलाई प्रभाव पार्न सक्छन् र यो परियोजनाको समावेशिता प्रयासलाई सबल बनाउन पनि सक्छन् । |
| | अधिक (High) | **C (अंक ३)**<br>कम चासो र अधिक प्रभावः चाहेका परिवर्तनलाई शक्तिशाली रूपमा प्रभाव पार्न सक्छन्, उनीहरू सुसुचित हुनुपर्छ, तर कसरी र कहिले गर्ने वारे सावधानीपूर्वक विचार गर्नुपर्छ । कुनै अवस्थामा उनीहरूलाई समावेशी प्रकृयामा सामेल गर्नु रण नैतिक हुन सक्छ, तर अरूमा सामान्यतया परियोजनाको टोलीले तयार पारेको समावेशीकरण प्रकृयामा नतिजा पछि पनि सामेल गराउन सकिन्छ । | **D (अंक ४)**<br>अधिक चासो र अधिक प्रभावः यीनीहरू प्रमुख सरोकारवालाहरू हुन, उनीहरू विलकुलै सुचनावाट छुट्नु हुँदैन र समावेशी प्रकृयामा सुरुदेखि नै सामेल गराउनु पर्छ । |

सरोकारवालाको पहिलो समूहकरण र वर्गीकरण पछि, दोस्रो तहमा समावेशी विकास, डीआरआर वा आपत्कालिन प्रतिक्रियामा सरोकारवालाहरू ले खेल्ने भूमिकाको रूपरेखा बनाइन्छ, जसमा उनीहरू कुन चरणमा र कुन खास कार्यहरूमा सामेल हुनुपर्छ भन्ने बारेमा उल्लेख गरिन्छ ।

| सरोकारवालाहरू | उनीहरूको भुमिकाः सामवेशी विकासमा, डिआरआर र आपत्कालिन कार्यमा | परियोजना चक्रमा प्रभाव पार्ने सरोकारवाला समूहहरू | | | | | केसँग सम्बन्धित छ ? |
|---|---|---|---|---|---|---|---|
| | | अवस्था विश्लेषण | योजना निर्माण | कार्यान्वयन | अनुगमन तथा पुनरावलोकन | मूल्याङ्कन तथा सिकाई | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(Source: "Towards Inclusion" book by Vera van Ek and Sander Schot Published by Light for the World, Mission East and ICCO Cooperation. The Netherlands/ Nepal July 2017)

## ३. अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिका

अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिका (Disability Rehabilitation Ambassador guideline) ले यू.एम.एन.को कार्यक्षेत्र भित्र रहेका १८ वर्षमुनिका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई कसरी गुणस्तरीय पुनर्स्थापना सेवा प्रवाह गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिन्छ यू.एम.एन. नेपालले विगत केही समयदेखि आफ्ना साझेदार संस्थाहरूसँग मिलेर अपाङ्गता भएका बालबालिकाहरूको शिघ्र पहिचान, आवश्यक व्यवस्थापन र शारीरिक पुनर्स्थापना गर्नमा सहयोग गरिरहेको छ

### अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिकाको मुख्य उदेश्यः

यू.एम.एन. नेपालको कार्यक्षेत्रमा रहेका १८ वर्ष भन्दा कम उमेरका शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकाहरूको शिघ्र पहिचान गर्ने, शारीरिक पुनर्स्थापनाका लागि आवश्यक पर्ने सम्पूर्ण उपायहरू जस्तै, शल्यक्रिया, औषधि उपचार, आवश्यक सहयोगी सामाग्रीको उपलब्धता तथा आवश्यक कसरतको लागि सम्बन्धित अस्पताल वा पुनर्स्थापना केन्द्रमा प्रेषण गर्ने र उपचारपछि उनीहरूलाई आफूले गर्ने दैनिक क्रियाकलापहरू निरन्तर रूपमा आफैले गर्न सक्षम बनाइ उनीहरूकै समुदायमा आत्म सम्मान सहितको जीवनयापन गर्न सक्षम बनाउने

### पुनर्स्थापना सम्बाहक बालबालिकाहरूको अर्थ

पुनर्स्थापना सम्बाहक बालबालिका भन्नाले उपचारपछि बालबालिकाहरू निरन्तर बिद्यालय जाने, आफ्नो काम आफै गर्न सक्ने, सामाजिक क्रियाकलापमा सक्रिय सहभागी हुने, साथी भाहरू सँग बिना भेदभाव खेलकुदमा सहभागी हुने र उनीहरूको आत्म सम्मानमा पनि बृद्धि भएको तथा समुदायमा आत्म सम्मान सहितको जीवनयापनमा सहजता भएको पाइएमा त्यसता बालबालिकाहरूलाई पुनर्स्थापना सम्बाहक बालबालिकाहरू भनिने छ ।

### अपाङ्गता पुनर्स्थापना सम्बाहक बालबालिका छनोटका लागि आवश्यक मापदण्ड

- १८ वर्ष भन्दा कम उमेरका शारीरिक अपाङ्गता भएका बालबालिकाहरू
- शारीरिक समस्या भएका बालबालिकाहरू यू.एम.एन. नेपालको कार्यक्षेत्र भित्रका अत्यन्त गरिब, न्यून आय श्रोत भएका,पिछडिएका वर्ग, पिछडिएका समुदाय, यकल महिला र दलित समुदायका
- बालिकाहरूलाई बढी प्राथमिकता दिइने
- डाक्टर वा अपाङ्गता सम्बन्धी बिशेष ज्ञान भएको व्यक्ति (फिजियोथेरापिस्ट) ले गरेको सिफारिसको आधारमा मात्र बालबालिकालाई उपचारको लागि सम्बन्धित ठाउँमा प्रेषण गर्न सकिने
- यस कार्यक्रम अन्तर्गत शारीरिक अपाङ्गता भएका बालबालिकाहरू र जसको उपचार

गर्न सम्भव छ त्यसता बालबालिकाहरूलाई मात्र छनोट गरिने र प्रेषण गरिने

**अपाङ्गता पुनर्स्थापना सम्बाहक बालबालिका कार्यक्रम अन्तर्गत उपचार र शारीरिक पुनर्स्थापना गर्न सकिने अवस्थाहरू**

**जन्मजात देखिनै देखिने समस्याहरू जस्तैः**

- ओठ तालु फाटेका (खोड़े) बालबालिकाहरू,
- घाटी बाङ्गो भएका वा एकापट्टी ढल्किएका,
- विकृत रूपमा ढाड कुप्रो परेको वा एकापट्टी ढल्केको,
- घुडाहरू एकाअर्कामा जोडियको वा फाटो भएको,
- विकृत गोडा (खट्टाका पैतालो भित्रतिर फर्कियको),
- कुइनाहरू र हातका नाडीहरू बाङ्गो भएका,
- अस्थीर नाजुकता भएका (सामान्य चोटपटकमा पनि पटक पटक हड्डीहरू भाचिने),
- हातका पन्जाहरू भित्रपट्टि फर्किएका,
- अनावश्यक रूपमा हात र खुट्टाका औँलाहरूको विकास भएका (जसले गर्दा दैनिक क्रियाकलापहरू गर्न गाह्रो भएको),
- मस्तिष्क पक्षाघातको कारणले खुट्टा लत्रियको र हातहरू बाङ्गो भएका आदि

**जन्म पश्चात् देखिने शारीरिक समस्याहरू जस्तैः**

- पोलाइको कारणले अंगहरू जोडिएका, मांसपेशीहरू संकुचन भएका कारणले शरीरका अंगहरू चलाउनमा समस्या भएको,
- कसिलो काप्रो बानेको कारण रगत सञ्चालन कमि भइ हातका औँलाहरू खुम्चिएको,
- कुइना वा घुँडाका जोर्नीहरू चोटपटकले गर्दा फुत्किएर बाङ्गोटिङ्गो भएका,
- मेरुदण्ड र हड्डीको टि.बि. भएका,
- हड्डीको लामो समयसम्म संक्रमण भएर उपचार नभएको,
- हिँडडुल गर्न र दैनिक क्रियाकलापमा सहयोग गर्ने सहयोगी सामाग्रीहरू, विशेष खालको जुत्ता र शरीरलाई टेवा दिने सामाग्रीहरू आवश्यक पर्ने शारीरिक अपाङ्गता भएका बालबालिकाहरू

**बालबालिकाहरू छनोट र उपचार हुने अस्पताल वा पुनर्स्थापना केन्द्रमा प्रेषण गर्ने प्रक्रिया**

- जिल्लामा तोकिएको स्थानमा छनौट सी बि आर को आयोजना गर्ने र डाक्टर वा फिजियोथेरापिस्टले उपचार हुन सक्ने बालबालिकाहरू छनौट गर्ने र त्यहाँको स्थानीय स्तरमा गठित छनौट समितिले उपचारको लागि सिफारिस गर्ने

- छनौट भएका बालबालिकाहरूलाई उपचार तथा पुनर्स्थापना हुन सक्ने अस्पताल वा पुनर्स्थापना केन्द्रमा प्रेषण गर्ने र ठीक किसिमको उपचार भएको छ कि छैन भनि सुनिश्चित गर्ने
- उपचार भयर घर फर्की सकेपछि सामुदायिक कार्यकर्ता र फिजियोथेरापिस्टले घर भेट गर्ने र आवश्यक सल्लाह सुझावहरू दिने । यदि अस्पतालमा पुन भेटको लागि जानु पर्ने भए आवश्यक वातावरण निर्माण गर्ने र जानको लागि उत्प्रेरणा दिने
- उपचारपछि बालबालिकाहरू निरन्तर विद्यालय जाने, आफ्नो काम आफै गर्न सक्ने, सामाजिक क्रियाकलापमा सक्रिय सहभागी हुने, साथीभाईहरू सँग बिना भेदभाव खेलकुदमा सहभागी हुने र उनीहरूको आत्म सम्मानमा पनि बृधि भएको पाएमा त्यसता बालबालिकाहरूलाई पुनर्स्थापना सम्बाहक बालबालिकाहरू भनिने छ र उनीहरूलाई आवश्यक सल्लाह सुझाव सहित बालबालिकाहरूलाई स्थानीय सरोकारवालाहरूको रोहबरमा परिवारलाई हस्तान्तरण गरिने छ ।

**पुनर्स्थापना सम्बाहक बालबालिका हुनको लागि आवश्यक मापदण्डहरू**

- शरीर तथा शरीरका अंगहरूमा भएका विकृत पन तथा अक्षमतामा सुधार भइ उक्त बालबालिकाले आफूले दैनिक जीवनमा गर्ने काममा आत्मनिर्भर हुन सक्ने ।
- निरन्तर बिद्यालय जाने र पढाइमा निरन्तरता दिने, आफू सरहका साथीभाईहरू सँग कुनै समस्या बिना र बिना भेदभाव खेलकुदमा सहभागी हुने, सामाजिक क्रियाकलापमा सक्रिय सहभागी हुने तथा उनीहरूको आत्म सम्मानमा बृधि भइ उनीहरूले परिवार र समाजमा सम्मानित जीवन जिउन सक्षम हुन सक्ने ।

**अपाङ्गता पुनर्स्थापना सम्बाहक निर्देशिकाका चरणहरू**

- समुदायमा सूचना प्रवाह तथा बालबालिकाको प्रारम्भिक समस्या पहिचान
- समुदाय स्तरमा अपाङ्गता को जाँचबुझ तथा छनोट
- छनोट भएका बालबालिकाहरूलाई सम्बन्धित अस्पताल तथा पुनर्स्थापना केन्द्रमा प्रेषण
- अस्पताल तथा पुनर्स्थापना केन्द्रबाट उपचार पश्चात् समुदायमा घर भेट (सामुदायिक कार्यकर्ता र फिजियोथेरापिस्ट)
- उपचार तथा पुनर्स्थापना सम्पन्न भइसकेपछि स्थानीय सरोकारवालाको रोहबरमा परिवारका सदस्यलाई अपाङ्गता पुनर्स्थापना बालबालिका हस्तान्तरण

# खण्ड चार (४)

# अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कानुनहरू

## १. अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन

### अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ (UNCRPD)

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (UNCRPD) मा २५ वटा प्रस्तावना, ५० वटा धारा, १८ वटा स्वैच्छिक प्रोटोकल हरू रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरूको नैसर्गिक अधिकारको सम्बर्धन र प्रवर्द्धन गरी तिनका स्वाभीमानपूर्ण जीवन सुनिश्चित गराउनु महासन्धिका पक्ष राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको रूपमा यस महासन्धिलाई लिइएको छ ।

यस महासंन्धिको उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूबाट हुने सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वन्त्रताहरूको पूर्ण र समान उपभोग सम्बर्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादाको सम्मानको संबर्धन गर्नु हो । यस महासंन्धिको धारा ३ मा सामान्य सिद्धान्त अन्तर्गत

१) नैसर्गिक मयार्दाको सम्मान, आफ्नो लागि आफै छनौट गर्न पाउने स्वतन्त्रता लगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वन्त्रताको सम्मान;
२) गैर–भेदभाव
३) समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण;
४) मानव विविधता एवं मानबीयताको अंगको रूपमा अपाङ्ग भएका व्यक्तिको भिन्नताको स्वीकार्यता;
५) अवसरहरूमा समानता
६) पहुँचयोग्यता
७) पुरुष र महिला बीच समानता
८) अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान बारे व्यवस्था गरिएको छ ।

### इन्च्यौन रणनीतिको संक्षिप्त रूप

संयुक्त राष्ट्र संघले एसिया प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोगले अपाङ्गता भएका व्यक्तिका अधिकारलाई एसिया प्रशान्त प्यासीफिक क्षेत्रका देशहरूमा प्रभावकारी लागू गराउने उदेश्यका साथ निर्माण गरी कार्यान्वयनमा ल्याएको १० वर्ष रणनीति हो । यो रणनीति २०१२ देखी २०२२ सम्मका लागि निर्माण गरिएको हो । एसिया तथा प्रशान्त क्षेत्र अन्तर्गत पर्ने देशहरूका सरकार प्रमुख, नागरिक समाजका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि राष्ट्रसँगका निकायहरू समेत संलग्न भइ सन् २०१२ को २९ अक्टुवर देखी २ नोभेम्बरसम्म दक्षिण कोरियाको इन्च्यौन

भन्ने नगरमा सम्मेलन आयोजना गरियो । त्यही अवसरमा दक्षिण कोरिया सरकारको आतिथ्यमा इस्क्यापले एसिया प्रशान्त क्षेत्रका सरकारी उच्चस्तरीय बैठक आयोजना गर्यो । त्यो बैठकमा इस्क्यापले सन् २००३ देखी २०१२ का लागि घोषणा गरेको अपाङ्गता भएका व्यक्तिहरूको दोस्रो दशकको गहन समीक्षा गरियो । समीक्षामा सन् २००३ देखी २०१२ को दशकमा यस क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संवर्द्धनका लागिपरिएका काम र उपलब्धिहरूको मूल्यकन गरियो । यसै समीक्षा र मुख्य कामहरूको निष्कर्षका आधारमा सन् २०१२ देखी २०२२ सालसम्मको लागि अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई वास्तविक व्यवहारमा उतार्ने अर्थात् Make the Rights Real प्रतिबद्धता सहित नयाँ रणनीति जारी गरियो । इस्क्यापले यो रणनीति दक्षिण कोरियाको इन्च्योन भन्ने शहरबाट जारी गरेको हुनाले यसलाई इन्च्योन रणनीति पनि भन्ने गरिन्छ । यस क्षेत्रका विभिन्न देशका सरकार प्रमुख र नागरिक समाजका संस्थाहरूसँग दुई वर्षसम्म विभिन्न चरणमा लामो छलफल र परामर्श गरी तयार गरिएको यस रणनीतिमा १० वटा बृहत परिणाम २७ वटा वशिष्ठ लक्ष्य र ६२ वटा सूचक छन् । यो रणनीति अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धिमा आधारित भएर बनाइको छ । यो रणनीति एसिया तथा प्रशान्त क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने उदेश्य राखेर जारी गरिएको हो । यसै क्षेत्रमा पर्ने देश भएको रइस्क्यापको सदस्यका हैसियतमा नेपालले पनि यस रणनीतिको कार्यान्वयनका लागि लिखित प्रतिबद्धता जनाएको छ ।

### दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goals- SDG)

दिगो विकासका लक्ष्य अन्तर्गत अपाङ्गता सम्बन्धी लक्षहरू तपसिलका छ वटा लक्ष्यहरू सम्बन्धित छन् ।

**दिगो विकासका लक्ष्य**: सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने, यसको उदेश्य १.३ जसले राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरू लागू गर्ने र सन् २०३० सम्ममा गरिब र जोखिममा परेकाहरू लाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने भन्ने कुरा गर्छ ।

**दिगो विकासका लक्ष्य ४**: सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने, उदेश्य ४.५ जसले सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र सङ्कटासन्न बालबालिका लगायत सङ्कटासन्न अवस्थामा रहेका सबैका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित गर्ने बारे कुरा गर्छ ।

**दिगो विकासका लक्ष्य ८**: भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादीत कामको परिमाणात्मक लक्ष्य ८: सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै महिला र पुरुषहरूको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादीत काम उपलब्ध गराउनु का साथै समान कामका लागि समान तबल प्रदान गर्ने लक्ष्य हासिल गर्ने ।

**दिगो विकासका लक्ष्य १०**: अन्तर्गत मुलुक भित्रको तथा मुलुकहरू बीचको असमानता कम गर्न २०३० सम्म, उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, धर्म, आर्थिक वा अन्य कारणको प्रवाह नगरी सबैको सामाजिक, आर्थिक, तथा राजनैतिक समावेशीता प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.२**: उमेर, लिङ्ग, अपाङ्गता, जात, जाति, धर्म वा आर्थिक वा अन्य अवस्था, हैसियत जे भएपनि सबै जनताको सामाजिक, आर्थिक र राजनीतिक समावेशीतालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.३**: समान अवसरको सुनिश्चितमा गर्ने र विभेदकारी कानुनहरू, नीतिहरू र व्यवहारहरू हटाई यी सँग सम्बन्धित उपयुक्त कानुनहरू, नीतिहरू र कार्यहरूको प्रवर्द्धन गरी असमानताहरूलाई घटाउने ।

**दिगो विकासका लक्ष्य ११**: शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने, यसको ११.२ र ११.७ ले सन् २०३० सम्ममा सबैको लागि सुरक्षित, धान्न सकिने, सुलभ र दिगो यातायात प्रणलीमा पहुँच प्रदान गर्ने तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र बृध लगायत अरू जोखिममा परेका व्यक्तिहरूका आवश्यकतालाई विशेष ध्यान दिँदै उल्लेखनीय किसिमले सडक सुरक्षा सुधार गर्न सार्वजनिक यातायात विस्तार गर्ने र सन् २०३० सम्ममा विशेष गरी महिला, बालबालिका, बृधबृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैको लागि सुरक्षित, समावेशी र पहुँचयोग्य, हरित तथा सार्वजनिक खुल्ला ठाउँहरूको पहुँच सर्व सुलभ गर्ने बारे कुरा गर्छ ।

**दिगो विकासका लक्ष्य १६**: दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाको स्थापना गर्ने । यसको उधेश्य १.७ मा सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामुलक र प्रतिनिधिमुलक नीति निर्माण सुनिश्चित गर्ने बारे उल्लेख छ ।

### बिश्व स्वास्थ्य संगठनको पुनर्स्थापना ०२०-३० का पहलहरू

<u>विश्व स्वास्थ्य संगठन</u> पुनर्स्थापना २०२०–३०[८२] पहलले बिस्व ब्यापीरुपमा देखापरेको

८२ https://www.who.int/initiatives/rehabilitation-2030

गहिरो पुनर्स्थापनाको आवश्यकतालाई ध्यान दिन्छ र यसले स्वास्थ्य प्रणालीलाई बलियो बनाउँदै पुनर्स्थापना सेवालाई प्रभावकारी बनाउने कुरामा महत्त्व दिन्छ । यस पहलले विश्वव्यापीहरूमा समग्र समुदायको लागि पुनर्स्थापनाको नया रण नैतिक दृष्टिकोणलाई जोड दिइएको छ ।

- पुनर्स्थापना सेवा सबै व्यक्ति र जीवनका सबै चरणका लागि उपलब्ध हुनुपर्छ ।
- पुनर्स्थापना सेवालाई सुदृढ पार्ने प्रयासहरू समग्र रूपमा स्वास्थ्य प्रणालीलाई सहयोग गर्ने र स्वास्थ्य सेवाका सबै तहहरूमा पुनर्स्थापना सेवालाई एकीकृत गर्ने दिशामा निर्देशित हुनुपर्छ ।
- पुनर्स्थापना एक अत्यावश्यक स्वास्थ्य सेवा हो र विश्वव्यापी स्वास्थ्य सेवा प्राप्त गर्नको लागि महत्त्वपूर्ण छ ।
- विश्वव्यापीहरूमा बढ्दो ज्येष्ठ नागरिकको संख्या र बढ्दो दीर्घ रोग र रोगीहरूको संख्याको कारणले २१ औं शताब्दीको लागि पुनर्स्थापना सेवा एउटा प्राथमिकता स्वास्थ्य रणनीतिको रूपमा रहेको छ जसले मानिसहरूको कार्यगत क्षमतालाई अभिबृदी गर्न धेरै योगदान गर्दछ ।

विश्व स्वास्थ्य संगठनले पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाउनको लागि १० वटा प्राथमिकताका क्षेत्रहरू पहिचान गरेको छ, जुन यस प्रकार छन् ।

- उप–राष्ट्रिय, राष्ट्रिय र विश्वव्यापी स्तरमा पुनर्स्थापनाको लागि बलियो नेतृत्व र राजनीतिक समर्थन सिर्जना गर्ने ।
- उप–राष्ट्रिय, राष्ट्रिय स्तरमा पुनर्स्थापना सम्बन्धि योजना र कार्यान्वयन लगाएत आपत्कालिन पुर्बतयारी र प्रतिकार्यलाइ सबलीकरण गर्ने ।
- जनसङ्ख्याको आवश्यकतालाई प्रभावकारी र कुशलतापूर्वक पूरा गर्न स्वास्थ्य क्षेत्रमा पुनर्स्थापनाको एकीकरणमा सुधार र अन्तर क्षेत्रीय सम्पर्कहरू सुदृढ गर्ने ।
- विश्वव्यापी स्वास्थ्य कभरेजमा पुनर्स्थापना सेवालाई समावेश गर्ने ।
- ग्रामीण तथा दुर्गम क्षेत्रका सबै जनसङ्ख्याका लागि सहयोगी सामाग्रीहरू उत्पादनका साथसाथै गुणस्तरीय सेवाहरूमा क्रमशः समता मूलक पहुँच प्राप्त गर्न गुणस्तरिय पुनर्स्थापना सेवा प्रवाह गर्ने विभिन्न तरिकाहरू निर्माण गर्ने ।
- आफ्नो देश र अवस्था अनुसार बहु आयामिक पुनर्स्थापना कार्य दल निर्माणगरि सो कार्यदलले पुनर्स्थापनाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य शिक्षा सम्बन्धी कार्य दलसम्म विकास गर्ने ।
- उपयुक्त संयन्त्र मार्फत पुनर्स्थापनाका लागि वित्तीय श्रोत विस्तार गर्ने ।
- कृयागत क्षमता, अपाङ्गता र स्वास्थ्य सम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरण अनुसार पुनर्स्थापना सम्बन्धी तथ्याङ्क र जानकारीहरू स्वास्थ्य सूचना प्रणाली अन्तर्गत राख्नुपर्ने ।

- पुनर्स्थापनाका लागि अनुसन्धानात्मक क्षमता अभिबृदि गर्दै बलियो प्रमाण सहितको पुनर्स्थापना सेवा उपलब्ध गराउने ।
- बिशेषगरि न्यून, मध्यम र उच्च आय भएका देशहरू बीच पुनर्स्थापनाका विषयमा संजालिकरण र साझेदारीको स्थापना गरि सबलीकरण गर्ने ।

**विश्व स्वास्थ्य संगठनको पुनर्स्थापना २020-३0 ले स्वास्थ्य प्रणालीका लागि सिफारिस गरेका केही पुनर्स्थापना सम्बन्धी केही अवधारणाहरू**[८३]

- पुनर्स्थापना सेवाहरूलाई स्वास्थ्य प्रणालीमा एकीकृत गरिनुपर्छ ।
- पुनर्स्थापना सेवाहरूलाई प्राथमिक, बिशिष्टकृत र अति बिशिष्टकृत स्वास्थ्य प्रणाली सम्ममा एकीकृत गरिनुपर्छ ।
- बहु आयामिक पुनर्स्थापना कार्यदल उपलब्ध भएको हुनुपर्छ ।
- समुदाय र अस्पताल दुवै ठाउँमा पुनर्स्थापना सेवा उपलब्ध हुनुपर्छ ।
- अस्पतालहरूका अन्तरंग विभागमा जटिल समस्या समाधानका लागि विशेषज्ञ पुनर्स्थापना इकाई पनि समावेश गरियको हुनुपर्छ ।
- पुनर्स्थापना सेवाका लगीपनि आर्थिक श्रोतको व्यवस्थापन गर्नुपर्छ जसले गर्दा पुनर्स्थापना सेवालाई प्रभावकारी र दिगो बनाउन मदत गर्दछ ।
- जहाँ स्वास्थ्य बिमा लागू छ वा हुनेछ यसमा पुनर्स्थापना सेवालाई पनि समावेश गरिनुपर्छ ।
- आर्थिक तथा खरिद नीतिले सहयोगी सामाग्री आवश्यक पर्ने व्यक्तिहरू सुनिश्चित गरि सबैलाई उपलब्ध गराउनु पर्दछ ।
- सहयोगी सामाग्री प्रयोगकर्तालाई सामाग्री कसरी प्रयोग गर्ने बारेमा आवश्यक पर्याप्त तालिम दिनुपर्छ ।

## २. अपाङ्गता सम्बन्धी प्रमुख राष्ट्रिय कानुन तथा नीतिहरू

### नेपालको संविधान २०७२

नेपालको संविधान (२०७२) को धारा ४२ (३) मा "अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्म सम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।" भनी सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । त्यस्तै संविधानमा अपाङ्गता भएका व्यक्तिका लागि मौलिक हकमा ६ वटा धारा १८, २४, ३१, ३९, ४२, ४३, छन् भने राजनैतिक प्रतिनिधित्वका

[८३] https://www.who.int/publications/m/item/rehabilitation-2030-a-call-for-action

लागि ३ वटा धाराहरू ८४, ८६, १७६ र समावेशी आयोगमा प्रतिनिधित्वका लागि २ वटा धाराहरू २५८ र२५९ गरि ११ वटा धाराहरूले अपाङ्गताको सवाललाई विभिन्न १६ वटा ठाउँमा समेटेको छ ।

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ श्रावण २२ गते व्यवस्थापिका संसदबाट पारित, कार्तिक २९ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण र पुष ३० गतेबाट औपचारिक रूपमा कार्यान्वयन भएको हो । ऐनमा ११ परिच्छेद, ६३ दफा रहेका छन् भने, यो ऐन अधिकार मुखी अवधारणाबाट निर्देशित, CRPD र नेपालको संविधान २०७२ को भावना र मर्म अनुरूप, अपाङ्गताको परिभाषा र वर्गीकरणमा संशोधन, अपाङ्गताको आधारमा विभेद गरे दण्ड सजायको व्यवस्था, शिक्षा, स्वास्थ्य, रोजगारीमा उपयुक्त अनुकूलता, भौतिक संरचना, सूचना तथा सञ्चार आदिमा समान पहुँचको व्यवस्था, संघीय व्यवस्थालाई आत्मसाथ गरिएको छ । अपाङ्गता परिचय पत्र स्थानीय तहबाट दिने, व्यवस्था संघीय तहमा राष्ट्रिय निर्देशन समिति, प्रदेशमा प्रदेश समिति, स्थानीय तहमा अपाङ्गता समन्वय समितिको व्यवस्था, झूटा विवरण दिएर अपाङ्गता परिचय पत्र लिने र दिने दुवैलाई दण्ड सजायको व्यवस्था तथा यो ऐनले दिएका अधिकारको प्रचलन गराउन कसैले इन्कार गरेका दण्ड सजायको व्यवस्था यस ऐनका महत् पूर्ण विशेषता हुन ।

यस ऐन २०७४ मा अपाङ्गता भएका व्यक्तिहरूको लागि २०७४ र यसको नियमावली २०७७ सुनिश्चित गरेको मुख्य अधिकारहरू:

### परिच्छेद ३

- प्रचलित कानुन बमोजिमका अधिकार उपभोग गर्न पाउन
- भेदभाव विरुद्धको अधिकार
- सामुदायिक जीवनको अधिकार
- संरक्षणको अधिकार
- राजनीतिक सहभागिताको अधिकार
- नीति निर्माणमा सहभागिताको अधिकार
- संस्था खोल्ने अधिकार
- सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार
- सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- सूचना तथा जानकारीको अधिकार
- आवतजावतको अधिकार

**परिच्छेद ४**

- अपाङ्गता भएका महिलाको अधिकार
- अपाङ्गता भएका बालबालिकाको अधिकार

**परिच्छेद ५**

- निःशुल्क शिक्षा उपलब्ध गराउने
- छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने
- अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने

यो ऐनको बारेमा विस्तृत जानकारी लिन यो पुस्तकको पेज नं. ३७५ मा हेर्नुहोला ।

### अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को कार्यान्वयन गर्नका लागि मिति२०७७ भाद्र १ गते नेपाल राजपत्रमा प्रकाशित भएसँगै कार्यान्वयनमा आएको हो । यस नियमावलीमा परिच्छेद ८ र नियम ४१ अनुसूची ७ वटा रहेका छन् । नियमावलीले यस अघिका कानुनहरूले बिशिष्ठिकृत आवश्यकताहरू सम्बोधन गर्न नकसेका पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि बिशिष्ठ कृत व्यवस्था गरेको छ ।

नियमावलीका केही बिषेशताहरू रहेका छन् । जस्तैः अपाङ्गताको वर्गीकरण हेरफेर सिफारिस गर्ने संयन्त्र, सामुदायिक सेवा, व्यक्तिगत सहयोगी, हेरचाह, क्लिनिकल र दौँतरी परामर्श सेवाको व्यवस्था, आफू अस्थायी बसोबास गरेको स्थानीय तहबाट परिचय पत्र लिन सकिने, स्थानीय तहले परिचय पत्र दिन नमिल्ने भने उजुरी गर्न सकिने, स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क राख्नुपर्ने, निःशुल्क सहायक सामग्री र उपलब्धताका आधारमा सामुदायिक सहायता सेवा, पुनर्स्थापना सेवा सञ्चालन व्यवस्थापन र अनुगमन सम्बन्धी व्यवस्था, सहयोगी भत्ता र बेरोजगार भत्ता, पहुँचयुक्त निजी शौचालयको लागि अनुदान, जन चेतना, सशक्तिकरण र विपद् जस्ता कार्यहरूमा अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त उपायको अवलम्बन गर्न सकिनेछ भन्ने व्यवस्था छ ।

यो नियमावलीको बारेमा विस्तृत जानकारी लिन यो पुस्तकको पेज नं. ४०८ मा हेर्नुहोला ।

### स्थानीय सरकार सञ्चालन ऐन २०७४

राज्य एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरण भए पश्चात् संविधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा समस्याहरूको

पहिचान, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यकन गर्दा सरोकारवालाहरूको संलग्नता हुने व्यवस्था उल्लेख रहेको छ । उक्त ऐनको दफा ११ उपदफा (२) त (क) देखी (ङ) सम्म अपाङ्गता भएका व्यक्तिको परिचय पत्रवितरक र पुनर्स्थापनाको बारेमा उल्लेख छ । स्थानीय तहको काम, कारबाहीलाई नियमित, व्यवस्थित, छिटो, छरितो, प्रभावकारी, पारदर्शी सुशासन युक्त बनाई जनताको हित अभिवृद्धि गर्न कानुनी प्रबन्धहरू गरिएका छन् । दफा ११ ले व्यवस्था गरेको गाउँ पालिका र नगरपालिकाको अधिकार अन्तर्गत विकास सम्बन्धी तोकिएको काम, कर्तव्य र अधिकारले स्थानीय तहमा अधिकारसहितको विकासका अवसरहरू श्रृजना गरेको छ । ऐनको दफा ८, ११(२) त, १२, २४ र ४३ ले मुख्य गरेर अपाङ्गताका सवालहरूलाई समावेश गरेको छ ।

**अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका – २०६९**

सरकारी भवन, विद्यालय, विश्वविद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सार्वजनिक सडक, सडक पेटी, यात्रु प्रतीक्षालय, पार्किङ स्थल, मनोरञ्जन स्थल, खेल मैदान, सम्मेलन केन्द्र, सिनेमा हल जस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासीय भवन, होटेल तथा रेष्टुरेण्ट, एटिएम बैंकिङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनामा उपयुक्त र्‍याम्प, ढोका, झ्याल, गाइडिङ व्लक र ब्रेल समेतको व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको सहज आवागमन र उपयोगको लागि पहुँच योग्य बनाउन, टेलिभिजन, रेडियो जस्ता सार्वजनिक सञ्चार तथा सूचना सेवामा समेत अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्न, अपाङ्गता भएका व्यक्तिलाई हुने अवरोध हटाई पहुँच वृद्धि गर्न निर्माण गरिने सेवा र सुविधामा एकरूपता कायम गर्न आवश्यक मापदण्ड तोकी अपाङ्गता भएका व्यक्तिलाई संवत् २०६६ साल पौष १२ गते नेपालले अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, नेपालको अन्तरिम संविधान, २०६३, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजना, २०६३ को दफा ६.४.१, ६.४.२ र अन्य प्रचलित कानुनद्वारा प्रदत्त नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र सुविधा उपयोग गर्न सक्षम बनाई निजहरूलाई विकास प्रक्रियामा पूर्ण र प्रभावकारी रूपमा सहभागी बनाउन वाञ्छनीय भएकोले नेपाल सरकारले देहायको अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ बनाएको छ ।

यो निर्देशिकाको बारेमा विस्तृत जानकारी लिन योयो पुस्तकको पेज नं. ४५१ मा हेर्नुहोला ।

**अपाङ्गता भएको व्यक्तिका परिचय–पत्र वितरण कार्यविधि, २०७५**

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरि नेपाल सरकारले पारित गरेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ को उद्देश्य र मर्म बमोजिम अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि नेपाल सरकारले बनाएको छ । जसको उद्देश्यहरू निम्न बमोजिम रहेको छ ।

- विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गरी उनीहरूलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यसता सेवा सुविधाहरूको लागि योजना निर्माण गर्न र स्थानीय तह देखि नै विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत लगत राख्न सहज तुल्याउने
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ मा नेपाल सरकारले जनाएको प्रतिबद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरू उपलब्ध गराउन सहज बनाउने ।
- अपाङ्गताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकीकरण गर्न सहयोग गर्ने ।

उक्त उद्देश्यका साथ अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्र वितरण गर्न पालिका स्तरमा ११ सदस्य सहितको परिचय पत्र वितरण समन्वय समिति गठनको व्यवस्था छ जसको संयोजकत्व कपालिकाको उप प्रमुख वा उपाध्यक्षले गरेको हुन्छ भने परिचयपत्रमा अनुमोदनको हस्ताक्षर परिकाको प्रमुख प्रशासकीय अधिकृत वा उक्त व्यक्तिले तोकिएको व्यक्तिको हुन्छ । यो समितिले अपाङ्गता अधिकार ऐन २०७४ ले तोके अनुसारको १० प्रकारका अपाङ्गता भएको व्यक्तिहरूलाई सोही ऐनले उल्लेख गरे अनुसार गम्भीरताको आधारमा वर्गीकरण गरी मिल्ने खालको अपाङ्गता परिचय पत्र दिनको लागि सिफारिस गर्दछ । सो परिचय पत्रको आधारमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अधिकार प्राप्तिको लागि सम्बन्धित निकायहरूमा पहल गर्न सक्छन् ।

यो कार्यविधिको बारेमा विस्तृत जानकारी लिन यो पुस्तकको पेज नं. ४३५ मा हेर्नुहोला ।

**राष्ट्रिय शिक्षा नीति २०७६**

राष्ट्रिय शिक्षा नीति २०७६ ले ''शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि'' मुख्य नारा सहित राष्ट्रिय शिक्षा प्रणालीमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुण स्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादीता जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने

भनि कुल १३ वटा उद्देश्य मध्य एउटा (८.७) उद्देश्य लिएको छ । उक्त नीतिले प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमका अवसरहरूलाई व्यापक बिस्तारगरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समता मूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य,सक्षम, सीप युक्त र उद्यमशील जनशक्ति तयार पर्ने पनि छ जुन उद्देश्यमा अपाङ्गताको सवाललाई समेट्ने प्रयास गरेको छ । उक्त उद्देश्य पुरा गर्न कुल यस नीतिका ३३ वटा रणनीति मध्ये अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने (९.१७) हो । यो रणनीति कार्यान्वयन गर्न यो नीतिको १०.२८ बुँदामा समावेशी र विशेष शिक्षा शीर्षकमा अपाङ्गता भएका वाल वालिका र व्यक्तिहरूको सिकाई आवश्यकता पुरा गर्न राज्यले समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनपायेगी तथा व्यवसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री अनुकलन गर्ने नीति उल्लेख गरेको छ ।

**१०. नीति तथा कार्यनीति**

१०.१.७. आर्थिक रूपले विपन्न अपाङ्गता भएका, आर्थिक रूपले विपन्न दलित र आर्थिक रूपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका लागि निःशुल्क प्रारम्भिक बाल–विकासको अवसर सुनिश्चित गरिनेछ ।

१०.२३.५. ...... विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति लगायतका लक्षित वर्गका विद्यार्थीहरूलाई उपलब्ध गराई सम्बन्धित संस्थाले सोको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

**(छ) समावेशी र विशेष शिक्षा**

१०.२८ अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने ।

१०.२८.१. अपाङ्गता भएका, अशक्त घरबाट विद्यालय आवतजावत गर्न असमर्थ र विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको “विशेष विद्यालय” सञ्चालन गरिनेछ ।

१०.२८.२. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।

१०.२८.३. अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ ।

१०.२८.४. साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्नसक्ने अपाङ्गता

भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृतिस्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ ।

१०.२८.५. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर बोलाई अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तस्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिज्म अपाङ्गता र बहु अपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ ।

१०.२८.६. सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ ।

१०.२८.७. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिनेछ ।

१०.२८.८. सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिनेछ ।

१०.२८.९. अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइनेछ ।

१०.२९.३. दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्ति र विशिष्ट कृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि संघ, प्रदेश वा स्थानीय तहले पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२९.६. शिक्षाका सबै तहमा (प्रारम्भिक बाल–विकास देखि उच्च शिक्षा तथा जीवन पर्यन्त शिक्षा सम्म) समावेशीकरण सम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिनेछ ।

१०.४०.५. निजी लगानीमा सञ्चालित विद्यालयहरूले १० देखि१५ प्रतिशत विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ । सोको लागि विपन्न जेहनदार, विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति, विभिन्न विधामा प्रतिभावान् व्यक्ति लगायत लक्षित वर्गको पहिचान र छनौट गर्ने कार्यविधि संघीय सरकारबाट निर्माण गरी सोही बमोजिम स्थानीय तहले

कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४५.१. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थान शील बनाइनुका साथै पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाइनेछ । विद्यालयहरूलाई बाल मैत्री, छात्रा मैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।

१०.४५.७. विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, समुदाय सम्बन्धित संघ संस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबाट, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा बाह्य वातावरण पर्यावरण मैत्री, बाल मैत्री, लैङ्गिक मैत्री एवं अपाङ्गतामैत्री बनाइनेछ ।

## अपाङ्गता व्यवस्थापन नीति, रणनीति तथा १० वर्षे कार्य योजना (२०७३-८२)

अपाङ्गता व्यवस्थापन नीति, रणनीति तथा १० वर्षे कार्य योजना (२०७३–८२) नेपाल सरकार स्वास्थ्य मन्त्रालयले नेपालको संविधान २०७२, राष्ट्रिय स्वास्थ्य नीति २०७१ एवं नेपाल स्वास्थ्य क्षेत्र रणनीति तथा कार्यक्रम कार्यान्वयन योजना अनुसार पहिलो पटक अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) का लागि नीति निर्माण गरि यसैमा आधारित भई यो १० वर्षे कार्य योजना निर्माण गरेको हो । यसको लक्ष्य "अपाङ्गता भएका व्यक्तिहरूले राज्यको संविधानमा उल्लिखित एवम् अपाङ्गता अधिकार सम्बन्धी महासन्धि लगायतका दस्तावेजले सुनिश्चित गरेका मानवअधिकारहरूको पूर्ण उपयोग गर्दै स्वास्थ्य तथा पुनर्स्थापना र सबै सेवा सुविधा र अवसरहरूमा आम नागरिक सरह समान आधारमा समान पहुँच स्थापित गर्न मद्दत गर्ने हो ।"

आधारभूत रूपमा अपाङ्गता व्यवस्थापन (रोकथाम, उपचार तथा पुनर्स्थापना) सम्बन्धी नीति, रणनीति तथा १० वर्षे कार्य योजनाले अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजनाका वृहत् उद्देश्यहरू प्राप्त गर्न मद्दत गर्दै अपाङ्गता अधिकार सम्बन्धी महासन्धि लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूले श्रृजना गरेको दायित्वलाई पूरा गर्दै दिगो विकास लक्ष्य २०३० को स्वास्थ्यसँग सम्बन्धित लक्षहरू प्राप्त गर्न समेत मद्दत गर्ने छ । यसका साथै नेपाल स्वास्थक्षे त्र रणनीतिले अंगिकार गरेको प्राथमिकता एवम् लक्षहरूमा उल्लिखित समता एवम् गैर भेदभावको लक्ष प्राप्त गर्न लार्ई समेत मद्दत गर्ने छ । यसको मुख्य ५ उद्देश्यहरू छन् ।

१. प्रवर्द्धनात्मक सेवा तथा प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम र स्वास्थ्यसम्बन्धी सूचना तथा जानकारीहरूमा (प्रवर्द्धनात्मक, शीघ्र पहिचान, उपचार पुनर्स्थापना तथा अन्य स्वास्थ्य सेवाहरू समेत) मा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्ने ।

२. अपाङ्गता रोकथाम तथा न्यूनीकरण सम्बन्धी स्वास्थ्य कार्यक्रमहरूलाई समन्वयात्मक एवम् प्रभावकारी बनाई सञ्चालन गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा आधारभूत स्वास्थ्य, आवश्यकताअनुसारको विशिष्ट कृत स्वास्थ्य र पुनर्स्थापना सेवामा पहुँच पुर्‍याउने ।

४. अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम समुदाय स्तरसम्म बिस्तार गर्ने ।

५. अपाङ्गता व्यवस्थापनमा लागेका गैरसरकारी संस्थालाई मूल्यकन गरेर सञ्चालनमा आवश्यक टेवा पुर्‍याउने ।

**यसका मुख्य रणनीतिहरू**

**प्रवर्धनात्मक स्वास्थ्य सेवा**

१ अपाङ्गता भएका महिलाहरूको प्रजनन स्वास्थ्यसम्बन्धी रहेका समस्या र चुनौतीको अध्ययन गरी अपाङ्गता भएका महिला केन्द्रित विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२ अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित समूहको रूपमा स्वीकार गरी सम्पूर्ण स्वास्थ्य सेवाहरूमा बिना भेदभाव सेवा दिने वातावरण तयार गरिने छ ।

**औषधोपचार**

१ अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो शारीरिक वा मानसिक अवस्थाको कारणले निरन्तर सेवन गर्नुपर्ने औषधीहरू पहिचान गरी क्रमशः निःशुल्क रूपमा उपलब्ध गराउँदै लगिनेछ ।

२ अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो शारीरिक अवस्थाको कारणले भविष्यमा स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावहरू कम गराउन नियमित स्वास्थ्य परामर्श, उपचार तथा थेरापी सेवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिने ।

**रोकथाम**

१ अपाङ्गता हुनै नदीन अपनाइनु पर्ने कार्यस्थल सुरक्षा, सडक सुरक्षा,स्वास्थ्य शिक्षा र सरसफाइ लगायतका सबै उपायहरू अपनाइने छ ।

२ गाउँ स्तरमै समयमै अपाङ्गता पहिचान, आवश्यक परामर्श र प्रेषण सेवा दिन सक्ने जनशक्ति तयार गर्ने र स्थानीय स्वास्थ्य चौकी मार्फत सेवा उपलब्ध गराइनेछ ।

**पुनर्स्थापना**

१ समुदायमा आधारित पुनर्स्थापना सेवा मार्फत अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य सेवा गाउँ स्तरसम्म पुर्‍याइनेछ ।

२ अपाङ्गता व्यवस्थापनमा कार्यरत संघ संस्थाहरूलाई अझ प्रभावकारी सेवा उपलब्ध

गराउनका लागि टेवा प्रदान गर्ने रणनीति लिइने छ ।

३ बिशिष्टिकृत सेवा आवश्यकता भएका अपाङ्गता (बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोम, अटिज्म, मनोसामाजिक अपाङ्गता, हेमोफेलिया,स्पाइनल इन्जुरी अपाङ्गता भएका व्यक्ति) लगायतलाई आवश्यकतामा आधारित बिशेष आवश्यकताको सेवाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

४ अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य पुनर्स्थापनाको सेवालाई प्रभावकारी रूपमा उपलब्ध गराउनका लागि त्यसता सेवा सञ्चालन गरिरहेका र गर्न इच्छुक संस्थाहरूसँग कार्य गर्न निजी सार्वजनिक साझेदारीको रणनीति लिइने छ ।

**मानव संसाधन: क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण**

१ यस नीति, रणनीति तथा कार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि कुष्ठरोग नियन्त्रण महाशाखा (अपाङ्गता सम्पर्क इकाईको संस्थागत क्षमता विकास गर्दै लगिने छ । (कार्यक्षेत्र, क्षमता अभिवृदि साथै महाशाखाको नामाकरण समेत अपाङ्गता तथा पेशागत स्वास्थ्यलाई समेत समेटी कार्यक्षेत्र विस्तार एवं नामाकरण गरिनेछ ।)

२ हालका क्षेत्रीय, अञ्चल तथा जिल्ला स्तरका संघ, प्रादेशिक तथा स्थानीय तह अनुसारका सरकारी अस्पतालहरूको क्षमता विकास र स्तरवृद्धि गर्दै अपाङ्गता भएका व्यक्तिहरूको लागि चाहिने विशिष्ट उपचार सेवा र परामर्श सेवा उपलब्ध गराइनेछ ।

३ क्षेत्रीय/प्रदेश स्तरमा पूर्ण क्षमताको पुनर्स्थापना सेवा, ट्रान्जिट होम,तालिम समेतको सुविधा दिन सक्ने केन्द्रहरूको स्थापना गरिने छ ।

४ अस्पताल, कार्यालय, स्वास्थ्य संस्था र स्वास्थ्य चौकीको भौतिक संरचनाहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता मैत्री बनाउँदै लगिने छ ।

५ हाल कार्यरत जनशक्तिलाई अपाङ्गता व्यवस्थापनको तालिम: अनु शिक्षण प्रदान गरिने छ ।

**सूचना सञ्चार तथा तथ्याङ्क**

१ अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य पुनर्स्थापना सेवा सुविधाका बारेमा सबै तहलाई सु सूचित गराउन, चेतना अभिवृद्धि गर्नका लगिसमेत विषयगत रूपमा राष्ट्रिय स्तरमा ३६० डिग्री मा सञ्चार अभियानको रणनीति अपनाइने छ ।

२ साङ्केतिक भाषाको माध्यमबाट सेवा लिने व्यक्तिहरूको लागि दोभाषेको व्यवस्था गरिनेछ ।

३ अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवा आवश्यकता र सेवा लिएको अलग अलग अभिलेख/तथ्याङ्क, वेब साइट लगायतका सूचना पहँचयुक्त ढाँचामा राख्ने रणनीति लिइने छ ।

# खण्ड पाँच (५)

# अपाङ्गता भएका व्यक्तिहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधा र लिने प्रकृयाहरू

# शिक्षा

## १.१ निःशुल्क उच्च शिक्षाको व्यवस्था (कानुनद्वारा व्यवस्था गरिएको)

**सुविधा**ः कानुनका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले निःशुल्क उच्च शिक्षा हासिल गर्न पाउने व्यवस्था छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने उच्च शिक्षाका लागि योग्यता पुगेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू यस सुविधाको हकदार हुनेछ ।

**सुविधा प्राप्त गर्ने निकाय**ः त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः आफूले प्राप्त गरेको अपाङ्गता परिचय–पत्रको प्रतिलिपि सहित निःशुल्क अध्ययनका लागि आफूले अध्ययन गर्न चाहेको क्याम्पस प्रशासनमा आवेदन दिने वा क्याम्पस प्रशासनले आवेदनको लागि कुनै ढाँचा वा प्रकृया तोकेको भएमा सोही अनुसार गर्ने ।

**सुविधा प्राप्त गर्ने कानुनी तथा नीतिगत आधारः क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा २१ निःशुल्क शिक्षा उपलब्ध गराउने**ः (१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराइनेछ ।

ख) २०६० साल कात्तिक २८ गते निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था कार्यान्वयन गराउन सर्वोच्च अदालतमा दिएको रिटको पक्षमा सम्मानित सर्वोच्च अदालतले गरेको फैसला ।

## १.२ विद्यालयमा निःशुल्क शिक्षाको व्यवस्था (कानुनमा व्यवस्था गरिएको)

**सुविधा**ः कानुन अनुसार देशका हरेक सरकारी वा सामुदायिक विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने विद्यालय जाने उमेरका हरेक अपाङ्गता भएका बालबालिका यस सुविधाका हकदार हुनेछ ।

**सुविधा प्रदान गर्ने निकाय**ः स्थानीय स्तरमा रहेका सरकारी वा सामुदायिक विद्यालयहरू

सुविधा प्राप्त गर्ने प्रक्रियाः अपाङ्गता परिचय–पत्रको प्रतिलिपि सहित आफूले अध्ययन गर्न चाहेको विद्यालयमा निशुल्क शिक्षाका लागि आवेदन दिने

**सुविधा प्राप्त गर्ने कानुनी तथा नीति गत आधार**ः अपाङ्गता भएका व्यक्तिको अधिकार

सम्बन्धी ऐन २०७४ दफा २१ को उपदफा (२) र (३) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइनेछैन ।"

**१.३ शैक्षिक छात्र छात्रवृत्ति:**

कक्षा १ देखी १० सम्मका अपाङ्गता भएका बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था:

**सुविधा**: विद्यालय स्तरमा छात्रवृत्तिको व्यवस्था गरी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति उनीहरूका लागि छात्रावासको सुविधा, विद्यालय पोसाक, शैक्षिक सामग्री (कापी, कलम, मसी, यातायात भाडा तथा अन्य मसलन्द आदि) खरिदका लागि प्रदान गरिन्छ ।

"क" वर्गको छात्रवृत्तिः प्रति विद्यार्थी प्रति महिना रु ४०००/– का दरले दस महिना रु ४००००/– वा वार्षिक रु ४००००/– उपलब्ध हुने । यो छात्रवृत्ति घरबाट विद्यालय आवतजावत गर्न नसकेका कारण विद्यालयले उपलब्ध गराएको होस्टल वा भाडामा बस्नुपर्ने अवस्थाको विद्यार्थीका लागि आवास खर्च स्वरूप उपलब्ध हुने ।

"ख" वर्गको छात्रवत्तिः प्रति विद्यार्थी प्रति महिना रु ५००/– का दरले दस महिना रु ५०००/– वा वार्षिक रु ५०००/– उपलब्ध हुने । यो छात्रवृत्ति घरबाट विद्यालय आवतजावत गर्न सहयोगी आवश्यक पर्ने अवस्थाको विद्यार्थीका लागि उपलब्ध हुने ।

"ग" वर्गको छात्रवृत्तिः प्रति विद्यार्थी प्रति महिना रु ३००/– का दरले दस महिना रु ३०००/– वा वार्षिक रु ३०००/– उपलब्ध हने । यो छात्रवृत्ति घरबाट विद्यालय आवतजावत गर्न सहयोगी साधन जस्तो लाठी, बैसाखी आदि प्रयोग गर्नुपर्ने अवस्थाको विद्यार्थीका लागि उपलब्ध हुने ।

"घ" वर्गको छात्रवृत्तिः प्रति विद्यार्थी प्रति महिना रु १००/– का दरले दस महिना रु १०००/– वा वार्षिक रु १००/– उपलब्ध हुने । यो छात्रवृत्ति सामान्य अवस्थाको अपाङ्गता भएको विद्यार्थीका लागि उपलब्ध हुने । उल्लिखित छात्रवृत्ति अपाङ्गता परिचय पत्रका आधारमा नभएर अपाङ्गता भएका विद्यार्थीलाई विद्यालय सम्मको पहुँच सहज भए नभएका आधारमा वितरण गरिन्छ ।

**सुविधाका हकदार**: नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत समेटिने विद्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: स्थानीय तहका शिक्षा शाखा मार्फत स्थानीय सरकारी आधारभुत र माध्यमिक विद्यालयहरू र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयरशिक्षा तथा मानव श्रोत विकास केन्द्र

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** (क) छात्रवृत्ति अपाङ्गता भएका विद्यार्थीले आफूले पढ्दै गरेको विद्यालयबाट प्राप्त गर्नेछन् । यसको लागि विद्यार्थीले आफ्नो अपाङ्गता परिचय–पत्र सहित विद्यालयमा सो छात्रवृत्ति लागि दावी गर्न सक्नेछ । (ख) हरेक विद्यालय प्रशासनले आफ्नो विद्यालयमा भएका अपाङ्गता भएका विद्यार्थीको संख्याको आधारमा सम्बन्धित पालिकाको शिक्षा शाखाबाट निकासा माग्नु पर्ने र विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने । (ग) स्थानीय शिक्षा शाखाबाट माग भए अनुसारको छात्रवृत्ति बजेट शिक्षा तथा मानव श्रोत विकास केन्द्र उपलब्ध गराउनेछ ।

**सुविधा प्राप्त गर्ने आधारः** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ आर्थिक वर्ष २०७८ र ०८९ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत कक्षा १ देखी १० सम्मका देशभरिका सबै अपाङ्गता भएका विद्यार्थीहरूलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, आ.व. २०७८ र ०८९, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र ।

### १.४ छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था

**सुविधाः** कक्षा १ देखी १० सम्मका विद्यार्थीहरू बाहेक पनि विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरूलाई राष्ट्रिय शिक्षा नीति र कानुनमा छात्रवृत्ति को व्यवस्था गरिएको छ । संस्थागत विद्यालयहरूले कूल विद्यार्थी संख्याको ५ प्रतिशत अपाङ्गता भएका विद्यार्थी, गरिब, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था छ भने विश्व विद्यालय तहमा पनि यस्ता छात्रवृत्ति को व्यवस्था गरिएको छ ।

**सुविधाका हकदारः** संस्थागत विद्यालयमा अध्ययन गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरू र उच्च शिक्षा हासिल गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरू ।

**सुविधा प्रदान गर्ने निकायः** संस्थागत विद्यालयहरू

**सुविधा प्राप्त गर्ने आधारः** क) शिक्षा नियमावली, २०५९ को परिच्छेद २६ को "छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था" अन्तर्गत नियम १५१ को उपनियम २: संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा ५ प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ ।

### १.५ विशेष शिक्षाको व्यवस्थाः

सुविधाः यो विशेष पद्धति र ढाँचामा शिक्षा दिन आवश्यक पर्ने अपाङ्गता भएका बालबालिकाको सिकाइ सम्बन्धी आवश्यक्ता सम्बोधन गर्दै उनीहरूलाई शिक्षाको समान अवसर प्रदान गर्नका लागि सञ्चालित शिक्षा कार्यक्रम हो ।

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत समेटिने विशेष शिक्षाको सुविधा दिन आवश्यक भएका खास गरेर बहिरा, दृष्टि विहीन, बौद्धिक अपाङ्गता भएका बालबालिका र व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः स्थानीय तहमाः** विशेष शिक्षा सञ्चालन गर्न विभिन्न जिल्लामा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट अनुदानबाट विशेष शिक्षा सञ्चालन कार्यक्रमहरूबाट यो शिक्षा हासिल गर्न सकिन्छ । जिल्ला समन्वय इकाइबाट कुन–कुन गैर सरकारी संस्था मार्फत कुन–कुन विद्यालयमा विशेष शिक्षा सञ्चालन गरिएको छ भन्ने जानकारी प्राप्त हुने ।

**संघिय तहमाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्र र विशेष शिक्षा परिषद, त्रिभवुन विश्व विद्यालय सुविधा प्राप्त गर्ने प्रक्रिया स्थानीय तहमा विशेष शिक्षा प्रदान गरिरहेका विद्यालयहरूले तोकेको प्रक्रिया पुरा गरी यो सुविधा प्राप्त गर्न सकिन्छ ।

**सेवा सुविधा प्राप्त गर्ने आधारः**

क) राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको व्यवस्था

ख) शिक्षा ऐन, २०२८ को दफा २, परिभाषा को “घ१“:

ग) शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ अन्तर्गत नियम ६०:२० अपाङ्गता स्रोत पुस्तिका २०७८

घ) शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ अन्तर्गत नियम ६१: विशेष शिक्षा

**परिषदको व्यवस्थाः**

विशेष शिक्षा सम्बन्धी नीति निर्माण तथा व्यवस्थापन समेतका लागि देहायका सदस्यहरू रहेको एक विशेष शिक्षा परिषद रहनेछ ।

अध्यक्षः शिक्षा विज्ञान तथा प्रविधि मन्त्री

सदस्यः सभापति, जनसंख्या तथा सामाजिक समिति, प्रतिनिधि सभा

सदस्यः सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने)

सदस्यः मन्त्रालयका सचिव

सदस्यः सहसचिव (शैक्षिक प्रशासन हेर्ने), शिक्षा मन्त्रालय

सदस्यः प्रतिनिधि मन्त्रालय

सदस्यः प्रतिनिधि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

सदस्य: प्रमुख, नाक, कान, घाँटी विभाग, वीर अस्पताल

सदस्य: अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

सदस्य: विशेष शिक्षा सम्बन्धी विशेषज्ञहरू मध्येबाट मन्त्रालयद्वरा मनोनीत एकजना ।

सदस्य: विशेष शिक्षा अध्यापन गराउने शिक्षकहरू मध्येबाट विशेष शिक्षा परिषदले मनोनीत गरेको एकजना ।

सदस्य: अपाङ्गहरूको उत्थानमा विशेष योगदान दिएका अपाङ्गहरू मध्ये बाट विशेष शिक्षा परिषदले मनोनीत गरेको एकजना ।

सदस्य सचिव: महानिर्देशक, शिक्षा तथा मानव श्रोत विकास केन्द्र

## १.६ प्राविधिक शिक्षा तथा तालिममा छात्रवृत्ति

**सुविधा**: अपाङ्गता भएका व्यक्तिहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा छात्रवृत्तिको व्यवस्था गरिएको छ । यो सुविधा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमी, भक्तपुरबाट प्रदान गरिन्छ । परिषदका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थाहरूमा संचालित विभिन्न कार्यक्रममा भर्ना भएका जम्मा ६ जना अपाङ्गता भएका विद्यार्थीहरूलाई निर्वाह स्वरूप प्रति विद्यार्थी विशेष छात्रवृत्ति स्वरूप रू । ५०००/– (पाँच हजार) को छात्रवृत्ति परिषद् कार्यालयबाट प्रदान गरिनेछ । तर सम्बन्धित सस्ंथामा बुझाउनुपर्ने अन्य सम्पुर्ण रकमहरू भने विद्यार्थीले बुझाउनुपर्नेछ । सुविधाको हकदारः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिन २०७८ आवश्यक योग्यता पुगेका अपाङ्गता भएका व्यक्ति ।

**सुविधा प्रदान गर्ने निकाय**: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, सानोठिमी भक्तपुर वा परिषद्ले तोकेको शिक्षालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: परिषद् वा परिषदले तोकेको स्थानीय निकायमा आफूले लिन चाहेको प्राविधिक शिक्षा वा व्यावसायिक तालिमको लागि तोकिएको ढाँचा र प्रक्रिया पुर्याई आवेदन दिने । परिषद अन्तर्गत अध्ययन गर्न प्रवेश परीक्षा सञ्चालनको प्रक्रियामा विद्यार्थीहरूलाई छनौट गर्दा ।

**सुविधा प्राप्त गर्ने आधार**: अपाङ्गताको सम्बन्धमा परिषदको विद्यार्थी भर्ना सम्बन्धी निर्देशिका ।

## १.७ परीक्षामा थप समय उपलब्ध गराइने व्यवस्था

**सुविधा**: अपाङ्गताका कारण शारीरिक अङ्गमा आएको कार्य सीमितता वा अङ्ग क्रियासिलतामा आएको ढिलाइका कारण कुनै अपाङ्गता भएको विद्यार्थीले सामान्यतया परीक्षाका लागि तोकिएको समयभित्र परीक्षा दिन भ्याउँदैन र केही थप समय आवश्यक छ भन्ने ठहर भएमा त्यसता अपाङ्गता भएका विद्यार्थीलाई बढीमा एक घन्टा तीस मिनेट सम्म समय थप गर्न सकिने व्यवस्था छ ।

**सुविधाको हकदार**: नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने र यो सुविधा उपलब्ध गराउन आवश्यक ठानिएका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: स्थानीय तहमाः सम्बन्धित विद्यालय र परीक्षा केन्द्राध्यक्ष

सरोकारवाला निकायः शिक्षा मन्त्रालय र शिक्षा तथा मानव श्रोत विकास केन्द्र

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: अपाङ्गता भएका उल्लेखित परीक्षार्थीले आफूलाई थप समय आवश्यक भएको कारण स्पष्ट रूपमा खुलाई आफनो अपाङ्गता परिचय–पत्र सहित अध्ययन गरिरहेको विद्यालयमा अग्रीम रूपमा आवेदन गरी यो सुविधा हासिल गर्न सक्छन ।

**सुविधा प्राप्त गर्ने आधार**: शिक्षा नियमावली, २०५९ को परिच्छेद ८ अन्तर्गत नियम ४७ मा अशक्त विद्यार्थीका लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने उपनियम १ र २ बमोजिम विद्यार्थीले निर्धारित समय भित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले बढीमा एक घन्टा तीस मिनेट सम्म थप समय उपलब्ध गराउन सक्नेछ ।

## १.८ परीक्षामा सहयोगीको व्यवस्था

**सुविधा**: दृष्टिविहीनहरूलाई परीक्षा दिँदा सहयोगी राखेर लेख्न पाउने व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार**: नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणले समेटेका दृष्टिविहीन परीक्षार्थीहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: आफूले अध्ययन गरिरहेको विद्यालय वा परीक्षा केन्द्रका केन्द्राध्यक्ष ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: परीक्षामा आफूलाई सहयोगी राखेर लेख्नुप्नुर्ने आवश्यक भएको कारण खुलाई अपाङ्गता परिचय–पत्रको प्रतिलिपि सहित विद्यालय वा परीक्षा केन्द्राध्यक्षलाई अग्रीम आवेदन दिने

**सुविधा प्राप्त गर्ने आधार**: शिक्षा नियमावलीको नियम १९२ लाई कार्यान्वयन गर्न बनाइएको विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०६० को परिच्छेद ७, बुँदा नं. १९.२ (ख) मा दृष्टिविहीन परीक्षार्थीहरूको सहयोगका लागि परीक्षा दिने कक्षा भन्दा एक कक्षा मनिुको लेखक सहयोगी राख्ने सम्बन्धी व्यवस्था ।

## १.९ उच्च शिक्षा अध्ययनको लागि अपाङ्गता भएका व्यक्तिहरूको लागि छात्रवृत्ति :

नेपाल सरकारले छात्रवृत्ति सम्बन्धी ऐन २०२१ लाई कार्यान्वयन गर्न बनेको नियमावलीमा प्रतिस्पर्धाको आधारमा छात्रवृत्तिको लागि उम्मेद्वार छनौट प्रक्रियामा अपाङ्गता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था गरेको छ ।

**सुविधा**: प्रतिस्पर्धाको आधारमा छात्रवृत्ति को लागि उम्मेद्वार छनौट प्रक्रियामा अपाङ्गता भएका व्यक्तिलाई आरक्षणको व्यवस्था गरेको छ ।

**सुविधाको हकदार**: उच्च शिक्षाको लागि योग्यता पुगेका र नेपाल सरकारको परिभाषा र

वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्ति ।

**सुविधा प्रदान गर्ने निकाय**: शिक्षा मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: हरेक वर्ष छात्रवृत्ति को लागि शिक्षा मन्त्रालयले आवेदनको लागि सुचना प्रकाशित गर्ने गर्छ । सुचना प्रकाशित भएपछि तोकिएको ढाँचाको आवेदन भरी शिक्षा मन्त्रालयमा बुझाउने । अपाङ्गता भएको व्यक्तिको हकमा आवेदनको साथमा अपाङ्गता परिचय–पत्रको प्रतिलिपि, र सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा राष्ट्रिय अपाङ्ग महासंघको सिफारिस पनि संलग्न गराउनु पर्नेछ ।

**सुविधा प्राप्त गर्ने आधार**: छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (छैठौं संशोधन २०७२) को नियम १० (क) मा छात्रवृत्ति आरक्षण गरिने (१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये पैंतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उतिर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ । (२) अपाङ्गका लागि दुई प्रतिशत

# स्वास्थ्य

## २.१ निःशुल्क स्वास्थ्थोपचारको व्यवस्था

**सुविधा**: सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको प्रावधान छ ।

**सुविधाका हकदार**: नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिएका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: देशभरिका सबै सरकारी अस्पताल र स्थानीय तहका स्वास्थ्य केन्द्र/चौकीहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: सुविधा लिन चाहने अपाङ्गता भएका व्यक्तिले अस्पतालको शुल्क बुझाउने सम्बन्धित ठाउँमा आफ्नो अपाङ्गता परिचय–पत्र देखाई निःशलुक स्वास्थ्य परीक्षण वा उपचारको सेवा उपभोग गर्न पाउनेछ ।

**सुविधा प्राप्त गर्ने आधार**: क) अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन २०७४ को दफा २३ को उपदफा १) नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पीचथेरापी, अकुपेसनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ अनुसार नेपाल

सरकारले समय समयमा तोके को भन्दा कम वार्षिक आय भएका र देहायबमोजिमका गम्भीर प्रकृतिका रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका पुर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

१) मुटुरोग, २) मृगौला रोग, ३) क्यान्सर, ४) नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य रोग ।

### २.२ अस्पतालमा शैया आरक्षित गरिनेः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारी अस्पतालमा निश्चित संख्यामा शैयाहरू सुरक्षित गरिने प्रावधान छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने महत्त्वपुर्ण अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** नेपाल भरीका सरकारी अस्पतालहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** सुविधा उपभोग गर्ने व्यक्तिले आफूसँग भएको अपाङ्गता परिचय–पत्र देखाएर यो सुविधा उपभोग गर्न पाउँछ ।

**सुविधा प्राप्त गर्ने आधारः** क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम (५) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शैया भन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नु पर्नेछ ।

### २.३ निःशुल्क औषधीको व्यवस्थाः

**सुविधाः** नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि निश्चित प्रकारका औषधीहरू सरकारी अस्पतालहरूबाट निःशुल्क रूपमा प्राप्त गर्ने व्यवस्था गरेको छ

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने सबै अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** नेपाल भरीका सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरू

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** अपाङ्गता भएका व्यक्तिले स्वास्थ्य परीक्षण पश्चात, निःशुल्क प्रदान गरिने औषधी मध्ये पर्ने औषधी सेवन वा प्रयोग गर्नु पर्ने भएमा आफूसँग भएको अपाङ्गता परिचय–पत्र देखाई सरकारी अस्पतालबाट औषधी निःशुल्क प्राप्त गर्न सक्छन ।

## रोजगारी तथा आय आर्जन

### ३.१ निजामती सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्थाः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूलाई निजामती सेवामा आरक्षणको व्यवस्था छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारले गरेको परिभाषा र वर्गीकरणमा समेटिएका र सेवाका लागि योग्यता पुगेका अपाङ्गता भएका सबै व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**ः लोकसेवा आयोगका कार्यालय केन्द्रीय कार्यालय र प्रदेश लोकसेवा आयोगहरू ।

**सुविधा प्राप्त गर्नेप्रक्रियाः** (१) लोक सेवा आयोगको आरक्षण तर्फ फाराम भर्नको लागि आफूसँग अपाङ्गता परिचय–पत्र हुन अनिवार्य छ । उक्त परिचय–पत्र देखाई लोक सेवा आयोग वा आयोगले तोकेका स्थान वा कार्यालयबाट आरक्षण तर्फ फाराम लिन सकिन्छ । (२) आवेदन सँगै नियम अनुसारको शुल्क, आवश्यक प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र, अपाङ्गता परिचय–पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र आदि पेश गर्नुपर्दछ । (३) सम्बन्धित आरक्षण बाहेक प्रतिस्पर्धा गर्न चाहने अपाङ्गता भएका व्यक्तिले प्रतिस्पर्धा गर्दा प्रारम्भिक परीक्षा उत्रिर्ण गरेर मात्र लिखित परीक्षामा सामेल हुन पाउनेछन । (४) समावेशी अन्तर्गतको लिखित परीक्षा छुट्टै लिइने हुनाले उक्त लिखित परीक्षामा सहभागी हुने ।

**सुविधा प्राप्त गर्ने आधार**ः क) निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४, साउन २३ को कार्यान्वयनका लागि बनेको निजामती सेवा नियमावली, २०५० को सातौं संशोधन २०६४ मंसीर २० मा भएको व्यवस्था अनुसार दफा ७ को उपदफा १) मा जनसुकै कुरा लेखिए पनि निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पद पुर्ति हुने पदहरू मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिम उम्मेदवार बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरिनेछ । क) महिला (तेत्तीस प्रतिशत) ख) आदिवासी/जनजाति (सत्तार्ईस प्रतिशत) ग) मधेसी (बाईस प्रतिशत) घ) दलित (नौ प्रतिशत) ङ) अपाङ्ग (पाँच प्रतिशत) च) पिछडिएको क्षेत्र (चार प्रतिशत)

### ३.२ अपाङ्गता भएका कर्मचारीको लागि अवकास सम्वन्धी विशेष व्यवस्था तथा अशक्त वृति

**सुविधा**ः निजामती सेवामा रहँदाको अवस्थामा विभिन्न कारणले अपाङ्गता भइ काम गर्न असमर्थ भएमा, अगभंग भएमा आर्थिक सहायता, विशेष राहत सहित अवकास, विदा लगायतका व्यवस्थाहरू गरिएका छन ।

सुविधाका हकदारः सेवारत अवस्थामा रहेकै अवस्थामा विभिन्न कारणले अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**ः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सुविधा प्रदान गर्ने प्रकृया**ः सम्बन्धित व्यक्तिले अशक्तताको प्रकृति अनुसार मेडिकल

वोर्डको सिफारिस, अशक्तताको प्रमाणीकरण, नि.से. नि.को नियम १०० अनुसारको समितिको प्रमाणीकरण लगायत अन्य आवश्यक कागजातहरू पेश गर्नुपर्दछ ।

**सुविधा प्राप्त गर्ने आधारः** निजामती सेवा ऐन,२०४९ को दफा ३४ (क), निजामती सेवा नियमावली, २०५० को नियम ९६ र नियम ८७

### ३.३ नेपाल टेलिकमको रोजगारीमा ५ प्रतिशत आरक्षणः

**सुविधाः** नेपाल टेलिकमका रिक्त पदपुर्ति गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई कुल आरक्षित संख्याको ५ प्रतिशत आरक्षण दिने प्रावधान छ ।

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने उक्त सेवाका लागि योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** नेपाल टेलिकम

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** नेपाल टेलिकमले आवेदनका लागि तोकेको प्रक्रियाअनुसार अपाङ्गता परिचय–पत्र सहित आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधारः** नेपाल टेलिकमको विनियमावलीमा व्यवस्था भएको ।

### ३.४ रेडियो नेपालको स्थायी सेवामा ५ प्रतिशत आरक्षणः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूका लागि रेडियो नेपालको स्थायी सेवामा आरक्षणको व्यवस्था गरिएको छ र करार सेवामा कार्यरत अपाङ्गता भएका व्यक्तिहरूको करार अन्त्य नगर्ने समेत नीति रहेको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने सेवाका लागि योग्यता पुगेका अपाङगता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** रेडियो नेपाल ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** रेडियो नेपालले आवेदनका लागि तोकिएको प्रक्रिया पुर्याई अपाङ्गता परिचय–पत्र समेत संलग्न राखी आवेदन दिने ।

**सुविधा प्रदान गर्ने आधारः** रेडियो नेपालको सेवा नियमावलीमा व्यवस्था भएको ।

### ३.५ शिक्षा सेवामा आरक्षणः

**सुविधाः** नयाँ संशोधित शिक्षा ऐनले शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिएका अध्यापन अनमुति प्राप्त अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः**

**केन्द्रीय निकायः** शिक्षा मन्त्रालय/शिक्षा सेवा आयोग ।

**स्थानीय तहः** शिक्षा विकास तथा समन्वय इकाइ ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** शिक्षा सेवा आयोगले शिक्षक पद पदपुर्तिका लागि आह्वान गरेको विज्ञापनमा समावेशी तर्फ आरक्षित कोटामा तोकिएको प्रक्रिया अनुसार आवेदन गरी तोकिएको प्रतिस्पर्धा प्रणाली अनुसार प्रतिस्पर्धामा सम्मिलित हुने ।

**सुविधा प्राप्त गर्ने आधारः** शिक्षा ऐन, २०२८ (नवौ संशोधन २०७४ /७/६ सहितको) को दफा १६.ङः नियुक्ति समावेशी गरिनेः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ । क) महिला तेत्तीस प्रतिशत ख) आदिवासी, जनजाति सत्ताइस प्रतिशत ग) मधेसी बाईस प्रतिशत घ) दलित नौ प्रतिशत ङ) अपाङ्ग पाँच प्रतिशत च) पिछडिएको क्षेत्र चार प्रतिशत ।

### ३.६ आयकरमा सहुलियतः

सुविधाः नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको हकमा आयकर लाग्ने वार्षिक आम्दानीको दायरालाई अन्य व्यक्तिहरूको तुलनामा ५० प्रतिशतले फराकिलो बनाएको छ । आ.व. २०७८/०८९ मा सामान्यतया विवाहित व्यक्तिलाई रु चार लाख पचास हजार सम्म आयकर नलाग्नेमा अपाङ्गता भएका व्यक्तिहरूको हकमा छ लाख पचहत्तर हजारसम्मको वार्षिक आम्दानीमा आयकर लाग्दैन ।

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा वर्गीकरणमा पर्ने अपाङ्गता भएका वैतनिक व्यक्तिहरू

**सुविधा प्रदान गर्ने निकायः** अर्थ मन्त्रालय अन्तर्गत स्थानीय तहमा जिल्ला जिल्लामा स्थापित कर कार्यालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** स्थानीय कर कार्यालयले तोकेको प्रक्रिया अनुसार अपाङ्गताको परिचय–पत्रको प्रतिलिपि सहित आफ्नो आय विवरण आफूले काम गर्ने गरेको संस्था वा कार्यालय मार्फत पेस गर्ने ।

सुविधा प्राप्त गर्ने आधारः आर्थिक अध्यादेश, २०७८ आयकर ऐन, २०५८ (२०६५ मा भएको नयाँ संशोधन सहित) करका दरहरूः दफा ४ सँग सम्बन्धित १०. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए पनि कुनै प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिका लागि उपदफा १ को खण्ड क) वा दम्पतीका लागि उपदफा २ को खण्ड क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम कर योग्य आयबाट घटाई

बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

### ३.७ निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारीः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूलाई निजी क्षेत्रका कल कारखाना तथा उद्योगहरूमा रोजगारीमा ५ प्रतिशत कोटा छुट्ट्याउनु पर्ने कानुनी व्यवस्था छ ।

**सुविधाका हकदारः** रोजगारीका लागि आवश्यक योग्यता पुगेका तथा नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिएका अपाङ्गता भएका महत्त्वपुर्ण व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** निजी क्षेत्रबाट सञ्चालित उद्योग तथा कलकारखानाहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** क) निजी क्षेत्रबाट आवेदनका लागि आह्वान गरिएका रोजगारीका अवसरहरूमा तोकिएको प्रक्रिया अनुसार आवेदन गर्ने । ख) आवेदनमा अपाङ्गता परिचय–पत्रको प्रतिलिपि संलग्न गराउने ।

**सुविधा प्राप्त गर्ने आधारः** अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन २०७४ को दफा २४ र २५ का बुँदाहरू

### ३.८ अपाङ्गता भएका व्यक्तिका लागि स्व रोजगार कार्यक्रमः

**सुविधाः** उद्योग मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूका स्व रोजगार कार्यक्रम लागू गरेको छ । जस अन्तर्गत तालिम र रोजगारीको व्यवस्था गरिएको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** घरेलु तथा साना उद्योग विभाग तथा यसका जिल्ला निकायहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** जिल्ला घरेलु कार्यालय वा घरेलु तथा साना उद्योग विभागले तोकेको प्रक्रिया पुरा गरी यो सुविधा उपभोग गर्न सकिन्छ ।

### ३.९ अपाङ्गता वा अशक्त भएका कर्मचारीको लागि विशेष व्यवस्थाः

**सुविधाः** निजामती सेवामा रहेको कर्मचारी कुनै कारणले शारीरिक वा मानसिक रूपमा काम गर्न असमर्थ भएमा निजामती सेवा ऐनमा सात वर्ष थप सेवा अवधि सहित अवकाशको विशेष व्यवस्था गरेको छ ।

**सुविधा हकदारः** निजामती सेवामा रहेको अवस्थामा कुनै कारणवश मानसिक वा शारीरिक रूपमा समस्या आई सेवालाई निरन्तरता दिन असमर्थ व्यक्ति

**सुविधा प्रदान गर्ने निकायः** सम्बन्धित कार्यालय

**सेवा प्राप्त गर्ने प्रक्रिया**ः सम्बन्धित व्यक्तिले मेडिकल बोर्डको सिफारिस सहित उक्त सुविधाको लागि आवेदन गर्नु पर्नेछ ।

**सुविधा प्राप्त गर्ने आधार**ः निजामती सेवा ऐन, २०४९ को दफा ३४, कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

### ३.१० अशक्त बृतिः

**सुविधा**ः निजामती कर्मचारीलाई सरकारी कामको सिलसिलामा कारण वस दुर्घटनामा परि अङ्ग भङ्ग भई वा मानसिक वा शारीरिक रूपमा अपाङ्गता भएमा अशक्त बृति को व्यवस्था निजामती सेवा नियमावलीमा गरिएको छ ।

**सुविधाको हकदार**ः निजामती सेवामा कार्यरत कर्मचारी

**सुविधा प्रदान गर्ने निकाय**ः सम्बन्धित सरकारी कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः सम्बन्धित निकायबाट अशक्तताको कारण सेवालाई निरन्तरता दिन नसक्ने प्रमाणित भएपछि नियमावलीमा तोकिए अनुसार सुविधा उपभोग गर्न सकिन्छ ।

**सुविधा प्राप्त गर्ने कानुनी आधार**ः निजामती सेवा नियमावली, २०५० नियम ९६ को उपनियम (१) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटनामा परी अङ्ग भङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेल सम्म अशक्त वृतिको रूपमा अशक्त भत्ता र उपनियम (२) मा लेखिए बमोजिमको निबृति भरण सहित उपनियम (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ ।

# व्यवसायीक तालिम

### ४.१ अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क व्यावसायिक तालिमः

**सुविधा**ः अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तीकरणका लागि राज्यले निःशुल्क तालिमको व्यवस्था गरेको छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने तालिमका लागि तोकिएको योग्यता पुगेको अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**ः क) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट अनुदान ख) सीटिईभीटी, यसका स्थानीय शैक्षिक तथा तालिम केन्द्रहरू ग) घरेलु तथा

साना उद्योग विभाग र जिल्ला घरेलु कार्यालय घ) स्थानीय तहहरू ङ) अपाङ्गता क्षेत्रमा काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः माथि उल्लेख गरिएका निकायहरूले तालिमका लागि आवेदन गर्न निश्चित ढाँचामा तयार गरिएको फाराम वा तोकिएको प्रक्रिया वा जारी गरिएको सूचना अनुसार आवेदन दिने । आवेदनको साथमा अपाङ्गता परिचय–पत्र संलग्न हुनुपर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**ः क) अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को दफा २४ व्यवसायिक तालिम तथा स्व रोजगार १) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिबृधि गरी व्यवसायिकता विकास तथा स्व रोजगारीको अवस्था सृजना गर्न व्यवसायिक तालिम उपलब्ध गराउनेछ ।

## आवागमन

### ५.१ हवाई यातायातमा लाग्ने भाडामा ५० प्रतिशत छुटः

**सुविधा**ः आन्तरिक हवाई यात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा ५० प्रतिशत छुट दिइन्छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्राप्त गर्ने ठाउँ**: सम्बन्धित हवाई सेवाको टिकट बिक्री कक्ष ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः क) यो सुविधा लिनका लागि सुविधा लिने व्यक्तिसँग अपाङ्गता परिचय–पत्र अनिवार्य हुनुपर्छ । ख) परिचय–पत्रको प्रतिलिपि सहित आफूले उपयोग गर्न चाहेको हवाई सेवाको टिकट बिक्री कक्षमा हवाई टिकटका लागि अनुरोध गर्ने ।

**सहुलियतको सीमा**: यो सुविधा देशभित्रका सबै निजी तथा सरकारी हवाई उडानमा प्रति उडान एकजना अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइनेछ ।

**सुविधा प्राप्त गर्ने आधार**ः क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३७ को उपदफा (२) सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाई जहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउन पर्नेछ । ख) अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३

### ५.२ सार्वजनिक सडक यातायातमा सवारी भाडामा छुटः

**सुविधा**ः सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भाडामा ५० प्रतिशत छुटको व्यवस्था छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**ः लामो तथा छोटो दूरीमा चल्ने सार्वजनिक भाडाका सवारी साधनहरू सञ्चालन गर्ने व्यावसायिक संस्थाहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः सार्वजनिक सवारीका साधनहरूमा यात्रा गर्दा वा यात्रा गर्नका लागि टिकट काउन्टरबाट टिकट खरिद गर्दा अपाङ्गता परिचय–पत्र देखाउने वा सोको प्रतिलिपि पेस गर्ने ।

**सुविधा प्राप्त गर्ने आधार**ः अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को दफा २७ को उपदफा २ कुनै अपाङ्गतालाई बस, रेल, हवाई जहाजबाट यात्रा गर्दा निजलाई र अरू कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए एकजना व्यक्तिलाई यात्रु भाडाको आधा छुट दिन सकिनेछ ।

**५.३ सार्वजनिक सडक यातायातमा सिट आरक्षणको व्यवस्था**ः

**सुविधा**ः सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूलाई सिट आरक्षण गर्नु पर्ने प्रावधान छ ।

**सुविधाका हकदार**ः नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**ः १० सिट भन्दा बढी सिट क्षमता भएका सार्वजनिक सवारी साधनहरूमा निम्न अनुसार सिट आरक्षण हुने व्यवस्था गरिएको हुन्छ ।

| | |
|---|---|
| दश वा सोभन्दा कम सीट क्षमता भएका सवारी साधनले | एक सीट |
| एघार देखि पन्ध्र सीट क्षमता भएका सवारी साधनले | दुई सीट |
| सोह्र देखि तीस सीट क्षमता भएका सवारी साधनले | तीन सीट |
| तीस भन्दा बढी सीट क्षमता भएका सवारी साधनले | चार सीट |
| रेल लगायतका ठूला सवारी साधनले कूल सीट संख्याको कम्तीमा | पाँच प्रतिशत सीट |

**सुविधा प्राप्त गर्ने आधार**ः क) अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को दफा ३७ को उपदफा २) सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाई जहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्ने छ । ख) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १०७ को उपदफा १: स्थानीय बाटोमा चल्ने यात्रु वाहक सार्वजनिक ठूला सवारीमा चारवटा सिट अशक्त व्यक्तिका लागि र दुइ सिट

महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ ।

### ५.४ विशेष प्रकारका सवारी साधनमा भन्सार छुटको व्यवस्थाः

**सुविधाः** शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने विशेष प्रकारका चार पाङ्ग्रे स्कुटरमा नेपाल सरकारले आ.व. २०६५/०६६ देखि पुर्ण रूपमा भन्सार छुट र भ्याटमा समेत छुट दिने व्यवस्था थप गरिएको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारको परिभाषा र वर्गीकरणमा समेटिने र आवागमनका लागि चार पाङ्ग्रे स्कुटर प्रयोग गर्न आवश्यक पर्ने शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, भन्सार विभाग, स्थानीय भन्सार कार्यालय, राष्ट्रिय अपाङ्ग महासंघ

**सुविधा प्राप्त गर्ने प्रक्रियाः**

क) आफूलाई चार पाङ्ग्रे स्कुटर आवश्यक परेको कारण स्पष्ट खुलाइ अपाङ्गता परिचय–पत्रको प्रतिलिपि र अपाङ्गता स्पष्ट खुल्ने एक प्रति फोटो सहित राष्ट्रिय अपाङ्ग महासंघको केन्द्रीय कार्यालय वा यसका प्रदेश कार्यालय वा जिल्ला शाखाहरूमा आवेदन दिने ।

ख) राष्ट्रिय अपाङ्ग महासंघ नेपालबाट आवश्यक छानबिन पश्चात् सिफारिस सहित उक्त निवेदनलाई सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पठाइन्छ ।

ग) जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीको पायक पर्ने भन्सार कार्यालयलाई

**सुविधा प्राप्त गर्ने आधारः**

बजेट वक्तव्य २०६५ र ०६६ राजस्वमा सहुलियत सम्बन्धी कार्यनीति तथा कार्यक्रम अन्तर्गतको बुँदा नं. २६८ देखी निरन्तर

क) अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने स्कुटरमा भन्सार महसुल पुर्ण रूपले छुट दिने प्रस्ताव गरिएको छ, साथै अशक्त, अपाङ्गहरूको नाममा पारित हुने घरजग्गा रजिस्ट्रेसन दस्तुर को छुटमा वृद्धि गरिएको छ ।

ख) आ.व. २०६५/०६६ देखि सरकारको नीति कार्यक्रम निरन्तरः अपाङ्गले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरिद गर्दा तिरेको भन्सार महसुल तथा मूल्य अभिबृधि कर त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा सम्बन्धित निकायको सिफारिसमा फिर्ता गर्ने व्यवस्था मिलाइएको छ । यो सुविधालाई त्यस पछिका नीति तथा कार्यक्रमले निरन्तरता दिएको ।

ग) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ३७ को उपदफा ३ नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण

वा औजार, अपाङ्ग मैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्व रोजगारका लागि प्रयोग हुने माल सामान, यन्त्र, पाट पुर्जा तथा कच्चा पदार्थमा प्रचलित कानुन बमोजिम भन्सार, अन्त शुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ ।

# भौतिक पहुँच

## ६.१ सार्वजनिक संरचनामा भौतिक पहुँचको व्यवस्थाः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र आवागमन र उपयोगलाई सहज तुल्याउन सार्वजनिक भौतिक संरचनाहरू लगायत सञ्चार तथा सूचना सेवाहरू सबै अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण र पहुँचयुक्त बनाउनु पर्ने प्रावधान छ । भौतिक संरचनाहरू कस्तो बनाउनु पर्ने, त्यसको मापदण्ड के हुने भन्ने बारेमा नेपाल सरकारले छुट्टै निर्देशिका निर्माण गरि लागू गरेको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने खास गरेर शारीरिक अपाङ्गता भएका व्यक्तिहरू ।
सुविधा प्रदान गर्ने निकाय**:** सहरी विकास तथा भवन निर्माण विभाग, सडक विभाग, नीजि क्षेत्रका निर्माण कम्पनीहरू, प्रत्येक मन्त्रालयका भौतिक निर्माण सम्बन्धी काम गर्ने निकायहरू र यससँग सम्बद्ध स्थानीय निकाय, नगरपालिका तथा स्थानीय तहका कार्यालयहरू ।

**सेवा प्राप्त गर्ने प्रक्रियाः** (क) सार्वजनिक संरचनाहरूको निर्माण तथा पुन र निर्माणमा राष्ट्रिय भवन निर्माण आचार संहिता र मन्त्रि परिषदले २०६९ सालमा पारित गरि सबै सरोकारवालाहरू ले मान्नु पर्ने गरि लागू गरेको अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त संरचना एवं सञ्चार सेवा निर्देशिका २०६९ को कार्यान्वयन गराउनु पर्ने र यसको अनुगमन गर्नु पर्ने ।

## ६.२ नक्सा अपाङ्गता मैत्री भए/नभएको र सो अनुसार कार्यान्वयन भए/नभएको नगरपालिका लगायतका स्थानीय निकायहरूले अनुगमनः

**सुविधा प्राप्त गर्ने आधारः** क) नेपाल सरकार, मन्त्रि परिषदले २०६९ सालमा पास गरि लागू रेको अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक वातावरण तथा सञ्चार सेवामा पहुँच सम्बन्धी निर्देशिका, २०६९ मा गरिएका सबै व्यवस्थाहरू ।

**मन्त्री परिषद्को निर्देशनः**

नेपाल सरकार मन्त्री परिषदले र राष्ट्रिय योजना आयोगले जारी गरेको परिपत्रमा अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न सेवा उपभोग गर्न विभिन्न कार्यालयमा आवतजावतलाई

सहज बनाउन मैत्रीपूर्ण र्‍याम्पको व्यवस्था गर्नु पर्ने निर्देशन दिइएको छ । यसैगरी शिक्षा मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयले पनि आफ्ना मातहतका कार्यालयहरूमा आवश्यक ठाउँमा र्‍याम्पको व्यवस्था गर्नु पर्ने र नयाँ बन्ने विद्यालयहरू अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहँच सुनिश्चित हुने गरि बनाउनु पर्ने बारेमा परिपत्रहरू गरिएको छ ।

**६.३ अदालतका नयाँ बन्ने भवनहरू अपाङ्गता मैत्री हुनु पर्ने व्यवस्थाः**

सुविधाः अव नयाँ बन्ने अदालतका भवनहरू अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई ध्यानमा राखेर बनाइनु पर्ने नीति गत व्यवस्था रहेको छ । यस बाहेक सर्वोच्च अदालतले आफ्ना मातहतका सबै अदालतहरूमा सूचना तथा सहयोग कक्ष स्थापना गरि अशक्त व्यक्तिहरूलाई सेवा प्रदान गर्ने र अपाङ्गता भएका व्यक्तिहरूका सहयोगीलाई अदालत प्रवेशमा सहजता प्रदान गर्न निर्देशन दिएको छ ।

**सुविधाका हकदारः अपाङ्गता भएका व्यक्तिहरू**

**सुविधा प्रदान गर्ने निकायः** सर्वोच्च अदालत, अनुसन्धान तथा योजना महाशाखा

सुविधा प्राप्त गर्ने कानुनी वा नीति गत आधारः न्यायपालिकाको पञ्च वर्षीय रणनीतिक योजना २०७६–२०८१

# पुनर्स्थापना, सशक्तीकरण तथा सामाजिक सुरक्षा

**७.१ सहायक सामग्रीहरूमा भन्सार छुटः**

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्री जस्तैः ह्वीलचियर, बैसाखी, कृत्रिम खुट्टा, सेतो छडी, बहिराहरूका लागि चाहिने श्रवण यन्त्र लगायतमा भन्सार छुटको प्रावधान रहेको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण अन्तर्गत समेटिने र सहायक सामग्री आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, राजस्व कार्यालय र भन्सार कार्यालय । स्थानीय निकाय सम्बन्धित जिल्लाको भन्सार कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** छुटका लागि सम्बन्धित स्थानीय तह मार्फत महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा आवेदन गर्ने । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सिफारिस लिई अर्थ मन्त्रालयमा जाने । अर्थ मन्त्रालयबाट राजस्व कार्यालयमा सिफारिस गराउने । राजस्व कार्यालयबाट आफूले उक्त छुटको सुविधा प्राप्त गर्नु पर्ने जिल्लाको भन्सार कार्यालयलाई लेखाई उक्त सुविधा प्राप्त गर्ने । तर ह्विल चियरका लागि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयको सिफारिस लिएर

सिधैँ भन्सार कार्यालय जाने ।

**सुविधा प्राप्त गर्ने आधारः**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ९ र नियमावलीको ८ सहायक सामाग्री उपलब्ध गराउने (१) नेपाल सरकारले अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने अनुसूची–५ बमोजिमका सहायक सामाग्री उपयुक्त प्राविधिक नाँपजाँच गरी निःशुल्क रूपमा उपलब्ध गराउनेछ ।

### ७.२ सहायक सामग्रीहरू प्रदान गर्ने व्यवस्थाः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सामग्रीहरू राज्यबाटै अधिकारका रूपमा पाउने प्रावधान रहेको छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने र सहायक सामग्री आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** क) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय/ समाज कल्याण परिषद् अन्तर्गत सञ्चालित ‘‘राष्ट्रिय अपाङ्ग कोष‘‘ ख) विभिन्न जिल्लामा अपाङ्गता अधिकार तथा उनीहरूको सेवा तथा सुविधाका लागि कार्यरत गैरसरकारी संघ संस्थाहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** उल्लिखित संस्थाहरूले तय गरेको प्रक्रिया अनुसार आफ्नो अपाङ्गता परिचय पत्रको प्रतिलिपि र आफूलाई आवश्यक पर्ने सहायक सामग्रीको विवरणसहित संलग्न गरी आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधारः** क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ९ को उपदफा २ (२) अपाङ्गता भएका व्यक्तिलाई सम्मान पूर्वक जीवन यापन गर्न तोकिए बमोजिम सहायक सामग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ । ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम ८. सहायक सामाग्री उपलब्ध गराउने, (१) नेपाल सरकारले अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने अनुसूची–५ बमोजिमका सहायक सामाग्री उपयुक्त प्राविधिक नाँपजाँच गरी निःशुल्क रूपमा उपलब्ध गराउनेछ ।

### ७.३ स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन गर्नुपर्नेः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूको हित र विकासका लागि स्थानीय तहले बजेटको व्यवस्था गर्नु पर्ने ।

**सुविधाका हकदारः** सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** स्थानीय तह (गाउँपालिका/नगरपालिकार उप महानग/पालिका/महा नगरपालिकाका कार्यालयहरू)

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** हकवालाहरूले गाउँपालिका/नगरपालिका/उप महानगरपालिका/महा नगरपालिकाका कार्यालयहरूमा आफूले सम्पादन गर्न चाहेको कार्यक्रमको योजना पेस गरी स्वीकृत गराई तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने ।

**सुविधा प्राप्त गर्ने आधारः**

क) नेपालको संविधान, २०७२ को धारा ४२ र अनुसूची – ८ को क्रम संख्या १६ ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (३) च सामाजिक सुरक्षा र गरिबी निवारण (२) लक्षित समूह सम्बन्धी स्थानीय योजना कार्यक्रम स्रोत परिचालन र व्यवस्थापन ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (ग) ३० वडा भित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला बालबालिका दलित अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक अल्पसङ्ख्यक सीमान्त कृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने ।

### ७.४ सामाजिक सुरक्षा भत्ताको व्यवस्थाः

**सुविधाः** नेपाल सरकारले पुर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तह मार्फत मासिक रूपमा सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिको परिचय–पत्र वितरण कार्यविधि, २०७५ अनुसार वर्गीकरण गरिएका पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रु ४ हजार र अति अशक्त वर्गमा पर्ने सबैलाई प्रतिव्यक्ति मासिक रु २,१२८ दिने प्रावधान छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** स्थानीय तह गाउँ पालिका/नगरपालिका/ उपमहानगरपालिका, महानगरपालिकाका सम्बन्धित वडा कार्यालयहरू ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः**

क) यो सुविधा लिन अपाङ्गता भएको व्यक्तिले अनिवार्य रूपमा अपाङ्गता परिचय–पत्र लिएको हुनुपर्छ ।

ख) आफ्नो अपाङ्गता परिचय–पत्रको प्रतिलिपि, नागरिकता पाउने उमेर पुरा भएको भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नभएको भए जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो सहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा भत्ता प्राप्त गर्न आवश्यक पर्ने परिचय–पत्र प्राप्त गर्नका लागि तोकिएको ढाँचामा आवेदन गर्नुपर्छ ।

ग) सङ्कलित आवेदनहरू माथि आवश्यक छानबिन गरी स्थानीय तहले गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा पठाउँछ । सोही बमोजिम पञ्जीकरण बिभागले सम्बन्धित पालिकामा सामाजिक सुरक्षा भत्ता पठाइनेछ ।

घ) अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा भत्ता प्राप्तीका लागि निजको नाममा खोलिएको सामाजिक सुरक्षा बैंक खाता मार्फत मासिक समाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्नेछन् ।

ङ) परिचय–पत्र हरेक वर्ष तोकिएको म्याद भित्र अनिवार्य नवीकरण गर्नु पर्नुपर्ने र नवीकरण नगरिएको परिचय–पत्रका आधारमा भत्ता प्राप्त गर्न सकिँदैन ।

**सुविधा प्राप्त गर्ने आधारः**

क) अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को उपदफा ३२

ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न, संघीय सरकारको आ.व. २०७८/०८९ मार्फत गरिएको व्यवस्था, बुँदा नं. ७७ अति अशक्त अपाङ्गता र पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिले पाइरहेको सामाजिक सुरक्षा कोषमा ३३ प्रतिशतले बृधि । (कानुनमा उल्लिखित एवं वार्षिक नीति तथा कार्यक्रम मार्फत निरन्तरता दिइँदै आएको)

## ७.५ आवास तथा जग्गाको व्यवस्था

**सुविधाः** घर जग्गा तथा आवास नभएका अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले सो व्यवस्था मिलाइदिन सक्ने प्रावधान छ ।

**सुविधाका हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समटिने घरवास वा जग्गा जमिन नभएका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** जिल्ला प्रशासन कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** ऐनको यस दफाको कार्यान्वयन प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालयले तय गरेको प्रक्रियाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले यो सुविधा प्राप्त गर्न सक्नेछन ।

**सुविधा प्राप्त गर्ने आधारः** अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को परिच्छेद ३ को दफा हरूमा भएको व्यवस्थाहरू (घरबास नभएका अपाङ्गलाई आफ्नो घरबास बनाउन वा कुनै अपाङ्गलाई कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम वितरण गरिने वा हाल आबादी गर्न दिइने जग्गा तोकिएको शर्त बन्देजको अधीनमा रहने गरी उपलब्ध गराइदिने सकिनेछ ।)

## ७.६ जग्गा रजिस्ट्रेसन दस्तुरमा छुटः

सुविधाः अपाङ्गता भएका व्यक्तिहरूलाई जग्गा रजिस्ट्रेसन पास गराउँदा लाग्ने दस्तुर मा

२५ प्रतिशत छुट दिने व्यवस्था रहेको छ ।

**सुविधा हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणमा समेटिने सबै अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** सम्बन्धित जिल्लाको मालपोत कार्यालय

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** स्थानीय निकायबाट प्रमाणित सिफारिस वा आधिकारिक प्रमाणपत्र लगायत अन्य आवश्यक कागजातहरू पेश गरि सुविधाको लागि हकदाबी गर्ने ।

**सुविधा प्राप्त गर्ने आधारः** आर्थिक ऐन, २०६७

### ७.७ अपाङ्गता भएका बालबालिकाहरूको बिशेष अधिकारः

**सुविधाः** आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र तथा हेरचाह केन्द्रको व्यवस्था राज्यले गरि दिने कानुनी प्रावधान रहेको छ ।

**सुविधाको हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने बौद्धिक अपाङ्गता भएका, अनाथ तथा आमा बाबा नभएका अपाङगता भएका बालबालिका ।

**सुविधा प्रदान गर्ने निकायः**

**क) केन्द्रीय तहमाः** महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, अपाङ्गता अधिकार प्रवर्द्धन शाखा

**ख) स्थानीय तहमाः** महिला तथा समाजिक शाखा

**ग)** सरकारबाट अनुदान प्राप्त गरी यस्ता सेवा सुविधा प्रदान गरिरहको गैरसरकारी संघ संस्था ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्थानीय तहबाट स्वीकृत प्राप्त गरी सञ्चालन गरिएका पुर्नस्थापना केन्द्रहरूमा तोकिएका प्रक्रिया अनुसार आवेदन दिने ।

सुविधा प्राप्त गर्ने आधारः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा ३ : (३) अपाङ्गता भएका बालबालिकालाई विशेष हरेचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुर्नस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २० को उपदफा: (५) नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका

विषयमा उपयक्त व्यवस्था गर्नेछ । ग) नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

# खेलकुद तथा मनोरञ्जन

### ८.१ पारा ओलम्पिक खेलकुद:

सुविधाः अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र विकासका लागि पारा ओलम्पिक खेलकुद तथा विशेष खेलकुदहरूको आयोजना गर्ने व्यवस्था गरिएको छ ।

**सुविधाको हकदार**: नेपाल सरकारको परिभाषा तथा वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: केन्द्रीय निकायः राष्ट्रिय खेलकुद परिषद् स्थानीय निकाय जिल्ला खेलकुद विकास समितिहरू राष्ट्रिय खेलकुद परिषदले विभिन्न जिल्लाका शिक्षा कार्यालय मार्फत पनि अपाङ्गता भएका बालबालिकाका लागि विशेष खेलकुदको आयोजना गर्ने गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रमहरू सञ्चालन गर्ने स्थानीय गैरसरकारी संस्थाहरू छन् ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: जिल्लामा हुने यस्ता आयोजनामा हकवालाहरू सहभागी हुने वा सहभागी गराउने ।

**सुविधा प्रप्त गर्ने आधार**: क) राष्ट्रिय खेलकुद विकास नियम, २०७७ को नियम ३ को बुँदा नं. ङः नेपाल ओलम्पिक पारा ओलम्पिक लगायत अन्तर्राष्ट्रिय ओलम्पिक कमिटि मध्येबाट प्रतिनिधित्व हुने गरी सम्बन्धित कमिटिको सिफारिशमा अध्यक्षले मनोनयन गरेका दुई जना सदस्य । ख) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १५ को बँदा नं. ण) खेलकुदमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक प्रशिक्षण दिने तथा त्यसता व्यक्ति विच प्रतिस्पर्धा हुने गरी विभिन्न खेलकुद आयोजना गर्ने ।

### ८.२ अपाङ्गता भएका युवाहरूको लागि खेलकुद सम्बन्धी कार्यक्रम:

**सुविधा**: युवा तथा खेलकुद मन्त्रालयले युवा साझेदारी कार्यक्रम अन्तर्गत अपाङ्ग तथा द्वन्द पीडित युवाहरूका लागि विभिन्न कार्यक्रमहरू र पारा ओलम्पीक र स्पेशल ओलम्पीक खेलकुद प्रतियोगिता गर्ने व्यवस्था गरेको छ ।

**सुविधाका हकदार**: द्वन्द पीडित तथा नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका युवाहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: केन्द्रमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद

परिषद्, खेलकुद विभाग ।

**स्थानीय तहमा**ः जिल्ला खेलकुद विकास समिति

**सेवा सुविधा प्राप्त गर्ने प्रकृया**ः स्थानीय तहमा संचालित अपाङ्गता भएका व्यक्ति वा द्वन्द पीडित युवाहरूका लागि युवा तथा खेलकुद मन्त्रालय मार्फत संचालित युवा साझेदारी कार्यक्रममा आवश्यक प्रकृयाहरू पुरा गरि सहभागी हुने । राष्ट्रिय खेलकुद परिषदले जिल्लामा जिल्ला खेलकुद समितिहरू वा अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासमा संलग्न गैर सरकारी संस्थाहरू मार्फत संचालित विशेष खेलकुद वा पाराओलम्पीक खेलकुद सम्बन्धी गतिविधिहरू (तालिम, अभ्यास, छनौट, प्रतियोगिता)

**सुविधा प्राप्त गर्ने आधार**ः राष्ट्रिय खेलकुद नीति २०६७

# अन्य: प्रहरी, सेना, सञ्चार तथा कानुनी क्षेत्रमा भएका सेवाहरू

## ९.१ अपाङ्गता भएका प्रहरीलाई विशेष सुविधाः

**सुविधा**ः नेपाल प्रहरी सेवामा कार्यरत रहँदाकै अवस्थामा अपाङ्गताको सिकार हुने व्यक्तिहरूलाई अशक्त वृति, सन्तति वृति, शैक्षिक भत्ता र आर्थिक सहायता सम्बन्धी व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार**ः नेपाल प्रहरीमा सेवा गर्दा गर्दै अपाङ्गता भएका प्रहरी ।

**सुविधा प्रदान गर्ने निकाय**ः प्रहरी प्रधान कार्यालय ।

**सुविधा प्राप्त गर्ने प्रक्रिया**ः नेपाल मेडिकल बोर्डको सिफारिस सहित आफूले चाहेको सुविधा लागि प्रहरी प्रधान कार्यालयमा निवेदन दिने ।

## ९.२ अपाङ्गता भएका व्यक्तिहरूको उत्थान सम्बन्धी सन्देश मूलक कार्यक्रम;

**सुविधा**ः टेलिभिजनबाट लैङ्गिक समानता र अपाङ्गता विषयमा सन्देश मूलक कार्यक्रम निर्माण तथा प्रसारण गरिने ।

**सुविधाका हकदार**ः नेपाल सरकारको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने अपाङ्गता भएका सबै व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः सूचना तथा सञ्चार मन्त्रालय**

सुविधा प्राप्त गर्ने आधारः आ. व. २०६६/०६७ को वार्षिक कार्यक्रम त्यस पछिका नीति तथा कार्यक्रमले निरन्तरता दिएको ।

## ९.३ नेपाली सेनामा आर्थिक सहायता र अशक्त वृतिको व्यवस्थाः

**सुविधा**ः द्वन्दको समयमा नेपाली सेना परिचालन हुँदा वा कर्तव्य पालनको सिलसिलामा

कुनै कारणले अपाङ्ग हुन पुगेका व्यक्तिहरूका लागि रु.५ हजारदेखि रु. ५० हजार सम्मको आर्थिक सहायता साथै आजीवन अशक्त वृति, सेवा निवृति भरण आदिको व्यवस्था गरिएको छ ।

**सुविधा प्रदान गर्ने निकाय**: कार्य रथि विभाग (बे.ब.), सैनिक अभिलेखालय

सुविधा प्राप्त गर्ने प्रक्रियाः मेडिकल बोर्डको सिफारिस सहित आफूले पाउनु पर्ने सुविधाका लागि आवेदन दिने ।

**सुविधा प्राप्त गर्ने आधार**: नेपाली सेना सम्बन्धी ऐन नियमावलीमा भएका व्यवस्था अनुसार

### ९.४ सशस्त्र प्रहरीमा अशक्त वृत्ति, निवृत्ति–भरण र सन्तति वृत्तिको व्यवस्थाः

**सुविधा**: सशस्त्र प्रहरीमा कार्यरत अवस्थामा कुनै कारणले व्यक्तिमा अशक्तता वा अपाङ्गता भएमा उक्त व्यक्तिलाई निःशुल्क उपचार सेवा, फिजियोथेरापी, सहायक सामग्री, अशक्त वृति, निवृत्ति–भरण, पुनर्स्थापना सेवा, सन्तति वृति जस्ता सुविधा प्रदान गर्ने व्यवस्था छ । यस बाहेक प्रहरी कल्याण कोष मार्फत पनि अपाङ्गता भएका प्रहरीहरूलाई विभिन्न राहत तथा शसक्तिकरणका कार्यक्रमहरू (जस्तै चारपांग्रे मोटरसाइकल वितरण) गर्ने गरिएको छ ।

**सुविधाको हकदार**: सशस्त्र प्रहरी सेवामा कार्यरत अवस्थामा अपाङ्गता हुन पुगेका व्यक्तिहरू

**सुविधा प्रदान गर्ने निकाय**: प्रशासन विभाग, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौं । नेपाल ए.पी.एफ. अस्पताल, बलम्बु, काठमाडौं

**सुविधा प्राप्त गर्ने प्रक्रिया**: आफूले उपयोग प्राप्त गर्नुपर्ने सेवा सुविधाका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा तोकिएको प्रक्रिया अनुसार आवेदन दिने ।

### ९.५ केन्द्र र स्थानीय दुवै तहमा युवा साझेदारी अन्तर्गत सहयोग कार्यक्रम

**सुविधा**: राष्ट्रिय युवा नीति, २०७२ ले अपाङ्गता भएका युवाहरूलाई विशेष प्राथमिकता प्राप्त समूहको रूपमा परिभाषित गरेको छ र यसले तय गरेका कार्य नीतिहरू मध्ये शिक्षा र सामाजिक सुरक्षामा विशेष प्राथमिकतामा परेका समूहलाई समावेश गरिएको छ । यसै गरि समूहगत प्राथमिकता अन्तर्गत पनि अपाङ्गता भएका युवाहरूलाई समेटिएको छ ।

**सुविधाको हकदार**: नेपाल सरकारको परिभाषा र वर्गीकरण अन्तर्गत पर्ने अपाङ्गता भएका युवा तथा द्वन्द पीडित युवाहरू ।

**सुविधा प्रदान गर्ने निकाय**: युवा तथा खेलकुद मन्त्रालय

**सुविधा प्राप्त गर्ने प्रकृया**: राष्ट्रिय युवा नीति, २०७२ तदनुसार युवा तथा खेलकुद

मन्त्रालय र यसका सम्बन्धित स्थानीय निकायहरू मार्फत संचालित कार्यक्रमहरूमा सहभागी तोकिएको प्रकृया पुर्याई सहभागी हुने ।

**सुविधा प्राप्त गर्ने आधारः** राष्ट्रिय युवा नीति, २०७२ २ शिक्षा: च) विशेष प्राथमिकताको समूहमा पर्ने युवाहरूको शिक्षाको अवसरलाई बढवा दिनका निम्ति विशेष छात्रवृति को व्यवस्था मिलाइनेछ । ४: सामाजिक सुरक्षा: ङ) विशेष प्राथमिकताको समुहमा पर्ने युवाहरूलाई सामाजिक सुरक्षाका विषयहरूमा प्राथमिकता दिइनेछ । १६ विशेष समूहगत प्राथमिकताहरू क) अपाङ्गता भएका युवाहरूले सहज ढङ्गले शिक्षा ग्रहण गर्न सक्ने विशेष शिक्षण पद्धति अपनाउँदै सुविधा युक्त विद्यालय र शैक्षिक केन्द्रहरू स्थापना गरिनेछ । क्षमता अनुसारको सीपमुलक र व्यावसायिक शिक्षा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरूले कार्य सम्पादन गर्न सक्ने रोजगारीको पहिचान गरी आवश्यक व्यवस्था मिलाइनेछ । सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थान वा सेवालाई अपाङ्ग मैत्री बनाउने व्यवस्था मिलाइनेछ । साथै अपाङ्गता भएका युवाहरूलाई आवश्यक पर्ने सहयोगी सामग्रीहरूलाई सहज र सुलभ ढङ्गले उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

### ९.६ कानुनी सेवाः

**सुविधाः** अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक परेमा सरकारले कानुनी सुविधा प्रदान गर्नु पर्ने प्रावधान छ । यस अन्तर्गत कानुनी परामर्श, अदालती वा सरकारी सेवा लिँदा पेस गर्नुपर्ने आवश्यक कागज पत्र वा नवेदन तयार गर्न र मुद्दाको निवेदन पत्र तयार गर्न मुद्दा सबै काम गर्ने जस्ता कार्यहरू पर्छ ।

**सुविधा हकदारः** नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरण अन्तर्गत समेटिने कानुनी सेवा आवश्यक परेका अपाङ्गता भएका व्यक्तिहरू ।

**सुविधा प्रदान गर्ने निकायः** प्रत्येक जिल्लामा रहेका जिल्ला सरकारी वकिलको कार्यालय जिल्ला बार एसोसिएसन ।

**सुविधा प्राप्त गर्ने प्रक्रियाः** उल्लिखित संस्थाहरूले तय गरेको प्रक्रिया अनुसार आफ्नो अपाङ्गता परिचय–पत्रको प्रतिलिपि संलग्न गरी चाहेको कानुनी सेवाका लागि आवेदन गर्ने ।

**सुविधा प्राप्त गर्ने आधारः** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा १५ उपदफा (२) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानुनी सहायताको अधिकार ।

# खण्ड छ (६)
# अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको लागि राज्यका केही कानुनी व्यवस्था तथा कार्यक्रम

**अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाका लागि बनाइएका कानुनी व्यवस्था**

अपाङ्गता भएका व्यक्तिहरूलाई समतामलकु समाजको निर्माणमा योगदान पुर्‍याउन अपाङ्गता भएका व्यक्तिहरूका अधिकार किटानी रूपमा उल्लेख गरिनुका साथै विशेष व्यवस्थाहरू पनि गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकर सम्बन्धी ऐन, २०७४ को दफा ३७ को उपदफाहरू अनुसार सहुलियत र सुविधाः

- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्व रोजगार मूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउने व्यवस्था गरेको ।
- सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउने ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्व रोजगारका लागि प्रयोग हुने माल सामान, यन्त्र, पाटपुर्जा तथा कच्चा पदार्थमा प्रचलित कानुन बमोजिम भन्सार, अन्तःशुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण आंशिक रूपमा छुट दिन सक्ने ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्श्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रूपमा फेरबदल वा पार्टपुर्जा जडान गर्दा भएको खर्चमा तोकिए बमोजिम कर छुट दिन सक्नेछ ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो बापतको रकम करमा छुट दिन सक्ने ।
- नेपाल सरकारले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीलाई तोकिए बमोजिम निशुल्क शिक्षाको व्यवस्था गर्ने ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरि दिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याज दरमा ऋण दिलाउने व्यवस्था गर्न सक्ने ।
- अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्य स्थापना भएका वा तोकिएको भन्दा बढी संख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानुन बमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्य स्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न

सक्ने ।

## समुदायमा आधारित पुनर्स्थापना (सीबीआर) कार्यक्रम

(क) सरकारको सीबीआर कार्यक्रम नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले २०५८ देखि अपाङ्गता भएका व्यक्तिहरूको हकहित संरक्षण लगायत उनीहरूको सशक्तीकरण र विकासका लागि जिल्ला जिल्लामा सीबीआर कार्यक्रमको सुरुवात गरेको थियो । राज्यको संलग्नता साथै स्थानीय तहमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी अपाङ्गता भएका मानिसहरूलाई उनीहरूको समुदायमै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य र सहज जीवनयापनमा पहुँच पुर्याउँदै उनीहरूको सामाजिक सहभागिता र सशक्तीकरणमा टेवा पुर्‍याउने उद्देश्यका साथ सञ्चालित यस कार्यक्रम हाल सबै स्थानीय तहसम्म पुगिसकेको छ । यस कार्यक्रमका लागि हाल प्रत्येक स्थानीय तहमा बजेट छुट्टाइएको छ । उक्त रकम स्थानीय तहमा अपाङ्गता अधिकारका लागि काम गरिरहेका संघ संस्था मध्ये सबैभन्दा सक्रिय र प्रभावकारी रूपमा काम गरिरहेको कुनै एक संस्था छनोट गरी कार्यक्रम सञ्चालन गर्ने गरी प्रदान गरिँदै आएको छ । यस कार्यक्रम अन्तर्गत खास गरेर अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको शिक्षा, स्वास्थ्योपचार, सहायक सामग्री, आय आर्जन र जन चेतना अभिवृद्धिसँग सम्बन्धित गतिविधि सञ्चालन गरिँदै आएका छन् ।

(ख) सीबीआर कार्यक्रम सञ्चालन निर्देशिका नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले २०६८ सालमा अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमै पुनर्स्थापना गर्न सीबीआर रणनीति अनुसार कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन र अनुगमन गर्न "अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ "लागू गरेको छ । यस निर्देशिकाका चारवटा मुख्य उद्देश्य रहेका छन् ।

- अपाङ्गता भएका व्यक्तिहरू प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।
- अपाङ्गता नागरिकको सबै पक्षको विकासका लागि स्थानीय समुदाय र विकास निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउने ।
- अपाङ्गता हुन नदीन समयमै पहिचान, रोकथाम न्यून करण र अपाङ्गता भएका व्यक्तिहरूलाई चिकित्सकीय र अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने ।
- सबै प्रकारका अपाङ्गता भएकाहरूलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, नेतृत्व विकास, लघु ऋण, सहायक सामग्री) उपलब्ध गराई आर्थिक एवं सामाजिक रूपमा अन्य नागरिक सरह सक्षम र स्वावलम्बी बनाउने ।

कार्यक्रम सञ्चालन तथा अनुगमनका लागि केन्द्र देखी स्थानीय तह सम्मकै संरचना तयार गरिने व्यवस्था गर्नका साथै आवश्यक पर्ने जन शक्तिका बारेमा समेत व्यवस्था गरिएको छ । निर्देशिकाले स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरिनु पर्ने कार्यक्रमलाई मुख्य गरि ११ भागमा बाँडेको छ जसमा १. अपाङ्गता सम्बन्धी तथ्याङ्क तथा विवरण सङ्कलन २. जन चेतना सम्बन्धी कार्यक्रम ३. विस्तृत लेखाजोखा ४. परामर्श सेवा ५. उपचार सेवा ६. पुनर्स्थापना सेवा ७. सहायक सामग्री/उपकरण सेवा ८. शिक्षामा पहुँच ९. व्यावसायिक तालिम र आय आर्जन व्यवस्था १०. पारिवारिक तथा सामाजिक सहभागिता ११. जनशक्ति र नेतृत्व विकास समन्वय एवं सञ्जाल ।

# खण्ड सात (७)
# पहुँचयुक्तता र पहुँचयुक्तता परीक्षण बारे केही जानकारीहरु

## पहुँचयुक्ताता र पहुँचयुक्ताता परिक्षण बारे केही जानकारीहरु

### पहुँचयुक्ततालाई कसरी बुझ्ने ?

संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (यूएनसीआरपीडी) ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न यसका ८ ओटा आधारभूत सिद्धान्तहरु मध्ये पहुँचयुक्तातालाई एउटा मुख्य सिद्धान्तको रूपमा मान्दछ जसलाई यसको धारा ९ मा स्पष्टसँग पहुँचयुक्ताता के लाई भन्ने र यो कसरी निर्धारण गर्न सकिन्छ भनेर उल्लेख गर्दछ ।

उक्त धारा अनुसार हरेक देशले आफ्नो देशको भौतिक सेवा सुविधा, यातायात र सञ्चारका प्रणालीहरू आफ्नो देशका अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता नभएका व्यक्ति सरह आत्मनिर्भर भएर बाँच्न सक्ने र दैनिक जीवन चलाउन सक्ने हुनलाई प्रयोग गर्न मिल्ने गरि बनाउनु पर्छ भनेर भन्दछ । अपाङ्गता भएका व्यक्तिहरूले सजिलैसँग यस्ता सेवा सुविधा प्रयोग गर्न पाएका छन् कि छैनन्, प्रयोग गर्न पाएका छैनन् भने के कुराले अवरोध गरेको छ भनेर त्यसको पहिचान गर्नुपर्छ र ती देशहरूले निम्न लिखित कुराहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले समेत समानरूपमा उपयोग वा प्रयोग गर्न मिल्नेगरी बनाउनुपर्छ भनेर पनि यसले बताऊदछ, जसमा:

१) विद्यालय, बस्ने घरहरू, अस्पतालहरू, सरकारी कार्यालय, बाटो र ठूला सडक, यातायातका साधनहरू,

२) द्युतको प्रयोग गरेर लिने सेवाहरू, आपत–विपद र महामारी पर्दा दिइने सेवाहरू

३) सार्वजनिक ठाउँमा राखिने वा सबै जनताका लागि सरकारले दिने सूचनाहरू आदि पर्दछन ।

यसले अर्को महत्वोपुर्ण कुरा के भन्छ भने, देशले सर्वसाधारण सबैले उपयोग गर्नेगरी खुला गरिएका सबै सेवा सुविधाहरु[८४] अपाङ्गता भएका व्यक्तिहरूले समेत समानरूपमा उपयोग गर्न मिल्नेगरी बनाउन आवश्यक निर्देशिका र मापदण्डहरू निर्धारण गर्ने र लागू गर्नु पर्नेछ ।

तसर्थ, "**आफ्नो देशको अवस्था र परिवेश अनुसार सबै स्थान, साधन, सामाग्रीहरू, प्रणाली एवं संचारका मध्यमहरूमा सबै व्यक्तिको समान पहुँच सुनिश्चित गर्न परिवेश अनुसारको मापदण्ड निर्धारण गरि सबै व्यक्तिको समान पहुँच हुने वातावरणको**

८४ सबैका लागि खुला गरिएका वा सर्वसाधारण सबैले उपयोग गर्न मिल्नेगरी खुला गरिएका सेवा सुविधा भन्नाले मनोरञ्जन गर्न जाने पार्क, नाचघर, सिनेमा हल, बगैँचा, सार्वजनिक शौचालय, खेल मैदान, सभा–सम्मेलनहरू गर्ने ठाउँ, सबै सरकारी कार्यालयहरू, होटेल, बजार वा किनमेल गर्ने ठाउँहरू, सडक, अस्पताल, बैङ्कहरू, विद्यालय, क्यापस, विश्वविद्यालय, मठ मन्दिर, तालिम दिने ठाउँहरू, यातायातका साधन, टेलिफोन सेवा, टेलिभिजन सेवा, इन्टरनेट सेवा, सार्वजनिक धारा आदि हुन् ।

**निस्चित्ता नै पहुँचयुक्ताता हो**" र यो हुनु सबैको मानवअधिकार पनि हो ।

छोटकरीमा भन्नु पर्दा, वस्तु सेवा प्रणाली संरचना वा वातावरण आदिलाई सबैका लागि पहुँचयुक्त बनाउन तोकिने शर्त वा मापदण्डहरू नै पहुँचयुक्तताको सुरुवात हो यसलाई ठीक तरिकाले लागू गरि व्यक्तिको उपभोग वा प्रयोगको निश्चित गर्नु नै वास्तविक पहुँचयुक्तता हो । यसले संरचना, सेवा वा प्रणालीलाई पहुँचयुक्त बनाउन  बिश्वोब्यपी वा सर्वमान्य ढाँचा (Universal Design) का सात सिद्धान्तहरूलाई आधार बनाउँछ । सर्वमान्य ढाँचा उत्पादन वा वस्तु, सेवा, संरचना, वातावरण र प्रणालीलाई सबैका लागि समान रूपमा प्रयोग योग्य बनाउन एक आदर्श मार्गदर्शन हो जुन अमेरिकाको नर्थ-क्यारोलिना विश्वविद्यालयमा[८५] सन् १९९७ मा प्रतिपादन भई विश्वभर मानी आएको सिद्धान्त हो र यसमा प्रचलित सात सिद्धान्तहरू छन् ।

यसमा बुझ्नु पर्ने कुरा के भने पहुँचयुक्तता एक नियम हो, शर्त हो र मापदण्ड हो भने सर्वमान्य ढाँचा मूल आदर्श वा सिद्धान्त हो, यो संसारभरि एउटै हुन्छ, यो व्यापक छ र यसको सिमा हुँदैन तर पहुँच युक्तता चाही स्रोत साधन र परिस्थिति अनुसार देश अनुसार फरक हुन सक्छ र स्रोत र साधनको दायरामा रहेर देशले यसलाई सीमित गर्न सक्छ । पहुँचयुक्तताका सर्त र मापदण्डहरू निर्धारण गर्दा सर्वमान्य ढाँचाका तल उल्लेखसित सात सिद्धान्तहरूलाई अधार मानेर निर्धारण गरिन्छ ।

१ सबैले समान रूपमा प्रयोग गर्न मिल्ने (Equitable Use)

२ प्रयोगमा लचकता अपनाउन सकिने (Flexibility in Use)

३ सरल र सबैले वुझ्ने (जटिलता नभएको) (Simple and Intuitive)

४ राम्रोसँग ग्रहण गर्न सकिने (Perceptible)

५ जोखिम र खतरा कम भएको (Tolerance for Error)

६ कम शारीरिक परिश्रम लाउनुपर्ने (Low Physical Effort)

७ उपयुक्त साइज र पर्याप्त ठाउँ उपलब्ध (Size and Space for Approach and Use)

### पहुँचयुक्ताता परीक्षण (Accessibility Audit) के हो ?

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले उल्लेख गरे अनुसार पहुँचयुक्ताता परिक्षण[८६] भनेको पहुँचयुक्ताता निर्धारण गर्नमा अपनाइने धेरै चरणहरू मध्ये यस्तो पहिलो चरण हो जसले हामी बस्ने वातावरणमा सहज रूपमा पहुँच सुधार गर्न मद्दत गर्छ र सो वातावरण पहुँच

८५ https://design.ncsu.edu/research/center-for-universal-design/

८६ https://nfdn.org.np/wp-content/uploads/2019/10/Final_Access-audit-report_NFDN2018.pdf (p. 13)

युक्त बनाउन लाई सुधारका योजना वा रणनीतिहरूको लागि एउटा आधार प्रदान गर्दछ । यसले निर्माण गरिएका वातावरणहरू कत्तिको पहुँच युक्त छन् र जसले गर्दा प्रदान गरिने गरेका सेवा वा साधनहरू तथा सेवा प्रदान गर्ने तौर तरिकाहरू प्रयोगकर्ताको आवश्यकताहरू पूरा गर्छ कि गर्दैन भन्ने एउटा मापन हो ।

यो एक प्रक्रिया पनि हो जसको माध्यमबाट पहुँचका सम्भावित अवरोधहरू पहिचान गर्न सकिन्छ र यसको सुधारका लागि मापन अनुसार गरिएका सुझावहरू सँगसँगै रेकर्ड पनि गर्न सकिन्छ जसले सम्बन्धित सरोकारवालाहरूलाई अब अगाडी सो स्थान, भवन वा सेवाहरूलाई पहुँच युक्त कसरी बनाउने र सबै प्रति कसरी उत्तरदायी हुने साथ साथै त्यसको लागी अब अर्को चरणमा के कस्ता सुधारहरू गर्ने, के कस्ता योजनाहरू बनाउने र लागू गर्ने भन्ने बारेमा सक्षम बनाउँछ ।

यो परीक्षणको आधारभूत सिद्धान्त के हो भने सबै अवस्थाका सबै प्रयोगकर्ताहरू प्रति उत्तरदायी हुँदै त्यहाँ भएका सबै प्रदान गरिने सेवा सुविधा, साधन, स्थान लगायत सबै वातावरणहरू सबैको लागि पहुँचयुक्त छन् कि छैनन् भनि गरिने एउटा समग्र प्राविधिक र वैज्ञानिक लेखाजोखा हो । यो सबै सम्बन्धित सरोकारवालाहरू लगायत जसको लागि पहुँचयुक्त बनाउन खोजिएको हो उनीहरूको समेत उपस्थिति र सहभागितामा गरिन्छ ।

यदि कुनै त्यहाँ पहुँचयुक्तताको लागि कुनै राष्ट्रिय मापदण्डहरू छन् भने, पहुँचयुक्त परीक्षणले त्यहाँ रहेका वातावरणहरू ती नीति, निर्देशिका र मापदण्ड ले तोकिए अनुरूप छन् वा छैनन् भनि जाँच गर्दछ । यसबाहेक, सो परीक्षणले पहुँचयुक्तताको राष्ट्रिय वा विश्वव्यापी रूपमा मानिएका मापदण्डहरू र आवश्यक भएमा तोकिएका र सम्बन्धित कानुनी प्रावधानहरूको संशोधन, पुनर्निर्माण गरेर वा नया प्रावधानहरू निर्माण गरेर वातावरणलाई पहुँच युक्त बनाउन वा भएको लाई सुधार गर्न ठोस सिफारिसहरू समेत दिन्छ ।

सार्वजनिक संरचना र सेवाहरूको तुलना वा विश्लेषण गर्नको लागि डेटा सङ्कलन गर्न पहुँचयोग्यता लेखा परीक्षा उत्तिकै महत्त्वपूर्ण हुन्छ जति निश्चित मापदण्ड र नियमहरूको अनुकरणको जाँच गरिन्छ, समान अवसरहरूका लागि नीति नियमहरूको निर्माण गरिन्छ र त्यसको लागि जन चेतना लगायत लबी र वकालत गरिन्छ । पहुँच युक्त परीक्षण गर्दा धेरै संख्यामा त्यस्तो अवस्था वा विशेषताहरूको पहिचान हुन्छ जसमा यी पक्षहरु मुख्यगरी पर्दछन ।

भवन संरचना, त्यहाँको स्थान र क्षेत्रहरूको वर्तमान पहुँचयुक्तताको स्थिति सुधारका क्षेत्रहरू र त्यसका दीर्घकालीन र अल्पकालीन योजनाहरू संस्थामा रहेको सुविधाहरूको व्यवस्थापनबारेमा राम्रो/नराम्रो अभ्यासहरूको विश्लेषण यस विषयलाई ध्यानमा राखेर

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सी वि एम ग्लोवलको सहयोगमा नेपालमा पहिलो पटक सन् २०१८ मा विस्तृत रूपमा काठमाडौं उपत्यकाका को ३ वटा जिल्लाहरू काठमाडौं, ललितपुर र भक्तपुर मा १५० संघ संस्थाहरूलाई नमुना मानी पहुँचयुक्तता परीक्षण गरेको थियो र यो परीक्षण को प्रतिवेदन आफ्नो वेब साइड मार्फत सार्वजनिक गरेको थियो । यो नमुना संख्या भित्र सरकारी भवनहरू, सार्वजनिक पार्क र खुला स्थानहरू, सार्वजनिक सडक र सडक पेटीहरू, कर्पोरेट क्षेत्र, काठमाडौं उपत्यका भित्रका वाणिज्य क्षेत्र र अन्य पूर्वाधारहरूलाई छनौट गरेको थियो । यसको नतिजामा यी १५० नमुनाहरू मध्ये १८ नमुनाहरू मात्र आंशिक रूपमा पहुँचयोग्य भएका पाइएका थिए भने कुनै पनि नमुनाहरू पूर्वरूपमा सरकारी मापदण्ड अनुरूप पहुँचयोग्य भएको पाइएका थिएनन् । काठमाडौं जुन देश जे राजधानीमा त यो अवस्था छ भने, यसले के देखाउँछ भने नेपालका लगभग सबै जसो संरचनाहरू पहुँच योग्य नभएको वास्तविकतालाई देखाऊदछ ।

यो परीक्षणको बेलामा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सो परीक्षणको लागि केही सन्दर्भिक पहुँचयुक्त चेकलिस्टहरू निर्माण गरेको थियो । ती चेकलिस्टहरू पहुँचयुक्तताको क्षेत्रमा राम्रो अनुभव भएका प्राविधिक व्यक्तिहरूको समूह (अपाङ्गता भएका व्यक्तिहरु, आर्किटेक इन्जिनियर) र विभिन्न सरोकारवालाहरूसँग धेरै औपचारिक/अनौपचारिक परामर्श अनि सकृय सहभागितामा विकास गरीएको थियो । यो चेकलिस्टको प्रयोग गरी विभिन्न सरोकारवाहरु र सम्बन्धित सबै समुदायको उपस्थितिमा सामूहिक रूपमा पहुँच युक्त परीक्षण गर्न सकिन्छ

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले प्रयोग गरिएका केही चेकलिस्टहरु यहाँको सहयोग र जानकारीको लागि यहाँ जस्ताको तस्तै राखिएको छ ।

थप चेकलिस्टहरु र पहुँच युक्त परीक्षण सम्बन्धित केही भिडियोहरू हेर्न यो लिंकमा क्लिक गर्न सक्नुहुनेछ ।

https://nfdn.org.np/ne/accessibility-audit-checklists

**पहुँचयुक्तता सम्वन्धि नेपालका केहि मापदण्डहरु जुन भौतिक तथा संचारगत पहुँचयुक्तता परिक्षण गर्दा परिक्षण गरिन्छ ।**

- नयाँ वन्ने सार्वजनिक भवनको लागि क्यिउभ १:१५ हुनु पर्नेछ । पुरानो मर्मत सम्भार पुननिर्माणको क्रममो उपलब्धता हेरी १:८ देखि १:१२ सम्मको बनाउन सकिनेछ ।
- र्याम्पको ह्वीलचियर गुडाउने सतहको चौडाइ समाउने रेलिङले ओगटेको भाग बाहेक कम्तीमा ३६ (९१५ मि.मि.) इन्च हुनु पर्नेछ
- हरेक ३० फिट लम्वाइ पश्चात् एउटा १ मिटरको ीभखभ िीबलमष्लन राख्नु पर्नेछ
- पानीको धारा प्रयोग गर्नको लागि ह्वीलचियरले टेकेको सतहबाट धाराको टुटी ९क्उयगत० सम्मको उचाई बढीमा ३० देखि ३६ इन्चसम्मको हुनु पर्नेछ
- लुगा कपडा आदि राख्न वा झुण्ड्याउन बनाइएको खुट्टी आदि बढीमा ४२ इन्चको उचाइमा हुनु पर्नेछ
- शौचालयको ठाउ" कम्तीमा पनि ६० इन्च लम्वाइ र ३६ इन्च चौडाइको हुनु पर्नेछ
- ढोकाका खापाहरु ९० डिग्रीमा खुल्दा अर्थात पूरै खुल्दा कम्तीमा पनि ढोकाको खुला रहेको भागको चौडाइ ३२ इन्च (८१३ मि.मि.) हुनु पर्नेछ
- ढोका खोल्नको लागि ठेल्दा ५ पाउण्ड भन्दा बढी वल प्रयोग गर्नु पर्नेहुनुहुदैन
- ढोकाको चुकुल, ह्याण्डल, साङ्लो वा ताल्चा लगाउने उचाई ४२ देखि ४८ इन्च (१०६७ मि.मि. देखि १२१९ मि.मि.) भन्दा बढी हुनु हुँदैन



## शौचालय

- ☑ ढोकाको खुल्ला भाग ३ फिट चौडा हुनुपर्छ ।
- ☑ ह्विलचियर ५ फिटको व्यासमा घुम्न सक्ने गरी खुल्ला ठाउँ हुनु पर्दछ ।
- ☑ महिला र पुरुष शौचालय छुट्याउने चित्रात्मक सङ्केत चाहिन्छ ।
- ☑ ब्रेलमा पनि सङ्केत राख्नुपर्छ ।
- ☑ आकस्मिक घण्टी राखिनु पर्दछ ।
- ☑ ३ फिटको उचाइमा कमोडको दायाँबायाँ समात्ने डण्डी राखिनु पर्दछ ।



## र्‍याम्प

- ☑ चौडाइ घटीमा ३ फिट र भिरालोपनको अनुपात १:१५ हुनु पर्दछ ।
- ☑ दुवैतिर रेलिङ राख्नु पर्दछ ।
- ☑ भुइँ सतह चिप्लो हुनु हुँदैन ।
- ☑ एउटा भागको लम्बाइ ९ मिटर वा ३० फिटभन्दा बढी भएमा त्यसपछि ५ फिट लम्बाइको ल्यान्डिङ चाहिन्छ ।



## सवारी पार्किङ स्थल

- ☑ १० वटासम्म सवारी साधन पार्क गर्ने ठाउँमा एउटा पार्किङ स्थल अपाङ्गता भएका व्यक्तिका लागि छुट्याउनु पर्दछ ।
- ☑ अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको पहुँचयुक्तता चिन्ह (signage) राख्नु पर्दछ ।


बसस्टप
☑ बस स्टप र फुटपाथको भुईं सतह एउटै हुनुपर्छ वा र्‍याम्पले जोडिएको हुनुपर्छ।
☑ ह्विलचियर प्रयोगकर्तालाई सहज हुने गरी आवश्यक स्थान छुट्याउनुपर्छ।
☑ ह्विलचियर घुमाउन ५ फिट व्यासको खुल्ला ठाउँ हुनुपर्छ।
☑ बस्ने ठाउँको उचाइ १ फिट ६ इन्चभन्दा बढी हुनु हुँदैन।
☑ ब्रेल लिपि र अडियो सन्देशमार्फत बसस्टप हो भनेर थाहा पाउने स्पष्ट सङ्केत राखिनुपर्छ।


फुटपाथ
☑ खाल्डाखुल्डी, बिजुलीका पोल, रूख लगायतका अवरोध र खुड्किलाहरू हुनु हुँदैन।
☑ ट्याक्टाइल टायल लगाउनुपर्छ।
☑ बाटो टुङ्गिने वा मोडिने ठाउँमा गोलाकार थोप्ला भएको र अन्यत्र धर्के ट्याक्टाइल टायल लगाउनुपर्छ।
☑ रेलिङ राख्नु पर्दछ।
☑ मूल सडक जोड्न कर्ब र्‍याम्प बनाउनु पर्दछ।
☑ कर्ब र्‍याम्पको भिरालोपनाको अनुपात १:१५ हुनु पर्दछ।










Note:
Picture source:- Accessibility related videos of NFDN Nepal,Physical and Communication Accessibility Guideline of Nepal, 2069 B.S.


बस
पहुँचयुक्त र्‍याम्पले जोडिएको हुनु पर्दछ।
आरक्षण सिटको व्यवस्था गरिनु पर्दछ।
भिडियो स्क्रिन मार्फत कुन ठाउँ आइपुग्यो भनेर प्रष्ट देखिने गरी लेखिनुपर्छ। अडियो मार्फत पनि जानकारी दिनु पर्दछ।
साङ्केतिक भाषामा भिडियोमार्फत पनि देखाउनु पर्दछ।


बडापत्र
सूचनाहरू ठूला अक्षरमा प्रष्ट बुझिने गरी लेख्नुपर्छ।
भिडियो स्क्रिनमा आवाज, साङ्केतिक भाषा र प्रष्ट पढ्न सकिने अक्षरमा सूचना दिनु पर्दछ।
बडापत्र राखिएको ठाउँमा पुग्ने बाटो अवरोधमुक्त हुनु पर्दछ।
ब्रेलमा पनि बनाउनु पर्दछ।
विजयपुर नगरपालिका
नगरपालिकाको कार्यालय
नागरिक बडापत्र
क्र. स.
सेवा सुविधाको प्रकार
सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया तथा कागजातहरु
शुल्क दस्तुर
लाग्ने समय
जिम्मेवारी अधिकारी
गुनासो सुन्ने अधिकारी


सोधपुछ शाखा
सोधपुछ शाखामा साङ्केतिक भाषा दोभाषेको व्यवस्था गरिनु पर्दछ।


लिफ्ट
लिफ्टसम्म ह्विलचियर सहजै आवतजावत गर्नका लागि कुनै किसिमको अवरोध हुनु हुँदैन ।
लिफ्टको ढोकाको चौडाइ घटीमा ३ फिट हुनु पर्दछ ।


सभाकक्ष/मिटिङ कक्ष
भुइँ सतह चिप्लो हुनु हुँदैन ।
सभाकक्ष ह्विलचियर प्रयोगकर्ताका लागि आवतजावत र प्रयोगमा सहज र पहुँचयुक्त हुनुपर्छ ।


आकाशे पुल
आकाशे पुल पहुँचयुक्त र्‍याम्प वा लिफ्टले जोडिएको हुनु पर्दछ ।
आकाशे पुल जोड्ने ठाउँमा ट्याक्टाइल टायल लगाउनु पर्दछ ।
लिफ्ट


संकेतपाटी
संकेतपाटीमा चित्र र दिशानिर्देशन गर्ने संकेतपाटी पनि हुनु पर्दछ ।
पढ्न सजिलो होस् भनेर भिन्न दुई रंग (जस्तै निलो र सेतो) प्रयोग गरिनु पर्दछ ।
३ देखि ४ फिटको उचाइमा राखिनु पर्दछ ।
लिफ्ट, शौचालयहरूमा प्रयोग गर्ने तरिका सहितको सचित्र सङ्केतपाटी राखिनु पर्दछ ।
संकेतपाटीहरू ब्रेलमा पनि बनाउनु पर्दछ ।
संकेतपाटीहरू सँगै रेकर्ड गरिएको सन्देश निश्चित समयमा बज्ने व्यवस्था पनि गर्नुपर्छ ।
सूचना पाटी
SPORT
It's do or die, says Johnson


विभिन्न कक्षहरू
प्रष्ट बुझिने सङ्केतपाटी राखिनु पर्दछ ।
कोठा नम्बर १
कोठा नम्बर २


वस्तुगत विवरण
प्रोफाइल
दस्तावेज
सम्पर्क
अनलाइन करदाता सेवा
पहुँचयुक्त वेबसाइट
नेपाली भाषाका सूचनाहरू युनिकोडमा हुनु पर्दछ ।
पीडीएफको सट्टा वर्ड फाइल राखिनु पर्दछ ।
तस्बीरहरूमा प्रष्ट क्याप्सन राख्नु पर्दछ ।
डाउनलोड गरेर फारम भर्नुसट्टा अनलाइनमै भर्न मिल्ने बनाउनु उपयुक्त हुन्छ ।
कुनै प्राविधिक सहायताका लागि अनलाइन कुराकानी मार्फत सहायता लिन मिल्ने बनाउनु पर्छ ।
नेपालकै एक सुन्दर तथा विविध सांस्कृतिक विविधता
समयमा किरात राजधानीको रुपमा रहेको विजयपुर
नगरको शिर हो

**ह्विलचियर लाई १८० डिग्रीमा घुमाउन को लागि ७१ ईन्चको वृत्ताकार ठाउ आबश्यक पर्दछ**



**ह्विलचियरको लागी र्‍याम्प**



## व्हिलचियरको लागी न्याम्प









(a) Plan view of wash basin (b) Isometric view of wash basin





(c) Side view of wash basin







Step's height
165 mm
Treads width 280mm
Hand rail's height
836 mm to 956 mm

Fig. 8 : Steps


900 min
(a) Sliding door
Standard
hinges
Face
of
stop
900min
Face of door




Fig 2 : Position of Level Landing with 1:15 slope ratio




Fig 3 : Slope ramp with changing direction




Fig 1: A slope ramp with 1:15 standard

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले प्रयोग गरिएका केही चेकलिस्टहरु यहाँको सहयोग र जानकारीको लागि यहाँ जस्ताको तस्तै राखिएको छ ।

**पालिका भवनहरूको पहुँचयुक्तता परीक्षण रुजु सूचीहरु**

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| १. पालिका परिसरमा प्रवेश गर्नु अगाडिको अवस्था र प्रवेशद्वार | १.१ स्थानीय बस्तीहरूबाट पालिकापरिसरमा पुग्नका लागि सार्वजनिक सवारी साधन सजिलै पाइन्छ ? | | | | |
| | १.२ पालिका भवन मूलबाटोबाट जोडिएको छ ? | | | | |
| | १.३ मूलबाटोबाट जोडिएको छैन भने मूलबाटोबाट अन्दाजी कति मिनेट हिँडेपछि पुग्न सकिन्छ ? लेख्नुहोस् । | | | | |
| | १.४ मूलबाटोबाट पालिकाभवनलाई जोड्ने शाखा बाटोको चौडाइ कति छ ? लेख्नुहोस् । | | | | |
| | १.५ भित्रि बाटो अवरोधयुक्त छ ? (खाल्डाखुल्डी भएको, निर्माण सामग्री असरल्ल छोडिएको, तार लत्रिएको आदि अवरोधहरु छन् कि ?) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १.६ बाटोमा झुन्ड्याएर राखिएका/झुन्डिएका बस्तुहरु वा रूखका हाँगाबिँगाहरु २ मिटरभन्दा माथि छन् ? | | |   | |
| १. पालिका परिसरमा प्रवेश गर्नु अगाडिको अवस्था र प्रवेशद्वार | १.७ उक्त बाटोको भुइँ सतह नचिप्लने खालको छ ? | | | | |
| | १.८ पालिका परिसरको मूल प्रवेशद्वार सबैका लागि पहुँचयुक्त छ ? खुड्किला नचढी सहजै पस्न सकिन्छ ? | | | | |
| | (चारपाङ्ग्रे सवारी साधन सहज रुपमा पस्नका लागि १० फिटको खुला ठाउँ हुनुपर्छ । अवरोधमुक्त हुनुपर्छ । भुइँ सतह चिप्लो हुनु हुँदैन ।) | | | | |
| | १.९ प्रवेशद्वारमा खुड्किलाहरु छन् भने परिसरमा सहज रुपमा प्रवेश गर्नका लागि र्‍याम्पले जोडिएको अर्को वैकल्पिक बाटो बनाइएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | (यदि पहुँचयुक्त बाटो बनाइएको छ भने त्यस्तो बाटो मजबुत, सतह मिलेको र नचिप्लने खालको छ ? (पहुँचयुक्त बाटो पानी परेको बेलामा नचिप्लने र घाम लागेको बेलामा नटल्कने खालको हुनुपर्दछ ।) | | |   | |
| २. सवारी साधन पार्किङ स्थल | २.१ सवारी साधन पार्किङ गर्नका लागि निश्चित ठाउँ छुट्ट्याइएको छ ? (पार्किङ छैन भने तलका प्रश्नहरु छोडिदिनुस् ।) | | | | |
| २. सवारी साधन पार्किङ स्थल | २.२ अपाङ्गता भएका व्यक्तिको सवारी साधन पार्किङ गर्नका लागि निश्चित ठाउँ छुट्ट्याइएको छ ? | | | | |
| | २.३ यदि छ भने कतिवटा सवारी साधनका लागि ठाउँ छुट्ट्याइएको छ ? | | | | |
| | २.४ त्यस्तो ठाउँमा पहुँचयुक्तताको सङ्केत दिइएको छ ? | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | २.५ तीनपाङ्ग्रे सवारी साधनका लागि कतिवटा ठाउँ छोडिएको छ ? नाप कति छ ? लम्बाइ र चौडाइ लेख्नुहोस् । (तीनपाङ्ग्रे सवारी साधनका लागि ४ फिट चौडाइ र ५ फिट लम्बाइको ठाउँ चाहिन्छ ।) | | |  | |
| २. सवारी साधन पार्किङ स्थल | २.६ चारपाङ्ग्रे सवारी साधनका लागि कतिवटा ठाउँ छोडिएको छ ? नाप कति छ ? लम्बाइ र चौडाइ लेख्नुहोस् । (चारपाङ्ग्रे सवारी साधनका लागि ८ फिट चौडाइ र १५ फिट लम्बाइको खुला ठाउँ चाहिन्छ । १० वटा सवारी साधन बराबर एउटा ठाउँ पहुँचयुक्त सवारी साधनका लागि छुट्ट्याउनुपर्दछ । ह्विलचियर आवतजावतका लागि ५ फिटको थप ठाउँ पनि चाहिन्छ ।) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | | | |  | |
| ३. प्रवेशद्वारदेखि भवनसम्मको अवस्था | ३.१ पहुँचयुक्त संरचना भएको ठाउँसम्म पुग्ने बाटो जनाउने चिन्ह वा सङ्केत राखिएको छ ? | | |   | |
| ३. प्रवेशद्वारदेखि भवनसम्मको अवस्था | ३.२ पालिका परिसरमा प्रवेश गरिसकेपछि दिशानिर्देश गर्ने उद्देश्यले विभिन्न भवन र संरचनाहरूलाई प्रस्ट रूपमा देखाइएको नक्सा राखिएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ३.३ यदि छ भने परिसरभित्रका अभिमुखीकरण नक्सा वा जानकारीहरु जमिन सतहबाट ०.९ मिटरदेखि १.८ मिटरको उचाइभित्र राखिएको छ ? | | |   | |
| | ३.४ मुख्य प्रवेशद्वारबाट विभिन्न ब्लकहरूमा पुग्नका लागि बाटोहरु छुट्ट्याइएको छ कि छैन ? | | | | |
| | ३.५ परिसरभित्र सहायक बाटोहरु छन् भने त्यस्तो बाटोलाई सङ्केत गर्ने चिन्ह राखिएको छ ? | | | | |
| | ३.६ सहायक बाटोहरूको भुइँ सतह नचिप्लने खालको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| ३. प्रवेशद्वारदेखि भवनसम्मको अवस्था | ३.७ सहायक बाटोहरूको चौडाइ कति छ ? (घटीमा ३ फिट हुनुपर्छ ।) | | |  | |
| | ३.८ सहायक बाटाहरु अवरोधमुक्त छन् ? ९खाल्डाखुल्डी, स्टेप) | | | | |
| | ३.९ भवनहरूमा पुग्नका लागि दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई मार्गनिर्देश गर्नका लागि ट्याकटाइल टायल, समात्ने डोरी, खम्बा, ब्रेललिपिको सङ्केतपाटी वा अडियो सामग्री प्रयोग भएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ३.१० भवन परिसरबाट भित्र पस्दा खुड्किला चढ्नुपर्छ ? यदि खुड्किला छ भने खुड्किलाको चौडाइ र उचाइ कति छ ? (चौडाइ १ फिट, उचाइ ६ इन्च हुनुपर्दछ ।) | | |  | |
| | ३.११ भवनको मूल ढोका अवरोधविहीन छ वा र्याम्पले जोडिएको छ ? | | | | |
| | ३.१२ मूल ढोका अवरोधविहीन छैन वा र्याम्पले जोडिएको छैन भने अरु कुनै पहुँचयुक्त प्रवेश मार्ग छ ? (र्याम्पको चौडाइ घटीमा ३ फिट र भिरालोपनको अनुपात १:१५ हुनुपर्दछ | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
| --- | --- | --- | --- | --- | --- |
| | ३.१३ भवन र्‍याम्पले जोडिएको छ भने र्‍याम्पको लम्बाइ, चौडाइ र भिरालोपनको अनुपात लेख्नुहोस् । (र्‍याम्पको चौडाइ घटीमा ३ फिट र भिरालोपनको अनुपात १:१५ हुनुपर्दछ | | |   | |
| | ३.१४ र्‍याम्पको दिशा परिवर्तन हुने ठाउँमा ५ फिट चौडाइको ल्यान्डिङ बनाइएको छ ? | | |  | |
| | ३.१५ र्‍याम्पको भुइँ सतह खस्रो बनाइएको (वा खस्रो टायल हालिएको) छ ? | | | | |
| | ३.१६ र्‍याम्पको दुवैतिर रेलिङ लगाइएको छ ?(सबैभन्दा तल २ इन्चको उचाइमा साइड रेल, त्यसपछि २ फिट ९ इन्च र ३ फिटको उचाइमा रेलिङ लगाउनुपर्दछ ।) | | |   | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ३.१७ ढोकाहरूमा सङ्केतपाटी राखिएको छ ? यदि छ भने कति उचाइमा राखिएको छ ? (३ फिट उचाइमा ब्रेलसहित राखिनुपर्दछ ।) | | | | |
| | ३.१८ ढोका खोल्न वा बन्द गर्न प्रयोग गरिने चुकुल तथा ह्यान्डल सजिलै प्रयोग गर्न सकिने खालको छ ? (चुकुल तथा ह्यान्डलहरू २ फिट १० इन्चदेखि ४ फिटसम्मको उचाइमा हुनुपर्दछ ।) | | |   | |
| | ३.१९ ढोकाको तल्लो भागमा अवरोध (चौकोस वा अन्य) छ ? (०.२५ इन्चभन्दा बढी उचाइको अवरोध भएमा हटाउनुपर्दछ ।) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
| --- | --- | --- | --- | --- | --- |
| | ३.२० दुईवटा ढोकाहरूको विचमा ५ फिटको खुल्ला भागबाहेक थप १८ इन्चको अवरोधमुक्त खुल्ला ठाउँ छ ? | | |  | |
| | ३.२१ कोठाहरूको भुइँ सतह नचिप्लने खालको छ ? | | | | |
| ४. भवनभित्रको करिडोर (गल्ली वाकोलिया) र प्रतीक्षाकक्ष सम्बन्धी विवरण | ४.१ निर्बाध रूपमा आवतजावत गर्नका लागि करिडोर अवरोधमुक्त बनाइएको छ ? | | | | |
| | ४.२ करिडोरको भुइँ सतह नचिप्लने खालको छ ? | | | | |
| | ४.३ करिडोरको चौडाइ कति रहेको छ ? नाप खुला( उनुहोस् । (घटीमा ३ फिटको खुला ठाउँ हुनुपर्छ) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ४.४ पच्चिस मिटर वा सोभन्दा बढी लम्बाइ भएको करिडोरमा ६ फिटभन्दा कम चौडाइ भएमा ह्विलचियर आउने जाने कुनै फराकिलो ठाउँ बनाइएको छ ? | | |  | |
| | ४.५ करिडोरमा भित्ताबाट बाहिर निस्कने गरी राखिएका चिजहरू ६ फिट ८ इन्चभन्दा बढी उचाइ हुने गरी राखिएको छ ? | | |  | |
| | ४.६ ह्विलचियर प्रयोगकर्ता, दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलगायत सबैले निर्बाध रूपमा प्रयोग गर्न सक्ने गरी करिडोर निर्माण गरिएको छ ? (करिडोरको भुइँ सतह चिप्लो नभएको, भित्तामा रेलिङ नभएको, कुनै ठोकिने चिज नभएको हुनुपर्छ ।) | | |  | |
| | ४.७ प्रतीक्षा कक्षको व्यवस्था छ कि छैन ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
| --- | --- | --- | --- | --- | --- |
| | ४.८ यदि छ भने प्रतीक्षा कक्षमा कति जना सहजै बस्न मिल्छ ? | | | | |
| | ४.९ प्रतीक्षा कक्षमा ह्विलचियर प्रयोगकर्ताका लागि ठाउँ छुट्ट्याइएको छ ?<br>(३ फिट चौडाइ र ४ लम्बाइको ठाउँ हुनुपर्छ साथै ५ प्रतिशत ठाउँ छुट्ट्याउनुपर्दछ ।) | | |  | |
| ५. नागरिक सहायतावा सोधपुछ कक्ष | ५.१ नागरिक सहायता वा सोधपुछ कक्षमा सांकेतिक भाषा जानेका कर्मचारीहरु छन् ? | | | | |
| | ५.२ सोधपुछ कक्षको काउण्टर वा झ्याल भुइँ सतहबाट कति उचाइमा छ ? (२ फिट ६ इन्चको उचाइ उपयुक्त हुन्छ । ३ फिटभन्दा बढीचाहिँ हुनु हुँदैन ।) साङ्केतिक भाषा जानेका कर्मचारीहरु छन् ? | | |  | |
| ६. दर्ता चलानी कक्ष | ६.१ दर्ता चलानीकक्षमा सङ्केतपाटी राखिएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ६.२ दर्ता चलानीकक्षको काउन्टर वा झ्याल २ फिट ६ इन्चको उचाइमा छ ? | | |  | |
| ७. प्रमुख/उप प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको कक्ष | ७.१ प्रस्टसँग पढ्न सकिने सङ्केतपाटी वा नेमप्लेट राखिएको छ ? | | | | |
| | ७.२ नेमप्लेट वा सङ्केतपाटी ब्रेलमा पनि राखिएको छ ? | | | | |
| | ७.३ सहजै प्रवेश गर्न सकिने ढोका (३ फिट चौडाइ, ढोकाको तल अवरोध नभएको) छ ? | | | | |
| | ७.४ कार्यकक्ष भुइँतलामा छ ? | | | | |
| | ७.५ भुइँतलामा कार्यकक्ष छैन भने माथिल्लो तलामा जान लिफ्ट वा र्‍याम्पको व्यवस्था गरिएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ७.६ यदि लिफ्ट छ भने लिफ्टको ढोकाको चौडाइ कति छ ? | | |  | |
| | ७.७ लिफ्टभित्र ३ फिटको उचाइमा समात्ने तेर्सा डन्डीहरु राखिएको छ ? | | |  | |
| | ७.८ लिफ्ट सञ्चालन गर्ने बटन र स्वीचहरु पहुँचयुक्त ढाँचामा बनेका छन् ? | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
| --- | --- | --- | --- | --- | --- |
| | ७.९ उक्त बटनहरु कति फिटको उचाइमा राखिएको छ ? | | |  | |
| ८. सभाकक्ष | ८.१ सभाकक्ष भुइँतलामै छ ? | | | | |
| | ८.२ सभाकक्षसम्म पुग्ने बाटोको सङ्केत र बाहिरपट्टि सङ्केतपाटी राखिएको छ ? | | | | |
| | ८.३ सङ्केतपाटी ब्रेलमा पनि बनाइएको छ ? | | | | |
| | ८.४ सभाकक्षसम्म जाने बाटो पहुँचयुक्त छ ? (र्‍याम्प वा करिडोरले जोडिएको, अवरोधविहीन) | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ८.५ र्‍याम्प बनाइएको छ भने भिरालोपनको अनुपात कति छ, खुलाउनुहोस् । | | | | |
| | ८.६ भुइँतलामा सभाकक्ष छैन भने माथिल्लो तलामा जान लिफ्ट वा र्‍याम्पको व्यवस्था गरिएको छ ? | | | | |
| | ८.७ सभाकक्षमा सबैका लागि सहज खालका फर्निचरहरु छन् ? | | | | |
| | ८.८ सहजै प्रवेश गर्न सकिने ढोका (३ फिट चौडाइ, ढोकाको तल अवरोध नभएको) छ ? | | | | |
| | ८.९ सभा कक्षमा मञ्च बनाइएको छ ? यदि छ भने उचाइ कति छ ? | | | | |
| | ८.१० मञ्च बनाइएको छ भने सो मञ्च र्‍याम्पबाट जोडिएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| ९. लेखा शाखा, नक्सा शाखा, योजना शाखा, न्यायिक इजलास | ९.१ उक्त कक्षहरूमा प्रस्टसँग पढ्न सकिने सङ्केतपाटी राखिएको छ ? | | | | |
| | ९.२ सङ्केतपाटी ब्रेलमा पनि राखिएको छ ? | | | | |
| | ९.३ सहजै प्रवेश गर्न सकिने ढोका (३ फिट चौडाइ, ढोकाको तल अवरोध नभएको) छ ? | | | | |
| | ९.४ उक्त कक्षहरू भुइँतलामै छन् ? | | | | |
| | ९.५ भुइँतलामा कार्यकक्ष छैन भने माथिल्लो तलामा जान लिफ्ट वा र्‍याम्पको व्यवस्था गरिएको छ ? | | | | |
| | ९.६ कार्यकक्षमा सबैका लागि सहज खालका फर्निचरहरू छन् ? | | | | |
| १०. भ¬र्‍याङ | १०.१ भर्‍याङको दुवैतर्फ समाउने रेलिङ निरन्तर रूपमा राखिएको छ ? | | | | |
| | १०.२ भर्‍याङका खुड्किलाहरू समान उचाइ र चौडाइका छन् ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १०.३ खुड्किलाको उचाइ ६ इन्चभन्दा बढी छ कि छैन ? | | | | |
| | १०.४ खुडकिलाको चौडाइ एक फिटभन्दा कम छ कि ? | | |  | |
| | १०.५ रेलिङ छ भने रेलिङको माथिल्लो भागको उचाइ लेख्नुहोस् । | | | | |
| | १०.६ रेलिङको समाउने भाग गोलाकार छ ? रेलिङको व्यास १.२५ इन्चदेखि २ इन्चभित्र छ ? | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| ११. र्‍याम्प | ११.१ पालिका भवनमा कुनै स्थानमा र्‍याम्प बनाइएको छ ? (छैन भने यो खण्ड छोडिदिनुहोस् । छ भने तलको विवरण भर्नुहोस् ।) | | | | |
| | ११.२ र्‍याम्प मूल प्रवेशद्वारसँगै जोडिएको छ कि पछाडितिर बनाइएको छ ? | | | | |
| | ११.३ र्‍याम्प रहेको स्थान पहिचान गर्नका लागि उचित सङ्केत राखिएको छ ? | | | | |
| | ११.४ र्‍याम्पको चौडाइ घटीमा १ मिटर छ ? | | | | |
| | ११.५ र्‍यापको भुइँ सतह नचिप्लने खालको बनाइएको छ ? | | | | |
| | ११.६ र्‍याम्पको भिरालोपनको अनुपात १:१५ छ ? (पुरानो संरचना मर्मत गर्दा १:१२ हुनुपर्दछ ।) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | ११.७ र्‍याम्पको दुवैतिर ३६ इन्चको उचाइको रेलिङ हालिएको छ ? | | | | |
| | ११.८ र्‍याम्प सुरू हुने ठाउँ समथर छ ? | | | | |
| | ११.९ र्‍याम्प टुङ्गिने ठाउँमा ल्यान्डिङ वा सम्म ठाउँ बनाइएको छ ? | | | | |
| १२. सङ्केतपाटी | १२.१ पालिका भवनका कोठाहरू र विभिन्न ब्लकलाई सजिलै पहिचान गर्न सक्ने गरी प्रस्ट सङ्केतहरूको प्रयोग गरिएको छ ? | | | | |
| | १२.२ महिला तथा पुरूष शौचालय चिनिने गरी प्रस्ट सङ्केतहरू राखिएको छ ? | | |   | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १२.३ सङ्केतको प्रयोग गरिएको छ भने सङ्केतमा ब्रेल लिपि, ठुला अक्षर, प्रस्ट बुझिने चित्र र फरक रङ्ग प्रयोग गरिएको छ ? | | | | |
| | १२.४ सङ्केत पाटीहरू भुइँ सतहबाट ४२ इन्च वा सोभन्दा कम हुने गरी राखिएको छ ? | | | | |
| १३. विपद् व्यवस्थापन | १३.१ आपत्कालीन अवस्थाको परिकल्पना गरी परिसरमा निश्चित सुरक्षित क्षेत्र छुट्ट्याइको छ ? | | | | |
| | १३.२ छ भने सो ठाउँको बारेमा सबै कर्मचारीहरू जानकार छन् ? | | | | |
| १३. विपद् व्यवस्थापन | १३.३ आपत्कालीन आवस्थाबारे जानकारी दिने कुनै यन्त्र जडान गरिएको छ ? यदि छ भने त्यसलाई देख्न, सुन्न, पढ्न मिल्ने गरी राखिएको छ ? | | | | |
| | १३.४ आपत्कालीन अवस्थामा बाहिर निस्कनका लागि प्रस्ट रूपमा दिशानिर्देश गरिएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| १४. नागरिक बडापत्र | १४.१ नागरिक बडापत्र रहेको स्थान पहिचान गर्न कुनै सङ्केतको प्रयोग गरिएको छ ? | | | | |
| | १४.२ बडापत्र सबैले सजिलोसँग पढ्न सक्ने गरी राखिएको छ ? | | | | |
| | १४.३ बडापत्र ब्रेल लिपिमा पनि बनाएर राखिएको छ ? | | | | |
| | १४.४ बडापत्र कति उचाइमा राखिएको छ ? | | | | |
| १५. गुनासो वा सुझाव सुन्ने व्यवस्था | १५.१ सुझाव र गुनासोको लागि कुनै व्यवस्था गरिएको छ ? छ भने सुझाव पेटिका, मौखिक वा अरू कुनै वैकल्पिक (फोन, इमेल) व्यवस्था के छ ? खुलाउनुहोस् । | | | | |
| | १५.२ गुनासो राख्ने व्यवस्थालाई पहुँचयुक्त बनाइएको छ ? (प्रतक्ष्य रूपमा भनेर, लेखेर, फोन गरेर, फेसबुक पेजमा म्यासेज गरेर वा साङ्केतिक भाषामा सुनाएर) | | | | |
| | १५.३ गुनासो वा सुझाव पेटिका छ ? यदि छ भने तलका प्रश्नहरू हेर्नुहोस् । | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १५.४ त्यो सुझाव पेटिका पहुँचयुक्त स्थानमा छ ? (३ फिट उचाइभित्र, अवरोध नभएको सहज ठाउँमा) | | | | |
| | १५.५ सुझाव पेटिकामार्फत सेवाग्राहीले सुझाव दिने गरेका छन् ? | | | | |
| | १५.६ गुनासोलाई कसरी व्यवस्थापन गरिएको थियो ? त्यसका लागि कस्तो संयन्त्र विकास गरिएको छ ? | | | | |
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.१ परिसरमा हातमुख धुनका लागि आवश्यक संरचनाहरु बनाइएको छ र ? (छैन भने तलका प्रश्नहरु छोडिदिनुस् ।) | | | | |
| | १६.२ हातमुख धुने संरचना रहेको स्थानलाई सङ्केत गर्ने गरी केही वस्तुको प्रयोग गरिएको छ ? यदि छ भने केको प्रयोग भएको छ खुलाउनुहोस् । | | |   | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.३ के ती सङ्केतहरु अपाङ्ता भएका व्यक्तिलगायत सबैका लागि पहुँचयुक्त छन् ? | | | | |
| | १६.४ हातमुख धुने संरचना रहेको स्थानसम्म पुग्ने बाटो पहुँचयुक्त छ ? | | | | |
| | १६.५ हातमुख धुने ठाउँसम्म पुग्ने बाटोमा दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई दिशानिर्देश गर्ने डोरी, रेलिङ, ट्याकटाइल टायल, अडियो गाईड, ब्रेल बोर्ड आदि केही सामग्रीको प्रयोग गरिएको छ ? यदि गरिएको छ भने के सामग्री प्रयोग गरिएको छ, खुलाउनुहोस् । | | | | |
| | १६.६ हातमुख धुने ठाउँसम्म पुग्ने बाटोमा कुनै खालका अवरोधहरु (खाल्डाखुल्डी, साना बिरूवा, निर्माण सामग्री, अस्तव्यस्त तार आदि) छन् ? उक्त बाटोको सतह नचिप्लने खालको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.७ विभिन्न प्रकारका सहायक सामग्री जस्तै ह्विलचियर, सेतो छडी, बैसाखी, लट्ठी, क्यालिपर लगायतका सामग्री प्रयोग गर्नुपर्ने व्यक्तिहरूका लागि बाटो पर्याप्त फराकिलो छ ? (घटीमा ३ फिटको अवरोधविहीन बाटो हुनुपर्छ) | | | | |
| | १६.८ हातमुख धुन बनाइएको संरचना रहेको स्थानसम्म पुग्न सिढिहरूको प्रयोग गर्नुपर्दछ ? छ भने चौडाइ लेख्नुहोस् । | | | | |
| | १६.९ उक्त संरचना न्याम्पले जोडिएको छ ? (छैन भने न्याम्पसँग सम्बन्धित प्रश्नहरु छोडिदिनुहोस् ।) | | | | |
| | १६.९.१ न्याम्पको चौडाइ घटीमा १ मिटर छ ? | | | | |
| | १६.९.२ न्यापको भुइँ सतह नचिप्लने खालको बनाइएको छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.९.३ न्याम्पको भिरालोपनको अनुपात १:१५ छ ? (पुरानो संरचना मर्मत गर्दा १:१२ हुनुपर्दछ ।) | | |   | |
| | १६.९.४ न्याम्पको दुवैतिर ३६ इन्चको उचाइको रेलिङ हालिएको छ ? | | | | |
| | १६.९.५ न्याम्प सुरू हुने ठाउँ समथर छ ? | | | | |
| | १६.९.६ न्याम्प टुङ्गिने ठाउँमा ल्यान्डिङ वा सम्म ठाउँ बनाइएको छ ? | | | | |
| | १६.१० परिसरभित्र खानेपानी रहेको ठाउँको भुइँ सतह अवरोधमुक्त (खुड्किला नभएको) छ ? | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.११ खानेपानीको स्रोत नजिक ह्विलचियर घुमाउन पुग्ने प्रर्याप्त ठाउँ छ ? (घटीमा ३ फिट चौडाइ र ५ फिट लम्बाइ भएको समतल र अवरोधमुक्त ठाउँ चाहिन्छ । ह्विलचियर प्रयोगकर्तामार्फत उक्त ठाउँको परीक्षण गर्नुहोस् ।) | | | | |
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.१२ ह्विलचियर प्रयोगकर्तालाई आफ्नो ह्विलचियर स्वतन्त्र रूपमा प्रयोग गर्नका लागि बाटो र र्‍याम्पको भिरालोपन पहुँचयुक्तताको मापदण्ड अनुरूप मिलेको छ ? र्‍याम्प र बाटोको भिरालोपनको अनुपात के कति छ, खुलाउनुहोस् । | | | | |
| | १६.१३ शौचालय भवनमा र्‍याम्प बनाइएको छ भने त्यसको भिरालोपनको अनुपात मापदण्ड अनुसार मिल्ने देखिन्छ ? (पुरानो संरचना मर्मत गर्दा १:१२ सम्म मान्य हुन्छ भने नयाँब नाउँदा भिरालोपनको अनुपात १:१५ हुनुपर्छ ।) | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.१४ शौचालय प्रवेश गर्ने ढोकाको खुल्ला भाग (ढोकाको खापालाई ९० डिग्रीमा खोल्दा) न्यूनतम ३ फिटको छ ? | | | | |
| | १६.१५ शौचालयको प्रवेशद्वारको तल्लो सतह अवरोधमुक्त छ ? | | | | |
| | १६.१६ शौचालयको प्रवेशद्वार अगाडिको खुल्ला भाग सम्म परेको छ ? | | | | |
| | १६.१७ शौचालयको ढोका पर्याप्त चौडा र ह्विलचेयर प्रयोगकर्ताको लागि पहुँचयुक्त छ ? (३३ इन्च वा सोभन्दा बढी चौडाइ) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.१८ ढोका खोल्न वा बन्द गर्न उपयोग गरिने उपकरणहरु (चुकुल तथा ह्यान्डिल) जमिनको सतहबाट २ फिट १० इन्च (३४ इन्च) देखि ४ फिट (४८ इन्च) को उचाइमा राखिएको छ ? | | |  | |
| | १६.१९ के ढोका सञ्चालन गर्न प्रयोग गरिने उपकरणहरु एक जोडले नसमातीकनै, धेरै बल प्रयोग नगरी वा हात वा नाडी नघुमाईकनै सञ्चालन गर्न सकिने खालको छ ? | | |  | |
| | १६.२० ढोका बन्द गरिएको अवस्थामा शौचालयभित्र प्रर्याप्त प्रकाशको व्यवस्था गरिएको छ ? (शौचालय सहज तरिकाले प्रयोग गर्नका लागि विधुतीय बत्ती वा झ्यालको सिसामार्फत शौचालयभित्र उज्यालो आउनु जरूरी छ ) | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.२१ ह्विलचियर प्रयोग गर्ने व्यक्तिका लागि ह्विलचियर स्वतन्त्र रूपमा घुमाउन पर्याप्त स्थान छ ? (५ फिट ब्यासको खुल्ला ठाउँ) | | | | |
| | १६.२२ शौचालयमा नचिप्लने खालको भुइँ सतह बनाइएको छ ? | | | | |
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.२३ शौचालयमा कमोडको प्रयोग गरिएको छ ? (प्यानलाई पहुँचयुक्त मानिंदैन) | | |   | |
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.२४ शौच गर्ने स्थानमा सजिलोसँग बस्न र उठ्नको लागि मद्दत हुने गरी हातले समाउन डन्डी (स्टिल वा फलामले बनेको ग्राब बार) राखिएको छ ? | | |   | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.२५ शौच गर्ने स्थान (कमोड) को दुवैतिर यस्तो डन्डी राखिएको छ ? | | |  | |
| | १६.२६ शौचालयमा प्रर्याप्त रूपमा पानीको व्यवस्था छ ? | | | | |
| | १६.२७ शौचालयमा राखिएको पानी अपाङ्गता भएका व्यक्तिले सजिलै प्रयोग गर्न सक्ने अवस्था छ ? | | | | |
| | १६.२८ शौचालयमा हात धुनको लागि बेसिन राखिएको छ ? | | | | |
| | १६.२९ बेसिन पहुँचयुक्त हुने गरी राखिएको छ ? (भुइँ सतहबाट ३१ देखि ३३ इन्चको उचाइभित्र माथिल्लो सतह पर्ने राखिनुपर्छ तथा बेसिन अगाडिको ठाउँ सम्म र नचिप्लने खालको हुनुपर्छ ।) | | |  | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १६.३० शौचालयमा युरिनल राखिएको छ ? छ भने उचाइ लेख्नुहोस् । | | |   | |
| १६. हातमुख धुने ठाउँ, शौचालय र खानेपानीको व्यवस्था | १६.३१ शौचालयभित्र आपत्कालीन घण्टी राखिएको छ ? छ भने कति फिटको उचाइमा राखिएको छ ? (एक-डेढ फिटको उचाइमा राख्नु उपयुक्त हुन्छ ।) | | | | |

श्रोत: राष्ट्रिय अपाङ्ग महासंघ, https://nfdn.org.np/ne/accessibility-audit-checklists, तयार पार्ने: विमला तुलाधर, सुजाता शाक्य, मिलन बगाले

थप केही जानकारी वा विवरण भएमा लेख्नुहोस् ।

## २. विद्यालय भवन तथा परिसरको पहुँचयुक्तता परीक्षण रुजु सूची

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| १. विद्यालय हाता प्रवेश गर्नु अगाडीको अवस्था र प्रवेश गरिसकेपछिको अवस्थाको लेखाजोखा | १.१ स्थानीय वस्तीहरूबाट विद्यालय भवन परिसरमा पुग्नका लागि सार्वजनिक सवारी साधन सजिलै पाईन्छ ? | | | | |
| | १.२ परिसर मूलबाटोबाट जोडिएको छ ? | | | | |
| | १.३ मूल बाटोबाट जोडिएको छैन भने मूल बाटोबाट अन्दाजी कति मिनेट हिडेपछि विद्यालय पुग्न सकिन्छ ? लेख्नुहोस् । | | | | |
| | १.४ मूल बाटोबाट विद्यालयलाई जोड्ने शाखा बाटोको चौडाइ कति छ ? लेख्नुहोस् । | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १.५ भित्रि बाटो अवरोधयुक्त छ ? (खाल्डाखुल्डी भएको, निर्माण सामग्री असरल्ल छोडिएको, तार लत्रिएको आदि अवरोधहरु छन् कि ?) | | |  Fig. 3 | |
| | १.६ उक्त बाटोको भुइँ सतह नचिप्लने खालको छ ? | | | | |
| | १.७ विद्यालय परिसरको मूल प्रवेशद्वार सबैका लागि पहुँचयुक्त छ ? खुड्किला नचढी सहजै पस्न सकिन्छ ? (चार पाङ्ग्रे सवारी साधन सहज रूपमा पस्नका लागि १५ फिटको खुला ठाउँ हुनुपर्छ । अवरोधमुक्त हुनुपर्छ । भुइँ सतह चिप्लो हुनु हुँदैन । ) | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| | १.८ प्रवेशद्वारमा खुड्किलाहरु छन् भने परिसरमा सहज रुपमा प्रवेश गर्नका लागि र्‍याम्पले जोडिएको अर्को वैकल्पिक बाटो बनाइएको छ ? (यदि पहुँचयुक्त बाटो बनाइएको छ भने त्यस्तो बाटो मजबुत, सतह मिलेको र नचिप्लने खालको छ ? (पहुँचयुक्त बाटो पानी परेको बेलामा नचिप्लने र घाम लागेको बेलामा नटल्कने खालको हुनु पर्दछ) | | | | |
| | १.९ सङ्केतपाटी टाढैबाट पढ्न सकिने र सजिलै देखिने ठाउँमा छ ? | | | | |
| | १.१० सङ्केत चिन्हहरु भुइँ सतहबाट अधिकतम ५ फिटको उचाइमा राखिएको छ ? | | |  | |
| २. सवारी साधन पार्किङ स्थल | २.१ सवारी साधन पार्किङ गर्नका लागि निश्चित ठाउँ छुट्याइएको छ ? (पार्किङ छैन भने तलका प्रश्नहरु छोडिदिनुस्) | | | | |

| प्रसङ्ग | प्रश्नावली | छ | छैन/ होइन | प्राविधिक विवरण | कैफियत (आवश्यक विवरण लेख्नुहोस्) |
|---|---|---|---|---|---|
| Simroungadh Municipality | | | | | | | | | | | | | | |
| Total | 54878 | 220 | 309 | 99 | 55 | 18 | 11 | 39 | 30 | 13 | 6 | 10 | 73 | 2 |
| Male | 28330 | 144 | 180 | 53 | 26 | 8 | 8 | 29 | 17 | 7 | 4 | 3 | 54 | 1 |
| Female | 26548 | 76 | 129 | 46 | 29 | 10 | 3 | 10 | 13 | 6 | 2 | 7 | 19 | 1 |
| Pacharauta Municipality | | | | | | | | | | | | | | |
| Total | 40524 | 156 | 36 | 50 | 19 | 7 | 4 | 16 | 12 | 5 | 38 | 5 | 107 | 0 |
| Male | 20802 | 95 | 22 | 23 | 14 | 4 | 1 | 9 | 4 | 2 | 17 | 0 | 43 | 0 |
| Female | 19722 | 61 | 14 | 27 | 5 | 3 | 3 | 7 | 8 | 3 | 21 | 5 | 64 | 0 |
| Mahagadhimai Municipality | | | | | | | | | | | | | | |
| Total | 59424 | 299 | 26 | 66 | 30 | 11 | 17 | 23 | 16 | 16 | 8 | 3 | 113 | 0 |
| Male | 30559 | 188 | 10 | 34 | 16 | 5 | 9 | 20 | 11 | 10 | 3 | 1 | 63 | 0 |
| Female | 28865 | 111 | 16 | 32 | 14 | 6 | 8 | 3 | 5 | 6 | 5 | 2 | 50 | 0 |

| Area and Sex | Total Population | Types of disabilities | | | | | | | | | | | | Not stated |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Physical | Low vision | Blind | Deaf | Hard of hearing | Deaf and blind | Speech impairment | Psycho-social disability | Intellectual disability | Hemophilia | Autism | Multiple disability | |
| Devtal Gaunpalika | | | | | | | | | | | | | | |
| Total | 25361 | 101 | 16 | 17 | 8 | 0 | 5 | 10 | 6 | 1 | 2 | 3 | 22 | 0 |
| Male | 13091 | 56 | 10 | 11 | 3 | 0 | 4 | 5 | 4 | 0 | 2 | 3 | 13 | 0 |
| Female | 12270 | 45 | 6 | 6 | 5 | 0 | 1 | 5 | 2 | 1 | 0 | 0 | 9 | 0 |
| Subarna Gaunpalika | | | | | | | | | | | | | | |
| Total | 35141 | 164 | 28 | 43 | 21 | 0 | 1 | 23 | 18 | 3 | 2 | 3 | 22 | 0 |
| Male | 18164 | 97 | 16 | 24 | 8 | 0 | 1 | 17 | 13 | 2 | 0 | 2 | 8 | 0 |
| Female | 16977 | 67 | 12 | 19 | 13 | 0 | 0 | 6 | 5 | 1 | 2 | 1 | 14 | 0 |
| INSTITUTIONAL | | | | | | | | | | | | | | |
| Total | 1881 | 5 | 0 | 0 | 13 | 0 | 0 | 1 | 0 | 2 | 0 | 0 | 2 | 0 |
| Male | 1753 | 5 | 0 | 0 | 10 | 0 | 0 | 1 | 0 | 2 | 0 | 0 | 2 | 0 |
| Female | 128 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

**श्रोत: नेपालको राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभागको वेब साइड:**

Province/ District/ Local Report । National Population and and Housing Census 2021 Results (cbs.gov.np)

# खण्ड नौं (९)
# अपाङ्गता सम्बन्धी मुख्य कानुनी दस्तावेजहरू

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

### प्रमाणीकरण मिति २०७४।६।२९ सम्बत् २७४ सालको ऐन नं २५

### अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माणमा र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मान जनक जीवन यापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २९६ को उपधारा १ बमोजिम व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ रहेको छ ।

(२) यो ऐनको प्रमाणीकरण भएको मितिले एकानब्वे औं दिनबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

क) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ ।

ख) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले समाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।

ग) "कार्यालय" भन्नाले महिला तथा बालबालिका कार्यालय सम्झनु पर्छ ।

घ) "तोकिएको" वा " तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ङ) "निर्देशन समिति" भन्नाले दफा ३८ बमोजिमको अपाङ्गता राष्ट्रिय निर्देशन समिति सम्झनु पर्छ ।

च) "परिवार" भन्नाले अपाङ्गता भएका व्यक्तिका बाजे, बजै, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदि, बहिनी वा पति पत्नी सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने निजका अन्य नातेदारलाई समेत जनाउँछ ।

छ) "पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भर्तापूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि सर्वसाधरणलाई खुल्ला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रुपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

ज) "पुनर्स्थापना केन्द्र" भन्नाले दफा २९ बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

झ) "भाषा" भन्नाले बोली वा साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनी रहित भाषा सम्झनु पर्छ ।

ञ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्झनु पर्छ ।

ट) "संञ्चार" भन्नाले भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयुक्त बहुमाध्यम, पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचन तथा सञ्चारका प्रबर्द्धनात्मक र वैकल्पिक तरिका, साधन र ढाँचा सम्झनु पर्छ ।

ठ) "समन्यव समिति" भन्नाले दफा ४२ बमोजिम स्थानीय समन्वय समिति सम्झनु पर्छ ।

ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

ढ) "संरक्षक" भन्नाले अपाङ्गता भएको व्यक्तिको हक, हितको संरक्षण गर्न प्रचलित कानून बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ ।

ण) "संरक्षण अधिकृत" भन्नाले दफा ५७ बमोजिमको अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद – २

## अपाङ्गताको बर्गिकरण, परिचयपत्र तथा अभिलेख

**३. अपाङ्गताको बर्गिकरण**ः

(१) अपाङ्गताको वर्गीकरण अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मन्त्रालयले तोकिए बमोजिमको समितिको सिफारिसमा उपदफा (१) बमोजिमको

अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्न सक्नेछ ।

**४. अपाङ्गताको परिचयपत्र सम्बन्धी व्यवस्थाः**

(१) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचयपत्र प्राप्त गर्न निज आफैले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले स्थानीय तहको सिफारिस सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका कुनै व्यक्ति आफैले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका अध्यक्षले अपाङ्गता परिचयपत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रष्ट रुपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गताको बर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो सो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको हकमा कार्यालयले जिल्ला समन्वय समिति समक्ष पेश गरी सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ ।

(५) जिल्ला समन्वय समितिले उपदफा (४) बमोजिम सिफारिस गर्नु अघि अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न आवश्यक देखेमा कार्यालयको खर्चमा नजिकको सरकारी अस्पतालमा निजको स्वास्थ्य परीक्षण गराउनु पर्ने छ ।

(६) यस दफा बमोजिम जाँचबुझ वा शारीरिक परिक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचयपत्र दिन मिल्ने नदेखिएमा कार्यालयले सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अपाङ्गताको परिचयपत्र दिन नमिल्ने गरी कार्यालयबाट भएको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरी सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. झुटा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुनेः**

(१) कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचयपत्र प्राप्त गर्न वा एक प्रकारको अपाङ्गताको बर्गिकरणमा पर्नेमा झुट्टा विवरण दिई अर्को प्रकारको बर्गिकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरित अपाङ्गताको परिचयपत्र प्राप्त गरेमा त्यस्तो व्यक्तिको परिचयपत्र रद्द गरी निजलाई यस ऐन बमोजिम कारबाही गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यथार्थ विवरण दिंदा कुनै अधिकारीले अपाङ्गता भएको व्यक्तिलाई बेग्लै वर्गको परिचयपत्र प्रदान गरेको देखिएमा सो परिचयपत्र दिने अधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

(४) कसैले झुट्टा विवरण दिई प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको आधारमा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएको पदमा कुनै व्यक्ति नियुक्त भएको पाईएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियुक्ति जुनसुकै बखत बदर गरी निजले पाएको तलब तथा अन्य सुविधा समेत सरकारी बाँकी सरह असुल उपर गरी पद प्राप्तीका लागि योग्यता ढाँटेको कसूर गरेको मानी प्रचलीत कानून बमोजिम सजाय गरिनेछ ।

**६. अगाङ्गता भएका व्यक्तिको अभिलेख राख्नु पर्नेः**

(१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विविरण सहितको अभिलेख तयार गरी प्रत्येक बर्ष अद्यावधिक गरी राख्नु पर्ने छ र सोको एकप्रति कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहबाट प्राप्त विवरण तथा कार्यालयद्धारा प्रदान गरिएका अपाङ्गताको परिचयपत्रको आधारमा कार्यालयले जिल्लाभरमा रहेका अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको अभिलेख तयार गरि प्रत्येक बर्ष अद्यावधिक गराई राख्नु पर्ने छ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले यस ऐन बमोजिम उपलव्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन ।

## परिच्छेद- ३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

**७. प्रचलित कानुन बमोजिमका अधिकार उपभोग गर्न पाउनेः**

अपाङ्गता भएका व्यक्तिलाई यस ऐनद्धारा प्रदत्त अधिकारका अतिरिक्त अन्य ब्यक्ति सरह समान आधारमा प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ ।

**८. भेदभाव विरुद्धको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रता बाट बञ्चित गरिने छैन ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "अपाङ्गताको आधारमा भेदभाव" भन्नाले अन्य व्यक्ति सरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक वा साँस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा अवरोध सृजना गर्ने वा अपाङ्गताका आधारमा भिन्न गराउने, बहिष्करण गर्ने वा रोक लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले उपयुक्त अनुकुलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ ।

(२) कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्दा, बैंक तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिंदा वा अन्य वित्तीय कारोबार गर्दा, कुनै रोजगारीका लागि छनौट गर्दा वा शुल्क लिई वा नलिई सार्वजनिक रुपमा उपलब्ध गराइएका कुनै पनि सेवा, सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाईने छैन ।

(३) अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालन पोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँड वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गर्न पाईने छैन ।

(४) कुनै दस्तुर बुझाई वा नबुझाई सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएको कुनै भवन वा स्थानको प्रयोग वा प्रवेशमा अपाङ्गता भएको आधारमा कुनै व्यक्तिलाई निषेध गर्न वा थप शर्त वा दायित्व राख्न पाईने छैन ।

**९. सामुदायिक जीवनको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान रुपमा आफ्नो परिवार वा संरक्षक सँग वा आफूले छनौट गरेको बासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वपक जीवनयापन गर्न तोकिए बमोजिम सहायक समाग्री तथा सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ ।

**१०. संरक्षकको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सशस्त्र संघर्ष, संकटकाल वा विपद् परेको अवस्थामा प्राथमिकताका साथसुरक्षा, उद्धार तथा संरक्षण पाउने अधिकार हुनेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहार संरक्षण गर्नको लागि देहाय बमोजिमको व्यवस्था गर्नेछः–

(क) अपाङ्गता भएका व्यक्ति बिरुद्ध भएका शोषण, हिंसा र दुर्व्यवहार जन्य, लैङ्गिक तथा यौन जन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राख्ने,

(ख) खण्ड (क) बमोजिमको शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा

प्रचलित कानून बमोजिम प्रभावकारी कानुनी कार्वाही गर्ने,

(ग) त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा, उद्धार, संरक्षण ताथ पुनर्स्थापना गर्ने,

(घ) त्यस्ता घटना हुन नदिनका लागि उपयुक्त व्यवस्था गर्ने,

(ङ) त्यस्ता घटनाका विरुद्धमा सामुदायिक स्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

**११.राजनीतिक सहभागिताको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रुपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानकको प्रकृया, सुविधा र सामग्रीलाई पहुँयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने छ ।

**१२. नीति निर्माणमा सहभागिताको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रकृयामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित संघ संस्था मार्फत सहभागी हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको बिचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिईने छ ।

**१३. संस्था खोल्ने अधिकारः**

अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम संघ वा संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पाउने अधिकार हुनेछ ।

**१४. सांस्कृतिक जीवनमा सहभागी हुने अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक, नाट्यशाला, सिनेमाहल, पुस्तकालय, पर्यटकीय सेवा, कला, साहित्य, संगीत लगायतका साँस्कृतिक कार्यक्रम वा सेवा र मनोरञ्जनमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई सिर्जनशील, कलात्मक, बौद्धिक, व्यवसायिक, पेशागत तथा आन्तरिक क्षमताको विकास र उपयोग गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङ्केतिक भाषा, बहिरा संस्कृति लगायत विषेश साँस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकार हुनेछ ।

**१५. सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवा लगायत सर्वसाधरणलाई खुल्ला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरूमा सहज पहुँचको अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानुनी सहायताको अधिकार हुनेछ ।

**१६. सामाजिक सुरक्षाको अधिकारः**

(१) तोकिएका अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारबाट तोकिएमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिले कुनै पनि अवसरको प्राप्ति र उपयोग गर्दा निजले प्रयोग गर्ने सहायता सेवामा भएको अतिरिक्त व्ययभारको सोधभर्ना पाउँने अधिकार हुनेछ ।

**१७. सूचना तथा जानकारीको अधिकारः**

(१) अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सञ्चारका माध्यमबाट अपाङ्गमैत्री तथा पहुँचयुक्तताको आधारमा सूचना ताथ जानकारी पाउने अधिकार हुनेछ ।

(२) सार्वजनिक सञ्चारका विद्युतिय प्रसारण संस्थाले नेपाल सरकारले तोके बमोजिमको संख्यामा साङ्केतिक भाषामा समाचार तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई सर्वसाधारणको लागि लक्षित गरिएका सूचना थप शुल्क वा दस्तुरबिना पहुँचयुक्त ढाँचा र प्रविधिमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) टेलिफोन ताथ इन्टरनेट लगायतका सञ्चार सेवा प्रदायकले आफूले प्रदान गर्ने सेवा नेपाल सरकारले तोकिदिएको अवधिभित्र अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त ढाँचा र प्रयोग गर्न मिल्नेगरी उपलव्ध गराउनुपर्नेछ ।

**१८. आवात जावतको अधिकारः**

अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आफ्नो सहायक सामाग्री र आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार हुनेछ ।

## परिच्छेद – ४

## अपाङ्गता भएका महिला तथा बालबालिका थप अधिकार

**१९. अपाङ्गता भएका महिलाको अधिकारः**

(१) नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) नेपाल सरकाले अपाङ्गता भएका महिलाको बिषेश अवस्थालाई ध्यानमा राखी

उनीहरूको स्वास्थ्य तथा प्रजनन् अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

२०. अपाङ्गता भएका बालबालिकाको अधिकारः

(१) अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान,प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरुपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतित गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा,तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरूका धारणालाई उमेर र परिपक्वता आधारमा उचित सम्मान दिइनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घरपरिवारबाट अलग गरिने छैन ।

(५) नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ ।

(६) अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिमको विशेष संरक्षणको अधिकार हुनेछ ।

## परिच्छेद – ५

## अपाङ्गता भएका व्यक्तिको शिक्षाः

**२१. निःशुल्क शिक्षा उपलव्ध गराउनेः**

(१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित वा नेपाल सरकारबाट अनुदान प्राप्त शैक्षिक संस्थाद्धारा नि:शुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराइनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्धारा नि:शुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइनेछैन ।

(४) अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(५) शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा अपाङ्गता भएका व्यक्तिलाई भेदभाव गर्नु हुँदैन ।

(६) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) नेपाल सरकारले दृष्टिविहिन, बहिरा, सुस्तश्रवण, श्रवणदृष्टिविहिन, भएका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) नेपाल सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरता समेतका आधारमा तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(९) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनकूलता प्रदान गरी व्यावसायिक तथा प्राविधिक शिक्षा, पौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइनेछ ।

(१०) नेपाल सरकारले अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्यांकन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्नेछ ।

(११) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई दृष्टिगत गरी अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(१२) शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नु पर्नेछ ।

(१३) निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिए बमोजिमको संख्यामा अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**२२. छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने:**

(१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई नि:शुल्क नगरिएको शिक्षाको लागि तोकिए बमोजिम शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि तोकिए बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**२३. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने:**

(१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक तथा अपाङ्गता भएका शिक्षकका लागि विशेष तालिमको व्यवस्था गर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्नको लागि विद्यालयलाई तोकिए बमोजिमका शैक्षिक सामग्री नि:शुल्क उपलब्ध गराउनेछ ।

## परिच्छेद–६

## सीप विकास तथा रोजगारी

**२४. व्यवसायिक तालिम तथा स्वरोजगार:**

(१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यवसायिक तालिम उपलव्ध गराउनेछ ।

(२) नेपाल सरकाले विभिन्न पेशा वा व्यवसाय गर्न चाहाने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा तोकिए बमोजिम सहुलियत दरमा ऋण उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

(३) कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरुद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न पाईने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकाले कुनै रोजगारीका हकमा सो उपदफा बमोजिमको व्यवस्था लागू नहुने गरी छुट दिन सक्नेछ ।

(५) प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढंगले काम गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुनै व्यक्तिलाई बढुवाको अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न ईन्कार गर्न पाउने छैन ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगाराबाट हटाउने वा पदबाट घट्वा गर्न पाईने छैन ।

(८) उपदफा (७) बमोजिमको अपाङ्गता भएको कर्मचारीको सन्दर्भमा देहाय बमोजिम गर्नुपर्नेछ :-

क) त्यस्तो कामदार वा कर्मचारी आफूले गरी आएको पदको काम सम्पादन गर्न नसक्ने गरी अपाङ्गता भएको अवस्थामा निजलाई समान तलब, सुविधा भएको अर्को पदमा काम गर्ने गरी तोक्ने,

(ख) त्यस्तो कामदार वा कर्मचारीलाई अर्को पदमा काम गर्ने गरी तोक्न सम्भव नभएमा निजलाई मिल्ने अर्को पद सृजना गर्न वा निज अवकाश नभए सम्मका लागि अतिरिक्त पद कायम गरी राख्ने ।

**२५. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने:**

(१) नेपाल सरकारले कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलव्ध भएसम्म कुनै खास संख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका प्रतिष्ठानले अपाङ्गता भएका व्यक्तिलाई तोकिएको प्रथमिकताको आधारमा नियुक्त गर्नु पर्नेछ ।

**२६. अभिलेख राख्ने:**

(१) प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको संख्या, निजलाई उपलब्ध गराइएको सुविधा तथा तोकिए बमोजिम अन्य विवरण समेतको अभिलेख अद्यावद्यिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख प्रतिष्ठानले कार्यालय समय भित्र निरीक्षण गर्न चाहनेका लागि निरीक्षण गर्न खुला राख्नु पर्नेछ ।

**२७. व्यवस्थापक समक्ष उजुरी दिन सक्ने:**

(१) कुनै प्रतिष्ठानले दफा २४ को उपदफा (३), (४), (५) वा (६) को व्यवस्था पालनन गरेको कारणबाट कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्तो व्यक्तिले व्यवस्थापक समक्ष उजुरी दिन सक्नेछ ।

**स्पष्टीकरण:** यस परिच्छेदको प्रयोजनका लागि "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको काम कारबाहीमा अन्तिम निर्णय गर्न पाउने अधिकारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा व्यवस्थापकले पन्ध्र दिन भित्र त्यस्तो उजुरी उपर आवश्यक जाँच बुझ गर्नुपर्नेछ र त्यसरी जाँचबुझ गर्दा उजुरीको व्यहोरा मनासिब देखिएमा आवश्यक सुधार गर्न वा त्रुटी सच्याउनु पर्नेछ ।

## परिच्छेद -७

## स्वास्थ्य,पुर्नस्थापना,सामाजिक सुरक्षा तथा मनोरञ्जन

### २८. निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउने:

(१) नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि ''अस्पताल'' भन्नाले स्वास्थ्य केन्द्रलाई समेत जनाँउछ ।

(२) नेपाल सरकारले अपाङ्गता भएका कारणले खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा नि:शुल्क उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारको लागि अस्पताल सम्म पहुँचका लागि रहेका अवरोधहरू हटाउन आवश्यक व्यवस्था गर्नेछ ।

(४) अस्पतालका स्वास्थ्य कर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शैयाभन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नु पर्नेछ ।

(६) नेपाल सरकारले निरोध वा निवारण हुन सक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्त्वहरू पत्ता लगाइ त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ ।

### २९. पुनर्स्थापना सम्बन्धी व्यवस्था:

(१) नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि ''पुनर्स्थापना'' भन्नाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमुलक तथा व्यावसायिक तालिम सहायक सामग्री, औषधि

उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिलाई बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रमलाई समेत जनाँउछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(३) कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यका लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(५) पुनर्स्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालन सम्बन्धी मापदण्ड तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. पुनर्स्थापना केन्द्रः**

(१) दफा २९ को उपदफा (२) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्नका लागि नेपाल सरकारले एक पुनर्स्थापना कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशीव्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) स्थानीय निकायबाट प्राप्त रकम,

(ङ) दफा ५४ बमोजिम भएको जरिवाना वापत प्राप्त हुने रकम, (च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**(३) पुनर्स्थापना कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

**३१. अनुसन्धान गर्ने, गराउने**: नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न तथा अपाङ्गमैत्री सेवा, सुविधा र प्रविधिको विकासको लागि आवश्यक अनुसन्धान गर्नु गराउनु पर्नेछ ।

**३२. सामाजिक सुरक्षाः** (१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बन पूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रुपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ ।

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

(ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

(ग) जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

(घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

(च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

(छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "सर्वमान्य ढाँचा (युनिभर्सल डिजायन)" भन्नाले सबैले अधिकतम हदसम्म प्रयोग गर्न सक्ने उत्पादन, भौतिक संरचना, कार्यक्रम र सेवाको ढाँचा सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिका निश्चित वर्गका लागि प्रयोग गरिने सहायक उपकरणलाई समेत जनाउँछ ।

(ज) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा अपाङ्गताको विविधता, लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाइनेछ ।

**३३. सांस्कृतिक अधिकार तथा मनोरञ्जन**: नेपाल सरकार तथा स्थानीय निकायले अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न तथा निजलाई मनोरञ्जन सम्बन्धी क्रियाकलापमा अन्य व्यक्ति सरह सहभागी हुने अवसरको सिर्जनाका लागि देहायको व्यवस्था गर्नेछ :–

(क) अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्यप्रतिको रुचीको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,

(ख) सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**३४. खेलकुदमा सहभागी गराउने**:

(१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा

खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनका लागि आवश्यक व्यवस्था गर्नेछ ।

(२) खेलकुदको विकास तथा प्रतियोगिता आयोजना गर्ने संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुद सम्बन्धी प्रतियोगितामा संलग्न गराई खेलकुदको विकास तथा प्रवर्द्धन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनकोलागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले अपाङ्गता भएका व्यक्तिलाई खेलकुदमा सहभागी गराउन देहायका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् :–

(क) अपाङ्गता भएका व्यक्तिको पहुँच र समावेशी सहभागिता रहने गरी खेलकुदका पाठ्यक्रम तथा कार्यक्रमको पुनरावलोकन गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको पहुँच र सुविधा हुनेगरी खेलकुद मैदान तथा भौतिक पूर्वाधारको पुन: डिजाइन गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको खेलकुदप्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्न आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ङ) खेलकुदसँग सम्बन्धित अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी रूपमा प्रतिनिधित्व गराउने,

(च) विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिका सरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरूलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

**३५. मानसिक वा मनोसामाजिक (साइको–सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा, सुविधा:**

(१) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने व्यवस्था मिलाउनेछ ।

(२) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधि र परामर्श सेवा नि:शुल्क उपलब्ध गराउनेछ ।

(३) नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउनेछ ।

### ३६. कारागारमा राख्न नहुने:

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक वा मनोसामाजिक अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार वा संरक्षणको नाममा कारागारमा राखिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी कसूरमा वा सजाय पाएका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानून बमोजिम कारागारमा राख्न बाधा पर्ने छैन ।

## परिच्छेद-८

## अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा

### ३७. सहुलियत र सुविधा:

(१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) सवारी साधनको धनी वा सञ्चालकले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाईजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रुभाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपूर्जा तथा कच्चा पदार्थमा प्रचलित कानून बमोजिम भन्सार, अन्त:शुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ ।

(४) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रुपमा फेरबदल वा पार्टपूर्जा जडान गर्दा भएको खर्चमा तोकिए बमोजिम कर छुट दिन सक्नेछ ।

(५) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो वापतको रकम करमा छुट दिन सक्नेछ ।

(६) नेपाल सरकारले तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीलाई तोकिए बमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(७) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याज दरमा ऋण दिलाउने

व्यवस्था गर्न सक्नेछ ।

(८) अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी संख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानून बमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

## परिच्छेद– ९

## निर्देशन समिति तथा समन्वय समिति

**३८. निर्देशन समिति:**

(१) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ ।

(२) निर्देशन समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) महिला, बालबालिका तथा समाजकल्याण मन्त्री – अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सामाजिक सेवा हेर्ने) – सदस्य

(ग) नेपाल सरकारका मुख्य सचिव – सदस्य

(घ) सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय – सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(च) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(छ) सचिव, गृह मन्त्रालय – सदस्य

(ज) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(झ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य

(ञ) सचिव, श्रम मन्त्रालय – सदस्य

(ट) सचिव, शिक्षा मन्त्रालय – सदस्य

(ठ) सचिव, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय – सदस्य

(ड) सदस्य–सचिव, समाजकल्याण परिषद् – सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष – सदस्य

(ण) अध्यक्ष राष्ट्रिय अपाङ्ग महासंघ नेपाल – सदस्य

(त) राष्ट्रिय संयोजक, समुदायमा आधारित पुर्नस्थापना सञ्जाल – सदस्य

(थ) अपाङ्गता सम्बन्धी विषयका विज्ञहरूमध्येबाट एक जना महिला सहित दुई

जना– सदस्य

(द) अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रियस्तरका महासंघ तथा अपाङ्गता र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दश जना – सदस्य

(ध) अपाङ्गतासँग सम्बन्धित सेवाप्रदायक संस्थाहरूमध्येबाट एक जना महिला सहित दुईजना – सदस्य

(न) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (थ), (द) र (ध) बमोजिमका सदस्यहरूको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरूको पदावधि दुइ वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत कुनै सदस्यलेआफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) निर्देशन समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

**३९. निर्देशन समितिको काम, कर्तव्य र अधिकार:** निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) अपाङ्गता सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रवर्द्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

(घ) अपाङ्गता सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरू बीच समन्वय गर्ने,

(ङ) अपाङ्गता सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा नेपाल सरकारलाई सुझाब दिने,

(च) अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाको लागि प्रयोग हुने उपकरण वा वस्तुको नविनतम प्रविधीको अनुसन्धान गराईथप सुधार तथा विकास गर्न तथा यस क्षेत्रमा त्यस्ता उपकरणको उपलब्धता र प्रयोगलाई प्रबर्द्धन गर्ने, गराउने,

(छ) अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(ज) अपाङ्गता हुन सक्ने अवस्था, त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नु पर्ने व्यवहार र सहयोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(झ) बहिरा तथा श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने, नेपाली साङ्केतिक भाषाको अनुसन्धान, विकास र प्रबर्द्धन गर्ने तथा त्यसका लागि आवश्यक शब्दकोष र स्पर्श सञ्चारको विकास गर्ने, गराउने,

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "दोभाषे" भन्नाले बहिरा वा सुस्तश्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषा अनुवादक सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सरनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्श सञ्चार अनुवादक सम्झनु पर्छ ।

(ञ) भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन आवश्यक नीति स्वीकृति गर्ने,

(ट) अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी कार्यालय, सार्वजनिक यातायातका साधन, सडक, शौचालय, बसपार्क, पार्क लगायतका सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज तुल्याउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाइ लागू गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रवर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(ड) अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने,

(ढ) अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने,

(ण) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने,

(त) अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरीत कुनै काम कारवाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(थ) अपाङ्गताका सम्बन्धमा नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन गर्न उपयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

**४०. बैठक सम्बन्धी कार्यविधि**:

(१) निर्देशन समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(२) निर्देशन समितिका बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशन समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य–सचिवले बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) निर्देशन समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिका बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) निर्देशन समितिका बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(६) निर्देशन समितिका बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) निर्देशन समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) निर्देशन समितिका निर्णय सो समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(९) निर्देशन समितिका बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४१ प्रदेश स्तरमा समिति गठन गर्न सक्ने**:

(१) प्रदेश सरकारले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्न समेतको लागि सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरको समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकारको यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४२. समन्वय समिति सम्बन्धी व्यवस्था**:

(१) अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय समन्वय समिति रहने छ ।

(२) समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख – संयोजक

ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको महिला सदस्य – सदस्य

ग) गाउँपालिका र नगरपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा

स्रोत व्यक्ति मध्येबाट गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति – सदस्य

घ) गाउँकार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्यचौकी वा अस्पतालको चिकित्सक –सदस्य

ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख – सदस्य

च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू मध्येबाट गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले मनोनय गरेको संस्थाको प्रतिनिधि- सदस्य

छ) गाउँपालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट समन्वय समितिले मनोनय गरेको एक जना महिला सहित तिन जना –सदस्य

ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित बिषय हेर्ने कार्यालयको कार्यालय प्रमुख- सदस्य

झ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाउँपालिका वा नगर कार्यापालिकाको कर्मचारी – सदस्य सचिव ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपादफा (२) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा समन्वय समितिले त्यस्तो सदस्यलाई जुनसुकै वखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउन निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**४३. समन्वय समितिको काम कर्तब्य र अधिकार: समन्वय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अपाङ्गता भएका ब्यक्तिको हक हित तथा संरक्षणको विषयमा स्थानीय स्तरमा काम गर्ने विभिन्न निकाय संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्तो काम सञ्चालन गर्न कुनै निकायलाई निर्देशन दिने ।

(ख) अपाङ्गताका वर्गिकरण स्पष्ट नभएका र अपाङ्गता भए नभएका सम्बन्धमा दुविधा भएका ब्यक्तिको निवेदन उपर जाचवुझ गरी परिचयपत्र प्रदान गर्ने कार्यालयलाई सिफारिस गर्ने ।

(ग) स्थानीय तहभित्र अस्पलात विध्यालय लगायत अन्य सरकारी तथा सार्वजनिक भौतिक संरचना तथा स्थलमा अपाङ्गता भएका ब्यक्तिको पहुँच सहज गराउन अपाङ्गता मैत्री संरचना विकास वा निर्माण गर्ने, गराउने ।

(घ) स्थानीय तहभित्र रहेका अपाङ्गता भएका ब्यक्तिको अभिलेख संकलन अध्यावधिक गर्न लगाउने ।

(ङ) अपाङ्गता भएका ब्यक्तिका सम्बन्धमा स्थानीय तहमा संचालित कार्यक्रमको अनुगमन

तथा मुल्यांकन गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**४४. समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि:**

(१) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समन्वय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समन्वय समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य–सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समन्वय समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समन्वय समितिको बैठकको अध्यक्षता सो समितिका संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समन्वय समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समन्वय समितिका निर्णय सो समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(९) समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–१०

## अपाङ्गता भएका व्यक्ति प्रतिका दायित्व

**४५. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व:**

(१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(२) राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रुपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुन सक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समानरुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल

सरकारले तोकिए बमोजिमका उपायहरूको अवलम्बन गर्नेछ ।

**४६ शिक्षण संस्थाको दायित्व:**

अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

**४७. परिवारका सदस्य तथा संरक्षकको दायित्व:**

(१) परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालन पोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(२) अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुर्‍याउनु पर्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहार सुसार सम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलव्ध गराउन सक्नेछ ।

**४८ चिकित्सकको दायित्व:**

(१) चिकित्सकले आफू समक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराई सोतर्फ समेत उचित ध्यान दिइ उपचार गर्नुपर्नेछ ।

(२) चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरमा उपचार गर्नुपर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नुपर्नेछ ।

**४९ अपाङ्गता भएका व्यक्तिको सामाजिक दायित्व:**

(१) प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरूको सम्बर्द्धन र प्रबर्द्धनका लागि आफ्नो आयबाट तोकिए बमोजिमको रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ ।

(२) नेपालमा कार्यरत विकासका साझेदार (डेभलपमेण्ट पार्टनर) ले नेपालको विकास कार्यक्रममा खर्च गर्ने कुल रकममध्येबाट अर्थ मन्त्रालयले निर्धारण गरिदिए बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण तथा यस ऐन बमोजिमको पुर्नस्थापना सम्बन्धी कार्यका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिए बमोजिम उपयोग गरिनेछ ।

(४) सवारी साधनका धनी वा सञ्चालकल बस, रेल, हवाईजहाज समेतका सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि तोकिए बमोजिमको संख्यामा सिट सुरक्षित राख्नु पर्नेछ ।

**५०. वर्गीकरणका आधारमा सेवा, सुविधामा प्राथमिकता दिन सकिने**:
अपाङ्गता भएका व्यक्तिलाई राज्यको तर्फबाट कुनै सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको मात्रा, गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिईने छ ।

## परिच्छेद–११

## अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन

**५१. अधिकारको प्रचलन गराउन निवेदन दिन सक्ने** :

(१) कसैले यस ऐनमा उल्लेख भएका अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सात दिन भित्र सम्बन्धित व्यक्ति वा निकाय बुझी सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेको पाइएमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिनेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगराएको देखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित निकाय वा संस्थामा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउँदा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्य वा संरक्षकलाई आवश्यक सुझाब दिन, सचेत गराउन वा आदेश दिन सक्नेछ ।

(७) उपदफा (३) वा (६) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५२. अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सक्ने:**

(१) दफा ५१ मा जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता भएका व्यक्ति, निजका परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिका दायित्व पूरा गराउन अपाङ्गता भएका व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालत समक्ष सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित व्यक्ति वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा परिवारको कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेको वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा अदालतले त्यस्तो परिवारको सदस्य वा संरक्षकलाई अपाङ्गता भएका व्यक्तिको अधिकार र निज प्रतिको दायित्वको विषयमा आवश्यक जानकारी गराई अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन नगर्न वा निज प्रतिको दायित्व पूरा गर्ने प्रतिवद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा जिल्ला अदालतले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा दफा ५५ बमोजिम सजाय गर्न र निजबाट मनासिव क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ ।

## परिच्छेद–१२

## कसूर सजाय

५३. घृणा, हेला वा तिरस्कार गर्न नहुने:

कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्न, जानी जानी निजको आत्म सम्मानमा चोट पुर्‍याउने कुनै कार्य गर्न वा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्न वा त्यस्तो सामग्री खोस्न

वा बिर्गान हुँदैन ।

**५४. भिक्षा माग्न लगाउन नहुने: कसैले अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउन हुँदैन ।**

**५५. सजाय:**

(१) कसैले दफा ५ को उपदफा (१) विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई एक महिना देखि तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५३ विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई तीनमहिना देखि नौ महिनासम्म कैद वा तीस हजार रुपैयाँदेखी नब्बे हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजायहुनेछ ।

(३) कसैले दफा ५४ विपरित कुनै काम गरेमा भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानून बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

(४) उपदफा २ बमोजिमको कसूर गर्न दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) उपदफा २ र ४ बमोजिमको सजाय पाएको व्यक्तिले पुन: त्यस्तो कार्य गरेमा सो उपदफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुनेछ ।

(६) कुनै व्यक्तिले यस ऐन बमोजिम प्रदत्त अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

(७) माथि उपदफाहरूमा लेखिए देखि बाहेक यस ऐन विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रुपैंयाँसम्म जरिवाना हुनेछ ।

**५६. हदम्याद:**

दफा ५४ बमोजिम सजाय हुने विषयमा सो काम भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गरी सक्नु पर्नेछ ।

५७. नेपाल सरकार वादी हुने: दफा ५५ को उपदफा (१), (२), (३) र (४) अन्तर्गतको सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद- १३

## विविध

**५८. संरक्षण अधिकृत:**

अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि नेपाल सरकारले प्रत्येक जिल्लामा अपाङ्गता संरक्षण अधिकृत नियुक्त गर्न वा सो प्रयोजनका लागि कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

**५९. घुम्ती सेवा सञ्चालन गर्न सक्ने**: अपाङ्गता भएका व्यक्तिलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा तथा परिचयपत्र सहज रुपमा उपलब्ध गराउनका लागि मन्त्रालयले तोकिए बमोजिम घुम्ती सेवा सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

**६०. नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**६१. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार**: यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६२. अनुसूचीमा हेरफेर गर्न सक्ने**: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

**६३ खारेजी र बचाउ**:

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ खारेज गरिएको छ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची

### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**अपाङ्गताको वर्गीकरण**

(क) शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्ति :–

**१. शारीरिक अपाङ्गता**: स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तै: बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठप्रभाव, मांसपेशी विचलन मस्कुलर डिस्ट्रोफि), जोर्नी र मेरूदण्डसम्बन्धी स्थायी समस्या, क्लवफिट पैताला फर्केको, रिकेट्स हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेरबमोजिम हुनुपर्ने औसत उचाईभन्दा ज्यादै कमउचाई भएको व्यक्ति ।

**दृष्टिसम्बन्धी अपाङ्गता**: दृष्टिसम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टिविहीनता: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलोलाइनको अक्षर(३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यूनदृष्टियुक्त: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीन: पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्टयाउन नसक्ने व्यक्ति ।

**३. सुनाइसम्बन्धी अपाङ्गता**: सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउन नसक्ने,

(क) बहिरा: असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवण: सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा पैंसठी देखि असी डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्ति ।

**४. श्रवण दृष्टिविहीन अपाङ्गता**: सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

**५. स्वर र बोलाइ सम्बन्धी अपाङ्गता**: स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।

**६. मानसिक वा मनोसामाजिक अपाङ्गता**: मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फुर्ती स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

**७. बौद्धिक अपाङ्गता**: उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो: डाउन्स सिन्ड्रोम समेत)

**८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता**: अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**९. अटिज्म सम्बन्धी अपाङ्गता**: जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा

आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोर्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति ।

**१०. बहु अपाङ्गता:** एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै: मस्तिष्क पक्षघात आदि)

**(ख) अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण:**

**पूर्ण अशक्त अपाङ्गता:** आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

**अति अशक्त अपाङ्गता:** वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरूको सहयोग लिनुपर्ने अवस्थाको व्यक्ति ।

**मध्यम अपाङ्गता:** भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

**सामान्य अपाङ्गता:** सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति ।

**स्पष्टीकरण:**

१. "शारीरिक अङ्गहरूको बनौट र कार्य" भन्नाले शरीर सञ्चालनसम्बन्धी, दृष्टिसम्बन्धी, स्वर र सुनाइसम्बन्धी, मानसिक, मांसपेशी र स्नायुसम्बन्धी र अन्य प्रणालीका अङ्ग र कार्यलाई जनाउँछ ।

२.. "नियमित दिनचर्याका कार्यहरू र सामाजिक जीवनक्षेत्रमा सहभागिता" भन्नाले व्यक्तिको सिकाइ, दैनिक काम, सञ्चार, चलफिर, स्वयं हेरचाह, घरेलु जीवन अन्तरक्रिया, समाहित शिक्षा, रोजगारी, सामुदायिक एवं नागरिक जीवनका क्षेत्रका कार्यहरू र सहभागितालाई जनाउँछ ।

३. . "विद्यमान सामाजिक एवम् भौतिक वातावरणबाट सिर्जित अवरोध" भन्नाले मनोसामाजिक, प्रविधि, प्राकृतिक तथा मानव निर्मित वातावरण, धारणागत, सेवाप्रणाली र नीतिहरूबाट सिर्जना भएको अवरोधलाई जनाउँछ ।

४.. सहभागिता, सुविधा तथा प्रतिनिधित्व समेतका लागि बौद्धिक अपाङ्गता र पूर्णअशक्तता भएका अपाङ्ग ब्यक्तिहरूका हकमा आमा, बाबु वा प्रत्यक्षरूपमा पालनपोषणमा संलग्न व्यक्तिलाई परिवारका सदस्य वा सरोकारवाला मानिनेछ ।

व्यवस्थापिका–संसदको सम्वत् २०७४ साल साउन २२ गते बसेको बैठकले नेपालको

संविधानको धारा १११ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा ११३ बमोजिम प्रमाणित गर्दछु ।

...................
ओनसरी घर्ती
सभामुख
व्यवस्थापिका–संसद

व्यवस्थापिका–संसदका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

(विद्यादेवी भण्डारी)
मितिः २०७४/०६/२९ राष्ट्रपति

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/६/२

संवत २०७५ सालको ऐन नम्बर २०

**प्रस्तावना**:

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस ऐनको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २ मा संशोधन: अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,

(१) खण्ड (ग) झिकिएको छ ।

(२) खण्ड (ज) पछि देहाएको खण्ड (ज१) थपिएको छः- (ज१) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उदेश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना, संघ, संगठन, संस्था, कम्पनी, फर्म, वा अन्य संस्था सम्झनु पर्छ ।

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः- (ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।"

**३. मूल ऐनको दफा ४ मा संशोधन**: मूल ऐनको दफा ४ को उपदफा (१) मा रहेका "स्थानीय तहको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित वडा कार्यालयको" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कार्यालय समक्ष" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहमा" भन्ने शब्दहरू राखिएका छन् ।

**४. मूल ऐनको दफा ५ मा संशोधन**: मूल ऐनको दफा ५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :- "(३) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भए तापनि यथार्थ विवरण दिंदादिंदै कुनै अधिकारीले अपाङ्गता भएको व्यक्तिलाई बेग्लै वर्गको परिचयपत्र प्रदान गरिएको देखिएमा सो परिचयपत्र दिने

अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि सिफारिस गरिनेछ ।"

**५. मूल ऐनको दफा ६ मा संशोधन**: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

**६. अभिलेख राख्नु पर्नेः**

(१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक बर्ष अद्यावधिक गर्नु पर्नेछ ।

उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मन्त्रालय र प्रदेशको सामाजिक क्षेत्र हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलव्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन ।"

**६. मूल ऐनको दफा ३० मा संशोधन**: मूल ऐनको दफा ३० को उपदफा (२) को, –

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:– "(क१) प्रदेश सरकारबाट प्राप्त रकम,"

(२) खण्ड (ङ) मा रहेका "दफा ५४" भन्ने शव्दको सट्टा "दफा ५५" भन्ने शव्दहरू राखिएका छन् ।

**७. मूल ऐनको दफा ३८ मा संशोधन** : मूल ऐनको दफा ३८ को,– (१) उपदफा (२) को,–

**(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-** "(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय – अध्यक्ष"

**(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-** "(क१) खण्ड (द) बमोजिमका सदस्यहरू मध्येबाट निर्देशन समितिले मनोनय गरेको सदस्य - उपाध्यक्ष''

**(ग) खण्ड (घ), (ज), (ञ) र (ट) को सट्टा देहायको खण्ड (घ), (ज), (ञ) र (ट) राखिएका छन् :-** "(घ) सचिव,महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय – सदस्य

(ज) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – सदस्य

(ञ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य

(ट) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य"

**(घ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-** "(द) अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय स्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूमध्ये फरक– फरक अपाङ्गता बर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दशजना - सदस्य''

**(ङ) खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छः-** "(द१) राष्ट्रियस्तरमा महत्त्वपूर्ण योगदान पुर्याएका अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट दुईजना - सदस्य"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) को खण्ड (थ), (द), (द१) र (ध) बमोजिमका सदस्यहरूको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरू तथा खण्ड (क१) बमोजिम मनोनित उपाध्यक्षको पदावधि दुई बर्षको हुनेछ ।"

**८. मूल ऐनको दफा ४0 मा संशोधनः मूल ऐनको दफा ४0 को,–**

(१) उपदफा (२) मा रहेको "अध्यक्षले" भन्ने शव्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शव्दहरू राखिएका छन् ।

(२) उपदफा (५) मा रहेको "अध्यक्षले" भन्ने शव्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शव्दहरू राखिएका छन् ।

**९. मूल ऐनको दफा ५८ मा संशोधन मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः-**

**"५८. संरक्षण अधिकृतः** स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्ने काम समेतका लागि एकजना कर्मचारीलाई संरक्षण अधिकृत तोक्न सक्नेछ ।"

**१0. मूल ऐनको दफा ५९ मा संशोधनः** मूल ऐनको दफा ५९ मा रहेका "तथा परिचयपत्र" भन्ने शव्दहरू झिकिएका छन् ।

**११. रुपान्तरः** मूल ऐनको ठाउँ– ठाउँमा रहेका "कार्यालय" भन्ने शब्दको सट्टा "स्थानीय तह" भन्ने

## अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यी नियमहरूको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "परिचयपत्र" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई दिइने नियम ५ बमोजिमको अपाङ्गता परिचयपत्र सम्झनु पर्छ ।

ग) "विपन्न" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आयभन्दा कम आय भएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

घ) "सहायक सामाग्री" भन्नाले अपाङ्गता भएका व्यक्तिले दैनिक जीवनमा प्रयोग गर्ने सामाग्री वा उपकरण वा प्रविधि सम्झनु पर्छ ।

ङ) "सामुदायिक सहायता सेवा" भन्नाले समुदाय स्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशीलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, साङ्केतिक भाषा दोभाषे, स्पर्श साङ्केतिक भाषा, नोट टेकर, फिङ्गर ब्रेल दोभाषे जस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा सम्झनु पर्छ ।

### परिच्छेद–२

अपाङ्गताको वर्गीकरण,परिचयपत्र तथा अभिलेख

**३. अपाङ्गताको वर्गीकरण सिफारिस समिति** :

(१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम अपाङ्गताको वर्गीकरणमा आवश्यक हेरफेर गर्नका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :–

क) मन्त्रालयको सचिवले तोकेको महाशाखा प्रमुख - संयोजक

ख) प्रतिनिधि,स्वास्थ्य सेवा विभाग - सदस्य

ग) मन्त्रालयले तोकेको एक जना विशेषज्ञ चिकित्सक - सदस्य

घ) अध्यक्ष,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल - सदस्य

ङ) अध्यक्ष, राष्ट्रिय बहिरा महासंघ नेपाल - सदस्य

च) अध्यक्ष, बौद्धिक अपाङ्ग अभिभावक महासंघ - सदस्य

छ) मन्त्रालयको अपाङ्गता सम्बन्धि विषय हर्ने शाखाको प्रमुख - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाइ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले सम्बध्द अन्तर्राष्ट्रिय मापदण्ड तथा अभ्यास समेतको आधारमा अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्नको लागि मन्त्रालयमा सिफारिस गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

**४. निवेदन दिनु पर्ने:**

(१) ऐनको दफा ४ बमोजिम परिचयपत्र प्राप्त गर्न अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले अनुसूची-१ बमोजिमको ढाँचामा आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी ठेगाना रहेको स्थानीय तहमा बसोबास नगर्ने र शारीरिक वा मानसिक अवस्थाको कारणले आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहमा गई परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिले अस्थायी रुपमा बसोबास गर्दै आएको स्थानीय तहमा निवेदन दिन सक्नेछ ।

**५. परिचयपत्र प्रदान गर्ने:**

(१) नियम ४ को उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर स्थानीय तहले ऐनको दफा ४ बमोजिम जाँचबुझ गरी अनुसुची – २ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(२) नियम ४ को उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा उल्लिखित कारण परी स्थायी ठेगाना भएको स्थानीय तहमा निवेदन दिन नसक्ने मनासिव कारण भएको पाइएमा त्यस्तो स्थानीय तहले निवेदकको स्थायी ठेगाना रहेको स्थानीय तहसँग निजले परिचयपत्र लिए वा नलिएको सम्बन्धमा जानकारी माग गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जानकारी माग गर्दा निवेदकले स्थायी ठेगाना रहेको स्थानीय तहबाट परिचयपत्र नलिएको व्यहोरा यकिन हुन आएमा निवेदक अस्थायी

रुपमा बमोबास गर्दै आएको स्थानीय तहले निजको स्थायी ठेगाना खुलाई निजलाई परिचयपत्र प्रदान गरी सोको जानकारी निवेदकको स्थायी ठेगाना भएको स्थानीय तहलाई गराउनु पर्नेछ ।

(४) यस नियम बमोजिम स्थानीय तहले परिचयपत्र दिंदा देहाय बमोजिमको अपाङ्गताको आधारमा देहाय बमोजिमको रङ्गको परिचयपत्र दिनु पर्नेछः–

क) पूर्ण अशक्त अपाङ्गताको लागि रातो,

ख) अति अशक्त अपाङ्गताको लागि निलो,

ग) मध्यम अपाङ्गताको लागि पहेंलो,

घ) सामान्य अपाङ्गताको लागि सेतो

**६. उजुरी दिन सक्ने** :

(१) ऐनको दफा ४ को उपदफा (७) बमोजिम सम्बन्धित स्थानीय तहले परिचयपत्र दिन नमिल्ने भनी गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले अनुसूची–३ बमोजिमको ढाँचामा सोझै वा सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी स्थानीय तहले तीन दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त उजुरी उपर मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले आवश्यक छानविन गरी तीस दिनभित्र निर्णय गरी सोको जानकारी सम्बन्धित स्थानीय तह र उजुरीकर्तालाई दिनु पर्नेछ ।

**७. अपाङ्गता भएका व्यक्तिको अभिलेख** :

(१) ऐनको दफा ६ बमोजिम स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्दा अनुसूची–४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरेको अभिलेख सहितको विवरण स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त अभिलेख सहितको विवरणको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण विवरण खुल्ने गरी एकिकृत राष्ट्रिय अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम तयार गरेको राष्ट्रिय अभिलेखको संकलन, संरक्षण, विश्लेषण तथा प्रशोधनको लागि मन्त्रालयले पहुँचयुक्त विधुतीय प्रणालीको विकास गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रणालीको विकास गर्दा सम्बन्धित मन्त्रालयले र स्थानीय तहले समेत अनलाईनको माध्यमबाट अपाङ्गता सम्बन्धी विवरण अध्यावधीक गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम तयार गरेको एकिकृत राष्ट्रिय अभिलेखको विवरण मन्त्रालयले आफ्नो वेबसाइटमा राख्नुका साथै अन्य विधुतीय माध्यमबाट समेत सार्वजनिक गर्नु पर्नेछ । तर प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने व्यक्तिको गोपनियतासँग सम्बन्धित विवरण सार्वजनिक गर्न मन्त्रालय बाध्य हुने छैन ।

(७) नेपाल सरकारको केन्द्रिय निकायले राष्ट्रिय जनगणना गर्दा यस नियमावली बमोजिम राखिएको एकिकृत राष्ट्रिय अभिलेख समेतलाई आधार लिन सक्नेछ ।

## परिच्छेद–३

सेवा तथा सुविधा सम्बन्धी

**८. सहायक सामाग्री उपलब्ध गराउने** :

(१) नेपाल सरकारले अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने अनुसूची–५ बमोजिमका सहायक सामाग्री उपयुक्त प्राविधिक नापजाँच गरी नि:शुल्क रुपमा उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमका सामग्री अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तहबाट सहज र सरल तरिकाले उपलब्ध गराउन नेपाल सरकारले आवश्यवक व्यवस्था मिलाउनेछ ।

**९. सामुदायिक सहायता सेवा** :

(१) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको आवश्यकता अनुसार देहाय बमोजिमका सामुदायिक सहायता सेवा उपलब्धताको आधारमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ;–

(क) व्यक्तिगत सहयोगी सेवा: पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत आवश्यकता अनुसारका सहयोगी सेवा,

ख) दैनिक हेरचाह तथा स्याहार सेवा: पूर्ण अशक्त अपाङ्गता, श्रवण दृष्टिविहिन अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिज्म वा मनोसामाजिक अपाङ्गता भएका दैनिक रुपमा निरन्तर हेरचाह तथा सहयोग आवश्यक पर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिका लागि परिवारको कुनै सदस्य वा संरक्षक नभएको अवस्थामा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध हुने हेरचाह तथा स्याहारको सेवा र स्थानीय तहमा पुनर्स्थापना कार्यक्रम मार्फत उपलब्ध हुने आवश्यक आधारभूत थेरापी, पुनर्स्थापना, दैनिक जीवनयापन सीप, सामाजिकीकरण सीप लगायतका सेवा,

ग) क्लिनिकल परामर्श तथा रेफरल सेवा: स्थानीय स्वास्थ्य संस्था मार्फत अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध हुने आवश्यक क्लिनिकल परामर्श सेवा तथा स्वास्थ्य उपचारसँग सम्बन्धित रेफर सेवा,

घ) सामान्य परामर्श तथा दौतरी परामर्श सेवाः नेपाल सरकार वा स्थानीय तह मार्फत स्थानीय स्तरमा संचालित पुनर्स्थापना केन्द्र वा विभिन्न व्यक्ति वा अपाङ्गता सम्बन्धी गैर सरकारी संस्थाबाट संचालित पुनर्स्थापना केन्द्रहरू मार्फत उपलब्ध गराइने सामान्य परार्मश सेवा, दौतरी परामर्श सेवा, अभिभावक परामर्श जस्ता सेवा ।

२) उपनियम (१) बमोजिमको सेवा प्रदान गर्नका लागि आवश्यक बजेट नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

**१०. व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति :-** नियम ९ को उपनियम (१) को खण्ड (क) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउन स्थानीय तहको प्रत्येक वडामा देहाय बमोजिमको व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति रहेनेछः

क) स्थानीय तहको सम्बन्धित वडाको वडाध्यक्ष – संयोजक

ख) अपाङ्गता भएका व्यक्तिद्वारा संचालित संस्थाका प्रतिनिधि वा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्य वा संरक्षक मध्येबाट संयोजकले तोकेको एक जना – सदस्य

ग) संयोजकले तोकेको स्थानीय स्वास्थ्य संस्थाको एक जना प्रतिनिधि – सदस्य

घ) सम्बन्धित वडाको वडा सचिव – सदस्य–सचिव

**११. आर्थिक सहयोग तथा तालिम सम्बन्धी**:

(१) नेपाल सरकारले ऐनको दफा १६ को उपदफा (१) बमोजिम पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्ति भएको लागि प्रचलित कानूनमा उल्लेखित सामाजिक सुरक्षाको अतिरिक्त नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम आर्थिक सहयोग वा सामाजिक सुरक्षा बापत उपलब्ध गराउने छ ।

(२) संघ, प्रदेश र स्थानीय तहबाट अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहमा संलग्न परिवारका सदस्य वा संरक्षकलाई हेरचाह सम्बन्धी तालिम र बहिरा व्यक्तिका परिवारका सदस्यलाई साङ्केतिक भाषा तालिम निःशुल्क उपलब्ध गराइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा तथा तालिम सम्बन्धित स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२) सुहलियत र सुविधा**:

(१) सार्वजनिक यातायातले पूर्ण अशक्त, अति अशक्त र मध्यम अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्रका आधारमा बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक साधनबाट यात्रा गर्दा लाग्ने भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

(२) देहाय बमोजिमका सीट क्षमता भएका सार्वजनिक सवारी साधनले देहायबमोजिमका सीट अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित राख्नु पर्नेछः

क) दश वा सोभन्दा कम सीट क्षमता भएका सवारी साधनले एक सीट

ख) एघार देखि पन्ध्र सीट क्षमता भएका सवारी साधनले दुइ सीट

ग) सोह्र देखि तीस सीट क्षमता भएका सवारी साधनले तीन सीट

घ) तीस भन्दा बढी सीट क्षमता भएका सवारी साधनले चार सीट

ङ) रेल लगायतका ठूला सवारी साधनले कूल सीट संख्याको कम्तीमा पाँच प्रतिशत सीट

**१३) अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रवृत्तिको व्यवस्था**:

(१) नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्मको शिक्षा हासिल गर्न छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको छात्रवृत्ति प्राप्त गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीले सम्बन्धित शैक्षिक संस्थामा भर्ना गरेको प्रमाण, सम्बन्धित स्थानीय तहको सिफारिस, परिचयपत्रको प्रतिलिपि तथा नाता प्रमाणित र विपन्नताको सिफारिस लगायतको कागजात पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४

अपाङ्गता भएका महिला तथा बालबालिकाको विशेष संरक्षण

**१४. अपाङ्गता भएका महिलाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने**:

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले अपाङ्गता भएका महिलाको अधिकार संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोग गर्ने उपयुक्त वातावरण निर्माण गर्न देहाय वमोजिमको व्यवस्था गर्नु पर्नेछ;

क) अपाङ्गता भएका महिलामा रहेको ज्ञान, सीप र क्षमताको पहिचानको लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने,

ख) खण्ड (क) बमोजिम भएको अध्ययन अनुसन्धानको आधारमा अपाङ्गता भएका महिलाको ज्ञान, सीप र क्षमताका आधारमा उपयुक्त पेशा वा व्यवसायको लागि रोजगारमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने

ग) अपाङ्गता भएका महिलाले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुको बिक्रि तथा बजारिकरणको लागि आवश्यक व्यवस्था मिलाउने,

घ) अपाङ्गता भएका महिलाको लागि उपयुक्त ठानिएका आय आर्जनका अन्य

कार्यक्रम सञ्चालन गर्ने, गराउने

(२) उपनियम (१) बमोजिमको व्यवस्था गरेको लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

**१५. अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण:** ऐनको दफा २० बमोजिम पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका बालबालिकाको लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी देहाय बमोजिमका विषेश संरक्षणको व्यवस्था गर्नु पर्नेछ;–

क) निजहरूको हेरचाह तथा स्याहारको लागि परिवारका सदस्य वा संरक्षकलाई आवश्यक तालिम तथा आय आर्जन सम्बन्धी व्यवसाय गर्न सहयोग गर्ने,

ख) निजहरूको रोगको शिघ्र पहिचान, उपचार, औषधी र परामर्श सेवा स्थानीय स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाउने,

ग) स्थानीय तहमा अपाङ्गता भएका बालबालिकाको खेलकूद र मनोरञ्जनको लागि विशेष व्यवस्था गर्ने गरी आवश्यक व्यवस्था मिलाउने,

घ) स्थानीय स्वास्थ्य केन्द्र र अस्पतालमा प्रारम्भिक अपाङ्गता पहिचान, परामर्श तथा आधारभूत स्वास्थ्य सम्बन्धी पुनर्स्थापनाको लागि आवश्यक क्षमता विकास र मानव स्रोतको व्यवस्थापन गर्ने,

ङ) अपाङ्गता भएका बालबालिकाको आँखा, नाक, कान, घाँटी, अडियोग्राम जाँच लगायतको सेवा स्थानीय स्वास्थ्य संस्थाबाट प्राप्त गर्ने,

च) बालबालिकाको उमेर अनुसार बौद्धिक र शारीरिक विकास नभएमा वा उमेर अनुसारका लक्षणहरू नदेखिएमा परिवारका सदस्य वा सामाजिक कार्यकर्ताहरूले यस्तो सूचना वडा कार्यालयमा दिन सक्ने गरी आवश्यक व्यवस्था गर्ने,

छ) स्थानीय तह मार्फत अपाङ्गता पहिचान भएका बालबालिकाको लागि आवधिक रुपमा अपाङ्गताको अवस्थाको मूल्याङ्कन, सेवा सुविधा पुनरावलोकन तथा आवश्यक थेरापी लगायत अन्य सेवाहरूको व्यवस्था गर्ने ।

## परिच्छेद ५

अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने शिक्षा

**१६. निःशुल्क शिक्षा उपलब्ध गराउने:**

पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई देहाय बमोजिमका व्यवसायिक तथा प्राविधिक शिक्षा निःशुल्क उपलब्ध गराइनेछ;

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदबाट प्रदान गरिने शिक्षा,

ख) नेपाल सरकारले समय समयमा तोकेका अन्य व्यवसायिक तथा प्राविधिक शिक्षा ।

**१७. आवसीय सुविधा सहितको शिक्षा उपलब्ध गराउने**:

(१) नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपाङ्गताको कारणले आफै विद्यालय जान आउन कठिन हुने र विपन्न तथा असहाय अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सुविधा सहितको शिक्षाको व्यवस्था गर्नेछ ।

(२) नेपाल सरकारले बहिरा, दृष्टिविहिन, बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सहितको समावेशी शिक्षा र विशेष कक्षाको व्यवस्था गर्नेछ ।

**१८. शिक्षामा सूचना प्रविधिको प्रयोग**:

(१) नेपाल सरकारले सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन गरी दृष्टिविहिन, बहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपनियम (१) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा पहुँच सहज बनाउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक विशेष सफ्टवेयर सहितको कम्प्युटर वा उपकरण उपलब्ध गराउने वा अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो, साङ्केतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री उपलब्ध गराउनेछ ।

**१९. छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने**: निः शुल्क नगरिएको शिक्षामा भर्ना भइ अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीको लागि प्रत्येक वर्ष निर्धारण गरे बमोजिमका संख्याका विद्यार्थीलाई शैक्षिक शुल्क, आवास स्टेशनरी तथा अन्य खर्चको लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको रकम शैक्षिक छात्रवृत्ति बापत उपलब्ध गराउनेछ ।

**२०. विद्यालयलाई सहयोग उपलब्ध गराउने**:

(१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षा कार्यक्रम सञ्चालन गरेका सामुदायिक विद्यालयको पुर्वाधारलाई निजहरूको पहुँचयुक्त बनाउनका लागि त्यस्तो विद्यालयको आवश्यकता तथा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा पहुँचयुक्त छात्रवासको सुविधा सहितको आर्थिक, प्रावधिक सहयोग तथा आवश्यक सामग्री उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको विद्यालयको भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाको विकासको लागि सम्बन्धित स्थानीय तहले तीस प्रतिशत लगानी गर्ने प्रतिबध्दता गरेमा बाँकी लगानीको लागि कार्यक्रमको आधारमा सम्बन्धित विद्यालयलाई नेपाल सरकारले आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**२१. विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने**:

(१) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्द्धनको लागि त्यस्ता विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा प्रवर्धनको लागि आवश्यकता र उपलब्धता अनुसार स्टेशनरी, पाठ्यपुस्तक, दिवा खाजा, पोशाक, सहयोगी शिक्षक र सम्बन्धित अपाङ्गता विज्ञ शिक्षक उपलब्ध गराउनेछ ।

(२) अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षकका लागि नेपाल सरकारले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अपाङ्गताको पहिचान, सिफारिस, सामान्य थेरापी, व्यक्तिगत पाठ्ययोजना, व्यक्तिगत हेरचाह, क्षमता विकास, साङ्केतिक भाषा लगायतका तालिम कार्यक्रम सञ्चालन गर्नेछ ।

(३) नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको विद्यालय तथा सिकाइमा पहुँच सुनिश्चित गर्न त्यस्ता शिक्षा प्रदान गर्ने विद्यालयलाई देहाय बमोजिमका शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनेछ:

(क) अपाङ्गता भएका विद्यार्थीलाई अध्ययनमा सहजता हुने आवश्यकतामा आधारित पाठ्यपुस्तक तथा पाठ्यसामग्री,

(ख) सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्यापनको लागि आवश्यक पर्ने डेजि, ब्रेल डिस्प्लेअर, ब्रेल प्रिन्टर, कम्प्युटर सफ्टवेयर, मोवाईल एप्लिकेशन, सरल भाषामा बुझाउने शैक्षिक सामग्री, चित्रात्मक सामाग्री, श्रव्य दृष्य सामग्री लगायतका सूचना प्रविधि,

(ग) पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्री,

(घ) अपाङ्गता भएका विद्यार्थीको लागि आवश्यक पर्ने खेलकूदका सामग्री ।

## परिच्छेद–६

सीप विकास तथा रोजगारी

**२२. ऋण उपलब्ध गराउने**:

(१) नेपाल सरकारले पेशा वा व्यवसाय गर्न चाहने पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, क्षमता तथा पेशा व्यवसायका लागि निज वा निजको परिवारको सदस्य वा संरक्षकले तयार गरेको प्रस्तावको आधारमा बैक तथा वित्तिय संस्थाबाट नेपाल सरकारको जमानतमा वा बिना धितो सुहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

**२३. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने**: कुनै प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलब्ध भएसम्म देहाय बमोजिमका प्राथमिकताका आधारमा अपाङ्गता भएका व्यक्तिलाई नियुक्ति गर्नु पर्नेछ :

क) अपाङ्गता र कामको प्रकृतिको आधारमा बढी उपयुक्त देखिएको,
ख) अपाङ्गता भएको व्यक्ति विपन्न परिवारको भएको,
ग) प्रचलित कानून बमोजिम पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरेको,
घ) अपाङ्गताको गाम्भीर्यताको आधारमा नेपाल सरकारले तोकेको ।

**२४. अभिलेख राख्नु पर्नेः** प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा कार्यरत अपाङ्गता भएका व्यक्तिको ऐनको दफा २६ को उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त देहाय बमोजिमको विवरण समेत खुलाई अभिलेख राख्नु पर्नेछ :-

(क) अपाङ्गता भएका व्यक्तिको नाम, थर, ठेगाना र पद,
(ख) सेवाको प्रकार (स्थायी/ अस्थायी/ करार/ ज्यालादारी),
(ग) अपाङ्गताको वर्गीकरणको आधारमा प्रदान गरिएको परिचयपत्रको किसिम, (पूर्ण अशक्त अपाङ्गता/अति अशक्त अपाङ्गता/ मध्यम अपाङ्गता/ सामान्य अपाङ्गता),
(घ) प्रतिष्ठानमा भर्ना भएको मिति,
(ङ) प्रतिष्ठानमा दिइएको जिम्मेवारी,
(च) प्रतिष्ठानबाट निजलाई उपलब्ध गराइएको सेवा सुविधा,
(छ) प्रतिष्ठानले आवश्यक देखेको अन्य विवरण ।

## परिच्छेद–७

स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

**२५. निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेः**

(१) नेपाल सरकारले समय समयमा तोकेको भन्दा कम बार्षिक आय भएका र देहायबमोजिमका गम्भीर प्रकृतिका रोगको उपचारको लागि अस्पतालमा भर्ना भएका पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउदा लाग्ने सम्पर्ण खर्च नेपाल सरकारले व्यवहोर्नेछ:

क) मुटु रोग,
ख) मृगौला रोग,
ग) क्यान्सर,
घ) नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य रोग ।

(२) नेपाल सरकारले स्वीकृति प्राप्त चिकित्सकको सिफारिसमा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर लगायतका औषधि निःशुल्क रुपमा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराइनेछ ।

(३) नेपाल सरकारले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि सबै सरकारी अस्पतालमा निःशुल्क मनोसामाजिक परार्मश सेवा उपलब्ध गराउने व्यवस्था

मिलाउनेछ ।

(४) उपनियम (१) र (२) बमोजिमका रोगको उपचार सेवा तथा औषधी उपलब्ध गराउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गरी प्रदेशस्तरका सरकारी अस्पताल तथा स्थानीय स्वास्थ्यहरूको क्षमता विस्तार गर्नेछ ।

**२६. पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन:**

(१) ऐनको दफा २९ को उपदफा (३) बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न चाहने संस्थाले स्वीकृतिको लागि देहायका विवरण खोलाइ सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची–६ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः

क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) पुनर्स्थापना केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,

ग) पुनर्स्थापना केन्द्रले उपलब्ध गराउने सेवा, सुविधा र प्राविधिक क्षमताको विवरण

घ) पुनर्स्थापना केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण

ङ) पुनर्स्थापना केन्द्र सञ्चालनको लागि आवश्यक आर्थिक श्रोतको विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा नियम २७ बमोजिमको मापदण्ड पुरा भएको देखिएमा स्थानीय तहले त्यस्तो संस्थालाई पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुसूची–७ बमोजिमको ढाँचमा स्वीकृति दिनेछ ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भइ सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ ।

**२७. पुनर्स्थापना केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड**: ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न देहाय बोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछः–

(क) अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापनाको लागि न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक आधारभूत स्वास्थ्य सेवा तथा औषधी उपचारको सेवा उपलब्ध गराउन सक्ने क्षमता भएको,

(ग) अपाङ्गता भएका व्यक्तिलाई खेल तथा मनोरञ्जनको लागि आवश्यक खुला स्थान भएको,

(घ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार शिक्षा तथा सीपमुलक तालीम

प्रदान गर्न वा सोको प्रबन्ध गर्न सक्ने क्षमता भएको,

(ङ) न्यूनतम दश जना अपाङ्गता भएका ब्यक्ति बराबर तीन जना तालीम प्राप्त सहयोगीको प्रबन्ध भएको,

(च) मन्त्रालयले समय समयमा तोकेका पूर्वाधार तथा अन्य सुविधा सम्बन्धी मापदण्ड पूरा भएको ।

**२८. पुनर्स्थापना केन्द्रको व्यवस्थापन:**

(१) नियम २६ बमोजिम स्वीकृति लिइ स्थापना तथा सञ्चालन हुने प्रत्येक पुनर्स्थापना केन्द्रको व्यवस्थापनको लागि देहायबमोजिमको व्यवस्थापन समिति रहनेछ ।

(क) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष –अध्यक्ष वा नगर कार्यपालिकाको अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको सामाजिक विकास हेर्ने कर्मचारी –सदस्य

(ग) अपाङ्गता भएका ब्यक्ति, परिवारका सदस्य वा संरक्षकहरूमध्येबाट –सदस्य अध्यक्षले तोकेको एक जना

(घ) अपाङ्गता भएका स्थानीय समाजसेवी मध्येबाट अध्यक्षले तोकेको एक जना – सदस्य महिला सहित दुई जना

(ङ) पुनर्स्थापना केन्द्रको प्रमुख –सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले ऐन, यस नियमावली तथा प्रचलित कानुनको अधिनमा रही पुनर्स्थापना केन्द्रको सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सोको आधारमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्नुपर्ने छ ।

(३) उपनियम (१) बमोजिमको समितिले पुनर्स्थापना केन्द्रमा रहेका प्रत्येक अपाङ्गता भएका व्यक्तिको छुट्टाछुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ ।

**२९. पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन:**

(१) समन्वय समितिले ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएका पदाधिकारी वा कर्मचारीले निरीक्षण तथा अनुगमन गरी समन्वय समितिमा सात दिनभित्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदन समन्वय समितिले आफु समक्ष पेश भएको मितिले सात दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा प्रदेश सरकारले आवश्यकता अनुसार यस नियमावली बमोजिम सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन् ।

(५) उपनियम (१) र (४) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा त्यस्ता पुनर्स्थापना

केन्द्रले ऐन तथा यस नियमावली बमोजिम तोकिएको मापदण्ड पूरा नगरेको वा मन्त्रालयबाट जारी भएको निर्देशिका विपरीत काम कारबाही गरेको पाइएमा निश्चित समयावधिभित्र तोकिएको मापदण्ड पूरा गर्न वा स्वीकृत निर्देशिका बमोजिम पुनर्स्थापना केन्द्र सञ्चालन गर्न आवश्यक निर्देशन दिन सकिनेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निर्देशन बमोजिमको समयावधीभित्र कार्य सम्पन्न गरी सोको जानकारी निर्देशन दिने निकायलाई दिनु पर्नेछ ।

(७) यस नियम बमोजिम निरीक्षण तथा अनुगमन गर्दा पुनर्स्थापना केन्द्र ऐन तथा यस नियमावली विपरित स्थापना र सञ्चालन भएको वा नियम २७ बमोजिमको मापदण्द पूरा नगरेको वा उपनियम (५) बमोजिम दिएको निर्देशनको पालना नगरेको देखिएमा स्थानीय तहले त्यस्तो पुनर्स्थापना केन्द्रको सञ्चालनमा रोक लगाउन वा त्यस्तो केन्द्रको स्वीकृति निश्चित अवधिका लागि निलम्बन वा रद्द गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम पुनर्स्थापना केन्द्रको स्वीकृति निलम्बन वा रद्द गर्नु अघि त्यस्तो पुनर्स्थापना केन्द्रलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**३०. अनुदान उपलब्ध गराउन सक्ने**:

(१) पुनर्स्थापना केन्द्रको भौतिक पूर्वाधार, सेवा सुविधा र पुनर्स्थापना भएका व्यक्तिको संख्याको आधारमा ऐन तथा यस नियमावली बमोजिम स्वीकृति प्राप्त पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम अनुदान बापत उपलब्ध गराउन सक्नेछ ।

(२) सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहबाट स्वीकृति प्राप्त पुनर्स्थापना केन्द्रलाई सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले समय समयमा तोके बमोजिमको रकम अनुदान बापत उपलब्ध गराउन सक्नेछ ।

**३१. पुनर्स्थापना केन्द्र बन्द गर्ने**:

(१) ऐन तथा यस नियमावली बमोजिम स्वीकृति लिइ सञ्चालनमा रहेको पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सम्भव नभएमा त्यस्तो केन्द्रको प्रमुखले बन्द गर्नुपर्ने कारण सहित पुनर्स्थापना केन्द्रमा अपाङ्गता भएका व्यक्तिको विवरण समेत संलग्न गरी सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो पुनर्स्थापना केन्द्र बन्द गर्नुपर्ने मनासिव आधार र कारण रही बन्द गर्न उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तहले त्यस्तो पुनर्स्थापना केन्द्रमा रहेका व्यक्तिको लागि अन्य वैकल्पिक व्यवस्था गरी बन्द गर्न स्वीकृति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम पुनर्स्थापना केन्द्र बन्द गर्न स्वीकृति प्राप्त भएमा त्यस्तो पुनर्स्थापना केन्द्रले सो केन्द्रमा रहेका व्यक्तिको वैकल्पिक व्यवस्था गरिसकेपछि मात्र बन्द गर्ने अन्य प्रकृया पुरा गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पुनर्स्थापना केन्द्र बन्द गरेको जानकारी तीन दिन भित्र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त हुन आएको जानकारी सम्बन्धित स्थानीय तहले सात दिन भित्र सम्बन्धित प्रदेश सरकार र मन्त्रालयमा दिनुपर्नेछ ।

(६) सम्बन्धित स्थानीय तहले उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर स्थानीय तहले जाँचबुझ गर्दा बन्द गर्न माग गरेको पुनर्स्थापना केन्द्र आफैले वा आफ्नो समेतको संलग्नता र लगानीमा सञ्चालन गर्न आवश्यक देखेमा स्थानीय तह आफैले वा आफू समेतको संलग्नता र लगानीमा त्यस्तो केन्द्र सञ्चालन गर्ने वा कुनै प्रतिष्ठान वा अपाङ्गता क्षेत्रमा क्रियाशिल अन्य संघ, संस्थालाई सञ्चालन गर्न हस्तान्तरण गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

**३२. आचार संहिता**: पुनर्स्थापना केन्द्रले केन्द्रका पदाधिकारी तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता केन्द्रको व्यवस्थापन समितिबाट स्वीकृत गराइ लागू गर्नु पर्नेछ ।

**३३. पुनर्स्थापना कोषको सञ्चालन**:

(१) ऐनको दफा ३० बमोजिमको पुनर्स्थापना केन्द्र कोषको रकम मन्त्रालयले तोकेको बैक तथा वित्तिय संस्था सम्बन्धी प्रचलित कानुन बमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोलि जम्मा गर्नु पर्नेछ ।

(२) पुनर्स्थापना कोषको खाता मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत मन्त्रालयको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) पुनर्स्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पुनर्स्थापना केन्द्रको सञ्चालनको लागि मात्र खर्च गर्नुपर्नेछ ।

**३४. सामाजिक सुरक्षा**:

(१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बन पूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिम मासिक जिवनयापन भत्ता रकम उपलब्ध गराइने छ ।

(३) उपनियम (२) मा जेसुकै लेखिएको भएता पनि विपन्न परिवारका पूर्ण र अति अशक्त अपाङ्गता भएका बेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको बेरोजगार भत्ता समेत उपलब्ध गराइने छ ।

(४) नेपाल सरकारले पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको एकजना सहयोगीलाई

त्यस्तो अपाङ्गता भएका व्यक्तिले उपनियम (२) बमोजिम पाउने भत्ता रकमको आधा रकम बराबरको रकम मासिक रुपमा सहयोगी भत्ता बापत उपलब्ध गराउने छ ।

(५) उपनियम (२) र (३) बमोजिमको भत्ता रकम तोक्दा अन्य प्रचलित कानुन बमोजिम अपाङ्गता भएका व्यक्तिलाई सोही प्रयोजनका लागि उपलब्ध हुने भत्ता वा सुविधामा दोहोरो नपर्ने गरी तोक्न सकिनेछ ।

(६) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिले आफ्नो निजी शौचालय अपाङ्गतामैत्री बनाउन चाहेमा नेपाल सरकारले तोके बमोजिमको रकम अनुदान बापत उपलबन्ध गराउने छ ।

**३५. सांस्कृतिक अधिकार तथा मनोरञ्जन**: अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न ऐनको दफा ३३ बमोजिमको व्यवस्थाको अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहले देहायको व्यवस्था गर्नेछः–

क) अपाङ्गता भएका व्यक्तिको सहभागितामा सांस्कृतिक प्रतियोगिता आयोजना गर्न,

ख) अपाङ्गता भएका व्यक्तिको मनोरञ्जनको लागि स्थानीय स्तरमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

ग) सामुदायिक भवन, पार्क, मठ मन्दिर, बगैँचा लगायतका साँस्कृतिक र मनोरञ्जनका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउने ।

**३६. खेलकुदमा सहभागी गराउने**:

(१) ऐनको दफा ३४ मा उल्लेखित कार्यक्रमको अतिरिक्त अपाङ्गता भएका व्यक्तिको लागि खेलकूदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले विशेष तथा पारा खेलकुदका क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा संघ, संस्थाको सहभागितामा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार विकास कार्यक्रम

(ख) खेलकुद लागि क्षमता विकासका कार्यक्रम

(ग) खेलकुद प्रतियोगिता सञ्चालन ।

(२) उपनियम (१) बमोजिम खेलकुद कार्यक्रम सञ्चालन गर्दा दोभाषे र स्वास्थ्य उपचार जस्ता अपाङ्गताको प्रकृति अनुसार पर्ने अन्य सेवा समेत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–८

विविध

**३७.** उपायको अवलम्बन गर्नेः नेपाल सरकारले ऐनको दफा ४५ को उपदफा (४) बमोजिम अपाङ्गता भएका व्यक्तिले बिना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित

र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि देहायका उपायको अवलम्बन गर्नेछ :-

क) अपाङ्गता भएका व्यक्तिका अधिकार र सेवा सुविधा सम्बन्धी कानुनी व्यवस्थाको विषयमा जनचेतना तथा कानुनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

ख) अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तिकरण तथा क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गर्न, गराउने,

ग) सरकारी वा सार्वजनिक सेवा प्रदान गर्ने निकाय तथा संस्थाको भौतिक संचरनाको निर्माणलाई अपाङ्गतामैत्री र पहुँचयुक्त बनाउन त्यस्ता निकाय तथा संस्थालाई निर्देशिन दिने र सोको कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

घ) स्थानीय तहमा हुने विपत्त व्यवस्थापन सम्बन्धी गतिविधिमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र यसका लागि पुर्व तयारी, खोज तथा उद्धार, राहत र विपद पश्चातका अवस्थामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्न आवश्यक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

ङ) विपद पर्व तयारीका चरणमा गरिने सामग्रीको भण्डाणमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समेत मध्यनजर राखी त्यस्ता सामग्रीको छुट्टै सूची बनाइ भण्डारण गर्ने व्यवस्था मिलाउने ।

**३८. सामाजिक उत्तरदायित्व**ः

(१) ऐनको दफा ४९ को उपदफा (१) प्रयोजनको लागि प्रतिष्ठान तथा शैक्षिक संस्थाले आफ्नो आयबाट नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिप्रतिको सामाजिक उत्तरदायित्व अन्गर्गत छुट्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकमको उपयोग अपाङ्गता भएको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरूको सम्बर्धन, प्रवर्धन, पुनस्थापना र सशक्तिकरणको काम समेतको लागि गरिनेछ ।

**३९. घुम्ती सेवा सञ्चालन** :

(१) मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहसँग समन्वय गरी ऐनको दफा ५९ बमोजिम अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधा सहज रुपमा उपलब्ध गराउन आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने घुम्ती सेवाको अवधि तथा उपलब्ध हुने सेवाका सम्बन्धमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहले त्यस्तो सेवा सञ्चालन हुने कम्तीमा पन्ध्र दिन अघि विभिन्न सञ्चार माध्यमबाट सूचना प्रवाह गर्नुपर्नेछ ।

**४०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस निमावलीको अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

**४१. खारेजी र बचाउः**

(१) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ खारेज गरीएको छ ।

(२) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची १**
**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

## अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

ढाँचा

श्री प्रमुख/अध्यक्ष ज्यू,

मिति :.........................

............नगरपालिका/ गाउँपालिका

**विषय : अपाङ्गताको परिचयपत्र पाउँ ।**

महोदय,

निम्न लिखित विवरण सहित अपाङ्गताको परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर: .................... ..................

२. उमेर: ................. वर्ष:

३. लिङ्गः पुरुष/ महिला/अन्य

४. जन्म मितिः साल...........महिना ........... गते ...........

५. ठेगानाः

(क) स्थायी ठेगानाः प्रदेश ........... जिल्ला ........... गाउँपालिका/ नगरपालिका वडा नं ........... टोल ........... ।

(ख) अस्थायी ठेगानाः प्रदेश ...........जिल्ला ........... गाउँपालिका/ नगरपालिका वडा नं ........... टोल........... ।

(ग) सम्पर्क नः ................................

६. परिवारको सदस्य वा संरक्षकको नाम, थर ................................निवेदकको नाताः.....................

७. परिवारको सदस्य वा संरक्षकको टेलिफोन वा मोबाइल नः ............................

८. अपाङ्गताको प्रकार: ...............

९. शरीरको अङ्ग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण:

................................ ....................................

....................... ............................................

१०. क्षति भएपछि दैनिक कृयाकलापमा आएको अवरोध वा सीमितताको विवरण

..............................................................................................................................

११. अपाङ्गताको कारण: रोगको दीर्घ असर/दुर्घटना/ जन्मजात / सशस्त्र द्वन्द्व / वंशानुगत कारण/ अन्य

१२. सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भए वा नभएको:

१३. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हो सो को विवरण: .......................................................................................

१४. सहायक सामग्री प्रयोग गर्ने गरेको वा नगरेको:

१५. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ......................... ...........

१६. अन्य व्यक्तिको सहयोग बिना गर्न सक्ने दैनिक कार्य:

क) ......................... ख)............................ ग) ..............................

घ) .......................... ङ) ........................ च) ...........................

१७. अन्य व्यक्तिको सहयोग लिनु पर्ने भए त्यस्तो सहयोग लिनु पर्ने काम:

क) .............. ख) ............... ग) ..................
घ).................. ङ) ................. च) ..................

१८. पछिल्लो शैक्षिक योग्यता: निरक्षर/साक्षर/प्राथमिक तह / निम्न माध्यमिक तह/ तह/ विद्यावारिधी तह

१९. कुनै तालिम प्राप्त गरेको भए मुख्य तालिम नाम:

............................................................................................................................

२०. हालको पेशा: अध्ययन/ कृषि व्यावसाय/ स्वरोजगार/सरकारी सेवा/ निजी क्षेत्रमा सेवा/ केही नगरेको/ अन्य

निवेदक/परिवारको सदस्य वा संरक्षकको:

नाम,थर: .............................

दस्तखतः......................

मितिः ......................

## अनुसूची २

### (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

### अपाङ्गता भएका व्यक्तिको परिचयत्रको ढाँचा

.................................. गाउँपालिका/नगरपालिका

परिचयपत्र नम्बरः –

अपाङ्गताको परिचय–पत्र

नाम,थरः– .........................................

स्थायी ठेगानाः प्रदेश .................जिल्ला.............................

नगरपालिका/गाउँपालिका..................................वडा नं: ........................

जन्ममितिः ........................ नागरिकता नम्बर/ जिल्ला: ..........................

लिङ्गः– .............................. रक्त समुह..............

अपाङ्गताको किसिमः प्रकृतिको आधारमा ............गम्भीरताको आधारमा ........

बाबु/आमा वा संरक्षकको नाम, थर ................................................

९) परिचयपत्र वाहकको दस्तखतः–

१०) परिचय पत्र प्रमाणित गर्नेको .............

दस्तखतः.............................

नाम, थर:

पद:

मिति:

*"यो परिचपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा गाउँपालिका/नगरपालिकामा बुझाइ दिनु होला"*

.............................Rural municipality/Municipality

ID Card Number: -

**Disability Identity Card**

Name, Surname-

Permanent Address: Province ..........................District....................................

Rural municipality/ Municipality.................... Ward No:...... Local Level.................

Date of Birth: .......................................... Citizenship Number/District: ..........................

Sex: ............ Blood Group.............

Types of Disability:

On the basis of nature ..........................On the basis of Severity....... ........

Name of Father/Mother or Protector ...............................................

Signature of ID card Holder..................-

ID card certifying officials:

Signature:.........................

Name, Surname:...............

Designation: ...............

Date:....................

*"If somebody finds this ID card, please hand it over to the nearby police office or Rural Municipality/Municipality"*

## अनुसूची ३

### (नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

उजुरीको ढाँचा

मितिः

श्री ................ .............. ।

मार्फत,

श्री ...................................... ।

बिषय : उजुरी सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा म/श्री ....................को तर्फबाट म .......................... ले अपाङ्गताको परिचयपत्र पाउनको लागि मिति ........................... मा................ कार्यालयमा निवेदन दिएकोमा ................ सो कार्यालयले मिति ................ मा मलाई/................ लाई अपाङ्गताको परिचयपत्र दिन नमिल्ने भनि निर्णय गरेको जानकारी प्राप्त हुन आएको हुँदा उक्त निर्णय देहायका आधार तथा प्रमाणबाट त्रुटिपूर्ण भएको कारण मेरो चित्त नबुझेकोले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा (४) को उपदफा (७) तथा अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७६ को नियम ६ बमोजिम देहाय का काग जात संलग्न गरी यो उजुरी पेश गरेको छु । मैले पेश गरेको संलग्न आधार तथा प्रमाणको आधारमा अपाङ्गता परिचयपत्र पाउने गरी निर्णय गरी पाउँ ।

(१) निर्णय त्रुटीपूर्ण भएको आधार, कारण र प्रमाण:

(क) ...............................................

(ख)............................................

(ग).................................................

(२) संलग्न कागजात:

(क) परिचय पत्र दिन नमिल्ने भनि गरेको निर्णयको प्रतिलिपी

(ख) नागरीकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) अपाङ्गता भएको ब्यहोरा खुल्ने गरी चिकित्सकले गरेको सिफारीशको प्रतिलिपि

(घ) अन्य

उजुरीकर्ताको,-

दस्तखत :

नाम थर :

ठेगाना

परिवारको सदस्य वा संरक्षकको नाम :

सम्पर्क नम्बर:

**अनुसूची ४**

**(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)**

अपाङ्गता भएका व्यक्तिको अभिलेखको ढाँचा

क्रम संख्याः-

अपाङ्गता परिचयपत्र नम्बरः-

परिचयपत्रको प्रकार ................

१) नाम, थरः-

२) स्थायी ठेगाना: प्रदेश: जिल्ला :

गाउँपलिका/ नगरपालिका: वडा नं:

३) अस्थायी ठेगाना प्रदेश: जिल्ला :

गाउँपलिका/ नगरपालिका: वडा नं:

४) जन्म मितिः-

५) नगरिकता नम्बरः-

६) लिङ्गः- ७) रक्त समुह

८) विवाहित/अविवाहितः-

९) बाबु/आमा, परिवारको सदस्य वा संरक्षकको नाम, थरः-

१०) ठेगानाः- प्रदेश जिल्ला स्थानीय तह: वडा नं:

११) अपाङ्गता भएको व्यक्तिसँगको नाताः-

१२) पछिल्लो शैक्षिक योग्यताः-

१३) हाल अध्ययनरत शैक्षिक संस्था: अहिलेसम्म नगएको/अध्ययनरत/पढाइ सकेको

१४) पेशाः-

१५) अपाङ्गताको किसिमः-

क) अपाङ्गताको प्रकृतिको आधारमा ....................

ख) अपाङ्गताको गम्भीरताको आधारमा ..........................

१६) के कस्ता दैनिक क्रियाकलाप गर्न सकिन्छ ?

..............................................................................................

..............................................................................................

१७) के कस्ता दैनिक क्रियाकलापहरू गर्न सकिँदैन ?

................................................................... .................................

............................................................................... .......................

१८) सहायक सामग्री आवश्यक पर्ने वा नपर्ने

आवश्यक पर्ने भएमा आवश्यक पर्ने सामाग्रीको विवरण:..............................

१९) हाल सहायक सामग्री पाए/नपाएको:

२०) परिचयपत्र वाहकले प्राप्त गरेका अन्य सेवा, सुविधा

……………………………………………………………………………………………………

...................................

२०) परिचयपत्र बाहकलाई आवश्यक परेका अन्य सेवा सुविधा:

............................................................. .........................................

२१). सेवा, सुविधा प्रदान गर्ने निकायः- ........................ ...............

२२) अन्य ...................................................

प्रमाणित गर्ने अधिकारीकोः

दस्तखतः–

नाम, थरः–

पदः

कार्यालयः–

मिति:

## अनुसूची ५

### (नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

सहायक सामग्री

1. स्टाइलस, स्लेट, ब्रेल पेपर
2. ब्रेल मेमो
3. ब्रेल डिस्पलेयर
4. डेजी प्लेयर, सफ्टवेयर, स्कृन रिडीङ सफ्टवेयर
5. सेतो छडी
6. बाटर इन्डिकेटर
7. लाइट इन्डिकेटर
8. अव्जेक्ट इन्डिकेटर
9. विभिन्न प्रकारका ह्वीलचियर
10. वैसाखी, लट्ठी, इल्वो क्रचेस, एग्जलरी क्रचेस
11. वाकर, अपाङ्गता भएका व्यक्तिहरूलाइ वस्न बनाइने विशेष प्रकारको कुर्सी
12. क्यालिपर
13. विशेष प्रकारको जुत्ता

14. कृतिम हात खुट्टा र स्पाइनल ब्रेस

15. मेरूदण्ड पक्षघात भएका व्यक्तिहरूको लागि क्याथेटर र डाइपर एयर कुशन

16. विशेष प्रकारको कमोड, कमोड चेयर

17. श्रवण यन्त्र Audio induction loop system, Infrared system, Frequency modulation system, Communication access real time translation, Automatic speech recognition

18. म्याग्नीफाइङ ग्लास, उच्च क्षमताको चस्मा

19. स्वर यन्त्र

20. मेरूदण्ड पक्षघात भएकाहरूका लागि एयर म्याट्रेस (Air mattress), जेलि कुशन (Jelly cushion)

## अनुसूची-६

### (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

### पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मितिः

श्री ........................... कार्यालय,

विषय : पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न स्वीकृति पाउँ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७६, बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न हाम्रो संस्था इच्छुक भएकाले देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

१. संस्थाको नामः

२. संस्थाको ठेगानाः

३. संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

४. सम्पर्क गर्नु पर्ने व्यक्तिः

५. संस्थाको विधानको प्रतिलिपीः

६. संस्थाको निर्णयको प्रतिलिपीः

७. दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपीः

८. गत आ.ब. को प्रगति तथा लेखापरीक्षण प्रतिवेदनः

९. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीः

१०. कर छुटको प्रमाणपत्र भए सोको प्रतिलिपीः

संस्थाको आधिकार प्राप्त व्यक्तिको,

दस्तखत:

नाम, थर:

सम्पर्क ठेगानाः

मितिः

## अनुसूची -७

## (नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

## पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृति

.............................................. (संस्थाको नाम) लाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७६ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न मिति ........... ........को निर्णय अनुसार यो स्वीकृति प्रदान गरीएको छ ।

स्वीकृति दिने व्यक्तिको

दस्तखतः..........................

नाम, थर :.........................

पदः ................................

कार्यालयः ...........................

मितिः

# अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ (नमूना)

**प्रस्तावना**

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरूको परिचय–पत्र वितरण कार्यविधि बनाउन वाञ्छनीय भएकोले,अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले देहायको नमुना कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिको परिचय–पत्र वितरण कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी ऐन, २०७४ (पहिलो संशोधन २०७५ समेत) सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) "समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ (पहिलो संशोधन २०७५) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य, मापदण्ड

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गरी उनीहरूलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरूको लागि योजना निर्माण गर्न र स्थानीय तह देखि नै विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत लगत राख्न सहज तुल्याउने

(ख) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ (CRPD) मा नेपाल सरकारले जनाएको प्रतिबद्धता बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरू उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपाङ्गताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकीकरण गर्न सहयोग गर्ने ।

## ४. परिचय-पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन् :

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भीर्यता आधारमा गरिएको अपाङ्गताको वर्गीकरण गरी देहायका चार समूहका परिचय–पत्र वितरण गरिनेछ :

### (क) पुर्ण अशक्त अपाङ्गताः

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाई 'क' बर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन रातो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१. व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरूमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरूको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरू पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरू,

३. दुई वा सोभन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरू अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरू,

४. निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू ।

### (ख) अति अशक्त अपाङ्गताः

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाइ 'ख' बर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन निलो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरू लगायत हिडडुल र सञ्चार गर्न कठिनाइ हुने ब्यक्तिहरू,
२. मष्तिस्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू,
३. दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको माग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू,
४. दृष्टिविहिन र पूर्ण दृष्टिविहीनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरू,
५. सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरू स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहु अपाङ्गता भएका व्यक्तिहरू ।

**(ग) मध्यम अपाङ्गताः**

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाई 'ग' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ पहेँलो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. कृत्रिम अङ्ग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरू स्वयं गर्न सक्ने,
२. विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्नसक्ने,
३. कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,
४. दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका,
५. दुवै गोडाको कुर्कुच्चाभन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,
६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,
७. सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिज्म भएका व्यक्तिहरू ,
८. श्रवणयन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्नसक्ने सुस्तश्रवण व्यक्तिहरू
९. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका ब्यक्तिहरू
१०. ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका ब्यक्तिहरू,

११. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या तीव्र भएका भकभके व्यक्तिहरू,
१२. तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरू,
१३. चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरू, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू,
१४. अनुवशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरू,
१५. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू ।

**(घ) सामान्य अपाङ्गताः**

तल उल्लेखित अवस्थाका व्यक्तिहरूलाइ 'घ' बर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन सेतो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरू स्वयम सम्पादन गर्न सक्ने
२. हात वा खुट्टा केही छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केलाभन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औंला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तीमा बूढीऔंला र चोरीऔंला भएका ब्यक्तिहरू,
३. ठूलो अक्षर पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू,
४. दुवै गोडाको सबै औलाका भागहरू नभएका,
५. श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू,

## परिच्छेद ३

## परिचय पत्र ढाँचा र समन्वय समिति

५. अपाङ्गता भएका व्यक्तिहरूको परिचय-पत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।
परिचय-पत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरी नागरिकताको प्रमाण -पत्रको ढाँचामा यस कार्यविधिको अनुसूची २ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्कापट्टी अंगेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय-पत्र गाम्भीर्यता आधारमा गरिएका चार वर्गका अपाङ्गता भएका व्यक्तिलाई चार फरक रङ्गमा उपलब्ध गराइनेछ ।

६. समन्वय समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।
(१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिका र नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-

(क) गाउँ पालिका/नगरपालिकाको उपाध्यक्ष वा उप प्रमुख
संयोजक

(ख) गाउँ पालिका/नगरपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिका वा नगर पालिकाले तोकेको महिला सदस्य – सदस्य

(ग) गाउँ पालिका वा नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँ पालिकाको
अध्यक्ष
वा नगर पालिकाको प्रमुखले तोकेको व्यक्ति –सदस्य

(घ) गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक –सदस्य

(ङ.) स्थानीय प्रहरी कार्यालयको प्रमुख –सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू मध्येबाट गाउँ पालिकाको अध्यक्ष वा नगर पालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि –सदस्य

(छ) गाउँ पालिका र नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना –सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख –सदस्य

(झ) गाउँ पालिका वा नगरपालिकाको उपाध्यक्ष वा उप प्रमुखले तोकेको गाउँ पालिका वा नगरपालिकाको कर्मचारी –सदस्य

(२) स्थानीय समन्वय समितिले अपाङ्गता परिचय पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय-पत्र सम्बन्धी कानुनी, संरचना गत तथा अन्य सुधार गर्नुपर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाउनु पर्दछ ।

## परिच्छेद-४

## परिचय पत्र वितरण

**७. परिचय-पत्र वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ** :

(क) अपाङ्गता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपाङ्गता भएका व्यक्ति स्वयं निजका अभिभावक वा संरक्षकले अनुसूची १ बमोजिमको ढाँचामा परिचय–पत्र प्राप्तिका लागि सबै पुष्ट्याइ गर्ने कागजातहरू २ प्रति समावेश गरी निवेदन दिनुपर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित प्रतिलिपी, पासपोर्ट साइजको (सम्भव भएसम्म अपाङ्गता देखिने गरी खिचिएको) फोटो, असक्तताको गाम्भीर्यता अवस्था र शरीरका अंगहरूले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरूको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण–पत्र वा नागरिकताको प्रमाण–पत्र वा जग्गा धनी प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण–पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि.प्र.का.मा दर्ता भएका अपाङ्गता सम्बन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै बिश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणित लिखितलाई आधार मानिनेछ ।

(ग) रित पुगी आएको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिनभित्र निवेदकले पेश गरेका कागजातहरूको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति गाँउपालिका वा नगरपालिकामा पठाउनु पर्दछ ।

(घ) सम्बन्धित व्यक्तिले पेश गरको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्रमा जानकारी दिनु पर्दछ ।

(ङ.) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनी दिएको जानकारी निवेदकलाई चित्त नबुझे सूचना पाएको १५ दिन भित्रमा सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिन सक्नेछ ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानीय समन्वय समितिको बैठकमा पेश गर्नु पर्दछ । निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले शिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ ।

(छ) परिचयपत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/

विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसँग राय परामर्श लिन सक्नेछ ।

(ज) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचयपत्र बुझिलिनु पर्दछ । अति अशक्त वा पूर्ण अशक्त अपाङ्गता भएको कारणले परिचय पत्र वुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको बसोबास गर्ने स्थानीय निकायका पदाधिकारीले निजलाई बुझाउने गरी बुझिलिन सक्नेछन् ।

(झ) परिचय–पत्र प्राप्त व्यक्तिहरूको वर्गीकृत लगत स्थानीय तहले कम्प्युटराइज गरी आफ्नो कार्यालयमा राखी चौमासिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ञ) समन्वय समितिले परिचयपत्र दिन भनी ठहर गरेका व्यक्तिलाई स्थानीय तहको कार्यालयले अनुसूची २ बमोजिमको परिचय–पत्र (अपाङ्गता भएका व्यक्तिहरूलाई) निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ट) परिचयपत्रमा गाँउपालिका/नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ठ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षतिको हकमा परिचय–पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय–पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ड) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका ब्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचय पत्र वितरण गर्नु पर्नेछ ।

**८. अन्य स्थानीय तहबाट परिचयपत्र वितरण गर्नेः**

स्थानीय ठेगानामा बसोबास नभएका र विभिन्न अवरोध तथा शारीरिक वा मानसिक अवस्थाको गम्भीर्यताको कारण आफ्नो स्थाई वसोवास भएको जिल्लामा गई अपाङ्गता परिचय पत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरूका लागि निजको स्थायी बसोबास भएको स्थानको सम्बन्धित स्थानीय तहबाट परिचय पत्र नलिएको सुनिश्चत भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्बन्धित स्थानीय तहलाई जानकारी गराउन सकिनेछ ।

**९. प्रतिलिपि सम्बन्धी व्यवस्थाः**

(१) परिचय–पत्र हराइ, नासिइ वा बिग्रिई परिचय–पत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र

कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्दछ ।

(२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिब देखिएमा परिचय–पत्रको प्रतिलिपी उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखी निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरी गाउपालिका नगरपालिका स्थानीय तहमा पठाउँनु पर्दछ ।

(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृती अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार अपाङ्गता परिचय–पत्रको प्रतिलिपी निःशुल्क उपलब्ध गराउँनु पर्नेछ ।

(४) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका बिषयमा सो परिचय पत्र बाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिबाट प्राप्त निर्देशन अनुसार गर्नु पर्दछ ।

**१. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानूनमा ब्यवस्था भए बमोजिम सजाय हुनेछ ।**

**११. अभिलेख सम्बन्धी व्यवस्थाः**

(१) सम्बन्धित वडा कार्यालयले आफनो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरू मध्ये परिचयपत्र पाएका व्यक्तिहरूको अपाङ्गताको प्रकृति र गाम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्नेगरी नियमित रुपमा अध्यावधिक गरी त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा आफ्नो गाँउपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पठाउँनु पर्दछ ।

(२) स्थानीय तहले परिचय पत्र वितरण गरे पछि यसको जानकारी परिचय पत्र प्राप्त गर्ने ब्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयलाई दिनु पर्दछ ।

(३) गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका कुल अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता परिचय पत्र पाएका व्यक्तिहरूको अभिलेख राखी त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउँनु पर्नेछ ।

## परिच्छेद-५

## बिबिध

**१२. विविध** :

(१) सबै स्थानीय तहले आ–आफ्नो क्षेत्राधिकार भित्र रहेका बिकट तथा दुरगम गाउँहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परिचय–पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउँन कम्तीमा बर्षो एक पटक ती ठाउँहरूमा परिचय पत्र वितरण सम्बन्धी घुम्ति शिविर सञ्चालन गर्नु पर्दछ ।

(२) यो कार्यविधि लागू हुनु अगाडि प्राप्त गरेको अपाङ्गता परिचयपत्र सम्बन्धित गाउपालिका र नगरपालिका बुझाई यो कार्यविधि जारी भएको मितिले १ बर्षभित्रमा यस कार्यविधि बमोजिमको परिचयपत्र लिनुपर्नेछ । यस अघि जारी भएका परिचय पत्र एक वर्षपछि स्वतः मान्य हुनै छैन ।

(३) यस कार्यविधि भएको प्रावधान अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(४) अपाङ्ग परिचय–पत्र वितरण सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी ऐन र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(५) अपाङ्ग परिचय–पत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(६) अपाङ्ग परिचय–पत्र वितरण निर्देशिका, २०६५ खारेज गरिएको छ ।

## अनुसूची १

## अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउनको लागि दिने निवेदनको ढाँचा

मिति :................. ........

श्री कार्यालय प्रमुखज्यू

मार्फत...........................

............................................ गाउँ/नगरपालिका

विषय : अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउँ ।

महोदय,

म अपाङ्गता भएका व्यक्तिको परिचयपत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा प्रचलित कानुनबमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर .................... .................. उमेर ................. ......... लिङ्ग ...................

२. प्रदेश :

३. ठेगाना :

(क) स्थायी ठेगाना : ..................पालिका, वडा नं.............. टोल .............

(ख) अस्थायी ठेगाना : ................पालिका, वडा नं..................टोल .............

(ग) सर्म्पर्क टेलिफोन वा मोबाइल नं. .............. ................. .................

३. संरक्षक/अभिभावकको नाम थर ................... ............. निवेदकको नाता ...............

४. संरक्षक/अभिभावकको टेलिफोन वा मोबाइल नं. ............. .................. .............

५. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकार .....................

६. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपाङ्गताको प्रकार ...........................

७. शरीरको अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण .................................. ...................................... ....................................................................

.....................................................

८. क्षति भएपछी दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण .......... .......... .......................... ...................................................................

......................................................... ................

९. अपाङ्गताको कारण उपयुक्त स्थानमा चिनो लगाउनुहोस् ।

क) रोगको दीर्घ असर ख) दुर्घटना

ग) जन्मजात

घ) सशस्त्र द्वन्द्व ङ) वंशानुगत कारण च) अन्य ..............

१० सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएको : उपयुक्त स्थानमा चिनो लगाउनुहोस् ।

क) भएको ख) नभएको

११. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ .........................................

१२. सहायक सामग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस

क) गर्ने गरेको ख) गर्ने नगरेको

१३. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम : ........................ ...........

१४. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ

क) ........................ ख)............................ ग) ..........................

घ) .......................... ङ) ........................ च) ...........................

१५. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन–कुन कामको लागि लिनु हुन्छ

क) ........................ ख)............................ ..... ग) ..........................

घ)........................ ङ)............................ च) ...........................

१६. पछिल्लो शैक्षिक योग्यता प्राथमिक तह घ) निम्न माध्यमिक तह

ङ) माध्यमिक तह च) उच्च माध्यमिक तह छ) स्नातक तह

ज) स्नातकोत्तर तह  झ) विद्यावारिधी तह

१७. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरूको नाम लेख्नुहोस

.....................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१८. हालको पेशा :

क) अध्ययन  ख) कृषि व्यवसाय  ग) स्वरोजगार  घ) अध्ययन

ङ) सरकारी सेवा  च) निजी क्षेत्रमा सेवा  ज) केही नगरेको  झ) अन्य

निवेदक

नाम, थर ..............................

हस्ताक्षर ..............................

मिति ..............................

## अनुसूची २

## अपाङ्गता भएका व्यक्तिको परिचयपत्रको ढाँचा

*नेपाल सरकार*

*निशाना छाप*

परिचयपत्र नम्बरः

परिचयपत्रको प्रकार:

अपाङ्गता परिचय–पत्र

१) नाम, थरः

२) ठेगानाः प्रदेश ................जिल्ला........... स्थानीय तह ..........................

३) जन्ममितिः ४) नागरीकता नम्बर: .........................

५) लिङ्गः ........... ............ ६) रक्त समुह.............

७) अपाङ्गताको किसिमः प्रकृतिको आधारमा .........................गम्भीरता ........

८) बाबु/आमा वा संरक्षकको नाम, थर ..............................................

९) परिचयपत्र वाहकको दस्तखतः

१०) परिचय पत्र प्रमाणित गर्ने ............

नाम, थर .............................

हस्ताक्षर .............................

पद ..................................

मिति .............................

*"यो परिचपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय निकायमा वुझाइदिनुहोला"*

## Annex 2

### Disability Identity Card Format

The Government of Nepal

*Stamp*

................................................

ID Card Number:

ID Card Type :

Disability Identity Card

1) Full Name of Person

2) ADdress: Province ................................ District................................... Local Level..................

3) Date of Birth................................................ 4) Citizenship Number: ..........................

5) Sex: ...................... 6) Blood Group.............

7) Types of Disability : On the basis of nature .........................
On the basis of Severity....... ........

8) Father Name/Mother Name or Guardain ...............................................

9) Signature of ID card Holders..................

10) Approved by ...............................................

Name ..............................

Signature ..............................

Designation ............................

Date .................................

*"If somebody finds this ID card, please deposit this in the nearby police station or municipality office"*

## अनुसूची ३

## अपाङ्गता भएका व्यक्तिको कार्यालयमा राखिने अभिलेखको ढाँचा

क्रम संख्याः

अपाङ्गता परिचयपत्र नम्बरः परिचयपत्रको प्रकार ................

१) नाम, थरः

२) ठेगाना (स्थायी)

प्रदेश: ........................................ जिल्ला :................................ स्थानीय तह:...... ............................... वडा:..........

३) ठेगाना (अस्थाई)

प्रदेश: ........................................ जिल्ला :................................ स्थानीय तह:...... ............................... वडा:..........

४) जन्म मितिः.................... ४) नागरीकता नम्बरः..................... ५) लिङ्गः...............६) रक्त समुह.............

७) विवाहित/अविवाहितः

८) बाबु/आमा वा संरक्षकको नाम, थरः

९) ठेगानाः प्रदेश: ......................... जिल्ला :................................ स्थानीय तह:...... ............................... वडा:..........

१०) अपाङ्गता भएको व्यक्तिसँगको नाताः

११) पछिल्लो शैक्षिक योग्यताः

१२) अध्ययनरत विद्यालय वा कलेज : अध्ययन नगरेको

पढाइ सकेको

१३) पेशाः

१४) अपाङ्गताको किसिमः

क) अपाङ्गताको प्रकृतिको आधारमा .................... ख) अपाङ्गताको गम्भीरताको आधारमा ..........................

१५) कस्ता दैनिक क्रियाकलापहरू गर्न सकिन्छ ?

..............................................................................................................................
......................................

१६) कस्ता दैनिक क्रियाकलापहरू गर्न सकिँदैन ?

................................................................. ...............................

१७) सहायक सामग्री आवश्यक पर्ने नपर्ने

आवश्यक पर्ने भए के ..................................

१८) हाल सहायक सामग्री पाएको नपाएको

१९) परिचय–पत्र वाहकले प्राप्त गरेका अन्य सेवा, सुविधा

.........................................................................................................................

२०) परिचयपत्र बाहकलाई आवश्यक परेका अन्य सेवा सुविधाहरू

.........................................................................................................................

२१) सेवा, सुविधा प्रदान गर्ने निकायः .................................. ...............

२२) अन्य .................................................... ..............................

प्रमाणित गर्ने अधिकारीकोः

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मिति :

# अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९

(नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९ ।११ ।६

**प्रस्तावना:**

सरकारी भवन, विद्यालय, विश्वविद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सार्वजनिक सडक, सडक पेटी, यात्रु प्रतिक्षालय, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल, खेल मैदान, सम्मेलन केन्द्र, सिनेमा हल जस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासिय भवन, होटल तथा रेष्टुरेण्ट, एटिएम बैङ्किङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनामा उपयुक्त र्‍याम्प, ढोका, झ्याल, गाइडिङ्ग व्लक र ब्रेल समेतको व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको सहज आवागमन र उपयोगको लागि पहुँच योग्य बनाउन, टेलिभिजन, रेडियो जस्ता सार्वजनिक सञ्चार तथा सूचना सेवामा समेत अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्न,

अपाङ्गता भएका व्यक्तिलाई हुने अवरोध हटाई पहुँच वृद्धि गर्न निर्माण गरिने सेवा र सुविधामा एकरुपता कायम गर्न आवश्यक मापदण्ड तोकी अपाङ्गता भएका व्यक्तिलाई संवत् २०६६ साल पौष १२ गते नेपालले अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, नेपालको अन्तरिम संविधान, २०६३, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ को दफा ६.४.१, ६.४.२ र अन्य प्रचलित कानूनद्वारा प्रदत्त नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र सुविधा उपयोग गर्न सक्षम बनाई निजहरूलाई विकास प्रक्रियामा पूर्ण र प्रभावकारी रुपमा सहभागी बनाउन वाञ्छनीय भएकोले नेपाल सरकारले देहायको **अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९** बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस निर्देशिकाको नाम "अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) ''अपाङ्गता भएका व्यक्ति'' भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता वा कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) र विद्यमान अवरोधको कारणले अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको व्यक्ति सम्झनु पर्छ ।

(ख) ''सार्वजनिक भौतिक संरचना'' भन्नाले सर्वसाधारण सबैको उपभोग तथा उपयोगका लागि निर्माण वा खुला गरिएका सबै किसिमका सरकारी, गैर सरकारी तथा निजी भौतिक संरचना सम्झनु पर्छ ।

(ग) ''सार्वजनिक भवन'' भन्नाले सर्वसाधारण सबैको उपयोगको लागि वा सबैमानिसहरूलाई उपभोग्य वस्तु, सेवा, सुविधा, सहुलियत, अवसर आदि प्रदान गर्न निर्माण गरिएका वा प्रयोग गरिएका कुनै पनि सरकारी, गैर सरकारी वा निजी भवन सम्झनु पर्छ ।

(घ) ''स्लोप र्‍याम्प'' भन्नाले कुनै भवनमा ह्वीलचियर प्रवेशको लागि बनाइने भिरालो बाटो सम्झनु पर्छ ।

(ङ) ''कर्व र्‍याम्प'' भन्नाले सामान्य रुपमा होचो र अग्लो दुई सतहको वीचमा ह्वीलचियर जान सक्ने गरी बनाइएको भिरालो वाटो सम्झनु पर्छ

(च) ''वाह्य सेवा तथा सुविधा'' भन्नाले व्यक्ति कुनै पनि भवन वा आवास भन्दा वाहिर रहेको अवस्थामा उपयोग गर्नु पर्ने सडक, सडक पेटी, मनोरञ्जन पार्क, खेल मैदान, सवारी पार्कीङ्ग स्थल, यात्रु प्रतिक्षालय, बसपार्क, सार्वजनिक शौचालय, एटीएम सेवा, सार्वजनिक धारा, सार्वजनिक टेलिफोन सेवा, ट्राफिक वत्ती, आकाशे पुल जस्ता सेवा र सुविधा सम्झनु पर्छ ।

(च) ''आन्तरिक सेवा तथा सुविधा'' भन्नाले कुनै पनि सार्वजनिक वा निजी भवन भित्रका ढोका, भर्याङ्ग, प्यासेज, शौचालय, स्नानकक्ष, टेवल, दराज, खाट वा पलङ्ग, झ्याल, डेस्क, वेन्च जस्ता संरचना र यस अन्तर्गत पर्ने सुविधा सम्झनु पर्छ ।

## परिच्छेद–२

## वाह्य सेवा तथा सुविधा पहुँचयुक्त बनाउने सम्बन्धी

**३. सार्वजनिक सडक र सडक पेटी पहुँचयुक्त बनाउने:**

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय वा संस्थाले सार्वजनिक सडक र सडक पेटी निर्माण गर्दा वा गराउँदा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) सबै सार्वजनिक सडक अपाङ्गता भएका व्यक्तिको सहज र समान आवागमनको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

(ख) खण्ड (क) को प्रयोजनको लागि नयाँ बन्ने सम्पूर्ण सडकहरू ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, कृतिम अंग प्रयोग गर्ने व्यक्ति, दृष्टिविहिन, होचा पुड्का लगायतका अपाङ्गता भएका व्यक्तिको आवागमनको लागि पूर्णतया पहुँचयुक्त बनाउनु पर्नेछ र पुराना सडकहरूमा विद्यमान रहेका अपाङ्गता भएका व्यक्तिको आवागमनमा अवरोध पुर्‍याउने सबै किसिमका अप्ठ्याराहरूलाई हटाइनु पर्नेछ ।

(ग) नयाँ बन्ने मुख्य ठुला सडकका सडक पेटी र सडक पार गर्ने ठाउँमा दृष्टिविहिन व्यक्तिको स्वतन्त्र आवागमनको लागि गाइडिङ्ग व्लक विछ्याउनु पर्नेछ र पुराना सडकको हकमा मर्मत सम्भार गर्दा गाइडिङ्ग व्लकहरू राख्नु पर्नेछ ।

(घ) नयाँ बन्ने सार्वजनिक मुख्य सडकका सडक पेटीलाई सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको आवागमनको लागि पहुँचयुक्त बनाउनु पर्नेछ र पुराना सडक पेटीमा हाल रहेका अपाङ्गता भएका व्यक्तिको आवागमनलाई अवरोध गर्ने वा कठिनाई उत्पन्न गर्ने सबै प्रकारका अवरोध हटाउनु पर्नेछ ।

(ङ) सडक पेटी ह्वीलचियर प्रयोगकर्ता लगायत अपाङ्गता भएका व्यक्तिले आफ्नो सहायक सामग्री सहित निर्वाध रुपले हिँडडुल गर्न सहज हुने गरी पहुँचयुक्त बनाउनु पर्नेछ ।

(च) सडक पार गनुर्ु पर्ने स्थान र एउटा सडक पेटीबाट अर्को सडक पेटीमा जानु पर्ने ठाउँ लगायत अन्य विभिन्न स्थानमा र्‍याम्पको व्यवस्था गर्नु पर्नेछ ।

(छ) मुख्य सडकमा नयाँ ट्राफिक बत्ति जडान गर्दा दृष्टिविहिनको लागि सडक पार गर्न हरियो बत्ति वलेको अवधिभर सूचना दिने निश्चित प्रकारको आवाज सहितको बत्ति अनिवार्य रुपमा जडान गर्नु पर्नेछ र सोही किसिमले पुराना सडक बत्तिमा यस्तो आवाज जडान गर्नु पर्नेछ ।

(ज) सडक पार गर्न बनाइएका आकाशे पुलबाट ह्वीलचियर प्रयोगकर्तालाई सडक पार गर्न असम्भव हुने र वैशाखी, क्यालिपर आदि सहायक सामग्री प्रयोगकर्तालाई कष्टकर हुने हुनाले त्यस्ता व्यक्तिहरूको हकमा यसको उपयुक्त वैकल्पिक व्यवस्था गरिनेछ ।

**४. मनोरञ्जन पार्क पहुँचयुक्त बनाउने:**

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय वा संस्थाले नयाँ मनोरञ्जन पार्क निर्माण गर्दा, गराउँदा वा सोको लागि निजी क्षेत्रलाई अनुमति दिँदा त्यसभित्र निर्माण गरिने भौतिक संरचना ह्वीलचियर प्रयोगकर्ता, दृष्टिविहिन व्यक्ति, वैशाखी प्रयोगकर्ता, होचापुड्का व्यक्ति लगायत अपाङ्गता भएका व्यक्तिको सहज आवागमन र पहुँचलाई सुनिश्चित गरिनेछ । यस्ता किसिमका पुराना संरचनालाई पनि क्रमश: अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

**५. खेल मैदान पहुँचयुक्त बनाउने:**

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय वा संस्थाले खेल मैदान

निर्माण गर्दा वा गराउँदा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) खेल मैदान अपाङ्गता भएका व्यक्तिले समेत गएर खेल्न र खेल हेर्न सक्ने गरी विकास, निर्माण तथा सुधार गरिनेछ ।

(ख) खण्ड (क) को प्रयोजनको लागि खेलमैदान भित्रसम्म जान आवश्यकता भएको ठाउँमा र्‍याम्पको व्यवस्था गरी ह्वीलचियर जाने सक्ने व्यवस्था गर्नु पर्नेछ र खेलमैदानको परिसरमा उपलब्ध अन्य अत्यावश्यक सुविधाहरू जस्तै सार्वजनिक शौचालय, क्यान्टिन, कभर्डहल आदिमा प्रवेश गर्ने मार्गलाई अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त तुल्याइनेछ ।

(ग) खेल मैदानमा दर्शकहरू बस्न बनाइएको दर्शक दीर्घाको निश्चित भाग तोकी ह्वीलचियर प्रयोगकर्ता, बैशाखी प्रयोगकर्ता वा अन्य विभिन्न कारणले शारीरिक कठिनाइ भई हिँडडुलमा समस्या हुने अपाङ्गता भएका व्यक्तिको लागि सो स्थानसम्म पुग्न र्‍याम्प लगायत अन्य सुविधा उपलब्ध गराई कूल सीट संख्याको ५ प्रतिशत सीट आरक्षण गरिनेछ । दर्शक दीर्घालाई विभिन्न वर्गमा वर्गीकरण गरिएको भए हरेक वर्गका सीटलाई अपाङ्गता भएका व्यक्तिले समेत उपयोग गर्न मिल्ने गरी पहुँचयुक्त बनाउनु पर्नेछ ।

## ६ सार्वजनिक शौचालय पहुँचयुक्त बनाउने:

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय वा संस्थाले नयाँ बन्ने सम्पूर्ण सार्वजनिक शौचालय र सोसम्म पुग्ने प्रवेश मार्ग, ढोका, शौचालयभित्रको स्थान र शौच स्थान ह्वीलचियर प्रयोगकर्ता, होचापुड्का, दृष्टिविहिन, वैशाखी प्रयोगकर्ता लगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त वनाउनु पर्ने छ ।

## ७. सार्वजनिक भवन पहुँचयुक्त बनाउने:

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय, संस्था वा व्यक्तिले सर्वसाधारणलाई खुला गरिएका सार्वजनिक भवन निर्माण गर्दा वा गराउँदा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) अपाङ्गता भएका व्यक्ति स्वतन्त्र रुपमा वजार गई आफूलाई आवश्यक पर्ने सरसामानहरू खरिद गर्न वा अन्य सेवा र अवसरहरू लिनको लागि सडकको दुवै किनारामा बनेका भवनका भुँइतलाको सतह र सडक वा सडक पेटीको सतह समानान्तर हुने गरी वा ज्यादै कम मात्र उचाइ राख्न र ह्वीलचियर प्रयोगकर्ता गएर सेवा लिन मिल्ने गरी कर्व र्‍याम्पको व्यवस्था गर्न पर्नेछ ।

(ख) सडकबाट वा सडकपेटीबाट कुनै पनि सार्वजनिक भवन तथा निजी, अर्ध सरकारी वा गैर सरकारी निकायले सार्वजनिक प्रयोजनको लागि बनाइने वा उपयोग गरिने सार्वजनिक भवन वा संरचनाको परिसरमा प्रवेश गर्ने मार्गलाई ह्वीलचियर प्रयोगकर्ता,

होचापुड्का, दृष्टिविहिन, वैशाखी प्रयोगकर्ता लगायत सबै अपाङ्गता भएका व्यक्तिहरूको प्रवेशका लागि अवरोध नहुने गरी निर्माण गरिनेछ ।

(ग) सर्वसाधारणलाई प्रत्यक्ष रुपमा सेवा पुर्‍याउने प्रयोजनको लागि उपयोग भैरहेको सार्वजनिक भवन जस्तै मन्त्रालय वा विभाग, बैंक, अस्पताल, सूचना तथा सञ्चार सेवासँग सम्बन्धित कार्यालय, कुनै सरकारी कार्यालय, ठुला किनमेल केन्द्र, राजनैतिक दलका कार्यालय आदिमा सकेसम्म सेवा सुविधाहरू भवनको भुँइतलामा नै उपलब्ध हुने व्यवस्था गर्नु पर्नेछ र त्यस्तो सेवा सुविधाको लागि अर्को तला चढ्नु पर्ने भएमा अनिवार्य रुपमा लिफ्ट वा र्‍याम्पको व्यवस्था गर्नु पर्नेछ ।

(घ) सार्वजनिक भवनभित्र वा यसको परिसरभित्र उपलब्ध हुने शौचालय, सेवा लिने काउन्टर, सोधपुछ काउन्टर, रिसेप्सन आदिमा प्रवेश गर्ने मुख्य प्रवेश मार्गहरू ह्वीलचियर प्रयोगकर्ता, होचापुड्का, दृष्टिविहिन, वैशाखी प्रयोगकर्ता लगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका पहुँचयुक्त बनाउनु पर्नेछ ।

(ङ) सार्वजनिक भवनभित्र उपलब्ध विभिन्न सेवाहरू लिनको लागि भवनभित्र वा परिसरमा सर्वसाधारणको लागि उपलब्ध गराइने अत्यावश्यक सूचना तथा जानकारीलाई व्रेल लिपिमा समेत उपलब्ध गराउनु पर्नेछ ।

(च) दुई वा दुईभन्दा बढी तला भएको कुनै पनि सार्वजनिक भवनमा सम्भव भएसम्म कम्तीमा एउटा पहुँचयुक्त लिफ्ट अनिवार्य राख्नु पर्नेछ ।

**८. बस पार्क पहुँचयुक्त बनाउने:**

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकायले बस पार्क निर्माण गर्दा वा गराउँदा सार्वजनिक वस पार्कमा सर्वसाधारणका लागि राखिएका टिकट काउन्टर, सवारी प्रतिक्षा गर्ने ठाउँ, परिसर भित्रका शौचालय, वसमा यात्रु चढ्न प्रयोग हुने प्लेटफर्म ह्वीलचियर प्रयोगकर्ता, होचापुड्का, दृष्टिविहिन, वैशाखी प्रयोगकर्ता लगायत सबै अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

**९ यात्रुहरू ओराल्ने र चढाउने स्थान पहुँचयुक्त बनाउने:**

नेपाल सरकार, स्थानीय निकाय, अन्य सम्बन्धित निकाय वा संस्थाले यात्रुहरू ओराल्ने र चढाउने स्थान निर्माण गर्दा वा गराउँदा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछ:–

(क) सडकमा सार्वजनिक सवारीले यात्रुहरू ओराल्न र चढाउन सवारी रोक्ने स्थान (Passanger Loading Zone) ह्वीलचियर प्रयोगकर्ता, होचापुड्का, दृष्टिविहिन, वैशाखी प्रयोगकर्ता लगायत सबै अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त र प्रयोगमैत्री बनाउनु पर्नेछ ।

(ख) खण्ड (क) को प्रयोजनको लागि सडकबाट उक्त स्थानको उचाइ, र्‍याम्पको

व्यवस्था, ह्वीलचियरको लागि आवश्यक स्थान, सवारी प्रतिक्षा गर्न बस्ने ठाउँ आदिको निर्माणमा विशेष ध्यान दिइनेछ ।

**१०. सार्वजनिक यातायात पहुँचयुक्त बनाउने सम्बन्धी:**

(१) यातायात व्यावसायीले नयाँ सार्वजनिक वस खरिद गर्दा अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बस खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अपाङ्गता मैत्री सार्वजनिक यातायातको आयात वा खरिदमा आर्थिक ऐनमा उल्लेख भए बमोजिम राजश्व छुट सुविधा उपलब्ध गराईनेछ ।

(३) पुराना सार्वजनिक बसहरूलाई पहुँचयुक्त बनाउनको लागि नेपाल सरकारले आर्थिक ऐनमा उल्लेख भए बमोजिम कर छुट लगायत विभिन्न अनुदानको व्यवस्था गरी व्यावसायीलाई उत्प्रेरित गर्नेछ ।

**११. होटल तथा रेष्टुरेण्ट पहुँचयुक्त बनाउने:**

सम्बन्धित निकाय, संस्था वा व्यक्तिले होटल तथा रेष्टुरेण्ट निर्माण गर्दा वा गराउँदा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) कुनै पनि भवन भाडामा लिई भुईँ तलामा होटल तथा रेष्टुरेण्ट सञ्चालन गर्दा कम्तीमा पनि रेष्टुरेण्टको विलिङ काउन्टर, डाइनिङ हल र शौचालयमा ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता समेतका अपाङ्गता भएका व्यक्ति अवरोध विना जान सक्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ख) लिफ्टको व्यवस्था गरिएको होटल तथा रेष्टुरेण्टमा ह्वीलचियर प्रयोगकर्ता लिफ्टसम्म पुग्न र प्रवेश गर्न कुनै प्रकारको भौतिक अवरोध हुनु हुँदैन ।

## परिच्छेद–३

## आन्तरिक सेवा र सुविधा पहुँचयुक्त बनाउने सम्बन्धी

**१२. भवनको प्यासेज र लवि पहुँचयुक्त बनाउने:**

(१) सम्बन्धित संस्था वा व्यक्तिले सरकारी वा सार्वजनिक प्रयोजनको लागि वा सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासीय भवन जस्ता भवनको प्यासेज र लविहरू अपाङ्गता भएका व्यक्तिको स्वतन्त्र र सहज आवागमनलाई समेत ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि बनेका पुराना भवनहरूको हकमा मर्मत र सुधारको क्रममा सो व्यवस्था गरिनेछ ।

**१३. अन्य आन्तरिक सेवा र सुविधा पहुँचयुक्त बनाउने:**

(१) सम्बन्धित संस्था वा व्यक्तिले सर्वसाधारणको उपयोगका लागि निर्माण गरिने

आवास भवनको प्रवेश मार्ग, प्यासेज, ढोका, लवी, भर्याङ्ग, स्नानकक्ष, शौचालय, भान्सा, सुत्नेकोठादेखि लिएर यस भित्र उपलब्ध हुने अन्य सुविधाहरूलाई समेत अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

(२) सम्बन्धित संस्था वा व्यक्तिले विद्यालय, विश्वविद्यालय लगायत अन्य सबै निजी, गैर सरकारी तथा सरकारी शैक्षिक प्रयोजनको लागि सञ्चालित भवनहरूमा सो भवन परिसरमा प्रवेश गर्ने मार्ग, शौचालय, भवनका ढोका, भर्याङ्ग, कक्षाकोठा, कक्षाकोठामा मेच टेवलको राख्ने तरिका, पुस्तकालय, प्रशासनीक कार्यालय, सभा वा बैठक गर्ने हल, विभिन्न कार्यक्रमहरू गर्ने मञ्च, क्यान्टिन, प्रयोगशाला, कम्प्युटर ल्याव आदि ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, दृष्टिविहिन व्यक्ति लगायत सबै अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

## परिच्छेद–४

## सूचना तथा सञ्चार पहुँचयुक्त बनाउने सम्बन्धी व्यवस्था

**१४ सञ्चार प्रणाली पहुँचयुक्त बनाउने:**

सञ्चारमा अवरोध भएका वहिरा तथा सुस्त श्रवण व्यक्तिहरूको लागि पहुँचयुक्त सञ्चार प्रणालीको सुनिश्चिता गर्नु पर्नेछ ।

**१५. दोभाषेको व्यवस्था गर्नु पर्न**

(१) पहुँचयुक्त सञ्चार प्रणालीको निर्माण र अभ्यासका लागि कुनै व्यक्ति, संस्था, समूह वा निकायले वहिरा वा सुस्त श्रवण व्यक्तिसँग सञ्चार वा विचार आदान प्रदान गर्नु पर्ने आवश्यकता भएमा त्यस्तो निकायले दोभाषेको व्यवस्था गर्नु पर्नेछ ।

(२) सार्वजनिक सभा, समारोह, बैठक, भेला आदिमा वहिरा व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रतालाई सुनिश्चित गराउन वा यस्ता कार्यक्रमहरूमा अन्य व्यक्तिबाट अभिव्यक्त हुने विचार वा गतिविधिको बारेमा जान्न वा थाहा पाउने अधिकारको संरक्षण गर्न यस्ता कार्यक्रम आयोजना गर्ने व्यक्ति, संस्था वा निकायहरूले दोभाषेको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

**१६. समाचार र सूचना साङ्केतिक भाषामा पनि प्रसारण गर्नु पर्ने:**

(१) प्रत्येक न्यूज च्यानल टेलिभिजन प्रसारण संस्थाले कम्तीमा दिनको एकपटक साङ्केतिक भाषामा समाचार प्रसारण गर्ने र हरेक समाचार वुलेटिन प्रसारण गर्दा मुख्य मुख्य समाचारलाई समानान्तर रुपमा साङ्केतिक भाषामा पनि प्रसारण गर्नु पर्नेछ ।

(२) सरकारी वा निजी क्षेत्रबाट सर्वसाधारणको लागि टेलिभिजन मार्फत प्रसारण गरिने

कुनै पनि अत्यावश्यक सूचनाहरू प्रसारण गर्दा सँगसँगै साङ्केतिक भाषामा समेत प्रसारण गर्नु पर्नेछ ।

**१७. अन्य सूचना पहुँचयुक्त बनाउने:**

सम्बन्धित संस्थाले सार्वजनिक तथा निजी स्थलमा राखिने सबैको जानकारीका लागि राखिने स्कुलमा कक्षा कोठाको वाहिर कक्षा कोठाको नम्वर र नाम, कार्यालयको वाहिर राखिने शाखा वा विभागको नाम तथा सम्बन्धित कर्मचारीको नाम, होटलमा कोठाको नम्वर वा नाम, सरकारी कार्यालयको बाहिर राखिने नागरिक वडापत्र, महिला शौचालय र पुरुष सौचालय छुट्याउन राखिने सूचना जस्ता अत्यावश्यक सूचनाहरू दृष्टिविहिन व्यक्तिहरूले छाम्दा सजिलैसँग भेटिने स्थान र उचाइमा राखिनु पर्नेछ ।

## परिच्छेद–५

## पहुँचयुक्त पूर्वाधार र मापदण्ड

**१८ ह्वीलचियरको लागि स्लोप र्‍याम्प:**

(१) सम्बन्धित निकाय वा व्यक्तिले अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन सार्वजनिक भवनमा प्रवेश गर्न खुड्किलाहरू राखिएको स्थानमा समानान्तर रुपमा ह्वीलचियरको लागि स्लोप र्‍याम्पको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्लोप र्‍याम्प स्थानको उपलब्धता अनुसार घुमाउरो वा सिधा र उपलब्ध साधन र स्रोत अनुसार पक्की ढलान गरेर वा काठको वा माटाको पनि बनाउन सकिनेछ ।

(३) र्‍याम्पहरू आवश्यकता अनुसार राख्न र झिक्न मिल्ने बनाउन सकिनेछ ।

(४) सम्बन्धित निकाय वा व्यक्तिले ह्वीलचियरका लागि स्लोप र्‍याम्प निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) ह्वीलचियर गुडाउन जति सक्दो कम भिरालो र्‍याम्प बनाउनु पर्नेछ ।

(ख) नयाँ वन्ने सार्वजनिक भवनको लागि सामान्यतया स्लोप र्‍याम्पको भिरालोपन (Slope) १:१५ को अनुपातमा हुनु पर्नेछ । पुरानो मर्मत सम्भार गरी र्‍याम्पको निर्माण गर्नु पर्ने वा सोही स्थानमा पुननिर्माणको क्रममा र्‍याम्प बनाउनु पर्ने भए अवस्था र ठाउँको उपलब्धता हेरी १:८ देखि १:१२ सम्मको अनुपातमा र्‍याम्प बनाउन सकिनेछ ।

(ग) नयाँ बन्ने सार्वजनक भवनको परिसर लगायत सबै प्रवेश मार्गहरू अनिवार्य रुपमा ह्वीलचियर प्रयोगकर्ताका लागि पहुँचयुक्त हुनु पर्नेछ । पुरानो सार्वजनिक भवनमा कम्तीमा एउटा प्रवेश मार्ग अनिवार्य रुपमा ह्वीलचियर प्रयोगकर्ताको लागि पहुँचयुक्त हुनु पर्नेछ ।

(घ) र्‍याम्पको ह्वीलचियर गुडाउने सतहको चौडाइ समाउने रेलिङले ओगटेको भाग

बाहेक कम्तीमा ३६ (९१५ मि.मि.) इन्च हुनु पर्नेछ ।

(ङ) कुनै पनि र्‍याम्पको एक भाग (Single Run) को लम्वाई बढीमा ९ मिटर अथवा ३० फिट भन्दा बढी नहुने गरी हरेक ३० फिट लम्वाइ पश्चात् एउटा Level Landing राख्नु पर्नेछ र आवश्यक भए पुन: अर्को भाग बनाउनु पर्नेछ

(च) ६ इन्च भन्दा बढी उचाइको र्‍याम्प बनाउने भए अनिवार्य रुपले र्‍याम्पको दुवै तर्फ समात्ने वार राख्नु पर्नेछ ।

(छ) र्‍याम्पको Single run को माथिल्लो र तल्लो भागमा अवतरण गर्ने ठाउ "(Level landing) निर्माण गर्नु पर्नेछ । Level landing को चौडाइ पनि कम्तीमा ३६ इन्च (९१५ मि.मि.) हुनु पर्नेछ र लम्वाइ कम्तीमा ६० (१५२४ मि.मि.) इन्च हुनु पर्नेछ ।

(ज) र्‍याम्पको दुवैतर्फ बनाइने हाते रेलिङ्गको उचाइ र्‍याम्पको सतहबाट वयस्कहरूका लागि ९० सेन्टिमिटर र बालबालिकाका लागि ७० सेन्टिमिटर हुनु पर्नेछ । यसै गरी हरेक र्‍याम्पमा ह्वीलचियर प्रयोगकर्ताले ह्वीलचियर गुडाउ"दा पांग्रा वाहिर जानबाट रोक्न दुवै छेउमा ५ देखि १० सेन्टिमिटर उचाइको Side Rail बनाउनु पर्नेछ ।

(झ) र्‍याम्पको सतह निर्माणमा गदार्, पानी परेको वा अन्य अवस्थामा ह्वीलचियर गुडाउँदा पांग्रा नचिप्लने र ह्वीलचियर प्रयोगकर्ताको सहयोगीका खुट्टा नचिप्लने किसिमले बनाउनु पर्नेछ ।




Fig 1: A slope ramp with 1:15 standard

ह्वीलचियर र्‍याम्प







Fig 3 : Slope ramp with changing direction

**१९ ह्वीलचियरका लागि कर्व र्‍याम्प :**

(१) सम्बन्धित निकाय वा व्यक्तिले खास गरेर सडकपेटीबाट सडकतर्फ ओर्लँदा, सडकबाट सडकपेटीमा उक्लँदा वा जेब्रा क्रसीङ प्रयोग गर्ने स्थान लगायत सामान्य रुपमा अग्लो र होचो सतहको वीचमा ह्वीलचियर लगायत अन्य पांग्रे साधनलाई आवतजावतमा अवरोध हुन नदिन कर्व र्‍याम्पको निर्माण गर्नु पर्नेछ ।

(२) सम्बन्धित निकाय वा व्यक्तिले आवश्यकता अनुसार दोवाटो, चौवाटो, पार्किङ स्थल, सडक पार गर्न बनाइएका स्थान, सडक वा सडकपेटीबाट किनारामा रहेका भवनहरूमा प्रवेश गर्ने ठाउँमा समेत कर्व र्‍याम्प बनाउनु पर्नेछ ।

(३) कर्व र्‍याम्प निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) स्लोप र्‍याम्पमा जस्तै कर्व र्‍याम्पको पनि भिरालोपनको मापदण्ड नयाँ संरचनाको हकमा १:१५ र पुरानो मर्मत सम्भार वा पुनर्निर्माणको हकमा १:१२ को अनुपात भन्दा कम हुनु हुँदैन ।

(ख) ह्वीलचियरको लागि कर्व र्‍याम्पको चौडाइ कम्तीमा ३६ इन्च (९१५ मि.मि.) हुनु पर्नेछ ।

(ग) मुख्य सडक र फुटपाथलाई जोड्न कर्व र्‍याम्प बनाउँदा कर्व र्‍याम्प सडक पेटीको केही भागलाई नै काटेर बनाउने भए उक्त कर्व र्‍याम्पको दुवै छेउहरूको (flared sides) को भिरालोपन न्यूनतम १:१० को अनुपातमा हुनु पर्नेछ ।

(घ) सडक पेटी र सडकको वीचमा flared sides सहितको कर्व र्‍याम्प निर्माण गरिने भए सडक पेटीबाट उक्त र्‍याम्पमा ह्वीलचियर विस्तारै ओराल्न अथवा सडकबाट उक्त र्‍याम्प हुँदै ह्वीलचियर सडकपेटीमा उकालेर चाहेको दिशातिर ह्वीलचियर घुमाउनको लागि कम्तीमा ३६ (९१५ मि.मि.) इन्च चौडाइको स्थान उपलब्ध हुनु पर्नेछ ।




Fig 5: Curb Ramp with Flared Sides



**२०. ढोका:**

(१) सार्वजनिक भवन, भवन परिसर वा सार्वजनिक प्रयोजनको लागि निर्माण गरिने कुनै पनि भौतिक संरचनामा आवश्यकता अनुसार बनाइने ढोका ह्वीलचियर प्रवेशको लागि अवरोध मुक्त हुनु पर्नेछ ।

(२) सम्बन्धित निकाय वा व्यक्तिले ढोका निर्माणका गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) ढोकाका खापाहरू ९० डिग्रीमा खुल्दा अर्थात पूरै खुल्दा कम्तीमा पनि ढोकाको खुला रहेको भागको चौडाइ (Clear Weidth) ३२ इन्च (८१३ मि.मि.) हुनु पर्नेछ ।

(ख) दुई वटा स्वतन्त्र खापाहरू (Independent Leaves) भएको र सामान्य अवस्थामा भित्र पस्न वा निस्कन कम्तीमा एउटा खापा प्रयोग गरिने गरी बनाइएको ढोकामा प्रयोग गरिने खापा ९० डिग्रीमा खोल्दा खुला भागको चौडाइ कम्तीमा ३२ इन्च (८१३ मि.मि.) को हुनु पर्नेछ ।

(ग) ढोका खोल्नको लागि ठेल्दा ५ पाउण्ड भन्दा बढी वल प्रयोग गर्नु पर्ने ढोका पहु''चयुक्त मानिनेछैन ।

(घ) ढोकाबाट भित्र र बाहिर आवश्यकता अनुसार वन्द गर्न र खोल्नको लागि जडान गरिने चुकुल, ह्याण्डल, साङ्लो वा ताल्चा लगाउने ठाउँ जडान गर्दा जमिनबाट उक्त जडान गर्ने ठाउँको उचाई ४२ देखि ४८ इन्च (१०६७ मि. मि. देखि १२१९ मि.मि.) भन्दा बढी हुनु हुँदैन ।

(ङ) ढोका खोल्न र लगाउने क्रममा ह्वीलचियर अगाडी पछाडी सार्नु पर्ने वा घुमाउनु पर्ने हुनाले यसको लागि ढोकाभित्र र बाहिर पर्याप्त ठाउँ उपलब्ध हुनु पर्नेछ ।






(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम निर्माण भएको ढोका अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त मानिनेछैन:–

(क) खापा खोल्न निकै वल प्रयोग गर्नु पर्ने वा स्प्रीङ्गले कसिलो बनाइएको आफै वन्द हुने खापा (Self Closing door) भएको ढोका ।

(ख) ह्वीलचियरमा वसेर वा वैशाखीमा उभिएर ढोका वाहिर वा भित्र खोल्न र वन्द गर्न पर्याप्त ठाउँ उपलब्ध नभएको ढोका ।

## २१. ह्वीलचियर घुमाउन आवश्यक पर्ने ठाउँ:

(१) ह्वीलचियर लिएर आवागमन गर्दा विभिन्न अवस्थामा आवश्यकता अनुसार ह्वीलचियर दायाँ वायाँ वा विपरीत दिशातर्फ घुमाउन पर्याप्त ठाउँ हुनु पर्नेछ ।



(२) सामान्यतया एउटा ह्वीलचियर १८० डिग्रीमा घुमाउनको लागि कम्तीमा ७१ इन्च (१८०० मि.मि.) व्यास (Diameter) को स्थान उपलब्ध हुनु पर्नेछ ।

(३) सडक पेटी, सार्वजनिक शौचालय, स्नानगृह, सार्वजनिक भवनका प्यासेज, करिडोर वा वरण्डा, एटीएम राखिएको कोठा, सार्वजनिक टेलिफोन वुथ, डिपार्टमेन्टल स्टोरमा सामानहरू राखिएका दुई र्याकका लहरहरू वीचको खाली भाग, लाइब्रेरीमा पुस्तक राख्ने र्याकका लहरहरू वीचको स्थान, कक्षा कोठामा दायाँ वायाँ तर्फ डेस्क वेन्च राखी बीचमा खालि राखिएको स्थान आदिमा ह्वीलचियर घुमाउन मिल्ने गरी स्थान उपलब्ध गराउनु पर्नेछ ।

(४) सडक पेटी, सडक, भवनका प्यासेज वा करीडोर, लवी आदिमा ह्वीलचियर सहजसँग गुडाउन एउटा ह्वीलचियरको लागि मात्र कम्तीमा ४८ इन्च (१२०० मि.मि.) चौडाइको ठाउँ आवश्यक पर्ने भएकोले यस्ता ठाउँहरूमा ह्वीलचियर घुमाउन, अर्को विपरीत दिशाबाट आएको ह्वीलचियर सजिलैसँग पार गर्न र ह्वीलचियर सँगै पैदल हिंडने व्यक्ति समेत हिँडन मिल्ने गरी आवश्यक स्थानको व्यवस्था गर्नु पर्नेछ ।

(५) सार्वजनिक भवनमा बनाइने करिडोर र प्यासेजहरू दुईवटा ह्वीलचियरहरू विना अवरोध पार (Cross) हुन कम्तीमा ७१ इन्च (१८०० मि.मि.सम्म) चौडा बनाउनु पर्नेछ ।

## २२. स्नानघर (Bathroom):

(१) सार्वजनिक स्नानघर वा आवास गृहमा बनाइने स्नानघर ह्वीलचियर प्रयोगकर्ता, अन्य सबै अपाङ्गता भएका व्यक्तिका लागि प्रयोग मैत्री र पहुँचयुक्त हुनु पर्नेछ ।

(२) सार्वजनिक स्नानघर वा आवास गृहमा बनाइने स्नानघर निर्माणका गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) एउटा पहुँचयुक्त स्नानघरको भित्री भाग कम्तीमा ९२.५ इन्च लम्वाई र ७१ इन्च चौडाइको हुनु पर्नेछ ।

(ख) स्नानघरको ढोकाको चौडाइ कम्तीमा ३२ इन्च (८१३ मि.मि.) हुनु पर्नेछ ।

(ग) स्नानघरको ढोकासम्म आई पुग्न खुड्किला उक्लनु पर्ने भएमा सँगसँगै र्‍याम्पको व्यवस्था हुनु पर्ने र खुड्किला उक्लन नपर्ने भएमा ह्वीलचियर गुडाउन कुनै अवरोध नभएको हुनु पर्नेछ ।

(घ) स्नानघरको भित्र ह्वीलचियर घुमाउनको लागि ७१ इन्च (१८०० मि.मि.) व्यास (Diameter) को स्थान उपलब्ध हुनु पर्नेछ ।

(ङ) स्नानघरमा उपलब्ध गराइने सावर खोल्न र वन्द गर्न प्रयोग गरिने स्वीच (Shower Controls) भुइँको सतहबाट बढीमा ४० इन्चको उचाइमा राख्नु पर्नेछ । सावर खोल्न र वन्द गर्न प्रयोग गरिने स्वीच भूइँमा पीर्कामाथि वसेर वा मेचमा वसेर समेत प्रयोग गर्न सहज हुनु पर्नेछ ।




(च) लुगा झुण्ड्याउने खुट्टी, टवेल राख्ने वार, सावुन राख्ने ठाउँ, भुइँको सतहबाट बढीमा ३९ इन्च देखि ४७ इन्च (१००० मि.मि. देखि १२०० मि.मि.) को उचाइमा हुनु पर्नेछ ।

(छ) स्नानघर भित्र ह्वीलचियर प्रयोगकर्ता वा अपाङ्गता भएका व्यक्तिको लागि उठन र वस्न सजिलो हुन गरी भित्तामा समात्ने डण्डीको व्यवस्था गर्नु

पर्नेछ । सो समात्ने डण्डी (Grab Rail) भूइँको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ ।

(ज) अपाङ्गता भएको व्यक्ति कुनै कारणवस स्नानघरभित्र लडेमा वा दुर्घटना भएमा सजिलैसँग आपत्कालिन आलाम बजाउने वटन दवाउन मिल्ने गरी सो वटन भूइँको सतहबाट बढीमा १५ इन्चको उचाइमा राख्नु पर्नेछ ।

**२३. सार्वजनिक धारा र हात मुख धुने वेशीन** :

(१) कुनै पनि सार्वजनिक प्रयोजनको लागि बनाइने पानीका धारा, वास वेसिन आदि ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, होचापुड्का, दृष्टिविहिन व्यक्ति लगायत सबै अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सार्वजनिक धारासम्म ह्वीलचियर जान सक्ने गरी र्‍याम्पको व्यवस्था, धाराको उचाइ, धाराको प्रकार, सरसफाइको लागि उपयोग गरिने सामानहरू राख्ने ठाउँ, सतहको निर्माण आदिमा विशेष ध्यान दिनु पर्नेछ ।

(३) हात मुख धुने वेशीन (Wash Basin) निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) ह्वीलचियर प्रयोगकर्ताको लागि हात मुख धुने वेशीन (Wash Basin) जडान गर्दा वेशिनको वीचको भाग र यसको छेउपट्टीको पर्खाल (Side Wall) को दुरी कम्तीमा ४६० मी.मी. को हुनु पर्नेछ ।

(ख) वेशीनको माथिल्लो किनारा (Top Edge) भूइँको सतहबाट बढीमा ३१ देखि ३३ इन्च (८०० मि.मि. देखि ८४० मि.मि.) को उचाइमा हुनु पर्नेछ ।

(ग) वेशिनको मुनिको भागमा ह्वीलचियरको अगाडीपट्टीको केही भाग सहित व्यक्तिको घुँडा छिराउन मिल्ने स्थान उपलब्ध हुनु पर्नेछ । यसको लागि कम्तीमा ७५० मि.मि. चौडा, वेशिनको मुनिको भाग र सतह वीचको उचाई ६८० मि.मि. र भित्रपट्टी घुँडा अटाउनको लागि २०० मि.मि. स्थान खाली हुनु पर्नेछ ।

(घ) वेशिनको ठीक माथि राखिने ऐना जमिनको सतहबाट बढीमा १००० मि.मि. उचाइमा राख्नु पर्नेछ ।



(a) Plan view of wash basin (b) Isometric view of wash basin

**२४. टेवल, काउन्टर तथा अन्य:**

सम्बन्धित निकाय वा संस्थाले आफ्नो भवनको कार्यस्थल लगायत अन्य आन्तरिक सेवा सुविधा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछ: –

(क) टेवल ह्वीलचियर प्रयोगकर्ताको लागि कार्यालयमा काम गर्ने डेस्क, पढ्न लेख्न प्रयोग गरिने टेवल आदि प्रयोग गर्नको लागि कम्तीमा पनि ९०० मि.मि. X १२०० मि.मि. स्थान उपलब्ध हुनु पर्नेछ ।

(ख) खण्ड (क) को प्रयोजनको लागि त्यस्तो टेवलको उचाई बढीमा ७६२ मि.मि. देखि ८०० मि.मि. सम्म हुनु पर्नेछ ।

(ग) ह्वीलचियर प्रयोगकर्तालाई टेवल वा डेस्कमा आफ्ना कामहरू सजिलोसँग गर्नको लागि ह्वीलचियरको अगाडीपट्टीको भाग र व्यक्तिको घुँडा टेवल वा डेस्क मुनि छिराउन कम्तीमा ४८० मि.मि. भित्र (Deep) र ९०० मि.मि. चौडा स्थान उपलब्ध हुनु पर्नेछ ।

(घ) सुत्ने कोठामा भित्तामा जडान गरिने लुगा झुण्ड्याउने खुट्टी ह्वीलचियर प्रयोगकर्ताको लागि भुँइको सतहबाट बढीमा ४२ देखि ४८ इन्चको उचाईमा हुनु पर्नेछ ।

(ङ) सरकारी, गैर सरकारी वा निजी कार्यालयमा सर्वसाधारणलाई सेवा दिन बनाइएका काउन्टर, सिनेमा हलका टिकट काउन्टर, रिसेप्सन, आवेदन फाराम लिन वा भर्न

टेवल




प्रयोग गरिने डेस्क, सोधपुछ वा सूचना डेस्क, दर्ता चलानी डेस्क आदि ह्वीलचियरले टेकेको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ ।

(च) ह्वीलचियर प्रयोगकर्ताहरूका लागि खाना खाने डाइनिङ टेवलको सतह भुईँको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ ।

(छ) ह्वीलचियर प्रयोगकर्ताको लागि काम गर्ने टेवल, कम्प्युटर टेवल, लेखपढ गर्ने टेवल आदिको सतह भुइँको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ । यसै गरी दराज, फाइलिङ क्याविनेट आदिमा सामान राख्न र झिक्नको लागि बनाइने खानाहरू (Shalves) बढीमा ४८ इन्चको उचाइमा हुनु पर्नेछ ।

काउण्टर




**२५. सार्वजनिक टेलिफोन वुथ र एटीएम सेवा:**

सम्बन्धित निकाय वा संस्थाले आफ्नो सार्वजनिक टेलिफोन वुथ र एटीएम सेवा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछ: –

(क) सार्वजनिक स्थानमा ए.टी.एम. राखिएको कोठामा ह्वीलचियर प्रवेशमा कुनै अवरोध हुनु हुँदैन । यसको लागि ढोका, आवश्यक भए र्‍याम्प र कोठाभित्र पसिसकेपछि ह्वीलचियर घुमाउन चाहिने आवश्यक स्थान उपलब्ध हुनु पर्नेछ ।

(ख) ए.टी.एम. मेसिन उपयोग गर्न राखिएका वटनहरू ह्वीलचियरले टेकेको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ ।

(ग) ए.टी.एम. मेसिन उपयोग गर्न प्रयोग गरिने वटनहरूमा उल्लेख गरिएका नम्वर वा कमाण्डलाई अनिवार्य रुपमा दृष्टिविहिन व्यक्तिहरूले पढ्न मिल्ने गरी व्रेल लिपिमा पनि राखिनु पर्नेछ ।

(घ) उभिएर ए.टी.एम मेसिन उपयोग गर्न नमिल्ने अपाङ्गता भएका व्यक्तिका लागि बस्नको लागि सिटको व्यवस्था गरिएको हुनु पर्नेछ । यस्तो सिट फोल्ड गर्न मिल्ने गरी बनाउन सकिनेछ ।

(ङ) सार्वजनिक टेलिफोन वुथ राखिएको स्थानमा ह्वीलचियर प्रयोगकर्तालाई प्रवेश गर्न र यसको उपयोगमा कुन पनि अवरोध हुनु हुँदैन ।

(च) ह्वीलचियर प्रयोगकर्ताको लागि क्वाइन छिराउने प्वाल, टेलिफोन रिसीभर र नम्वर लेखिएका वटनहरू भुइँको सतहबाट बढीमा ३० इन्चको उचाइमा प्राप्त हुने गरी राखिएको हुनु पर्नेछ ।

**पहुँचयुक्त सार्वजनिक टेलिफोन बुथ**




**२६. सवारी पार्किङ्ग:**

(१) सवारी पार्किङ्ग गर्न बनाइएका ठाउँहरूमा कम्तीमा हरेक १० वटा सवारी पार्किङ्ग स्थल बराबर अपाङ्गता भएका व्यक्तिको लागि एउटा पहुँचयुक्त सवारी पार्किङ्ग स्थलको अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ र उक्त स्थानमा स्पष्ट देखिने गरी अन्तरा्राष्ट्रय मापदण्ड अनुरुपको पहुँचयुक्तताको चिन्ह (Accessibility Signage) राख्नु पर्नेछ ।

(२) अपाङ्गता भएका व्यक्तिको लागि पार्किङ्गको व्यवस्था गर्दा विशेष प्रकारको स्कुटरको लागि प्रति स्कुटर कम्तीमा ४८ इन्च चौडाइ र ६० इन्च लम्वाइ भएको स्थान छुट्याउनु पर्नेछ र पार्किङ्ग गरिएको एउटा स्कुटर र अर्को स्कुटरको वीचमा कम्तीमा ३६.इन्चको खुला ठाउँ हुनु पर्नेछ ।

(३) कार, भेन, जीप आदि सवारी साधनको हकमा पहुँचयुक्त पार्किङ स्थलको लागि कम्तीमा ९६ इन्च चौडाइ र १८८ इन्च लम्वाइको स्थान छुट्याउनु पर्नेछ र एउटा पार्किङ्ग गरेको सवारी साधन र अर्को पार्किङ्ग गरिएको सवारी साधनको वीचमा कम्तीमा ६० इन्च चौडा खुला स्थान हुनु पर्नेछ ।

(४) पार्किङ्ग स्थलमा सवारी पार्किङ्ग गरी अपाङ्गता भएका व्यक्तिलाई पुन: ह्वीलचियरमा

वसेर वा अन्य सहायक सामग्री प्रयोग गरी आफ्नो काममा जानको लागि वाटोमा कुनै प्रकारका अवरोधहरू हुनु हुँदैन र यसको लागि र्‍याम्प आवश्यक पर्ने ठाउँमा र्‍याम्प निर्माण गरिएको हुनु पर्नेछ ।

पहुँचयुक्त पार्किङ




**२७. सभा सम्मेलन हल र सिनेमा हल:**

सम्बन्धित निकाय वा संस्थाले सार्वजनिक सभा सम्मेलन हल र सिनेमा हल अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको व्यवस्था गर्नु पर्नेछ: –

(क) सार्वजनिक सभा, सम्मेलन हलभित्र ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, दृष्टिविहिन व्यक्ति लगायतका अपाङ्गता भएका व्यक्तिका लागि प्रवेशमा कुनै पनि प्रकारको भौतिक अवरोध राख्न पाइने छैन ।

(ख) सभा, सम्मेलन हलभित्र कार्यक्रम सञ्चालन लगायत विभिन्न कृयाकलाप गर्न वनाइएको मञ्चमा ह्वीलचियर जान सक्ने गरी र्‍याम्पको व्यवस्था गरिएको हुनु पर्नेछ

(ग) सभा, सम्मेलन हलको दर्शक दीर्घामा कुल सिट संख्याको ५ प्रतिशत सीट ह्वीलचियर प्रयोगकर्ता र वैशाखी प्रयोगकर्ता लगायत अन्य हिँडडुलमा कठिनाई हुने अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त बनाउनु पर्नेछ ।

(घ) ह्वीलचियरमा वसेर वा मेचमा वसेर कार्यक्रम सञ्चालन गर्न वा विचार अभिव्यक्त गर्न हरेक सभा तथा सम्मेलन हलको मञ्चमा कम्तीमा एउटा कम उचाइको पोडीयम

अनिवार्य रुपमा व्यवस्था गरिनु पर्नेछ । यस्तो पोडियमको भुँइको सतहबाट माइक स्ट्याण्ड राखिने सतहको उचाइ बढीमा ३० इन्चको हुनु पर्नेछ ।

(ङ) हरेक सिनेमा हल वा थिएटरमा ह्वीलचियर प्रयोगकर्ता, वैशाखी प्रयोगकर्ता, दृष्टिविहिन व्यक्ति लगायत अन्य अपाङ्गता भएका व्यक्तिको प्रवेशमा कुनै प्रकारको भौतिक अवरोधहरू हुनु हुँदैन ।

(च) हरेक सिनेमा हल वा थिएटरको दर्शक दीर्घामा कुल सीट संख्याको कम्तीमा ५ प्रतिशत सिटहरू ह्वीलचियर प्रयोगकर्ता लगायत अन्य अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त तुल्याइएको हुनु पर्नेछ ।

(छ) थिएटरको कार्यक्रम मञ्चन गर्ने ठाउँसम्म ह्वीलचियर प्रयोगकर्ता विना अवरोध जान सक्ने गरी आवश्यकता अनुसार र्‍याम्पको व्यवस्था गरिएको हुनु पर्नेछ ।

**२८. भर्याङ्ग**

(१) सार्वजनिक भवनमा बनाइएका भर्याङहरू वैशाखी, क्यालीपर, कृतिम खुट्टा, एल्वो क्रचेस, लट्ठी आदिको प्रयोग गर्नु पर्ने व्यक्ति, दृष्टिविहिन व्यक्ति लगायत अपाङ्गता भएका व्यक्तिको लागि चढ्न र ओर्लनको लागि सहज, सुरक्षित र मैत्रीपूर्ण हुनु पर्नेछ ।

(२) सार्वजनिक स्थल, आवासगृह, सर्वसाधारणको लागि विभिन्न सेवा प्रदान गर्न बनाइएका निजी तथा सार्वजनिक भवन लगायत अन्य ठुला व्यावसायिक भवनरुमा भर्याङ्ग निर्माण गर्दा देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) भर्याङ्गका हरेक खुडकिलाहरू समान उचाइ र समान चौडाइका हुनु पर्नेछ ।

(ख) खुड्किलाको खुट्टा राख्ने ठाउँ (Tread) को चौडाइ ११ इन्च (२८० मि.मि.) भन्दा कम हुनु हुँदैन ।

(ग) खुड्किलाको उचाइ ६.५ इन्च (१६५ मि.मि.) भन्दा बढी हुनु हु"दैन ।

(घ) भर्याङ्गको दुवैतिर हाते रेलिङ्ग अनिवार्य रुपले राख्नु पर्नेछ । भर्याङ्गको एक छेउ वा दुवै छैउमा पर्खाल भएमा पर्खाल र हाते रेलिङ्गको बीचमा १ देखि १.५ इन्च सम्मको खाली भाग राखेर हाते रेलिङ्ग निर्माण गर्नु पर्नेछ ।

(ङ) हाते रेलिङको उचाई (हरेक खुड्किला जहाँबाट रेलिङ सुरु हुन्छ त्यहाँदेखि समात्ने ठाउँसम्म) ३४ र ३८ इन्च (८६३ मि.मि. र ९६५ मि.मि.) को बीचमा हुनु पर्नेछ ।




Fig. 8 : Steps

### २९. लिफ्टः

अपाङ्गता भएका व्यक्तिहरूको लागि तला चढ्न र ओर्लनको लागि लिफ्ट जडान गरिएका आधुनिक भवनमा लिफ्ट जडान गर्दा देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) पार्किङ स्थल वा मुख्य प्रवेशद्वार वा भवन परिसरबाट लिफ्टसम्म ह्वीलचियर आइपुग्नको लागि कुनै किसिमको भौतिक अवरोध हुनु हुँदैन ।

(ख) लिफ्टमा ढोकाको चौडाई न्यूनतम ३६ इन्च (९१५ मि.मि.) र लिफ्टको भित्र एउटा ह्वीलचियरको लागि न्यूनतम ४८ इन्च (१२२० मि.मि.) चौडाइ र ५५ इन्च (१३९७ मि.मि.) लम्वाइको स्थान उपलब्ध हुनु पर्नेछ ।

(ग) लिफ्टभित्र पसिसकेपछि ह्वीलचियर घुमाउनको लागि अवाश्यक पर्ने पर्याप्त ठाउ" सुनिश्चित गर्नु पर्नेछ ।

(घ) लिफ्टलाई वोलाउनको लागि प्रयोग गर्ने विद्युतीय वटनहरू ह्वीलचियरले टेकेको सतहबाट बढीमा ४२ इन्च (१०६६ मि.मि.) को उचाइमा राख्नु पर्नेछ ।

(ङ) व्यक्तिभित्र पसिसकेपछि लिफ्टलाई आफूले चाहेको तलासम्म पुर्‍याउन थिच्नु पर्ने वटन राखिएको उचाइ पनि बढीमा ४२ इन्च (१०६६ मि.मि.) हुनु पर्नेछ ।

(च) लिफ्ट सञ्चालन गर्नको लागि प्रयोग गर्नु पर्ने वटनहरूमा लेखिएका अक्षरहरू न्यूनदृष्टि भएको व्यक्तिले समेत पढ्न सक्ने गरी ठुला अक्षरमा र पूर्ण दृष्टिविहिन व्यक्तिले समेत प्रयोग गर्न मिल्ने गरी व्रेलमा पनि लिपिवद्ध गर्नु पर्नेछ ।

(छ) लिफ्ट सञ्चालन भैसकेपछि माथि जाँदैछ कि तल जाँदैछ भनेर थाहा पाउन र कुन तलामा लिफ्ट पुग्यो भनेर थाहा पाउन आ"खाले देख्न सकिने संकेतको साथै कानले सुन्न सकिने ध्वनि संकेतको समेत व्यवस्था गर्नु पर्नेछ ।

(छ) लिफ्टको भित्र भित्तामा भुँइको सतहबाट बढीमा ३६ इन्च (९१५ मि.मि.) उचाइमा रहने गरी तेर्सो (Horizental) समात्ने बार राखिएको हुनु पर्नेछ ।

## ३०. पानीको धारा:

सार्वजनिक धारा निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछ:–

(क) सार्वजनिक स्थलमा वनाइने खुला धाराको हकमा ह्वीलचियरमा वसेर पानीको धारा प्रयोग गर्नको लागि ह्वीलचियरले टेकेको सतहबाट धाराको टुटी (Spout) सम्मको उचाई बढीमा ३० देखि ३६ इन्चसम्मको हुनु पर्नेछ ।

(ख) धाराको पानी सिधै भुईंमा झर्ने गरी बनाइएको धारामा पानी झर्न बनाइएको सतहमा वैशाखी वा ह्वीलचियर नचिप्लने गरी निर्माण गर्नु पर्नेछ ।

(ग) धाराको नजिकै सावुन वा व्रस राख्न बनाइने ठाउँको उचाइ पनि भूईंको सतहबाट बढीमा ३० इन्चको उचाइमा हुनु पर्नेछ ।

(घ) लुगा कपडा आदि राख्न वा झुण्ड्याउन बनाइएको खुट्टी आदि बढीमा ४२ इन्चको उचाइमा हुनु पर्नेछ ।

(ङ) सकेसम्म धाराहरू छनौट गर्दा सबैलाई उपयुक्त हुने किसिमका धाराहरू छनौट गर्नु पर्नेछ ।

## ३१. शौचालय:

(१) कुनै पनि भवनमा सर्वसाधारणको प्रयोगको लागि निर्माण गरिएका सौचालय, आवास गृहमा निर्माण गरिएका शौचालय र अन्य शौचालयमा ह्वीलचियर प्रयोगकर्ता लगायत अन्य अपाङ्गता भएका व्यक्तिको लागि प्रवेश र प्रयोगमा कुनै अवरोध हुनु हुँदैन ।

(२) सौचालय निर्माण निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछ:–

(क) शौचालयको ढोकाको खापा बाहिर तर्फ खुल्ने गरी बनाउने भए ह्वीलचियर प्रयोगकर्ताले वाहिर आफु सुरक्षित रही ढोकोको खापा बाहिर तर्फ तान्न मिल्ने गरी पर्याप्त ठाउँ राख्नु पर्नेछ । ढोका तान्दा ह्वीलचियर थोरै पछाडिपट्टी गुडाउने र पुरै ढोका खुलिसकेपछि मात्र भित्र प्रवेश गराउनको लागि अतिरिक्त ठाउ"को आवश्यकता पर्ने भएकोले यस्तो अतिरिक्त ठाउ" कम्तीमा पनि ६० इन्च लम्वाइ र ३६ इन्च चौडाइको हुनु पर्नेछ ।

(ख) खापा भित्र पट्टी खुल्ने गरी बनाउने भए ह्वीलचियर भित्र प्रवेश गराएर पुन ह्वीलचियर घुमाएर ढोका वन्द गर्न र उपयुक्त ठाउ“मा ह्वीलचियरलाई उभ्याएर शौच स्थानमा सर्न मिल्ने गरी खुला ठाउँ राख्नु पर्नेछ । भित्र पट्टी शौच स्थानले ओगट्ने स्थानको अतिरिक्त यस्तो खुल्ला ठाउ“ कम्तीमा पनि ३२ इन्छ चौडा र ५१ इन्च लम्वाइको हुनु पर्नेछ ।

(ग) परम्परागत (टुक्रुक्क वसेर गर्ने) शौचस्थान अपांगता भएका व्यक्तिलाई अनुपयुक्त र कष्टकर हुने हुनाले सार्वजनिक सौचालयमा सकेसम्म सबैका लागि उपयुक्त हुने कमोड (मेचमा वसे जसरी वसेर गर्न मिल्ने) को प्रयोग गर्नु पर्नेछ । यस्तो कमोड जडान गर्दा यसको उचाई सतहबाट बढीमा १९ इन्च हुनु पर्नेछ ।

(घ) शौचालय भएको स्थान वा शौचालयलाई संकेत गर्ने सूचना लेखिएको ठाउ“मा व्रेलमा पनि लेख्नु पर्ने र महिला शौचालय र पुरुष शौचालय छुट्याउन लागि व्रेलमा समेत लेखिनु पर्नेछ । यस्तो व्रेलमा लेखिएको सूचना दृष्टिविहिन व्यक्तिले उभिएर हातले छाम्दा सहज हुने गरी सतहबाट बढीमा ४२ इन्चको उचाइमा राखिनु पर्नेछ ।

(ङ) सार्वजनिक पुरुष शौचालयमा पुरुषहरूको लागि पिसाव फेर्नको लागि बनाइएको युरिनलसम्म ह्वीलचियर लिएर जान कुनै अवरोध हुनु हुँदैन ।

(च) ह्वीलचियरले टेकेको सतहबाट युरिनलको उचाइ बढीमा ३० इन्च हुनु पर्नेछ ।

### ३२ सडक पेटी (Side Walk)

पहुँचयुक्त सडकपेटी निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) सडक पार गर्न वनाइएका स्थानमा सडक पार गरिसकेपछि सडकबाट सडकपेटीतर्फ उक्लिनु पर्ने ठाउँमा कर्व र्‍याम्पको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ख) ह्वीलचियर प्रयोगकर्तालाई सडक पेटीमा ह्वीलचियर गुडाउँदा सडकमा हिँडने अन्य व्यक्तिबाट वा अन्य व्यक्तिलाई ह्वीलचियर प्रयोगकर्ताबाट कुनै अवरोध नहुनको लागि सडकपेटीको चौडाइ कम्तीमा ७१ इन्च (१८०० मि.मि.) सुनिश्चित हुनु पर्नेछ ।

(ग) सडकपेटीमा पार्किङ लगायत विभिन्न किसिमका पसल राख्न हुदैन ।

### ३३. गाइडीङ्ग ब्लक्स (Guiding Blocks)

(१) दृष्टिविहिन व्यक्तिको लागि सडकमा अत्मविश्वास र सहजताका साथ हिंडन र आफुले चाहेको गन्तव्यमा विना अन्यौल पुग्न सडक, सडक पेटी, सार्वजनिक भवन परिसर तथा मुख्य प्रवेशद्वार, सार्वजनिक पार्क, विद्यालय तथा कलेज परिसर आदिमा आवागमनको लागि सेतो छडी वा खुट्टाले स्पर्श गरेर थाहा पाउने गरी निश्चित मापदण्ड, आकार र प्रकारका गाइडिङ्ग व्लकहरू विछ्याउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आवश्यकता अनुसार थोप्ले गाइडिङ्ग व्लक (Dotted type Guiding Block) र धर्के गाइडिङ्ग व्लक (Line Type Guiding Blocks) गरी दुई प्रकारका गाइडिङ्ग व्लकहरू प्रयोग गर्नु पर्नेछ ।

(३) गाइडिङ्ग व्लक विछ्याउनु पर्ने स्थान देहाय बमोजिम हुनेछः–

(क) सडक तथा पेटी,

(ख) वाटो घुम्ने विभिन्न मोड,

(ग) वाटो चार तिर फाट्ने स्थान र सडक पार गर्ने ठाउँ,

(घ) विभिन्न सार्वजनिक स्थल वा भवन परिसरका मुख्य प्रवेश द्वारबाट भवनसम्म वा सेवा लिने ठाउँसम्म जाने वाटो,

ङ) भर्याङ ।

(३) गाइडिङ्ग व्लक निर्माण निर्माण गर्दा देहायको मापदण्ड अपनाउनु पर्नेछः–

(क) गाइडिङ्ग ब्लक न्यूनतम रुपमा वालुवा सिमेन्ट वा ढुंगाको बनाउनु पर्नेछ ।

(ख) गाइडिङ्ग व्लक दृष्टिविहिन व्यक्तिले खुट्टाले वा सेतो छडीले सजिलै थाहा पाउने र वुझ्न सक्ने हुन पर्नेछ ।

(ग) गाइडिङ्ग व्लक वर्गाकार हुन पर्नेछ र एउटा ब्लक कम्तीमा ३०० मिलिमिटर वा झण्डै १२ इन्च चौडाइ र १२ इन्च लम्वाइको हुनु पर्नेछ ।

(घ) गाइडिङ्ग ब्लकमा बनाइएका थोप्ला (Dots) वा धर्का (Line) दृष्टिविहिन व्यक्तिले महसुस गर्न सक्ने किसिमले सतहबाट माथि उठेको (embossed) हुनु पर्नेछ ।






## परिच्छेद–६

## विविध

### ३४. विजुलीका पोल, साइनवोर्ड, टेलिफोन वुथ, सूचना तथा सन्देश वोर्ड अवरोध नहुने गरी राख्नु पर्ने:

सडकपेटी, सार्वजनिक भवनका प्यासेज, लवि वा करिडोर आदिमा रहने विभिन्न वस्तु जस्तै विजुलीका पोल, साइनवोर्ड, टेलिफोन वुथ, सूचना तथा सन्देश वोर्ड, रोपिएका रुख

विरुवा लगायतका वस्तु राख्दा दृष्टिविहिन व्यक्ति लगायत अन्य अपाङ्गता भएका व्यक्तिलाई समेत आवागमनमा अवरोध नहुने गरी देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः–

(क) सडक वा सडक पेटीमा पर्याप्त आवागमनको लागि स्थान छोडेर रुख तथा विरुवाहरू रोप्ने र सडक वा सडकपेटीको सतहबाट कम्तीमा ७ फिटभन्दा मुनि पलाएका र सडक वा सडकपेटीतर्फ फैलिएका रुखका हाँगाविँगालाई हटाउनु पर्नेछ ।

(ख) दृष्टिविहिन व्यक्तिलाई असजिलो हुने गरी वा हिँडदा ठोकिने सम्भावना हुने गरी सडक पेटीको वीचमा विजुली वा टेलिफोनका खम्वाहरू राख्नुहुँदैन ।

(ग) सडक पेटिमा भएका खाल्डा खुल्डी पुर्ने र ठुला ढुंगाहरू भए हटाउनु पर्नेछ ।

(घ) सडक पेटीमा वा ठुला सार्वजनिक भवनभित्र हि''ड्ने प्यासेज वा लविका भित्तामा ट''साएर वा नट''साइ सन्देश वा विज्ञापनका लागि राखिने वोर्डहरू वा अन्य केही वस्तुहरू जमिनको सतह भन्दा ५८० मि.मि. भन्दा माथि कुनै पनि उचाइमा राख्दा त्यस्तो वस्तुमा शरीर नठोकिने गरी र सो वस्तु सेतो छडीले पत्ता लगाउन नसके तापनि पर्खाललाई सजिलै पत्ता लगाउन सक्ने गरी सो वस्तुको किनारा वा भाग पर्खालको सतहबाट १०० मि.मि.मात्र प्यासेज तर्फ निस्किएको हुनु पर्नेछ ।

(ङ) ५८० मि.मि. वा सो भन्दा कम उचाइमा मात्र कुनै त्यस्तो उक्त वस्तु राखिने भए सेतो छडीले उक्त वस्तु पत्ता लगाउन र शरीर ठोकिने सम्भावना नरहने गरी त्यसको प्यासेज तर्फ निस्किएको भाग वा किनारा १०० मि.मि. भन्दा वढी हुनु पर्नेछ । त्यस्तो व्यवस्था गर्दा प्यासेजमा आवागमन गर्न बाधा हुनु हुँदैन ।

(च) मतदान अधिकारको प्रयोग सम्बन्धी व्यवस्था : निर्वाचनको समयमा मतदाता नामावली संकलन देखि मतदानसम्मका प्रकृया र मतदान केन्द्रहरूसम्म अपाङ्गता भएका व्यक्तिहरू जानसक्ने र मतदानको अधिकार प्रयोग गर्न सक्ने गरी भौतिक संरचनाहरूको निर्माण तथा व्यवस्था गरिनेछ । यसका लागि आवश्यकता अनुसार र्‍याम्पको व्यवस्था पंक्तिमा बसेर मतदान गर्न कठिनाई हुने व्यक्तिको लागि अग्राधिकार दिने व्यवस्था गरिनेछ । मतदान प्रकृयामा दृष्टीविहिन व्यक्तिहरूको पहुँच बढाउन र आफुले दिएको मत प्रति सुनिश्चि हुन ब्रेल सहितको मत पत्र वा पहुँचयुक्त विद्युतीय भोटीङ्ग मेसिनको अभ्यासलाई क्रमश: लागू गरिनेछ ।

**३५. उपयुक्त अनुकुलता** (Reasonable Accommodation) **उपलब्ध गराउनु पर्ने**:

सम्बन्धित निकायले माथि उल्लेखित अपाङ्गता भएका व्यक्तिको लागि अवरोधमुक्त वातावरण निर्माण गर्न आवश्यक पर्ने पूर्वाधार र मापदण्ड बाहेक व्यक्ति विशेषको कृयात्मक सिमितता, शारीरिक अवस्था र आवश्यकताको आधारमा विद्यालय, घर वा कार्यस्थलका भौतिक संरचना वा एसुविधामा पहुँच पुर्‍याउन थप आर्थिक भार नपर्ने गरी विशेष

प्रकारको सहायक सामग्री, कक्षा कोठा, शौचालय वा वाथरुम, खाना खानको लागि टेवल र भाँडाकुँडाको व्यवस्था, विशेष प्रकारको बस्ने मेच वा डेस्कको व्यवस्था, कम्प्युटर सफ्टवेयर, खुट्टाले कम्प्युटर चलाउने व्यक्तिका लागि खुट्टाले किवोर्ड र माउस चलाउन मिल्ने व्यवस्था, कार्यास्थलको उपयुक्त स्थानमा र उपयुक्त तरिकाले दराज, फाइलिङ क्याविनेट, टेलिफोन, प्रिन्टर, फोटोकपी मेशीन, स्क्यानर जस्ता उपयुक्त अनुकुलता उपलब्ध गराउनु पर्नेछ ।

## अपाङ्गतामैत्री सञ्चार निर्देशिका – २०७३

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (सन् २००६) ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र गरिमाको संरक्षण सुनिश्चित गरेको तथ्यलाई हृदयंगम गर्दै, आमसञ्चार प्रक्रियाका क्रममा अक्षर, वचन वा दृश्यद्वारा अपाङ्गता भएका व्यक्तिको अधिकार र गरिमामा आँच आउने शब्द, शब्दावली, तस्वीर वा भाषा प्रयोग नहोस् वा त्यस्तो आशय प्रकट नहोस् भन्ने ध्येयका साथ आमसञ्चार माध्यम तथा पत्रकारले आफ्नो कर्तव्यपालनाको क्रममा अपाङ्गता भएका व्यक्तिप्रति थप जिम्मेवारी, संवेदनशीलता र उत्तरदायित्व वहन गर्न वाञ्छनीय भएकाले पत्रकार आचारसंहिता—२०७३ को दफा (१२) ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासंघ र राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल समेतको सल्लाह र सम्मतिमा प्रेस काउन्सिल नेपालद्वारा अपाङ्गतामैत्री सञ्चार निर्देशिका – २०७३ जारी गरिएको छ ।

### प्रारम्भिक

१. नाम, प्रारम्भ र विस्तार:

(१) यस निर्देशिकाको नाम अपाङ्गतामैत्री सञ्चार निर्देशिका– २०७३ रहेको छ ।

(२) यो निर्देशिका प्रेस काउन्सिल नेपालले निर्णय गरेको मिति २०७३/१०/२६ बाट लागू भएको छ ।

(३) यो निर्देशिका नेपालमा सञ्चालित सञ्चारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारलाई लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(२) 'आचारसंहिता' भन्नाले पत्रकार आचारसंहिता–२०७३ सम्झनुपर्छ ।

(३) 'निर्देशिका' भन्नाले अपाङ्गतामैत्री सञ्चार निर्देशिका–२०७३ सम्झनुपर्छ ।

(४) 'समाचार सम्प्रेषण' भन्नाले विद्युतीय लगायतका सम्पूर्ण सञ्चारमाध्यमबाट सम्प्रेषित श्रव्य, दृश्य, मुद्रण, चित्रांकन, छायांकन एवम् विज्ञापन लगायतका सामग्री सम्झनुपर्छ

(५) 'सञ्चारमाध्यम' भन्नाले पत्रपत्रिका, रेडीयो, टेलिभिजन, विद्युतीय सञ्चारमाध्यम, समाचार एजेन्सी तथा इन्टरनेटका माध्यमबाट समाचार, सूचना, विज्ञापन तथा विचारमूलक लेख वा कार्यक्रम उत्पादन, वितरण एवं सम्प्रेषण गर्ने संघ, संस्था, निकाय, कम्पनी, सेवा प्रदायक र सेवा सम्झनुपर्छ । (६) 'पत्रकार' भन्नाले कुनै सञ्चारमाध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन, सञ्चार र सम्प्रेषण जस्ता कार्यसँग आबद्ध कुनै पनि व्यक्ति वा सो कार्यसँग सम्बन्धित कुनै पनि पद, हैसियत र सम्बन्धमा काम गर्ने व्यक्ति सम्झनुपर्छ ।

(७) 'अपाङ्गता' भन्नाले विभिन्न कारणले अपाङ्गता भएका व्यक्ति सम्झनुपर्छ ।

**पत्रकार र सञ्चारमाध्यमको कर्तव्य**

३. पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता सम्बन्धी समाचार सम्प्रेषण गर्दा देहाय अनुसारका कर्तव्य पालना गर्नुपर्दछ:

१) व्यक्तिको गरिमाको सम्मान: पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिको गरिमा र मर्यादामा चोट नपुग्ने वा अवहलेना नहनु वा थप पीडा नदिने गरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

२) अपाङ्गता भएका व्यक्तिको अभिव्यक्तिको सुनिश्चितता: पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिको मर्यादाको पूर्ण सम्मानका साथ अन्तर्वार्ता लिई उनीहरूको विचार, भावना र धारणा तोडमोड नगरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

३) विशेषणको प्रयोगमा सतर्कता: पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिको नाम वा सन्दर्भ उल्लेख गर्दा अनुपयुक्त र असान्दर्भिक ढंगले अपाङ्गता झल्किने शब्द वा विशेषणको प्रयोग नगरी मर्यादितरूपमा व्यक्तिको व्यावसायिक वा सामाजिक परिचय खुल्ने गरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

४) थप हानि पुग्न सक्नेमा सजगता: पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिलाई कुनै घटनाको साक्षी वा प्रत्यक्षदर्शीका रूपमा प्रस्तुत गर्दा उनीहरूको अवहेलना नहुने गरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

५) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी जानकारी: पत्रकार तथा सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिको हकअधिकारका सम्बन्धमा विद्यमान व्यवस्थाहरूप्रति सचेतता अपनाई वा अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह व्यवहार गरी वा समावेशिताको सुनिश्चितता दिई समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

**पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने**

४. पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता सम्बन्धी समाचार सम्प्रेषण गर्दा देहाय अनुसारका कार्यहरू गर्नुहुदैनः

१) अपाङ्गता भएका व्यक्तिको सम्मानमा ठेस पुऱ्याउन नहुने: पत्रकार र सञ्चारमाध्यमले सोझो अर्थमा वा साङ्केतिक अभिव्यक्तिका क्रममा अपाङ्गता भएका व्यक्तिको गरिमामा प्रतिकूल असर पर्ने परम्परागत प्रचलनमा रहेका शब्द, शब्दावली, उपमा र उखानटुक्काको प्रयोग गरी समाचार सम्प्रेषण गर्नुहुँदैन ।

२) अपाङ्गता भएका व्यक्तिको सम्मानमा चोट पुऱ्याउने शब्द र शब्दावलीको प्रयोग गर्न नहुने: पत्रकार र सञ्चारमाध्यमले अपांगता भएका व्यक्तिको गरिमा प्रतिकूल हुने गरी देहायका शब्द र शब्दावली प्रयोग गरी समाचार सम्प्रेषण गर्नुहुँदैन ।

| प्रयोग गर्न नहुने शब्द, शब्दावली | प्रयोग गर्नुपर्ने शब्द, शब्दावली |
|---|---|
| अपाङ्ग | अपाङ्गता |
| विकलाङ्ग अपाङ्ग व्यक्ति, विषेश क्षमता भएको व्यक्ति, भिन्न क्षमता भएको व्यक्ति, फरक क्षमता भएको व्यक्ति, | अपाङ्गता भएका व्यक्ति |
| बहिरो, लाटो, लाटी, | बहिरा व्यक्ति, सुस्त श्रवण भएको व्यक्ति, सुनाइ र बोलाइ सम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| दृष्टिविहीन, अन्धो, कानो | न्यून दृष्टियुक्त व्यक्ति |
| सेरेबल्र पल्सी (मस्तिष्क पक्षाघात) | मस्तिष्क पक्षाघात भएको व्यक्ति |
| अपाङ्ग, खोरन्डो, डुडो, ढिकिच्याउँ, लंगडो, शारीरिक अपाङ्ग वा शारीरिक रूपमा चुनौतीयुक्त व्यक्ति | शारीरिक अपाङ्गता भएको व्यक्ति, पोलिमाइलाइटिस भएको व्यक्ति |
| अटिज्म वा अटिस्टिक | अटिज्म भएको व्यक्ति |
| गोजेंग्रो, लठेब्रो, सुस्त मनस्थिति | बौद्धिक अपांगता भएको व्यक्ति |
| डुडो, डुडी | एम्प्युटी भएको व्यक्ति, शारीरिक अपाङ्गता भएको व्यक्ति, हात वा खुट्टा नभएको व्यक्ति |
| हेमोफिलिक | हेमोफिलियायुक्त व्यक्ति |
| डाउन सिन्ड्रम वा डाउन सिन्ड्रमबाट पीडित व्यक्ति | डाउन सिन्ड्रम भएको व्यक्ति |
| बौलाहा, पागल, अर्धपागल, साइको | मनोसामाजिक अपाङ्गता भएको व्यक्ति |
| कुष्ठरोगी | कुष्ठ प्रभावित व्यक्ति |
| सामान्य विद्यालय | मूलधारका विद्यालय वा अन्य विद्यालय |
| म्युट | बोलाइ सम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| बाखो | भकभके अपाङ्गता भएका व्यक्ति |

| प्रयोग गर्न नहुने शब्द, शब्दावली | प्रयोग गर्नुपर्ने शब्द, शब्दावली |
|---|---|
| डल्ले, डल्ली | होचापुड्का |
| भावना र व्यवहारमा समस्या भएको | भावना र व्यवहार सम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| विशेष विद्यालय | विशेष शिक्षा प्रदान गर्ने विद्यालय |
| समावेशी विद्यालय | समावेशी शिक्षा प्रदान गर्ने विद्यालय |

३) अपाङ्गता भएका व्यक्तिको आत्मसम्मानमा चोट पुऱ्याउने उपमाको प्रयोग गर्न नहुनेः पत्रकार र सञ्चारमाध्यमले अपाङ्गता भएका व्यक्तिको आत्मसम्मानमा चोट पुग्ने देहायका उपमाहरू प्रयोग गरी समाचार सामग्री सम्प्रेषण गर्नुहुदैन ।

१) लाटो जस्तो
२) कानो सरकार
३) अन्धो सरकार
४ अपाङ्ग सरकार
५) अन्धोपे्रम र अन्धभक्त
६) त्यति पनि कुरा नबुझ्ने के लाटा वा लाटी, के म अन्धो हो र? बहिरो हो र? पागल हो र ?
७) बहिरो सरकार
८) लंगडो सरकार
९) ए ऊ त साइको भएछ
१०) अपाङ्ग सरकार
११) कस्तो पागल जस्तो बकबक गरेको
१२) कति बोल्न सक्या होला पागल जस्तो
१३) यति पनि कुरा नबुझ्ने के कस्तो लाटो भाको होला
१४) हामीलाई अपाङ्ग बनाइँदैछ
१५) यो त अपाङ्ग जस्तो भएन र ? कस्तो अपाङ्ग चिया बनाएको ?
१६) कस्तो अपाङ्ग जस्तो कुरा गरेको ?

४) पत्रकार र सञ्चारमाध्यमले अपाङ्गताको अवस्था वा अपाङ्गता भएका व्यक्तिको गरिमा प्रतिकूल असर पुऱ्याउने देहायका उखान टुक्का प्रयोग गरी समाचार सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

१) अन्धा(काना)को देशमा आँखा चिम्लनू, लंगडाको देशमा खुट्टो खोच्याउनू
२) आँखाको कानो नाउँ नैनसुख

३) कानो गोरुलाई औंशी न पुर्ने
४) के खोज्छस् काना आँखो
५) जो होचो उसको मुखमा घोचो
६) ताई भन्दा सेखी( धाक भन्दा धक्कू) ठूलो, हिंडन लाग्यो खुट्टा लुलो
७) देख्नेका आँखा फुटे सुन्नेका सही
८) धेरै कराउनेको मुख बाङ्गो
९) नहुने मामा भन्दा कानो मामा निको
१०) बौलाहा कुकुरलाई फूलबारीको डेरा
११) लाटाको खुट्टा बाटामा
१२) लाटो देशमा गाँडो तन्नेरी
१३) लाटो खान्छ एक बल्ड्याङ, बाठो खान्छ तीन बल्ड्याङ
१४) साउनमा आँखा फुटेको गोरु सधैं हरियो देख्छ
१५) होचाकी जोई सबैकी भाउजू

५) दयाको पात्रका रूपमा प्रस्तुत गर्न नहुने: पत्रकार र सञ्चारमाध्यमले अपाङ्गताको विषयलाई संकेत, प्रतीक, हास्य–व्यंग्य र दयाको पात्रका रूपमा प्रस्तुत हुने गरी समाचार सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**विविध**

५. उजुरी र कार्यवाही: पत्रकार आचारसंहिता, २०७३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

६. निर्देशन र सुझाव:

(१) यो निर्देशिकाको पालना गर्न/गराउनका लागि प्रेस काउन्सिल नेपालद्वारा समय–समयमा जारी गरिएका निर्देशन र सुझावको पालना गर्नु पत्रकार र सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन र सुझावलाई यसै निर्देशिकाको अभिन्न अंग मानिनेछ ।

७. कार्यविधि बनाउन सक्ने:

(१) यो निर्देशिका लागू गर्न पत्रकार आचारसंहिता–२०७३ अन्तर्गत बनेको कार्यविधि लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिका अतिरिक्त छुट्टै वा बिशेष कार्यविधि बनाउनुपर्ने आवश्यकता प्रेस काउन्सिलले महसूस गरेमा सोही मुताबिक विशेष कार्यविधि पनि बनाउन सक्नेछ ।

८. आन्तरिक निर्देशिका:

(१) यो निर्देशिका कार्यान्वयन गर्न प्रत्येक सञ्चारमाध्यमले अपाङ्गता सम्बन्धी समाचार सम्प्रेषण आन्तरिक निर्देशिका बनाई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बनेको कुरा प्रेस काउन्सिल नेपाललाई सूचित गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका लागू भए/नभएको बारेमा प्रेस काउन्सिल नेपालले समय– समयमा बभुmन, सूचना लिन वा अनुगमन गर्न सक्नेछ ।

९. बचाउ: यस निर्देशिकामा लेखिएका विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा पत्रकार आचारसंहिता– २०७३ बमोजिम हुनेछ ।

१०. व्याख्या गर्ने अधिकार: यो आचारसंहिता लागू गर्ने सम्बन्धमा बाधा–अड्काउ फुकाउने एवम् यो आचारसंहिताको व्याख्या गर्ने अधिकार प्रेस काउन्सिल नेपालमा रहनेछ ।

## सांकेतिक भाषाका केही अक्षरहरू




व्यञ्जन-वर्ण NEPALI-CONSONANTS
क KA
ख KHA
ग GA
घ GHA
ङ NGA
च CA
छ CHA
ज JA
झ JHA
ञ NYA
ट TA
ठ THA
ड DA
ढ DHA
ण NA
त ta
थ tha
द da
ध dha
न na
प PA
फ PHA
ब BA
भ BHA
म MA
य YA
र RA
ल LA
व WA
श sha
ष SHA
स SA
ह HA
क्ष KSHA
त्र TRA
ज्ञ GYA
श्र SHRA
नेपाली हस्तवर्णमाला Nepali Finger Spelling



अंक NUMBER
० 0
१ 1
२ 2
३ 3
४ 4
५ 5
६ 6
७ 7
८ 8
९ 9
१० 10
११ 11
१२ 12
१३ 13
१४ 14
१५ 15
१६ 16
१७ 17
१८
१९ 19
२० 20
१०० 100
१,००० 1,000
१,००,००० 100,000
१,००,००,००० 1,00,00,000
१,००,००,००,००० 1,00,00,00,000
१,००,००,००,००,००० 1,00,00,00,00,000
नेपाली हस्तवर्णमाला
Nepali Finger Spelling

## ब्रेलका केही अक्षरहरू




अ आ इ ई उ ऊ ए ऐ ओ औ
क ख ग घ ङ च छ ज झ ञ
ट ठ ड ढ ण त थ द ध न
प फ ब भ म ऍ र ळ व ल
श ष स ह क्ष ज्ञ ॱ ड़ अः य

**सन्दर्भ सामाग्रीहरू**

१ अपाङ्गता श्रोत पुस्तिका, २०७८, नेपाल सरकार

२ अपाङ्गता श्रोत पुस्तिका मुगु, २०७९, ग्रामीण सामुदायिक संस्था, मुगु

३ नेपालको संविधान, २०७२, नेपाल सरकार

४ अपाङ्ग अधिकार ऐन, २०७४, र यसको नियमावली २०७७, नेपाल सरकार

५ विश्व अपाङ्गता प्रतिवेदन २०११, संयुक्त राष्ट्र संघ

६ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासंधी एवं स्वैच्छिक प्रोटोकल २००६, संयुक्त राष्ट्र संघ

७ दिगो विकासको लक्ष्य २०१६–२०३०, संयुक्त राष्ट्र संघ

८ अपाङ्गता भएका व्यक्तिको परिचय (पत्र वितरण कार्यविधि, २०७५, नेपाल सरकार

९ अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त संरचना एवं सञ्चार सेवा निर्देशिका २०६९ (मन्त्रि परिषदले २०६९ सालमा पारित), नेपाल सरकार

१० अपाङ्गताको सम्बन्धमा परिषदको विद्यार्थी भर्ना सम्बन्धी निर्देशिका, र छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (छैठौं संशोधन २०७२), नेपाल सरकार

११ अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०६८, नेपाल सरकार

१२ अपाङ्गता मैत्री सञ्चार निर्देशिका – २०७३, नेपाल सरकार

१३ अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३, नेपाल सरकार

१४ शैक्षिक रणनैतिक योजना, मुगुम कार्मारोंङ गाउ पालिका

१५ शिक्षा नियमावली, २०५९, नेपाल सरकार

१६ शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, आ. व. २०७८ र ०८९, नेपाल सरकार,

१७ निजामती सेवा ऐन, २०४९, नेपाल सरकार

१८ नेपाल टेलिकम तथा रेडियो नेपालको सेवा नियमावली २०६९, नेपाल टेलिकम तथा

१९ रेडियो नेपाल, नेपाल सरकार

२० शिक्षा ऐन, २०२८ (नवौ संशोधन २०७४/७/६ सहितको, नेपाल सरकार
२१ आर्थिक अध्यादेश, २०७८ आयकर ऐन, २०५८ (२०६५ मा भएको नयाँ संशोधन सहित), नेपाल सरकार
२२ निजामती सेवा ऐन, २०४९ र यसको नियमावली, २०५०, नेपाल सरकार
२३ बजेट वक्तव्य २०६५/०६६ राजस्वमा सहुलियत सम्बन्धी कार्यनीति तथा कार्यक्रम अन्तर्गतको बुँदा नं. २६८, नेपाल सरकार
२४ नेपाल सरकार को आ. व. २०६५/०६६ देखि सरकारको नीति कार्यक्रम निरन्तर, नेपाल सरकार
२५ न्यायपालिकाको पञ्च वर्षीय रणनीतिक योजना २०७६–२०८१, नेपाल सरकार
२६ संघीय सरकारको आ. व. २०७८/०८९ मार्फत गरिएको व्यवस्था, बुँदा नं. ७७, नेपाल सरकार
२७ आर्थिक ऐन, २०६७, नेपाल सरकार
२८ बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार
२९ राष्ट्रिय खेलकुद विकास नियम, २०७७, नेपाल सरकार
३० राष्ट्रिय खेलकुद नीति २०६७, नेपाल सरकार
३१ नेपाल सरकारको आ.व.२०६६/०६७ को वार्षिक कार्यक्रम त्यस पछिका नीति तथाकार्यक्रमको निरन्तरता, नेपाल सरकार
३२ राष्ट्रिय युवा नीति, २०७२, नेपाल सरकार
३३ यु एन को अपाङ्गता भएको व्यक्तिको लागि कोभिड १९ प्रतिकार्य विचार डकुमेन्ट, संयुक्त राष्ट्रसंघ
३४ यू.एन. कोभिड १९ अपाङ्गता संक्षेपिकृत डकुमेन्ट्ः कोभिड १९ को महामारीमा अपाङ्गता विचार अन्तरराष्ट्रिय अपाङ्गता एलाईन्सको सिफारिस डकुमेण्ट, संयुक्त राष्ट्रसंघ
३५ राष्ट्रिय अपाङ्ग महासंघको तीव्र जाँचवुझ प्रतिवेदन, राष्ट्रिय अपाङ्ग महासंघ
३६ यू.एम.एन.का मूल्य र यसका रणनीतिक योजना २०२०–२५, यू.एम.एन.
३७ नेपालको अवस्था विश्लेषण । अपाङ्गता समावेशी विकास प्रतिवेदन २०२०, Rohwerder, B.
३८ राष्ट्रिय जनसंख्या तथा आवास गणना प्रतिवेदन २०११, नेपाल सरकार

३९ नेपालको भूकम्प प्रतिवेदन २०१५, वर्लडभिजन
४० अपाङ्गता सम्बन्धी अध्ययन बझाङ, डोटी र कपिलवस्तु जिल्ला प्रतिवेदन २०१७ यू.एम.एन.
४१ अपाङ्गता सम्बन्धी अध्ययन प्रतिवेदन २०२०, यू.एम.एन. ओखलढुंगा
४२ अपाङ्गता सम्बन्धी अध्ययन प्रतिवेदन २०१४, यू.एम.एन.
४३ अपाङ्गता समावेशी रणनीति २०१७, आइ सी सी ओ पृ ।२
४४ समावेशीकरण पुस्तक र यसका उपकरणहरू २०१७, आइ सी सी ओ
४५ संयुक्त राष्ट्रसंघको अफ्रिका, अपाङ्गता समावेशी विकासको लागि टुलकिट
४६ अपाङ्गता समावेशीता र अनुगमन फ्रेमवर्क (परियोजना सम्झौता अनुसूची ६ मा संलग्न) २०२१, यू.एम.एन.
४७ अपाङ्गता समावेशी विकास टूलकिट पुस्तक २०१७, सी बी एम
४८ अपाङ्गता पहिचान र अपाङ्गता परिचय पत्र प्रमाणितको लागि एक नविनतम मोडेल प्रतिवेदन २०२२, सेभ द चिल्ड्रेन नेपाल
४९ नेपालको राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्यांक विभाग, नेपाल सरकार
५० "Towards Inclusion" book 2017. Light for the World, Mission East and ICCO Cooperation (by Vera van Ek and Sander Schot)
५१ काठमाण्डौंमा गरिएको पहुँचयुक्तता परिक्षण प्रतिवेदन २०१८, राष्ट्रिया अपाङ्ग महासंघ नेपाल

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

अपाङ्गता सम्बन्धि केहि थप टिपोटहरु

यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.)
पो.ब.नं. १२६, थापाथली, काठमाडौं
५३२८११८, ५३२८०६०
communications@umn.org.np
www.umn.org.np